३४५

# भक्तपुर

मासिक

**Bhaktapur Monthly**

फागुन २०८१

ISSN 2705-4454

9 772705 445004




- देशलाई खाडलमा पुऱ्याउने नीति निर्माता र व्यक्तिहरूको विरोधमा सङ्घर्ष गर्नु आवश्यक
- संसारका सबै क्रान्तिबाट सिक्ने र समाजवादी आचरणलाई व्यवहारमा लागु गर्न जोड
- "प्रजातन्त्र शब्दमा होइन जनताले व्यवहारमा खोज्दै छन्"
- नेपालको राजनैतिक परिवर्तनमा नेमकिपाको योगदान
- एडवार्ड जेनर : बिफर खोपका आविष्कारक
- "आर्थिक रूपले गरिब हुनुभन्दा चिन्तनमा दरिद्र हुनु खतरनाक हुन्छ"
- संसार चाख्दै छ भक्तपुरे जुजु धौको स्वाद
- भक्तपुर नपाको गतिविधि




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको रजत जयन्ती, ख्वप कलेजको २३ औं, शारदा क्याम्पस मा.वि.को १७ औं र ख्वप कलेज अफ ल को दोस्रो वार्षिक उत्सव कार्यक्रम

(फागुन ९ गते)




राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता - २०८१ को समापन तथा पुरस्कार वितरण (फागुन ९ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

jÌ{$@★cÆ $★g}; ={!$%★|j=; ={@)*!kfu'g★A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





राजधानी काठमाडौंलाई पूर्वी तराईसँग जोड्ने बीपी राजमार्गअन्तर्गतको सिन्धुली-बर्दिबास सडकखण्डको ड्रोनबाट खिचेको तस्बिर । १६० किलोमिटर लम्बाइ रहेको यो राजमार्ग जापानले निर्माण गरेको हो । तस्बिर- रविन भट्टराई


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘भ्रमण एउटा महान् शिक्षा हो । ’– विवेकानन्द

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेसन उद्घाटन | – | ३ |
| २) | देशलाई खाडलमा पुऱ्याउने नीति निर्माता र व्यक्तिहरूको विरोधमा सङ्घर्ष गर्नु आवश्यक | नारायणमान बिजुक्छेँ | ८ |
| ३) | संसारका सबै क्रान्तिबाट सिक्ने र समाजवादी आचरणलाई व्यवहारमा लागु गर्न जोड | प्रेम सुवाल | १० |
| ४) | “प्रजातन्त्र शब्दमा होइन जनताले व्यवहारमा खोज्दै छन्” | सुनिल प्रजापति | १२ |
| ५) | नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशन सम्पन्न | – | १४ |
| ६) | “ख्वप विश्वविद्यालय भक्तपुरको मात्र नभई देशकै आवश्यकता हो”: | अध्यक्ष बिजुक्छेँ | १८ |
| ७) | “आर्थिक रूपले गरिब हुनुभन्दा चिन्तनमा दरिद्र हुनु खतरनाक हुन्छ’’ | प्रमुख प्रजापति | २२ |
| ८) | नेपालको राजनैतिक परिवर्तनमा नेमकिपाको योगदान | विवेक | २५ |
| ९) | वर्तमान विश्व परिदृश्यमाथि एक दृष्टि | सुरेन्द्रराज | २९ |
| १०) | एडवार्ड जेनर : बिफर खोपका आविष्कारक | राजेन्द्रबहादुर कायष्ठ | ३१ |
| ११) | संसार चाख्दै छ भक्तपुरे जुजु धौको स्वाद | उपेन्द्र लामिछाने | ३७ |
| १२) | वर्ग सङ्गठन विकासको ऐतिहासिक पृष्ठभूमि | न्हुछेरत्न बुद्धाचार्य | ४२ |
| १३) | माटो परीक्षणको लागि माटोको नमुना लिने तरिका | शक्तिधर जोन्छेँ | ४४ |
| १४) | राष्ट्रिय तेक्वान्डो खेलाडी क्रिस कासिछ्वा | राजकुमार लघु | ४६ |
| १५) | **The City of the Yellow Devil** (VII) | Maxim Gorky | ४८ |
| १६) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ५० |
| १७) | भक्तपुर नगरपालिका गतिविधि | – | ५७ |
| | क) शैक्षिक गतिविधि | – | ६४ |
| | ख) स्वास्थ्य सेवा | – | ६८ |
| | ग) अनुभवको आदान–प्रदान | – | ७२ |
| | घ) भेटघाट | – | ७३ |
| | ङ) सङ्क्षेपमा | – | ७४ |
| १८) | विविध समाचार | – | ७६ |
| १९) | विद्यार्थीहरूलाई स्वदेशमै पढ्ने वातावरण तयार गर्नुपर्ने (सम्पादकको पृष्ठ) | – | ९२ |

**साथमा** :

जीवन–आचरण – ३६/ हाम्रो स्थानीय तह–४१/ प्रेरणीय – ४३/ बसिबियाँलो – ४५/ हाम्रा पुराना मूर्ति – ४७/ चीनका प्राचीन नीति कथा – ४७/ Word Searh – ५१/ ख्वप अस्पतालको प्रगति – ७१/ यता–उताबाट – ७५/ थाहा पाइराखौँ – ७५/ हाम्रो स्वास्थ्य – ९०/ पर्यटक तथ्याङ्क – ९१/ तस्बिरमा केही गतिविधि – क–घ ।

# नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेसन उद्घाटन




नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनको उद्घाटन पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले फागुन १६ गते भक्तपुरको सल्लाघारीमा आयोजित भव्य समारोहबिच उद्घाटन गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले पार्टीको झण्डोतोलन, मूल व्यानर अनावरण र पानसमा दीप प्रज्ज्वलित गरी महाधिवेशन उद्घाटन गर्नुभयो ।

सो अवसरमा उद्घाटन मन्तव्य व्यक्त गर्दै उहाँले नेपाल र नेपाली जनताको मुक्तिका निम्ति समाजवाद स्थापनाबाहेक अर्को विकल्प नभएको बताउनुभयो ।

काङ्ग्रेस र कम्युनिस्ट नामका पुँजीवादी पार्टीहरूले जनताको हितमा कुनै काम नगरेको, विदेशी शक्ति केन्द्रहरूको निर्देशनअनुसार राष्ट्रघाती र जनघाती काम मात्र गरेको हुनाले नेपाली जनताले उत्पादनका साधनहरू राष्ट्रियकरण र सामाजिकीकरण हुने समाजवादी व्यवस्था स्थापनाको निम्ति अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।



उहाँले अगाडि भन्नुभयो, "गलत ऐन-कानुन र नीतिका कारण सारा जनताले दुःख पाएको हुँदा हामी पुँजीवादी व्यवस्थाकै विरोध गर्छौं । जनता र देशको विरोधमा लाग्ने शोषकहरू र विदेशको पक्षमा लागी देशलाई खाडलमा पुऱ्याउने नीति-निर्माता, संस्था र व्यक्तिहरूको विरोधमा कडा सङ्घर्ष गर्नु आवश्यक छ ।"

एमसीसीको सन्धि-सम्झौता, प्यालेस्टिनी जनताको दमनमा नेपाल सरकारको समर्थन र युक्रेनको काँधमा बन्दुक बिसाएर युक्रेनबाट रूसमाथिको आक्रमणको मौन समर्थनले नेपाललाई साम्राज्यवादी र उपनिवेशवादी शक्ति नाटोको पिछलग्गूको रूपमा प्रस्तुत गरेको उल्लखे गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "सरकारको यो नीति सरकारका साम्राज्यवादविरोधी र उपनिवेशवादविरोधी विकासशील देशहरूको विपक्षमा पुग्नेछ । यसकारण, वर्तमान काङ्ग्रेस र एमाले सरकारले प्रतिगामी शक्तिको पिछलग्गू नीतिलाई छोडेर देशको तटस्थ र असंलग्न परराष्ट्र नीतिमा फर्कनु आवश्यक छ ।"

"विश्व बैङ्क अन्तर्राष्ट्रिय मुद्राकोष र एसियाली विकास बैङ्क सारमा संयुक्त राज्य अमेरिकी साम्राज्यवादका आर्थिक हातहतियार हुन् । देश खबौं विदेशी ऋणमा डुब्नुको मुख्य कारण विदेशमुखी अर्थनीतिकै कारण हो भन्ने कुरा छिमेकी देशहरूको आर्थिक सङ्कट र आर्थिक दुरवस्थाबाट प्रस्ट छ । 'गाईमारी बाघ पोस्ने' अर्थात् देशी र विदेशी शोषकहरूलाई पोस्ने र साम्राज्यवादी र नवउपनिवेशवादीहरूलाई पोस्ने सरकारको आर्थिक नीतिलाई उदाङ्ग्याउन व्यापक जनतामाझ नेमकिपाले अन्तरक्रिया, जनसभा, स-साना अध्ययन गोष्ठी गरेर बुद्धिजीवीलगायत सबै वर्ग तथा पेसाका जनतालाई

सचेत पार्ने काम गरिरहेको छ, उहाँले भन्नुभयो ।

'जमिन जोत्ने र मोहियानी हक' को नारा पुरानो भइसकेको छैन भन्दै उहाँले योग्यताअनुसारको काम र कामअनुसारको ज्याला तलदेखि माथिसम्म लागु गर्नु आवश्यक छ र व्यक्तित्व विकास गर्न सबै युवा–युवती र जनतालाई समान अवसर दिनु महत्त्वपूर्ण विषय हो भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले निर्वाचनलाई लेनदेनको व्यवसाय बनाउनु, भोजभतेर, घर–घरमा माछा–मासु, सिलिन्डर, गुण्डाहरूलाई करोडौँ रकम बाँडेर अपराध बढाउनु देश र जनताको सेवा गर्ने राजनीतिलाई अपराधी उत्पादनको अवसर बनाउने शासक दलहरू स्वयं अपराध उत्पादन मेसिन हुन दिन नहुनेमा जोड दिनुभयो ।

अध्यक्ष रोहितले नयाँ र पुराना पुस्ता मिलेर देशमा भइरहेको अन्याय, अत्याचार र सरकारको देशविरोधी नीतिको विरोधमा नयाँ सङ्घर्ष गर्नुपर्नेमा जोड दिँदै गलत नीति र तत्त्वहरूको अगाडि झुक्नु हुँदैन भन्नुभयो ।

समारोहमा स्वागत गर्दै नेमकिपाका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले भन्नुभयो, "मार्क्स र एङ्गेल्सको शिक्षाअनुसार पार्टीले देश र जनताको निःस्वार्थरूपले सेवा गर्दै आएको छ । यो आठौँ महाधिवेशन गरिबवर्गको निम्ति एउटा राजनीतिक कक्षाको रूपमा सम्पन्न गर्ने हाम्रो प्रयास हो । पार्टीले संसारका सबै क्रान्तिबाट सिक्दै समाजवादी आचरणलाई व्यवहारमा लागु गर्न जोड दिइरहेको छ । कामदारवर्गलाई राजनीतिकरूपले शिक्षित, सचेत र सङ्गठित बनाउन पार्टीका हाम्रा प्रकाशनहरूको महत्त्वपूर्ण योगदान रहेको छ ।"

सचिव सुवालले भन्नुभयो, "विदेशी पुँजीको सेवा गर्ने सामन्तवर्गको पार्टीले समाजवादको नारा दिई देश र जनतालाई धोका दिइरहेको ७० वर्ष नाघिसकेको छ । सरकारी उद्योग तथा प्राकृतिक स्रोत व्यक्ति र विदेशीलाई कौडीको मोलमा बेच्नेहरूले कम्युनिस्ट दाबी गर्दै जनतालाई धोका दिइरहेको पनि ३५ वर्ष पुगिसकेको छ । सशस्त्र द्वन्द्वको नाममा भारतीय एकाधिकार पुँजीको श्याम कर्ण घोडा (ट्रोजन हर्स) बनेकाहरू कसरी कम्युनिस्ट हुन सक्छन् ? उनीहरू कम्युनिस्ट होइनन्, अराजकतावादी हुन् ।"

जाति, भाषा, धर्मको आडमा गरिब जनतालाई शासन गर्ने फासीवादीसँग आत्मसमर्पण गर्ने शासकहरूसँग नेपाल मजदुर किसान पार्टीको सङ्घर्ष चालु रहेको उल्लेख गर्दै सचिव सुवालले अगाडि भन्नुभयो, "मजदुर, किसान र गरिब वर्गको मत लिएर विदेशी पुँजीको सेवा गर्नेहरूको



नेमकिपाको आठौं महाधिवेशनको उद्घाटन र्‍याली



नेमकिपाको आठौं महाधिवेशनका सहभागीहरू

'समृद्ध नेपाल, सुखी नेपाली' बालुवाको घरजस्तै हो, झूटो हो । नेपाली जनतालाई २६ खर्ब बढी सार्वजनिक ऋण बोकाएर सडक र पुल निर्माण गरेको दाबी गर्नु र विद्युत् तथा टेलिफोन विस्तार गरेको दाबी गर्नु सरकारहरू आफ्नो खुट्टाले नहिँडी विदेशी लौरो टेकी हिँड्नु हो । यो समृद्ध नेपाल हुनसक्दैन । सरकारको यो झूटो नाराको पछि लाग्नु नेपाली जनताको लागि आफ्नो खुट्टामा आफैँ बन्चरो हान्नुजस्तै हो ।"

शोषण, असमानता, हिंसा, युद्धको कारक साम्राज्यवाद हो भएको धारणा राख्दै उहाँले हामी साम्राज्यवादीहरूको गरिब जनताविरूद्धको युद्धलाई सधैँ निन्दा र विरोध गर्छौं भन्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "अमेरिकी साम्राज्यवादले युक्रेनको दुर्लभ खनिज कब्जा गर्दै छ भने त्यहाँको उर्वर लाखौँ हेक्टर कृषि भूमि किनेको र प्यालेस्टिनीहरूलाई उठिवास गराई त्यहाँको तेल, ग्यास खानी र जमिनमुनिको पानी भण्डारण कब्जा गर्दै गरेको प्रस्ट भएकोले नेमकिपा त्यसको विरोध गर्दछ ।"

समारोहमा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ; समाजवादको अर्थ उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हो भन्दै नेमकिपाका उम्मेदवारहरू निर्वाचित पालिकाहरूमा पार्टीको नीति र निर्देशनअनुसार जनताको हितमा काम भइरहेको बताउनुभयो ।

ख्वप विश्वविद्यालय स्थापना र सञ्चालन गर्न नदिनु राणा शासकहरूको मानसिकता र प्रतिक्रियावादी सोच र त्रास हो भन्दै प्रजापतिले अगाडि भन्नुभयो, "भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूले देशभरका जनताका छोराछोरीहरूलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । यी शैक्षिक संस्थाहरूमा हाल ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् । यी कलेजहरूलाई समेटेर ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति भक्तपुर नपाले तयारी गरिरहेको छ । सरकारले संविधानमा स्थानीय तहलाई विश्वविद्यालय चलाउने अधिकार नभएको निहुँ राखी भक्तपुर नगरपालिकालाई सञ्चालन स्वीकृति दिएको छैन । त्यसैले विश्वविद्यालय सञ्चालन गरेर जनताका छोराछोरीलाई सस्तोमा चिकित्सकलगायत जनशक्ति तयार गर्ने जनताको चाहना पूरा हुन सकेको छैन ।

स्थानीय तहलाई समानीकरण अनुदान बढाउनुपर्नेमा उल्टो सशर्त अनुदान बढाउँदै लानु, सङ्घीयता कार्यान्वयनमा आएको एक दशकसम्म स्थानीय तहका लागि आवश्यक कानुनहरू निर्माण नगर्नु, स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिनु र २ देखि ४ लाखको स-साना योजनासमेत सङ्घ र प्रदेशले सञ्चालन गर्नु सङ्घीयता, नेपालको संविधानको भावना र मर्मविपरीतका कार्यहरू हुन् । जिल्लास्तरीय धेरै सरकारी निकायहरू कायमै राखेका कारण राज्यको खर्च

बढ्नुका साथै स्थानीय तहहरूले काम गर्न असहज स्थिति भोग्नु परिरहेका छन् ।"

नेमकिपाका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले कर्णालीजस्तो दुर्गम क्षेत्रमा नेमकिपाले नै कम्युनिस्ट आन्दोलनको रातो झन्डा फहराएको हो र कामदार वर्गीय जनतालाई मार्क्सवादको ज्ञान दिने काम हामीले जारी राखेका छौँ भन्नुभयो ।

उहाँले अगाडि भन्नुभयो, "नेमकिपाले प्रतिक्रियावादीवर्गविरूद्ध सङ्घर्षका गतिविधिलाई निरन्तर अगाडि बढाइरहेको छ । पञ्चायती व्यवस्थाले कर्णालीको नेमकिपाको सङ्गठनमाथि व्यापक दमन गऱ्यो । तर, नेमकिपा दबिएन । बहुदलीय व्यवस्था स्थापनापछि कम्युनिस्टको खोल ओढेका पुँजीवादी पार्टीहरूले नै नेमकिपालाई तोड्न खोजे । शासक पार्टीहरूले सत्ताको दुरूपयोग गरेर, झूटो आश्वासन तथा प्रलोभन देखाएर निर्वाचन जित्ने शृङ्खला सुरू गरे । देशको राजनीतिमा शोषकवर्गकै रजगज चलेको कारणले जनताले वास्तविक विकासको स्वाद चाख्न पाएका छैनन् ।"

अर्का केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले शासक पार्टीहरूको अकर्मण्यता र अक्षमताले स्रोत सम्पन्न भएर पनि दुर्गतितिर उन्मुख भएको बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, "नेपाल प्राकृतिक स्रोत सम्पन्न उर्वर भूमि हो । यसलाई विश्वमा प्रतिस्पर्धी बनाउन सकिन्छ । तर, सम्पन्न देशका हामी नागरिकलाई विपन्न र विदेशीको नोकर बनाइयो – सरकारको असमर्थताका कारण । जलविद्युत् विकासको मेरूदण्ड हो । हाम्रो देशमा पहिलो र पर्याप्त स्रोत पानी हो । जसलाई हाम्रो हिमाल रहेसम्म कसैले घटाउन सक्ने छैन । यसैमा आधारित खेती र उद्योग चलाएमा देश सम्पन्न हुनेछ ।"

"जलस्रोतलाई सानासाना जलविद्युत् आयोजना, सिँचाइ र प्रशोधित खानेपानीको लागि उपयोग गर्न सकिन्छ । यसलाई प्राथमिकता दिए देशलाई आत्मनिर्भर बनाउन ठुलो टेवा पुऱ्याउनेछ । तर, दुःखको कुरा सरकारले विद्युत्मा लगानी गर्न छाडिसक्यो । सरकारले जलविद्युत्मा लगानी नगरी सोलार र थर्मल प्लान्ट बनाई देशलाई एसिडबाट प्रभावित बनाउँदै छ । विदेशी लगानीको नाममा भारतीय एकाधिकार पुँजीको हातमा नेपालको जलविद्युत् सुम्पने काम गरेको छ । नेपाली विद्युत् आयोजना कमजोर हुँदै छ । हाम्रो देश ऊर्जा र सिँचाइ भारतको पञ्जामा पार्दै छ । यसको विरोध हामीले गर्दै आएका छौँ", उहाँले भन्नुभयो ।

अर्का केन्द्रीय सदस्य नवराज कोइरालाले सुदूरपश्चिम प्रदेश राष्ट्रिय विकासको मूलधारमा समाहित भएको छैन भन्दै विगत्मा तत्कालीन पञ्चायती व्यवस्थामा बैतडी जिल्लाबाट र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि डडेल्धुरा जिल्लाबाट पटक-पटक गरी दुई-दुई जना व्यक्ति प्रधानमन्त्री भए तापनि जनताका समस्या ज्युँका-त्युँ छन् भन्नुभयो ।

स्वास्थ्य, शिक्षा, सडक र सिँचाइको व्यवस्था आशातीतरूपले गुणस्तरीय नभएको उल्लेख गर्दै उहाँले सुदूरपश्चिमेली जनताको जीवनमा परिवर्तनको अनुभूति गर्ने एउटा दृष्टान्तसम्म छैन भन्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य जग्यबहादुर शाहीले विगतमा भन्दा शिक्षा, स्वास्थ्य, बाटोघाटो, कृषि, खानेपानीलगायतका सेवाहरू राम्रो हुँदै जाने र गरिब तथा विपन्न परिवारको पहुँचको सेवा पुग्ने जनताको अपेक्षाविपरीत शिक्षा, स्वास्थ्य महँगो हुँदै गइरहेको छ, युवायुवती गाउँमा बस्ने वातावरण नहुँदा कृषियोग्य जमिन बाँझो छ, बस्तीहरू उजाड छन् भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य बजिरसिंह बिकले नेपालमा आफूलाई कम्युनिस्ट दाबी गरी सरकारमा गएकाहरूले समाजमा रहेका अन्धविश्वास र छुवाछुतलाई नियन्त्रण होइन झन् बढाउँदै छन् भन्दै यसले सरकारमा गएका ती कम्युनिस्टहरू सामन्तवर्गकै प्रतिनिधि भएको पुष्टि हुन्छ भन्नुभयो ।

अर्का केन्द्रीय सदस्य नारायण महर्जनले शासक दलहरूको अदूरदर्शिता र अक्षमताले काठमाडौं उपत्यका खानेपानीको अभाव, अनेकौँ समस्या र अपराधको केन्द्र बनेको चर्चा गर्दै काठमाडौँ उपत्यका बाहिरका जनताले उपत्यकाभित्र स्थायी बसाइँसराइ गर्न नपाइने बन्दोबस्त आवश्यक छ भन्नुभयो ।

नेमकिपाका अर्का केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेपाली कम्युनिस्ट आन्दोलनको बीउ जोगाउन र नेपाली कामदार जनताको आफ्नै क्रान्तिकारी सङ्गठन निर्माण गर्न आजभन्दा एकाउन्न वर्ष अगाडि २०३१ साल माघ १० गते बिजारोपण गरिएको नेमकिपा आज राजनीतिक नैतिकता, विचार र सिद्धान्तको सतिसाल बनी संसारसमक्ष प्रस्तुत छ भन्नुभयो ।

अमेरिकी साम्राज्यवाद युद्ध, हमला, हस्तक्षेप र सत्तापलटका खेलहरूलाई निरन्तरता दिँदै र डलरलाई अर्को शक्तिशाली हतियार बनाई विश्वमा प्रभुत्त्व कायम राख्न कसरत गर्दै छ भने संसार अमेरिकी प्रभुत्वको पञ्जाबाट मुक्त हुन प्रयास गर्दै गरेको उहाँले बताउनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले

राजनीतिमा कामदारवर्गका महिलाहरूको सहभागिता कम हुँदा आज पनि सम्भ्रान्त र शोषकवर्गका महिलाहरूले हालिमुहाली गरिरहेका छन् भन्नुभयो ।

पार्टीका अर्का केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सभा सदस्य सिर्जना सैंजूले नेमकिपाले स्थापनाकालदेखि नै कामदार र गरिबवर्गलाई शिक्षित र सङ्गठित गर्ने कष्टसाध्य कार्य गर्दै आएको चर्चा गर्नुभयो ।

अर्का केन्द्रीय सदस्य सरोजप्रसाद साहले भन्नुभयो, "तराईका बहुमत जनता कृषिमा आधारित भए पनि अधिकांश किसानहरूको नाममा खेत छैन । नेपाल मजदुर किसान पार्टीले जोत्नेलाई जमिन वितरण अर्थात् क्रान्तिकारी भूमिसुधारमार्फत कृषि उत्पादनमा जोड दिइरहेको छ । तर, शासकहरू किसानमाथि अन्याय र विश्वाघात गर्दै छन् ।"

समारोहमा पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्व र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय अध्यक्ष प्रकाश गुरूङले पनि बोल्नुभएको थियो ।

समारोहमा अध्यक्ष रोहितको २०७६ यताका अन्तर्वार्ता सङ्कलन 'समय र विचार-२' र 'श्रमिक' साप्ताहिकका सम्पादकीय लेखहरूको सङ्कलन पुस्तक सार्वजनिकीकरण अध्यक्ष रोहितले गर्नुभयो । त्यस्तै विभिन्न जिल्लाका कलाकारहरूले प्रगतिशील गीत, देउडा नाच, तामाङ सेलो गीत, थारु नृत्य आदि प्रस्तुत गरेका थिए ।

उद्घाटन समारोह अगाडि काठमाडौँको कोटेश्वर, भक्तपुरको लान्वा फल्चा, चाँगु नपाको पकुनेपाटी, फैढोका र सूर्यविनायक नपाको सूर्यविनायकबाट उद्घाटन ऱ्यालीहरू विभिन्न नारा र बाजागाजाका साथ समारोहस्थल सल्लाघारी पुगेको थियो ।

## नेमकिपाको आठौँ महाधिवेशनको सफलताको कामना गर्दै

## चिनियाँ कम्युनिस्ट पार्टीको शुभकामना सन्देश

नेपाल मजदुर किसान पार्टीको आठौँ महाधिवेशनको अवसरमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभाग समितिको तर्फबाट न्यानो बधाई ज्ञापन गर्दछु । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँको नेतृत्वमा हुने आठौँ महाधिवेशन पूर्णरूपमा सफल हुने दृढ विश्वास व्यक्त गर्दछु ।

नेपाल र चीन हिमाल, पहाड र नदीले जोडिएका दुई मित्र देश हुन् । नेपाल-चीनबिचको मित्रता पछिल्लो समय सुमधुर बन्दै छ र विकसित हुँदै छ । दुवै देशले अप्ठ्यारो परिस्थितिमा समेत एकआपसमा साथ, सहयोग तथा सहकार्यलाई निरन्तरता दिँदै अगाडि बढिरहेका छन् । आपसी विकास, क्षेत्रीय शान्ति तथा स्थायित्वका लागि आपसी सहकार्यलाई सक्रियतापूर्वक अगाडि बढाउँदै छन् ।

चिनियाँ कम्युनिस्ट पार्टीले नेपाल मजदुर किसान पार्टीसँग मित्रवत आदानप्रदान अगाडि बढाउँदै आइरहेको छ । नयाँ विकसित परिवेशमा चिनियाँ कम्युनिस्ट पार्टी नेपाल मजदुर किसान पार्टी र नेपालका अन्य राजनीतिक दलहरूसँग मैत्रीपूर्ण आदानप्रदान विकास गर्न र अनुभव आदानप्रदान गर्न उत्सुक छ ।

## कोरियाली मजदुर पार्टीको बधाई सन्देशको सार

कोरियाली मजदुर पार्टी नेमकिपाको आठौँ महाधिवेशनको सफलताको हार्दिक कामना गर्दछ र नेमकिपाका सम्पूर्ण कार्यकर्ताहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछ ।

यो महाधिवेशन पार्टीका गतिविधि र सङ्गठन थप एकताबद्ध एवम् बलियो बनाउन महत्त्वपूर्ण अवसर साबित हुने विश्वास छ । कोरियाली मजदुर पार्टी र नेपाल मजदुर किसान पार्टीबिच रहँदै आएको भाइचारा सम्बन्ध समयसँगै विकसित हुँदै जाने विश्वास छ । महाधिवेशनको पूर्ण सफलताको कामनासहित ।

## श्रीलङ्काको जनमुक्ति पार्टीको शुभकामना सन्देश

नेमकिपाको आठौँ महाधिवेशनको शभुकामना सन्देश पठाइरहँदा हामी हर्षित छौँ ।

नेपालको वर्तमान राजनीतिक-आर्थिक सङ्कटमाथि विजय प्राप्त गर्ने जनताको उद्देश्य हासिल गर्न रचनात्मक उपायबारे छलफल गरी अगाडि बढ्न यो महाधिवेशन सफल हुने विश्वास छ । मार्क्सवाद - लेनिनवादको मर्मबमोजिम नेपाललाई सम्पूर्ण नागरिकहरू बस्नलायक सुन्दर देश बनाउने कार्यमा जनतालाई सचेत बनाउन सफलता प्राप्त हुने पनि विश्वास गर्दछौँ ।

**नेमकिपाको आठौं महाधिवेशनमा व्यक्त मन्तव्य**

# देशलाई खाडलमा पुऱ्याउने नीति निर्माता र व्यक्तिहरूको विरोधमा सङ्घर्ष गर्नु आवश्यक



नारायणमान बिजुक्छें, नेमकिपा अध्यक्ष

पूर्ववक्ता सबै साथीहरूले विभिन्न वर्ग, जात–जाति र भाषा–भाषी जनताका भावना व्यक्त गर्नुभयो। हामी देशमा विभिन्न जात–जाति, भाषा–भाषी र संस्कृति एवं धर्मालम्बीहरू मिलेर बसेका छौं। तर, पुँजीवादी र शासक दलहरूबाट पीडित वर्ग, जनसमुदाय र शासित जनता काम–माम–कपडा र छानाको अभाव तथा आर्थिक असमानताबाट पीडित भएर विदेशी बहुराष्ट्रिय कम्पनी र संस्थाहरूको कारण नेपाली युवाहरू अरूको नाफाको निम्ति विदेशमा रगत र पसिना बगाउन बाध्य छन्। नेपाली विद्यार्थीहरू पनि शिक्षाका अपराधी र गल्लावालहरूको कारण विदेशमा अपहेलना र शारीरिक आक्रमण सहन बाध्य छन्। यी हेला–होचो, शारीरिक यातना एवं पीडामा आजको सरकार र हिजोका पुँजीवादी सरकारहरू एवम् सबै माथिल्ला पदाधिकारीहरू जिम्मेवार छन्। सरकारी पदाधिकारीहरू अर्थात् प्रधानमन्त्री, मन्त्री र विदेशी दूतावासमा काम गर्ने नेपाली राजदूत र सिंहदरबारका माथिल्ला कर्मचारीहरू सबै नेपाली जनताको शोषण र बेथितिको निम्ति जिम्मेवार छन्।

गलत ऐन कानुन र नीतिका कारण सारा जनताले दुःख पाएको हुँदा हामी यस पुँजीवादी व्यवस्थाकै विरोध गर्छौं। देशको आर्थिक दुर्दशा, नेपाल र नेपाली जनताको सुख–दुःख र देशको स्वतन्त्रता र सार्वभौमिकतामा आँच पुऱ्याउने यस व्यवस्थाको कार्यपालिका, विधानपालिका र न्यायपालिका पूर्ण रूपले जिम्मेवार छन्।

एमसीसीको सन्धि–सम्झौता, संरा अमेरिका र इजरायली सरकारले प्यालेस्टिनी जनताको दमनमा नेपाल सरकारको समर्थन र युक्रेनको काँधमा बन्दुक बिसाएर युक्रेनबाट रूसमाथिको आक्रमणको मौन समर्थनले नेपाललाई साम्राज्यवादी र उपनिवेशवादी शक्ति नाटोको पिछलग्गूको रूपमा प्रस्तुत गर्दै छ। सरकारको यो नीति सरकारका साम्राज्यवादविरोधी र उपनिवेशवादविरोधी विकासशील देशहरूको विपक्षमा पुग्नेछ। यसकारण, वर्तमान काङ्ग्रेस र एमाले र सरकारले प्रतिगामी शक्तिको पिछलग्गू नीतिलाई छोडेर देशको तटस्थ र असंलग्न परराष्ट्र नीतिमा फर्कनु आवश्यक छ।

विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्क संयुक्त राज्य अमेरिकी साम्राज्यवादका आर्थिक हातहतियार हुन्। देश खर्बौं विदेशी ऋणमा डुब्नुको मुख्य कारण विदेशमुखी अर्थनीतिकै हो भन्ने कुरा छिमेकी देशहरूको आर्थिक सङ्कट र आर्थिक दुरवस्थाबाट पनि प्रस्ट छ। 'गाईमारी बाघ पोस्ने' अर्थात् देशी र विदेशी शोषकहरूलाई पोस्ने र साम्राज्यवादी र नवउपनिवेशवादीहरूलाई पोस्ने सरकारको आर्थिक नीतिलाई उदाङ्ग्याउन नेमकिपाले व्यापक जनतामाझ अन्तरक्रिया, जनसभा, स–साना अध्ययन गोष्ठी गरी बुद्धिजीवी एवम् सबै वर्ग तथा पेसाका जनतालाई सचेत पार्नु आवश्यक छ। सैद्धान्तिक सङ्घर्ष गर्न पार्टी कार्यकर्ता र समर्थक एवं सहयोगी साथीहरूलाई अनुरोध गर्दछु। 'जमिन जोत्ने र मोहियानी हक' को नारा पुरानो भइसकेको छैन। योग्यताअनुसारको काम र कामअनुसारको ज्याला तलदेखि माथिसम्म लागु गर्नु आवश्यक छ। 'व्यक्तित्व विकास गर्न सबै युवा–युवती र जनतालाई समान अवसर दिनु' महत्त्वपूर्ण विषय हो। सरकारले आ– आफ्ना मानिसहरूलाई रोजगार दिने नाममा सरकारी ढुकुटी ठाउँ–ठाउँमा छर्नु न त 'समाजवाद हो' न त 'रोजगारी' को बन्दोबस्त गर्नु हो।

नेपालका हरेक गाउँ, नगर, जिल्ला र प्रदेशका युवा–युवती र कामदारहरूलाई विदेशमा रोजगारीको नाममा देशबाट लघार्ने काम गरिएको हो। आफ्नै देशमा आ–आफ्नै ठाउँमा घर छोड्न नपर्ने गरी रोजगारीको बन्दोबस्त

गर्नु आवश्यक छ।

निर्वाचनलाई लेनदेनको व्यवसाय बनाउनु, भोज-भतेर, घर-घरमा माछा-मासु, सिलिन्डर बाँड्नु, गुण्डाहरूलाई करोडौँ रकम बाँडेर अपराध बढाउनु देश र जनताको सेवा गर्नु होइन, राजनीतिलाई अपराधीहरू उत्पादनको अवसर बनाउन किन शासक दलहरूलाई स्वयं अपराध उत्पादन मेसिन बनाउन दिनुहुन्न।

महँगी नियन्त्रण गर्न कालाबजारियाहरूलाई नियन्त्रण गरिनु अत्यन्त जरुरी छ। विदेशी विषालु तरकारी, फलफूल र अन्य खाद्यान्न सीमामै रोक्नु आवश्यक छ। चोरी निकासी र कर चोरीलाई बढावा दिने सबै संस्था र व्यक्तिलाई दण्ड सजाय गर्नु र त्यस देशविरोधी नीतिलाई फेर्न र त्यसका छिद्रहरूलाई टाल्ने काम तत्काल गर्नु समयोचित हुनेछ।



जनता र देशको विरोधमा लाग्ने शोषकहरू र विदेशको पक्षमा लागी देशलाई खाडलमा पुऱ्याउने नीति-निर्माता, संस्था र व्यक्तिहरूको विरोधमा कडा सङ्घर्ष गर्नु आवश्यक छ।

नेमकिपाको आठौँ महाधिवेशनको सफलताको शुभकामना पठाउनुहुने सबै देशी तथा विदेशी मित्र पार्टी र साथीहरूलाई धन्यवाद दिन चाहन्छु।

नेपाल जातजाति, भाषाभाषीहरूको कला र संस्कृति संसारकै एवम् मानव सभ्यताकै सम्पत्ति हो। सरकारले सबै जात-जाति र भाषा-भाषी नेपालीलाई समान व्यवहार गर्नु न्यायोचित हुन्छ।

संवैधानिक राजतन्त्र गणतन्त्रको ७० वर्षभन्दा बढी अवधिको शासन देश र जनताले ब्यहोरे तर देश र जनताको अवस्थामा कुनै मौलिक परिवर्तन भएन। व्यवहारमा ती दुवै व्यवस्था गलत पुष्टि भयो। समाजवादले मात्र नेपाली कामदारवर्गको भलो गर्ने साबित भयो।

नेमकिपाले स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिएमा प्रदेशको आवश्यकता नहुनेबारे जोड दिएको थियो। तर, शासक दलहरूले नेमकिपाको त्यस उपायमाथि कुनै संवेदनशीलता देखाएन। अहिले प्रदेश र स्थानीय तह प्रभावकारी भएनन् भनी शासक दलहरू हो-हल्ला गर्दै छन्। सरकारहरूले अलिकति भए पनि नैतिक जिम्मेवारीको अनुभव गरेका भए शासक दलहरूले नेपाली जनता र नेमकिपासँग क्षमा माग्नु पर्दथ्यो।

शासक दलहरूले 'तीन प्रतिशत मत' लाई 'राष्ट्रिय पार्टी' को सीमा तोके। देशका सबै जात-जाति र भाषा-भाषीहरूले आ-आफ्नो राजनैतिक स्वतन्त्रता र अधिकारको निम्ति राजनैतिक दलहरू स्थापित गरेका थिए। तिनीहरूको व्यापक भावना आफैँ 'राष्ट्रिय भावना' हो। तर, नेपालका पुँजीवादी शासक दलहरूले अमेरिका र बेलायतमा जस्तो 'दुई पार्टी तानाशाही' लाद्नको लागि 'तीन प्रतिशतको मत सीमा' ल्याएका थिए।

नेमकिपाबाहेक अन्य सबैजसो राजनैतिक दलहरू सरकारमा गए। तर, तिनीहरूले देश लथालिङ्ग गरे। भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गर्न दिएन- देशको नयाँ पुस्ताको निम्ति। नेमकिपा देश र जनताको निःस्वार्थरूपले सेवा गर्दै गरेको हुँदा प्रतिगामी सरकारहरूले ख्वप विश्वविद्यालय सञ्चालन गर्न नदिएका हुन्। त्यसकारण, ती शासक राजनैतिक दलहरू जनविरोधी र देशविरोधी हुन्। ती दलहरूसँग सङ्घर्ष गर्न नेमकिपा जनतासँग सहयोग र समर्थनको आग्रह गर्दछ, त्यो हाम्रो कर्तव्य हो।

म युवा, विद्यार्थी, दाजुभाइ, दिदीबहिनी, बुबा-आमाहरूलाई नेपाल मजदुर किसान पार्टीको झन्डामुनि आई निःस्वार्थरूपले देश र जनताको सेवा गर्न आह्वान गर्छु।

हाम्रा ज्येष्ठ साथीहरूले नयाँ पुस्तालाई देश र जनताको निःस्वार्थ रूपले समर्पित गर्न घर, टोल, गाउँ र जिल्लामा उत्साहित गरौँ।

नयाँ र पुराना पुस्ता मिलेर देशमा भइरहेको अन्याय, अत्याचार र सरकारको देशविरोधी नीतिको विरोधमा नयाँ सङ्घर्ष चलाऔँ !

नेपाल मजदुर किसान पार्टीको झन्डामुनि सङ्गठित हुन नयाँ पुस्तालाई आह्वान गर्न चाहन्छु। पार्टीका अग्रजहरूले नयाँ पुस्तालाई पार्टीमा सङ्गठित हुन उत्साहित गर्नु जरुरी छ।

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को फागुन १६ गते सम्पन्न पार्टीको आठौँ महाधिवेशन उद्घाटन समारोहमा व्यक्त मन्तव्य)*

**नेमकिपाको आठौं महाधिवेशनमा व्यक्त मन्तव्य**

# संसारका सबै क्रान्तिबाट सिक्ने र समाजवादी आचरणलाई व्यवहारमा लागु गर्ने जोड




प्रेम सुवाल, सचिव नेमकिपा

अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को नेतृत्वमा २०३१ साल माघ १० गते नेपाल मजदुर किसान पार्टी स्थापना भएको हो। पार्टीको पहिलो महाधिवेशन २०४७ सालमा भैरहवामा भएको हो। आजको यो आठौँ महाधिवेशन सफल पार्न जिल्ला जिल्लाबाट आउनु भएका मजदुर, किसान, युवा, विद्यार्थी, बुद्धिजीवी, शिक्षक, कर्मचारी, प्राध्यापक, पत्रकार सबैलाई नेपाल मजदुर किसान पार्टीको तर्फबाट हार्दिक स्वागत गर्न चाहछौँ।

मार्क्स र एङ्गेल्सको शिक्षाअनुसार पार्टीले देश र जनताको निःस्वार्थरूपले सेवा गर्दै आएको छ। यो आठौँ महाधिवेशन पनि कामदारवर्गको एउटा राजनीतिक कक्षाको रूपमा सम्पन्न गर्ने हाम्रो प्रयास हो। पार्टीले संसारका सबै क्रान्तिबाट सिक्ने र समाजवादी आचरणलाई व्यवहारमा लागु गर्नेतर्फ जोड दिइरहेको छ। कामदारवर्गलाई राजनीतिकरूपले शिक्षित, सचेत र सङ्गठित बनाउन पार्टीका हाम्रा प्रकाशनहरूको महत्त्वपूर्ण योगदान रहेको छ।

विदेशी पुँजीको सेवा गर्ने सामन्त वर्गको पार्टीले बरोबर सरकारमा गएर समाजवादको नारा दिई देश र जनतालाई धोका दिइरहेको ७० वर्ष नाघ्यो। सरकारमा बरोबर पुगेको उद्योग र प्राकृतिक स्रोत व्यक्ति र विदेशीलाई कौडीको मोलमा बेच्नेहरू कम्युनिस्ट दाबी गरी जनतालाई धोका दिइरहेको पनि ३५ वर्ष पुग्यो।

सशस्त्र द्वन्द्वको नाममा भारतीय एकाधिकार पुँजीको 'श्याम कर्ण घोडा' (ट्रोजन हर्स) बनेकाहरू कसरी कम्युनिस्ट हुन सक्लान ? उनीहरू कम्युनिस्ट होइनन्, अराजकतावादी हुन्।

जाती, भाषा, धर्मको आडमा गरिब जनतालाई शासन गर्ने र फासीवादसँग आत्मसमर्पण गर्ने संसद्वादी दलहरूसँग नेपाल मजदुर किसान पार्टीको सङ्घर्ष चालु छ। चुनावमा मजदुर, किसान र कामदारवर्गको मत लिएर विदेशी पुँजीको सेवा गर्नेहरूले 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने दाबी गरेको बालुवाको घरजस्तै हो, झूटो हो। नेपाली जनतालाई २६ खर्ब बढी सार्वजनिक ऋण बोकाएर सडक र पुल निर्माण गरेको दाबी गर्नु र विद्युत् तथा टेलिफोन विस्तार गरेको दाबी गर्दै सरकारहरू आफ्नो खुट्टाले नहिँडी विदेशीको लौरो टेकी हिँड्नुजस्तै हो, परनिर्भर हुनु हो। यो समृद्ध नेपाल होइन। सरकारको यो झूटो नाराको पछि लाग्नु नेपाली जनताको लागि आफ्नो खुट्टामा आफै बन्चरो हान्नुजस्तै हो।

संसद्वादी दलहरू कहिले एक्लै र कहिले संयुक्त भएर सरकारमा छन् तर आजसम्मका प्रधानमन्त्रीहरूले विदेशी पुँजीको सेवा गर्नेबाहेक देश र जनताको हितमा एउटा राम्रो काम गरेका छैनन्। विपिन जोशीलगायतलाई युद्धभूमि इजरायलमा सिक्ने र काम गर्ने भनी मर्न पठाउने प्रम र मन्त्रीहरू कसरी जनताका सेवक हुन सक्छन् ?

सरकारमा गएर जन्मको आधारमा विदेशीलाई समेत नेपाली नागरिकता दिन समृद्ध नेपाल कसरी बनाउन सक्लान् ? अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता पारित गर्नु देशघाती गर्ने संसद्वादी दलहरू हुन्। अनुदानको नाममा सरकारका नेताहरूले विष खानु हो। भक्तपुर नगरपालिकालाई पूर्वाधार भएको ख्वप विश्वविद्यालय सञ्चालन गर्न सरकारले अनुमति दिएन। यसकारण पनि भारतको उडिसामा अध्ययन गर्न पठाइएका नेपाली चेलीको मृत्युको मुखमा परेका हुन्।

करोडौं नेपाली युवालाई वैदेसिक रोजगारीमा पठाएर नेपालको खेतीयोग्य जग्गा बाँझो राखी दाल, चामल, तरकारी र फलफूल भारतसँग महँगोमा किन्ने सरकारलाई देशघाती किन नभन्ने ? नेपालका नदीनाला भारतीय एकाधिकार

पुँजीलाई दिने सरकारहरूलाई देशद्रोही र जनद्रोही किन नभन्ने ? ३५ वर्षयताका अधिकांश सरकारहरूमा कानुनीराज कमजोर भयो, अराजकता र गुण्डाराज बढ्यो ।

अमेरिकी साम्राज्यवादले युक्रेनको दुर्लभ खनिज कब्जा गर्दै छ भने त्यहाँको उर्वर लाखौँ हेक्टर कृषि भूमि पनि खरिदको नाममा कब्जा गर्दै छ ।

अमेरिकी साम्राज्यवादले प्यालेस्टिनीहरूलाई उठिवास गराई त्यहाँको तेल, ग्यास खानी र जमिनमुनिको पानी भण्डारण कब्जा गर्दै छ । हामीले संसारमा भइरहेका यस्ता अन्यायको विरोध गर्दै आएका छौँ ।



नेपाल मजदुर किसान पार्टीले देशघाती एमसीसी सम्झौता खारेज गराउन देशका ४० भन्दा बढी जिल्लाका १०० भन्दा बढी ठाउँमा विरोध प्रदर्शन गऱ्यो । इजरायली फासीवादले प्यालेस्टिनी जनताको नरसंहार गरी भूमि कब्जा गरेको र युक्रेनमा रूसविरूद्ध अमेरिकी साम्राज्यवादको छद्म युद्धको विरोधमा जिल्ला जिल्लामा जनप्रदर्शन र सभा गऱ्यो । संसारमा भइरहेको अन्यायको विरोध गर्नु हाम्रो पार्टीको अन्तर्राष्ट्रिय कर्तव्य हो ।

काठमाडौँ उपत्यका 'प्रदूषणको राजधानी' पनि भइरहेको छ । सरकारहरूले जिल्ला-जिल्लाका स्थानीय पालिकाहरूमा पूर्वाधार विकास गरी सहर नबनाउँदा यो परिणाम निस्केको हो । प्रधानमन्त्री र मन्त्रीहरू आ-आफ्नो जन्मथलोलाई विकास नगरी सङ्घ र प्रदेश राजधानीमा बसाइँ सरेको हुँदा देशको सन्तुलित विकास नभएको हो ।

शोषण, असमानता, हिंसा, युद्धको कारक साम्राज्यवाद हो । हामीले साम्राज्यवादीहरूले संसारका कामदार वर्गविरूद्ध थोपेको युद्धलाई हामीले सधैँ निन्दा र विरोध गर्दै आएका छौँ ।

यो महाधिवेशन सफल पार्न सहयोग गर्नुहुने र सहभागी हुने सबैलाई पार्टीको तर्फबाट धन्यवाद दिन चाहन्छु र सम्पूर्णलाई पुनः स्वागत गर्न चाहन्छु ।

*(नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले फागुन १६ गते भएको पार्टीको आठौँ महाधिवेशन उद्घाटन समारोहमा राख्नुभएको स्वागत मन्तव्यको सार - सं.)*



**नेमकिपाको आठौं महाधिवेशनमा व्यक्त मन्तव्य**

# “प्रजातन्त्र शब्दमा होइन जनताले व्यवहारमा खोज्दै छन्”




सुनिल प्रजापति, केन्द्रीय सदस्य नेमकिपा

नेपाल मजदुर किसान पार्टीले निर्वाचनमा भाग लिएर देश र जनताको निःस्वार्थ रूपले सेवा गर्दै आएको छ। पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिँदै एक वर्गसङ्घर्ष र राजनैतिक सङ्घर्षको रूपमा अगाडि बढाउँदै छ। प्रतिक्रियावादीहरूलाई सजिलै जित्न नदिन, जनविरोधी कानुनहरूको विरोध गर्न र जनताको पक्षमा आवाज उठाउन निर्वाचनलाई उपयोग गर्दै आएको हो। पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूले जनताको सेवालाई उच्च प्राथमिकतामा राखेर काम गर्दै आएका छन्। राजनीति देश र जनताको निःस्वार्थरूपले सेवा गर्न हो भन्ने मान्यतालाई नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरूले व्यवहारमा कार्यान्वयन गर्दै आएका छन्।

निर्दलीय पञ्चायती शासन कालमा समेत हरेक चरणका निर्वाचनहरूमा भाग लिएर पार्टीले जनताको चेतनास्तर उठाउने कामलाई अगाडि बढाएको थियो। त्यतिबेला स्थानीय पञ्चायतमा निर्वाचित प्रतिनिधिहरूले जनताको पक्षमा आवाज उठाउनुको साथै जनताको चेतनास्तर उठाउन साक्षरता कक्षा सञ्चालन, व्यवस्थित विद्यालय सञ्चालन, सरसफाइ अभियान, सीपमूलक तालिमहरू सञ्चालन गर्नुका साथै जनसहभागितामा विकास निर्माणलाई अगाडि बढाउनुभएको थियो। नेपाल मजदुर किसान पार्टीले पारदर्शिता र आर्थिक अनुशासनलाई निरन्तर जोड दिँदै आएको छ। जनताको चेतनास्तर उठाउने र जनताको हितमा काम गर्नु नै त्यतिबेला पञ्चहरूको आँखामा अपराध बन्यो। २०४५ साल भदौ ९ गते राज्यस्तरबाट रचिएको भक्तपुर काण्ड त्यसैको परिणाम हो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ(रोहित)सहित धेरै नेता कार्यकर्ताहरूलाई फसाइएको त्यस काण्डमा भक्तपुर नगर पञ्चायतका सबैजसो जनप्रतिनिधिहरूमाथि ज्यान मुद्दा चलाइएको थियो भने पञ्चायत सरकारले विभिन्न जिल्लाका नेमकिपाका साथीहरूलाई दुःख दिएको थियो। प्रधानमन्त्री र राष्ट्रिय पञ्चायतका अध्यक्षसमेतले रोहितलाई फाँसी दे भनेर सजाय माग गरेको त्यो घटना विश्व राजनैतिक इतिहासमै बिरलै पाइने घटनाहरूमध्ये एक थियो। दमनले मात्रै कुनै पनि राजनैतिक व्यवस्था टिक्न सक्दैन भन्ने एक उदाहरण पञ्चायती व्यवस्थाको अन्त्य र २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापनालाई लिन सकिन्छ।

स्थानीय निकाय जनताका नजिकको जनप्रतिनिधि संस्था भएकोले २०५४ सालमा कालीकोट, जुम्ला, दैलेख, भक्तपुरलगायत विभिन्न जिल्लामा नेपाल मजदुर किसान पार्टीबाट निर्वाचित साथीहरूले जनताको हितमा कामहरू गर्नुभयो। त्यसमध्ये भक्तपुर नगरपालिका पनि एक हो। निर्वाचित जनप्रतिनिधिहरूले जनताको चेतनास्तर माथि उठाउन शैक्षिक संस्थाहरू, स्वास्थ्य केन्द्रहरू सञ्चालन गर्नुभयो भने सरसफाइ, कला संस्कृति संरक्षणमा जोड दिएर जनताको सेवा गर्नुभयो। भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गर्ने उद्देश्यले योजनाबद्ध तरिकाले कामहरूलाई अगाडि बढाउनुभयो। वडा वडामा शिशु स्याहार सञ्चालनदेखि ख्वप मावि, ख्वप कलेज, ख्वप इ. कलेज, ख्वप बहु प्राविधिक अध्ययन संस्थानजस्ता शैक्षिक संस्थाहरू स्थापना त्यस अवधिका उपलब्धिहरू हुन्। शैक्षिक रूपमा निकै पछि परेको भक्तपुरलाई शिक्षाको माध्यमबाट जनप्रतिनिधिहरूले समाजलाई अगाडि बढाउने नीति लिनुभयो। २०५९ सालपछि स्थानीय निकायका जनप्रतिनिधिहरूको न म्याद थप गरियो न निर्वाचन नै। देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन बनाइयो। १५ वर्षसम्म देशभरका स्थानीय निकायहरूमा जनप्रतिनिधिहरू नहुँदा देशले धेरै क्षति भोग्नुपर्‍यो। जनताले धेरै दुःख पाए। त्यतिबेला नेपाल मजदुर किसान पार्टीले स्थानीय निकायको निर्वाचन वा पुनःस्थापनामा निरन्तर जोड दिएको थियो। समयमा निर्वाचन नहुँदा देश विकासमा धेरै वर्ष पछि पर्‍यो।

२०७२ सालको नयाँ संविधान कार्यान्वयनमा आएपछि भएका दुई पटकको स्थानीय तहका निर्वाचनमा अन्य जिल्लाका विभिन्न पालिकाहरूमा नेमकिपाका उम्मेदवारहरू आंशिक र भक्तपुर नगरपालिकामा शत प्रतिशत उम्मेदवारहरू निर्वाचित भए। निर्वाचित जनप्रतिनिधिहरूले विगतमा भएका राम्रा कामहरूलाई निरन्तरता दिँदै अझ बढी जनताको सेवामा समर्पित भएर काम गर्दै आएका छन्। कालिकोट, जुम्ला, दैलेख, भक्तपुरलगायत जहाँ जहाँ स्थानीय तहमा नेमकिपाका जनप्रतिनिधिहरू जिते ती सबै ठाउँमा इमानदारीपूर्वक कामहरू भइरहेका छन्।

नेपालको संविधानले समाजवादउन्मुख राज्य घोषणा गरेको छ। समाजवादको अर्थ उत्पादनका साधनहरू सामाजिकीकरण, शिक्षा र स्वास्थ्य उपचार निःशुल्क, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हो। नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरू निर्वाचित पालिकाहरूमा पार्टीको नीति र निर्देशनअनुसार जनताको हितमा कामहरू भइरहेका छन्।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूले देशभरका जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन्। यी शैक्षिक संस्थाहरूमा हाल ७७ वटै जिल्लाका ७ हजारभन्दा बढी विद्यार्थीहरूले अध्ययन गरिरहेका छन्। यी कलेजहरूलाई समेटेर ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति भक्तपुर नपाले तयारी गरिरहेको छ। सरकारले संविधानमा स्थानीय तहलाई विश्वविद्यालय चलाउने अधिकार नभएको निहुँ राखी भक्तपुर नगरपालिकालाई सञ्चालन स्वीकृति दिएको छैन। त्यसैले विश्वविद्यालय सञ्चालन गरेर जनताका छोराछोरीलाई सस्तोमा चिकित्सकलगायत जनशक्ति तयार गर्ने जनताको चाहना पूरा हुन सकेको छैन।

यो कार्यक्रम स्थल भक्तपुरका जनताको जग्गा हो। यो हाल नेपाल ट्रस्टको नाउँमा रहेको १०८ रोपनी जग्गा विश्वविद्यालयको लागि निरन्तर माग गरिरहेका छौँ। यहाँ शिक्षण अस्पतालसहित मेडिकल कलेज सञ्चालन गर्ने हाम्रो योजना हो तर सरकारले दिन मानिरहेको छैन।

भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालनदेखि १०० शय्याको अस्पताल सञ्चालन, आँखा अस्पताल व्यवस्थापन, श्वासप्रश्वास केन्द्र, नागरिक आरोग्य केन्द्रजस्ता स्वास्थ्य उपचार केन्द्रहरू सञ्चालन गरी जनतालाई सहज स्वास्थ्य उपचारको बन्दोबस्त गर्दै आएको छ। सारा नगरवासीहरूलाई निःशुल्क अक्सिजन वितरण र बिरामीहरूका लागि निःशुल्क रगतको व्यवस्था भक्तपुरको अर्को विशेषता हो। सरसफाइ, सम्पदा संरक्षण, जनसहभागितामा विकास निर्माणका कार्यहरू गर्दै भक्तपुर नगरपालिका अगाडि बढ्दै छ। हरेक युवालाई शैक्षिक प्रमाणपत्रसँगै सीपको प्रमाणपत्र दिने उद्देश्यले थुप्रै सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको छ।

सङ्घीयताको नारा लगाउन नथाक्नेहरू अहिले स्थानीय तहका अधिकारहरू एक एक गरी सङ्घ र प्रदेशमै केन्द्रित गर्न खोज्दै छन्। शासक दलहरू स्थानीय तहलाई सङ्घ र प्रदेशकै एकाइको रूपमा एकात्मक राज्यको सोचले काम गर्दै छन्।

स्थानीय तहलाई समानीकरण अनुदान बढाउनुपर्नेमा उल्टो सशर्त अनुदान बढाउँदै लानु, सङ्घीयता कार्यान्वयनमा आएको एक दशकसम्म स्थानीय तहका लागि आवश्यक कानुनहरू निर्माण नगर्नु, स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार नदिनु र ससाना २ देखि ४ लाखका स-साना योजनासमेत सङ्घ र प्रदेशले सञ्चालन गर्नु सङ्घीयता, नेपालको संविधानको भावना र मर्मविपरीतका कार्यहरू हुन्। जिल्लास्तरीय धेरै सरकारी निकायहरू कायमै राखेका कारण राज्यको खर्च बढ्नुका साथै स्थानीय तहहरूले काम गर्न असहज स्थिति भोग्नु परेका छन्।

स्थानीय तह बलियो भएमात्र प्रजातन्त्र बलियो हुन्छ। यही मान्यताको आधारमा नेपाल मजदुर किसान पार्टी अधिकार सम्पन्न स्थानीय तहको पक्षमा छ। देशमा सङ्घीयताको कुरा उठेदेखि नै नेपाल मजदुर किसान पार्टीले भन्दै आएको छ, स्थानीय तहलाई विकेन्द्रीकरण र स्वायत्तता दिइएको खण्डमा नेपालजस्तो देशमा सङ्घीयता आवश्यक हुनेछैन। अहिले यो कुरा झन्झन् सान्दर्भिक हुँदै गइरहेको छ।

जनतालाई अधिकार दिन डराउनेहरू प्रजातन्त्रवादी हुनै सक्दैनन्। प्रजातन्त्र शब्दमा होइन जनताले व्यवहारमा खोज्दै छन्। स्थानीय तहले सङ्घ र प्रदेशको नियन्त्रणबिना आफ्नो स्रोत र साधनहरूको जनहितमा प्रयोग गरी विकासको बाटोमा अगाडि बढ्नु नै प्रजातन्त्र हो। संविधान र कानुनले प्रदान गरेका जनताको अधिकारहरूको रक्षा गर्दै थप अधिकार प्राप्तिको लागि अघि बढ्नु नै आजको आवश्यकता हो।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिद्वारा २०८१ फागुन १६ गते सम्पन्न पार्टीको आठौँ महाधिवेशन उद्घाटन समारोहमा व्यक्त मन्तव्य)*

# अध्यक्ष रोहितको नेतृत्वमा नयाँ केन्द्रीय समिति निर्वाचित गर्दै नेपाल मजदुर किसान पार्टीको आठौं महाधिवेशन सम्पन्न




भक्तपुर, २० फागुन । नेपाल मजदुर किसान पार्टीको आठौं महाधिवेशनको बन्द सत्र नारायणमान बिजुक्छें (रोहित) को अध्यक्षतामा नयाँ केन्द्रीय समिति सर्वसम्मत रूपमा निर्वाचित गर्दै फागुन २० गते सम्पन्न भएको छ। केन्द्रीय समितिमा अध्यक्षसहित २९ केन्द्रीय सदस्य तथा ४ जना वैकल्पिक केन्द्रीय सदस्य रहनुभएको छ।

बन्द सत्र बैठकमा अध्यक्ष रोहितले पार्टीका हरेक सदस्य र समितिहरू अनुशासित र सङ्घर्षशील हुनुपर्ने र प्रजातान्त्रिक केन्द्रीयताको नीतिअनुसार चल्नुपर्ने बताउनुभयो।

उहाँले समाजवाद र साम्यवाद आफै आउने नभई क्रान्ति गरेर ल्याउने हो भन्दै शान्तिपूर्ण तवरले वा सङ्घर्ष नगरी आफै समाजवाद आउने कुरा सही नभएको इतिहासले पुष्टि गरिसकेको बताउनुभयो।

पार्टीभित्र निरन्तर अध्ययन र प्रशिक्षण चलाइरहनुपर्नेमा जोड दिंदै अध्यक्ष रोहितले एउटा सच्चा कम्युनिस्ट पार्टी विश्वविद्यालयसरह हुने बताउनुभयो।

कामदारवर्ग राजनीतिकरूपले सचेत र सङ्गठित भएन भने लाखौंलाख कार्यकर्ता र जनताको बलिदानबाट आएको समाजवाद र साम्यवाद पनि नटिक्ने बताउँदै उहाँले कामदार वर्गलाई सचेत र सङ्गठित गर्दै जानुपर्नेमा जोड दिनुभयो।

कम्युनिस्टहरूले काम नबिग्रँदै आलोचना र आत्मालोचना गर्नुपर्ने आवश्यकता औंल्याउँदै अध्यक्ष रोहितले गलत सिद्धान्त, विचार र व्यवहारको आलोचना र विरोध गर्न डराउन नहुने बताउनुभयो।

उहाँले विश्वमा जस्तै नेपालको कम्युनिस्ट आन्दोलनमा पनि वामपन्थी अवसरवाद, अराजकतावाद, दक्षिणपन्थी अवसरवाद र संशोधनवाद मुख्य खतरा रहेको विश्लेषण गर्नुभयो।

यसअघि बन्द सत्र बैठकले केन्द्रीय सचिव प्रेम सुवालले प्रस्तुत गर्नुभएको केन्द्रीय समितिको प्रतिवेदन सुझावसहित पारित गरेको थियो।

त्यस्तै बन्द सत्रले केन्द्रीय सदस्य सुनिल प्रजापतिले प्रस्तुत गर्नुभएको पार्टीको विधान संशोधन प्रस्ताव तथा १९ बुँदे राष्ट्रिय र ९ बुँदे अन्तर्राष्ट्रिय प्रस्तावहरू सर्वसम्मत पारित गऱ्यो।

नवनिर्वाचित केन्द्रीय समितिको सचिवमा प्रेम सुवाल र कोषाध्यक्षमा मोहनप्रसाद प्रजापति रहनुभएको छ भने सदस्यहरूमा नन्दबहादुर शाही, डिल्लीप्रसाद काफ्ले, नवराज कोइराला, जग्यबहादुर शाही, नारायण महर्जन, सरोजराज गोसाई, उकेश कवां, सनकमान महर्जन, खगेन्द्रबहादुर शाही, कृष्णकुमार वैद्य, सुरेन्द्रराज गोसाई, रवीन्द्र ज्याख्व, अनुराधा थापामगर, कमलमैयाँ सुवाल, हरिसुन्दर बासी, राजवीर डंगोल, सृजना सायजु, सरोजकुमार साह, कृष्णबहादुर तामाङ, मुक्तिप्रसाद यादव, योगेन्द्रमान बिजुक्छें, बखतबहादुर थापा, रमेशकुमार रावल, केशेन्द्रप्रकाश कार्की र खड्गराज शाही रहनुभएको छ। त्यस्तै वैकल्पिक केन्द्रीय सदस्यहरूमा मञ्जु चौधरी, विनोद बिक, तुल्सी खड्का र प्रकाश गुरुङ रहनुभएको छ ।

बन्द सत्रले सातवटै प्रदेशका निम्ति प्रदेश समितिहरू गठन गरेको छ। कोसी प्रदेशको संयोजकमा केन्द्रीय सदस्य उकेश कवां, मधेस प्रदेश संयोजकमा केन्द्रीय सदस्य सुनिल प्रजापति, वाग्मती प्रदेश संयोजकमा केन्द्रीय सचिव प्रेम सुवाल, गण्डकी प्रदेश संयोजकमा केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्ले, लुम्बिनी प्रदेश संयोजकमा केन्द्रीय सदस्य हरिसुन्दर बासी, कर्णाली प्रदेश संयोजकमा केन्द्रीय सदस्य सरोजराज गोसाई र सुदूरपश्चिम प्रदेश संयोजकमा केन्द्रीय सदस्य नवराज कोइराला रहनुभएको छ।

यसअघि फागुन १६ गते पार्टीको आठौं महाधिवेशनको उद्घाटन समारोह भएको थियो। बन्द सत्र फागुन १७ गतेदेखि २० गतेसम्म भएको थियो। बन्द सत्रमा पार्टी सदस्य, जनवर्गीय, पेसागत सङ्गठनका अध्यक्ष र प्रतिनिधिहरूले आ–आफ्नो प्रतिवदेन प्रस्तुत गर्नुभएको थियो। उद्घाटन सत्र सुरु हुनुअघि भक्तपुरको विभिन्न स्थान र काठमाडौंको कोटेश्वरबाट विभिन्न नारासहित ऱ्याली भएको थियो।

# नेपाल मजदुर किसान पार्टी आठौं महाधिवेशन (२०८१ फागुन १६, १७, १८, १९ र २०) बाट पारित प्रस्तावहरू

## राष्ट्रिय प्रस्तावहरू

१) शासक दलहरू पछिल्लो ३५ वर्षमा असफल साबित भइसकेका छन्। गणतन्त्र र सङ्घीयताको एक दशक बितिसक्दा समेत तात्विक भिन्नता नेपाली समाजले अनुभव गर्न पाएन। देश आर्थिक-सामाजिकरूपमा गम्भीर सङ्कटमा फस्दै छ। यही सङ्कटपूर्ण स्थितिको फाइदा लिन प्रतिक्रियावादी शक्तिहरू टाउको उठाउने चेष्टा गर्दै छन्। नेपाली जनताले २ सय ४० वर्ष लामो राजतन्त्र र ३५ वर्षको लोकतन्त्र या गणतन्त्रमा समेत कुनै मौलिक परिवर्तन देख्न पाएनन्। प्रतिक्रियावादीहरूले फेरि राजतन्त्र ब्युँताउने जतिसुकै हल्ला गरे पनि यी दुवै शासन व्यवस्थाको असफलताको निकास र अबको विकल्प भनेको समाजवादी व्यवस्था नै हो। साम्राज्यवादी युद्धलाई राजतन्त्र भएका व्यवस्थाले हिजो पनि रोक्न नसकेको यथार्थ जगजाहेर छ। तसर्थ, नेपाली जनता पाइला पाइला गरी पुँजीवादी जालभ्रेललाई तोड्दै समाजवादी व्यवस्थातर्फ अगाडि बढ्न यो महाधिवेशन जोड दिन्छ।

२) प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत गठित नेका, एमाले गठबन्धन सरकारले संसद् छलेर अध्यादेश ल्याउनु गलत हो। अध्यादेशबाट देश चलाउनु संसद्को अधिकारको हनन हो र यो प्रजातन्त्र होइन। हाल संसद्मा विचाराधीन अध्यादेशहरू फिर्ता लिई संसद्मा विधेयक पेस गरी प्रक्रिया अगाडि बढाउन यो महाधिवेशन सरकारको ध्यानाकर्षण गराउँदछ।

३) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूलाई समेटेर सस्तोमा चिकित्सालगायत अन्य विषयहरूमा उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले अगाडि बढाइएको प्रस्तावित ख्वप विश्वविद्यालय विधेयक अविलम्ब प्रक्रियामा अगाडि बढाउन यो महाधिवेशन जोड दिन्छ।

४) मधेस प्रदेशका विभिन्न जिल्लाका गाउँहरू डुबानमा पर्ने गरी भारतीय विस्तारवादद्वारा ठाउँ ठाउँमा निर्मित ठूला तटबन्धहरू भत्काउन तथा भूमि अतिक्रमण फिर्ता गर्न यो महाधिवेशन सरकारको ध्यानाकर्षण गर्दछ।

५) खुला सिमानाले गर्दा तस्कर र अपराध बढ्नुका साथै नेपाली व्यापारीहरू नाङ्ले पसले बन्दै छन्। देशलाई जोगाउन खुला सिमाना नियमित गर्न यो महाधिवेशन माग गर्दछ।

६) जनताको आस्थाको केन्द्रको रूपमा रहेका अदालतहरूमा समेत योग्यलाई भन्दा शासक दलहरूको भागबन्डामा न्यायाधीश नियुक्ति गर्ने व्यवहारले निष्पक्ष न्यायपालिकामाथि गम्भीर प्रश्न उठेको छ। यसर्थ, न्यायपालिकामा योग्य मानिसलाई नियुक्ति गरेर निष्पक्ष न्यायको प्रत्याभूति दिन यो महाधिवेशन सम्बन्धित सबैको ध्यानाकर्षण गर्दछ।

७) तराईको जङ्गल फडानी गरी भारतमा अवैध तरिकाले भइरहेको काठ तस्कर बन्द गर्न र चुरे दोहन गरी अवैध तरिकाले भइरहेको गिटी, बालुवा निकासी बन्द गर्न यो महाधिवेशन माग गर्दछ।

८) देशमा बन्द रहेका चिनी कारखाना, जनकपुर चुरोट कारखाना र विराटनगर जुट मिल्सलगायतलाई सरकारले निजीकरण गर्ने चाँजो मिलाउँदै छ। त्यसलाई तत्काल रोकी ती उद्योगहरू पुनः सञ्चालन गर्न यो महाधिवेशन जोड दिन्छ।

९) बोक्साबोक्सी, छुवाछुत, छाउपडीजस्ता अन्धविश्वास, चेलीबेटी बेचबिखन, दाइजो प्रथा, महिला हिंसालगायतका बेथिति अन्त्य नभएकोमा आजसम्मका सरकारहरू नै दोषी भएकाले यो महाधिवेशन ती सरकारहरूको विरोध एवं भर्त्सना गर्दै जघन्य महिला हिंसाका अपराधी, बलात्कारी एवम् ठुल्ठुला भ्रष्टाचारीहरूलाई संविधान संशोधन गरी मृत्युदण्डको प्रावधान राख्नुपर्नेमा जोड दिँदै विद्यालयको पाठ्यक्रममा भौतिकवादी दृष्टिकोण समावेश गर्न र जनचेतनामूलक अभियान सञ्चालन गर्न यो महाधिवेशन सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ।

१०) अस्पतालहरूले स्वास्थ्य बीमाबापत करिब १५ अर्ब रूपैयाँ भुक्तानी पाउन बाँकी छ। बीमाबापतको भुक्तानी नपाउँदा धेरै अस्पतालहरूले समस्या भोगिरहेका छन्। यसर्थ, बीमाबापत पाउनुपर्ने भुक्तानी अस्पतालहरूलाई शीघ्र उपलब्ध गराउन यो महाधिवेशन सरकारको ध्यानाकर्षण गर्दछ।

११) नेपालको संविधानमा विद्यालय शिक्षा निःशुल्क हुने व्यवस्था छ। उक्त संवैधानिक व्यवस्था कार्यान्वयन गर्न विद्यालय शिक्षा ऐन अविलम्ब जारी गर्न यो महाधिवेशन सरकारको ध्यानाकर्षण गर्दछ।

१२) देशघाती एमसीसी सम्झौता नपालको संसद्बाट अनुमोदन नहुँदै आ.व. ०७९।८० सम्ममा ५ अर्ब ७६ करोड खर्च गरिएको देखाइयो। सम्झौता कार्यान्वयन हुनुपूर्व भएको खर्चको छानबिन गरी भ्रष्टहरूलाई कारबाही गर्न यो

महाअधिवेशन जोडदार माग गर्दछ ।

१३) मन्त्रीपरिषद्को निर्णयको नाउँमा नीतिगत भ्रष्टाचार गर्नु कानुनी डकैती हो । नीतिगत भ्रष्टाचारमा संलग्नहरूविरुद्ध कडा कारबाही गर्न यो महाधिवेशन जोड दिन्छ ।

१४) सहकारीका सञ्चालकहरूले सहकारीको रकम दुरूपयोग गरी सर्वसाधारण जनताको रकम ठगिरहेको हुँदा दोषीहरूलाई कडा कारबाही गरी ती ठगहरूको घैघरानाबाट जनताको बचत असुल गर्न यो महाअधिवेशन माग गर्दछ ।

१५) अहिले दैनिक हजारौँको सङ्ख्यामा युवाहरू अध्ययन र रोजगारीको निम्ति विदेश जान बाध्य छन् । विदेशबाट पठाइएको रेमिटेन्सको भरमा शासकहरू अर्थतन्त्र सञ्चालन गर्दै छन् । युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गरी आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न यो महाधिवेशन जोड दिन्छ ।

१६) नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटिएको नक्सा संसद्बाट पारित भएको वर्षौं भइसक्दा पनि अन्तर्राष्ट्रिय क्षेत्रमा जानकारी नदिएको हुँदा सरकारले थपिएको क्षेत्रफलसहितको नेपालको नक्सा संयुक्त राष्ट्र सङ्घलगायत सबै देशहरूलाई औपचारिक जानकारी दिन यो महाधिवेशन सरकारको ध्यानाकर्षण गर्दछ ।

१७) काठमाडौँ उपत्यकामा मात्र जनसङ्ख्याकेन्द्रित हुँदा वातावरण प्रदूषण, ट्राफिक जाम, अपराधको सङ्ख्यामा वृद्धि र खानेपानीको समस्या भएको हुँदा उपत्यकामा जनसङ्ख्या वृद्धि रोक्न जिल्ला जिल्लामा आवश्यक पूर्वाधारहरूको निर्माण गरी बस्ती विकास गर्नुपर्ने र उपत्यकालाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्न यो महाधिवेशन सरकारसँग माग गर्दछ ।

१८) कालीकोट जिल्लाको तिला–१, तिला–२ जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्न यो महाधिवेशन जोड दिन्छ ।

१९) देशलाई कृषिमा आत्मनिर्भर बनाउन कृषि विश्वविद्यालयको स्थापना गर्न यो महाधिवेशन सरकारको ध्यानाकर्षण गर्दछ ।

## अन्तर्राष्ट्रिय प्रस्तावहरू

१) क्युवाविरुद्ध अमेरिकी नाकाबन्दी स्वयम् युद्धको एउटा थप रूप तथा आतङ्कवाद हो । नाकाबन्दीले समाजवादलाई परास्त गर्न नसकेको इतिहासले पुष्टि गरिसकेको छ । अमेरिकाले हालै फेरि क्युवालाई आतङ्कवाद प्रायोजक राष्ट्र मण्डलीमा समावेश गऱ्यो । क्युवालाई आतङ्कवादी देख्नु पुरानो शीतयुद्धकालीन मानसिकताबाहेक केही होइन । अमेरिकालाई ब्वाँसो नीति त्यागेर क्युवाले विश्व मानव जीवन रक्षामा पुऱ्याउँदै आएको योगदानको सम्मान गर्दै अमानवीय नाकाबन्दी यथाशीघ्र अन्त्य गर्न यो महाधिवेशन जोडदार माग गर्दछ ।

२) प्रजग कोरिया र कोरियाली प्राय:द्वीपमा अमेरिकाले फैलाइरहेको युद्ध उत्तेजना अविलम्ब रोक्न यो महाधिवेशन माग गर्दछ । प्रजग कोरियाविरुद्ध अमेरिकाले लगाउँदै आएको नाकाबन्दी अन्यायपूर्ण युद्धकै अर्को रूप हो । नाकाबन्दी अन्त्य गरी प्रजग कोरियासँग स्थायी शान्ति सम्झौता गर्न यो महाधिवेशन माग गर्दछ ।

३) यतिबेला विश्व व्यवस्थामा ग्लोबल साउथ पश्चिमा प्रभुत्वविरुद्धको एउटा विकल्प हो । ग्लोबल साउथको प्राकृतिक स्रोत, साधन, कच्चापदार्थ कब्जा गरी ग्लोबल नर्थ धनी बनेको यथार्थ हो । यही वास्तविकतालाई मनन गर्दै साम्राज्यवादी विश्वविरुद्धको ग्लोबल साउथको एकता समयसँगै बलियो हुँदै जाने यो महाधिवेशन विश्वास गर्दछ ।

४) ब्रिक्सले १६ औँ सम्मेलनबाट सदस्यता वृद्धि र साझेदारी अघि बढायो । यो वर्ष ब्रिक्समा मध्यपूर्व, ल्याटिन अमेरिका, अफ्रिकाका देशहरू जोडिएका छन् । बृहत्तर ब्रिक्स, साझा विकास, सुरक्षा र शान्तिको पक्षमा छ भने संसारमा डलर प्रभुत्वविरुद्ध विकासशील देशहरूको साझा मुद्रा 'ब्रिक्स मुद्रा' को तयारी हुँदै छ । डलरको साम्राज्य अन्त्य गर्न ब्रिक्सले भूमिका निर्वाह गर्दै छ । संरा अमेरिकी साम्राज्यवाद र प्रभुत्वविरुद्ध विश्व जगतमा ब्रिक्स आशाको पुञ्ज हो भन्ने ठहर यो महाधिवेशन गर्दछ ।

५) संरा अमेरिकाले चारैतिर व्यापार युद्ध गर्दै छ । चीनविरुद्ध सन् २०१९ मा सुरु गरेको व्यापार युद्ध टुङ्गिएको छैन । अमेरिकाले चीनविरुद्ध ६० प्रतिशत भन्सार दर पुऱ्याउने धम्की दियो । मेक्सिको र क्यानडाविरुद्ध २५ प्रतिशत भन्सार कर वृद्धि घोषणा गऱ्यो । युरोपियन युनियनविरुद्ध पनि २५ प्रतिशतको भन्सार वृद्धिको धम्की दियो । ब्रिक्स देशहरूविरुद्ध २५ प्रतिशत भन्सार दर वृद्धिको धम्की दियो । यो महाधिवेशन संरा अमेरिकी व्यापार संरक्षणवादी नीति तथा आर्थिक युद्धहरूको भर्त्सना गर्दछ ।

६) प्यालेस्टिनमाथि पन्ध्र महिनादेखि लगातारको हमलापश्चात् भएको युद्धविरामकै बिचमा अमेरिकाले २१ लाख प्यालेस्टिनीहरूलाई स्थायीरूपमा विस्थापित गर्ने र प्यालेस्टिनको अस्तित्व नै मेट्ने योजना अगाडि बढाउँदै छ । नेमकिपा त्यस घोषणाको कडा विरोध गर्दछ । प्यालेस्टिनको सार्वभौमिकताको सम्मान गर्न र प्यालेस्टिनी जनताको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित

गर्न तथा स्थायी शान्तिको लागि दुई राज्य अवधारणालाई सम्बन्धित पक्षले इमानदारीका साथ लागु गर्न यो महाधिवेशन माग गर्दछ ।

७) 'युक्रेन युद्ध' अमेरिकाको रुसविरुद्ध छद्म युद्ध भएको पुष्टि भइसकेको छ । 'नाटो' लाई अघि सारी सुरु गरिएका सम्पूर्ण युद्धहरू बन्द गरी क्षेत्रीय शान्ति तथा विश्व शान्ति सुनिश्चित गर्न यो महाधिवेशन माग गर्दछ ।


८) युक्रेन र रुसको द्वन्द्व अन्त्य गरी युद्धविराम गराउन अमेरिकाले गरिराखेको पहलमा युरोपियन युनियनका केही देशहरू विशेषगरी बेलायत र फ्रान्सले गरिरहेको अर्घेल्याइँ पुनः रुसविरुद्ध युक्रेनलाई उक्साउने कार्य भएको ठहर गर्दै यो महाधिवेशन विरोध गर्दछ ।

९) अफ्रिकी जनगणतन्त्र कंगोले ७० वर्ष बेल्जियमको उपनिवेश भोग्यो । सन् १९६० मा बेल्जियमबाट स्वतन्त्र भएको देशलाई पुनः बेल्जियम र संयुक्त राज्य अमेरिकाले देशभक्त नेता पेट्रिस लुमुम्बाविरुद्ध 'कू' गरी आफ्नो कठपुतली सरकार गठनपछि उनको हत्यासमेत गरायो । आजसम्म ती साम्राज्यवादी देशहरूले गरेका हस्तक्षेपले देशको राजनीतिक स्थायित्वमा अवरोध खडा गर्दै छ । कङ्गोको पूर्वी किभु प्रान्तमा विगत जनवरी महिनादेखि विभिन्न सैनिक समूहहरूबाट भइरहेको तीव्र अनधिकृत आक्रमणले हालसम्म ७,००० स्थानीय निर्दोष जनताको हत्या भइसकेकोप्रति यो महाधिवेशन खेद व्यक्त गर्दछ । छिमेकी राष्ट्र रुवान्डा, पूर्वउपनिवेश देश बेल्जियम तथा अमेरिकालगायतबाट समर्थित सशस्त्र समूह एम २३ (M 23) ले त्यहाँका महत्त्वपूर्ण खनिज (रियर अर्थ, सुन, हिरा, जस्ता, कोबाल्ट) हात पार्नका लागि गरिरहेको आक्रमणलाई यथाशीघ्र बन्द गरी वार्तामार्फत स्थायी शान्ति कायम गर्न यो महाधिवेशन माग गर्दछ ।



भक्तपुर नपाबाट प्रकाशित

विविध विषयका पुस्तक










पढ्नुहोस्, पढाउनुहोस् ।

BHAKTAPUR [MONTHLY] मासिक

भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# “ख्वप विश्वविद्यालय भक्तपुरको मात्र नभई देशकै आवश्यकता हो” : अध्यक्ष बिजुक्छेँ




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको रजत जयन्ती, ख्वप कलेजको २३ औँ, शारदा क्याम्पस मा.वि.को १७ औँ र ख्वप कलेज अफ ल को दोस्रो वार्षिक उत्सव कार्यक्रम फागुन ९ गते उद्घाटन गर्नुभयो। वार्षिकोत्सवकै अवसरमा अध्यक्ष बिजुक्छेँले कलेजद्वारा प्रकाशित ‘ख्वप जर्नल’ पुस्तक सार्वजनिकीकरण गर्नुभयो।



कार्यक्रममा अतिथि बिजुक्छेँले भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय भक्तपुरको मात्र नभई देशकै आवश्यकता भएको बताउनुभयो।

मानव सभ्यताको विकास नगर राज्यबाटै भएको बताउँदै उहाँले रोम र ग्रीस नगर राज्यमा स्थापित विश्वविद्यालयहरूबाट मानव सभ्यतामा शिक्षाको धेरै ठूलो महत्त्व रहेको पुष्टि हुन्छ भन्नुभयो।

ख्वप विश्वविद्यालय




सञ्चालनले गरिब जनताका छोराछोरीहरूले सस्तोमा गुणस्तरीय मेडिकल शिक्षा प्राप्त गर्ने उल्लेख गर्दै उहाँले ख्वप विश्वविद्यालय सम्बन्धन दिने विषयमा सरकारले पक्षपातपूर्ण व्यवहार गरिरहेको बताउनुभयो ।



भक्तपुर नपाबाट सञ्चालित शैक्षिक संस्थाले विद्यार्थीलाई देशभक्त र समाजप्रति उत्तरदायी हुन प्रेरित गर्नुपर्ने बताउँदै उहाँले सत्य र सही कुरामा अडान लिने नयाँ पुस्ता तयार गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

विद्यालय र कलेजहरूले सांस्कृतिक गतिविधि र खेलकुदलाई शिक्षा र संस्कृतिको अभिन्न अङ्गको रूपमा विकास गर्दै आएको सकारात्मक विषय भएको औँल्याउँदै उहाँले अबको दस वर्षभित्र भक्तपुरका एकतिहाइ जनता सांस्कृतिक रूपमा धेरै अगाडि बढ्ने बताउनुभयो ।

खेलकुद देशको राजनीति, शारीरिक व्यायाम र देश जोगाउने माध्यम पनि भएको स्पष्ट पार्दै खेलकुदको निम्ति विद्यार्थीहरूलाई उत्साहित गर्नु आवश्यक भएको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले ख्वप विश्वविद्यालय आवश्यक छैन, स्वीकृति दिनुहुन्न भन्ने शासक र बुद्धिजीवीहरू प्रजातन्त्रविरोधी हुन् भन्नुभयो ।



ख्वप मा.वि., ख्वप कलेज, ख्वप कलेज अफ ल सञ्चालक समितिका अध्यक्ष एवं भनपा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरू देशकै नमुना शैक्षिक संस्थाहरूको रूपमा विकास भइरहेको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकी सहयोग (एमसीसी) लिनेहरूलाई 'ठग'को संज्ञा दिएको उल्लेख गर्दै उहाँले ट्रम्पको उक्त अभिव्यक्तिसँगै नेमकिपाले एमसीसी सम्झौता खारेज गर्न गरेको विरोधले आज सार्थकता पाएको बताउनुभयो ।

उहाँले विद्यार्थीहरूले नेपालमा आफ्नो रुचिअनुसारको अध्ययन गर्न नपाउँदा र योग्यताअनुसारको रोजगारी सुनिश्चितता नहुँदा विद्यार्थीहरूले विदेशलाई आफ्नो गन्तव्य बनाइरहेका छन् भन्नुभयो ।



वाग्मती प्रदेशका सभासद् सुरेन्द्रराज गोसाईले २५ वर्षको अवधिमा कलेजले हासिल गरेको सफलता उल्लेखनीय रहेको उल्लेख गर्दै कलेजमा अध्ययनरत सबै विद्यार्थीहरूको समान ढङ्गले व्यक्तित्व विकास गर्नेतर्फ शिक्षकहरूले जोड दिनुपर्ने बताउनुभयो ।

विद्यार्थीहरूको विश्वास र सद्भाव जित्नु आफैमा चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उहाँले विद्यार्थीलाई पाठ्यपुस्तकको साथै उनीहरूमा भएका अन्तरनिहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटन गर्ने दायित्व शिक्षकहरूको हो भन्नुभयो ।

सांसद गोसाईले सहिदको बलिदानबाट सरकारमा पुगेका शासकहरूले सहिदहरूकै अपमान र प्रजातन्त्रविरोधी कामहरू गरिरहेको चर्चा गर्दै शासकहरूले मुलुकलाई स्थायित्व र विकासको बाटोमा अघि बढाउन नसकेको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाललाई एमसीसीको सहयोग नदिने र एमसीसी सहयोग लिनेहरूलाई 'ठग' को संज्ञा दिएसँगै नेपालका शासकहरू 'ठग' भएको पुष्टि हुन्छ भन्दै शासकहरूले ठगीधन्दा बन्द गरी देशलाई आत्मनिर्भरतातर्फ उन्मुख गर्नुपर्ने विचार उहाँले राख्नुभयो ।



ख्वप मा.वि., ख्वप कलेज, ख्वप कलेज अफ ल सञ्चालक समितिका उपाध्यक्ष एवं भनपाका उपप्रमुख रजनी जोशीले शिक्षालाई उत्पादन श्रमसँग मिलाई दक्ष जनशक्ति तयार गर्ने उद्देश्यसहित भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेज, ख्वप कलेज अफ ल सहित ७ वटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको उल्लेख गर्दै ख्वप विश्वविद्यालय स्थापनाको लागि नगरपालिकाले निरन्तर जोड दिँदै आएको बताउनुभयो ।




भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुर नपाले शिक्षाको जग बलियो बनाउँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यले मूर्त रूप लिएको बताउँदै गरिब तथा जेहनदार विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शैक्षिक ऋण कार्यक्रमले धेरै विद्यार्थीहरू लाभान्वित भएका छन् भन्नुभयो ।

समाज परिवर्तनको मूल आधार नै शिक्षा भएको स्पष्ट पार्दै



उहाँले भक्तपुर नपाबाट सञ्चालित कलेजहरूले यहाँका विद्यार्थीहरूलाई इमानदारिता, अनुशासन र सामाजिक उत्तरदायित्व वहन गर्ने विषयबाट पनि प्रशिक्षित गर्दै आएको बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगका उपनिर्देशक धनकृष्ण प्रजापतिले देशको उच्च शिक्षा विकासको लागि विभिन्न क्षेत्रबाट प्राप्त अनुदानको रकम समुचित तवरले वितरण गर्न र विश्वविद्यालयको शैक्षिक गुणस्तर निर्धारण गर्न विश्वविद्यालय अनुदान आयोगको स्थापना भएको चर्चा गर्दै आयोगले विद्यार्थीहरूलाई छात्रवृत्ति तथा शोध सहयोग, शिक्षक तथा कर्मचारीहरूको सीप, दक्षता अभिवृद्धिका









लागि तालिम प्रदान गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठ, ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र ख्वप कलेज अफ ल का प्राचार्य अनिता जधारीले सम्बन्धित विद्यालय र कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै वार्षिकोत्सवको अवसर पारेर ख्वप मावि र ख्वप कलेजमा दस वर्ष सेवा अवधि पूरा गर्ने शिक्षक तथा कर्मचारीहरूलाई कदर पत्र, २५ वर्ष सेवा पूरा गरेका शिक्षक कर्मचारीहरूलाई दीर्घ सेवा पदक र विद्यावारिधी गरेका शिक्षकहरूलाई सम्मान गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा हाट बजार मेला, खेलकुद प्रतियोगिता र सांस्कृतिक प्रतियोगिता भएको थियो ।





नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
**नगरको विकासमा सघाऔं ।**

# "आर्थिक रूपले गरिब हुनुभन्दा चिन्तनमा दरिद्र हुनु खतरनाक हुन्छ"

• सुनिल प्रजापति, केन्द्रीय सदस्य नेमकिपा



**• दोस्रो कार्यकालको लागि निर्वाचित गर्न पहिलो कार्यकालमा जनताका लागि के के काम गर्नुभयो ?**

हामी पाँच वर्षको लागि निर्वाचित भएका थियौँ। निर्वाचनको बेला जारी गरेको घोषणापत्रअनुसार हामीले काम गऱ्यौँ। घोषणापत्रमा उल्लेख भएका बुँदाहरूमात्र होइन त्यसबाहेक पनि जनताको हितमा अन्य धेरै कामहरू पनि गऱ्यौँ। जनताका लागि अति आवश्यक शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गऱ्यौँ। वडा वडामा शिशुस्याहार केन्द्रहरूको व्यवस्थित सञ्चालन, विद्यालयहरूमा गुणस्तरीय शिक्षाको व्यवस्थादेखि नगरपालिकाले सातओटा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेका छौँ। अहिले पनि देशैभरिका ७ हजार भन्दा बढी विद्यार्थीहरू उच्च शिक्षामा अध्ययनरत छन्।

गरिबीको कारण कोही पनि उच्च शिक्षाबाट बञ्चित हुन नपर्ने गरी शैक्षिक ऋणको व्यवस्था गऱ्यौँ। अहिले ७५१ जना विद्यार्थीहरू नगरपालिकाबाट रु. ५ लाखसम्मको शैक्षिण ऋण लिएर उच्च शिक्षा अध्ययनरत छन्। नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक रु. चार करोडभन्दा बढी रकम बराबरको छात्रवृत्तिको व्यवस्था गरेका छौँ। नेपालको आवश्यकता डाक्टर र इन्जिनियर मात्र होइन। इतिहास, भूगोल, संस्कृति, अर्थशास्त्री, राजनीतिशास्त्र, नेपालभाषालगायतका जनशक्तिको आवश्यकतालाई ध्यानमा राखेर ती विषयमा अध्ययन गर्ने नगरबासी विद्यार्थीहरूका लागि विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्दै आएका छौँ। नगरपालिकाको छात्रवृत्तिमा अहिले ९ जनाले एमफिल्ड पीएचडी गरिरहेका छन् भने, स्नातक र स्नातकोत्तर गर्ने विद्यार्थीहरू पनि धेरै छन्।

स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालन र १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरिरहेका छौँ। नगरबासीहरूका लागि नि:शुल्क अक्सिजन र रगत पनि वितरण गरिरहेका छौँ। घरघरमा गएर जेष्ठ नागरिक, सुत्केरीको हेरचाह तथा असहायहरूका लागि आवश्यक सेवाको पनि बन्दोबस्त गरेका छौँ।

**• यस्तो रचनात्मक कार्यको अरू पालिकाहरूले किन अनुशरण गर्न नसकेका हुन् त ?**

त्यो उहाँहरूको कुरा हो। विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरू भक्तपुर अध्ययन भ्रमणमा आउनुहुन्छ। हामीले गरेका कामहरू देखाउने गर्छौं। हाम्रा कलेजहरू र अस्पताल अवलोकन गर्नुहुन्छ। त्यहाँ अध्ययनरत विद्यार्थी सङ्ख्या, परीक्षामा उत्तीर्ण प्रतिशत सुनेर आश्चर्य मान्नुहुन्छ। आफूहरूले पनि यसरी नै कलेज र अस्पताल सञ्चालन गर्ने बताउनुहुन्छ।

**• यतिखेर विद्यार्थीहरू कक्षा १२ उत्तीर्ण गरेर विदेश जाने गरेका छन्। यहाँहरूले रोक्नका लागि के गरिरहनुभएको छ ?**

अहिले विद्यार्थी विदेश जाने लहर चलिरहेको साँचो हो। केही विदेशी एजेन्टहरूले विदेशमा रुखमै पैसा फल्ने जस्ता प्रचारप्रसार गर्दै छन्। त्यसको प्रभाव कलिला विद्यार्थीहरूमा पर्नु स्वाभाविक हो। यसमा विद्यार्थीहरूको मात्र दोषभन्दा पनि कतिपय प्राध्यापकहरूको दोष छ भने सरकार बढी दोषी छ। प्राध्यापकहरूले विद्यार्थीहरूलाई देशभक्ति भावना सिकाएको भए र सरकारले श्रमसँग जोडिएको शिक्षा प्रदान गरेको भए अहिलेको जस्तो वर्षको लाखौँको सङ्ख्यामा विद्यार्थीहरू विदेसिने थिएनन्। प्राध्यापकहरूले नै विद्यार्थीलाई विदेशमा जाने परामर्श दिन्छन्। प्राध्यापनबाट भन्दा म्यानपावर कम्पनीबाट बढी तलब बुझ्ने प्राध्यापकहरू पनि नभएका होइनन्।। कतिपय विद्यार्थीहरू अरुको लहैलहैमा पनि विदेश गइरहेका छन्। हरेक विद्यार्थीसँग एउटा एउटा

सीप हुनुपर्छ भन्ने उद्देश्यले व्यापक रूपमा विभिन्न किसिमका सीपमूलक तालिमहरू सञ्चालन गर्दै छौँ। युवा विद्यार्थीलाई विदेश जानबाट रोक्न प्लम्बिङ, इलेक्ट्रिसियन, चिनियाँ भाषा, जापानी भाषा, सिलाइ, कुक तालिमजस्ता सीपमूलक तालिमहरू दिई स्वरोजगार र आत्मनिर्भर बनाउने कोसिस गर्दै छौँ। रोजगारी आफूले खोज्ने होइन, रोजगारीले आफूलाई खोज्ने वातावरण सिर्जना गर्नमा हाम्रो कोसिस भइरहेको छ। धेरैको सङ्ख्यामा दक्ष जनशक्ति देशको लागि आवश्यक छ।

**• अब यो कार्यकालमा गर्न बाँकी के कस्ता कार्यहरू छन् त ?**

पहिलो, ख्वप विश्वविद्यालय सञ्चालन हो। हामीले कलेजहरू सञ्चालन गरिरहेका छौँ। धेरै विषयमा स्नातकोत्तर तहसम्मको शिक्षा प्रदान गरिरहेका छौँ। हामीले विद्यावारिधि (पीएचडी) अध्ययन गर्ने अवसर दिन सकिरहेका छैनौँ। सांसद प्रेम सुवालले संसद्मा बरोबर ख्वप विश्वविद्यालयको विषयमा आवाज उठाइरहनुभएको छ। तर पनि यो विषय सरकारले ध्यान दिएको छैन। हाम्रो भन्दा पछिका थुप्रै विश्वविद्यालयले सम्बन्धन पाइसकेका छन्। जस्तो:- मधेस विश्वविद्यालय, राजश्री जनक विश्वविद्यालय, नेपाल विश्वविद्यालय आदि। अन्य विश्वविद्यालय सञ्चालन गरेकोमा हामी खुसी नै छौँ। तर, ख्वप विद्याविद्यालय विधेयक किन अगाडि बढाइएन भन्नेमात्र हाम्रो प्रश्न हो।

हालै हामीले मधेस विश्वविद्यालय अवलोकन गऱ्यौँ। अन्य विश्वविद्यालयहरूको पनि अध्ययन गरेका छौँ। भक्तपुर नगरपालिकाले त्यत्रो संरचना बनायो, देशभरिका विद्यार्थीहरूलाई पढाइरहेको छ, अरुको भन्दा त्यहाँ के कुराको कमी छ र ? तर पनि विश्वविद्यालय विधेयक पारित गर्नमा ढिलाइ भइरहेको देख्दा अचम्म लाग्छ।

दोस्रो, भक्तपुर नगर दुवैतिर खोलाले घेरिएको नगर हो। धेरै जनसङ्ख्या भएको हुँदा फोहोर प्रशोधन गरेरमात्र सफा पानी खोलामा पठाउनेतर्फ हाम्रो ध्यान केन्द्रित छ। अहिले फोहर पानी प्रशोधन केन्द्रहरू(उपचार पोखरीहरू) निर्माणका क्रममा छन्।

तेस्रो, भक्तपुरमा एउटा कला सङ्ग्रहालय छ। कला सङ्ग्रहालय मल्लकालीन र राणाकालीन गरी दुई शैलीमा निर्माण गरिएको छ। हामीले त्यो दरबारलाई मल्लकालीन शैलीमै पुन:निर्माण गर्न संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र नगरपालिकाबिच त्रिपक्षीय सम्झौता गरेका छौँ। विश्व सम्पदा क्षेत्रमा सूचिकृत दरबार क्षेत्रमा अवस्थित उक्त कला सङ्ग्रहालय पुन:निर्माणमा युनेस्कोको पनि अनुमति चाहिन्छ भनेपछि घोषणापत्रमा उल्लेख भए पनि हामीले चाहेर पनि त्यो काम अगाडि बढाउन सकेका छैनौँ।

यी बाहेक अन्य धेरै वटा योजनाहरू सम्पन्न गरिसकेका छौँ। अहिले अरनिको सभाभवन निर्माण गरिरहेका छौँ। जनताको गुनासो कम आउने गरी काम गर्ने प्रयास गर्दै छौँ। जनताले पनि नगरपालिकाको हरेक काममा साथ दिइरहेका छन्।

**• नेपाल मजदुर किसान पार्टी भक्तपुरमा मात्र सीमित भयो भन्नेहरूलाई तपाई के भन्नुहुन्छ ?**

त्यो साँचो होइन। हामी अहिले वीरगञ्जमा पार्टी कार्यकर्ताहरूसँग भेटघाटको क्रममा छौँ। मधेस प्रदेशका विभिन्न जिल्लाका साथीहरूसँग भेटघाट गर्ने हाम्रो कार्यक्रम छ। हाम्रा साथीहरू जिल्ला जिल्लामा गएर काम गरिरहेका छन्।

पार्टी भनेको भीड होइन। सिद्धान्त, विचार र दर्शनमा आधारित सङ्गठित जमात नै पार्टी हुने गर्छ। जसरी भए पनि चुनावमा धेरै मत लिएर जितेको आधारमा ठुलो पार्टी भन्नु सही हुँदैन। पार्टीको घोषणापत्रअनुसार काम गरेको छ छैन, सिद्धान्त र व्यवहार मेल खान्छ खाँदैन। त्यसको आधारमा पार्टीको मूल्याङ्कन गर्नुपर्दछ। नेमकिपाले सिद्धान्तअनुसारको व्यवहार गरिरहेको छ। शासक पार्टीहरूले सिद्धान्त एउटा, व्यवहार अर्को प्रदर्शन गरिरहेको सबैले देखेकै छन्। शासक दलका नेताहरूले पटक पटक जनतालाई विश्वासघात गरेका छन्। अझै उनीहरू नै चुनाव जित्दै छन्। यसको अर्थ जनता राजनैतिक रूपले अझै सचेत भइसकेका छैनन्।

नेमकिपाले प्रतिक्रियावादीहरूलाई सजिलैसित जित्न नदिन, जनविरोधी विधेयकहरू संसद्बाट पास हुनबाट रोक्न र जनताको पक्षमा कानुन निर्माणमा बल पुऱ्याउन निर्वाचनलाई उपयोग गर्दै आएको हो। पैसा र शक्तिको बलमा चुनाव जित्ने अवस्था भएसम्म इमानदारीपूर्वक जनताको सेवा गर्नेहरूलाई चुनाव जित्न गाह्रो हुनेछ। विचारको आधारमा चुनाव लड्ने हो भने धेरै ठाउँमा नेमकिपाको जीत निश्चित छ।

**• भक्तपुरमा धेरै मतले जित्ने तर अरू ठाउँमा नजित्नुको कारण के होला ?**

जनताले मत दिए जित्ने हो। भक्तपुर हाम्रा साथीहरूले पहिलेदेखि नै जनहितमा धेरै कामहरू गरेको ठाउँ हो। त्याहाँका जनता राजनैतिक रूपले सचेत भए। जनताले नेमकिपाको सिद्धान्त र विचारलाई बुझेका छन्। हामीले

चुनावमा कहिल्यै व्यक्तिगत पैसा खर्च गरेनौँ र कमाउने सोच पनि राखेका छैनौँ। राजनीतिमा लाग्नु भनेको जनताको सेवाको लागि हो भन्ने हाम्रो पार्टीको मान्यता छ। हामी जनप्रतिनिधिहरू पार्टीको त्यही भावनाअनुसार काम गर्दै छौँ।

**• नेपालमा जनता सर्वाधिक मारमा परेको विषय भनेको शिक्षा र स्वास्थ्य नै हो नि !**

स्वास्थ्यको कारण वर्षको ५ लाख नागरिकहरू गरिबीको रेखामुनि जाने गरेको तथ्याङ्क छ। सरकारले राम्रो व्यवस्था गर्न नसक्दा यस्तो अवस्था आएको हो। नेका, एमाले र माओवादी पटक पटक सरकारमा गए पनि गरिब जनताको जीवनस्तरमा कुनै भिन्नता आएको छैन। शासक दलहरूले आफू सरकारमा बसुन्जेल केही नगर्ने, सरकारबाट हट्नासाथ सरकारको आलोचना गर्ने गरेका छन्। यो नै पुँजीवादको एक विकृत रूप हो। पुँजीपति वर्गले जहिले पनि आफ्नो वर्गीय स्वार्थका लागि मात्र काम गर्छन्, जनताको हितलाई ध्यान दिँदैनन्।

**• विकासको अपार सम्भावना भएर पनि किन देशले विकासको गति लिन सकेन ?**

कुरा प्रस्ट छ सरकारले विकासतर्फ ध्यान नदिनु। यो वर्ष नेपाल सरकार र चीन सरकार मिलेर पर्यटन वर्ष घोषणा गरेको छ। उद्घाटन कार्यक्रम भक्तपुरमा भयो। सरकारले त्यस कार्यक्रमलाई प्राथमिकतामै राखेन।

प्राकृतिक स्रोतमा धनी देश भएर पनि प्राकृतिक स्रोतहरूको संरक्षणमा सरकारले ध्यान दिएन। पुँजीवादी राज्य व्यवस्था भएसम्म यस्तै हुन्छ। थोरै मान्छेमा धेरै सम्पत्ति केन्द्रीकृत हुँदै जानु नै पुँजीवादी व्यवस्थाको विशेषता हो। राज्यले कलकारखाना खोलेको भए मजदुरहरूले रोजगारीको अवसर पाउने थिए। तर, विडम्बना ! सबै कलकारखानाहरू निजीकरण हुँदै छ।

**• देश र जनताको निम्ति काम गर्ने भन्नेहरूकै कार्यकालमा देशले दुर्दशा भोग्नु पर्‍यो अनि जनता हेरेको हेरै ?**

एमाले र माओवादीहरू आफूलाई कम्युनिस्ट दाबी गर्छन्। ती पार्टीहरूले कम्युनिस्ट सिद्धान्तअनुसार काम गरेनन्। उत्पादनका मुख्य मुख्य स्रोतहरू सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य नि:शुल्क गर्ने, आर्थिक समानता, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त नै समाजवादी नीति हो। तर, उहाँहरूकै सरकारको पालामा धेरै उद्योगहरू निजीकरण गरियो। अहिले मुख्य मुख्य ९ ओटा उद्योगहरू निजीकरण गर्दै छ। सबै कुरा निजीकरण भएपछि राज्य कसरी बलियो हुन सक्छ ? महिनाको १ खर्ब जति व्यापार घाटा छ। छ महिनामा ८ खर्ब बढीको आयात छ तर १ खर्बको पनि निर्यात छैन। बजेट घाटा हेर्ने हो भने पनि यस अवधिमा एक खर्ब घाटा देखाइएको छ। राजस्व उठेको भन्दा बढी खर्च भइरहेको छ।

**• आज नेपाल निकै तल्लो अवस्थामा पुग्यो। यो दुर्दशा किन भयो ?**

नेपालको सम्पत्ति सबै विदेशीको हातमा सुम्पिएर देश कसरी धनी हुनसक्छ ? यो नियोजित रूपले नै दुर्दशा निम्त्याइएको हो। सबै विदेशी ऋणको भरमा काम गर्ने, एउटा पनि काम सरकार आफैले नगर्ने, २६ खर्ब सार्वजनिक ऋण पुगेको छ। देश ऋण तिर्न पनि ऋण लिनुपर्ने अवस्थामा पुगेको छ।

**• जनतामा आशा भरोसा जगाउन के गर्नुपर्ने देखिन्छ ?**

राजनैतिक दलहरूले सिद्धान्तअनुसारको व्यवहार गर्नु आवश्यक छ। कम्युनिस्टहरूले कम्युनिस्ट आचरण र व्यवहार देखाउने, काङ्ग्रेसले काङ्ग्रेसको प्रजातान्त्रिक समाजवादी विचारअनुसार काम गर्ने हो। अहिले सबै विदेशीको मुख ताक्नेतर्फ लागे। देश परनिर्भर हुँदै गयो। एउटा स्कूलको छाना छाउन पनि एनजीओ, आइएनजीओको मुख ताक्ने परिस्थिति सिर्जना भएको छ।

आत्मनिर्भरतालाई जोड दिनुपर्छ। पर्यटन, खनिज, जलस्रोत, जडिबुटी, कृषि आदिमा धेरै सम्भावना छ। त्यसैमा बसेर विकास खोज्नु पर्छ। प्राकृतिक सुन्दरताको दृष्टिले नेपालजस्तो देश विश्वमा कतिवटा छन् र ? त्यति हुँदा हुँदै पनि उपलब्ध स्रोत र साधनको समुचित व्यवस्थापन हुन सकेन। आर्थिक रूपमा दरिद्र हुनुभन्दा चिन्तनमा दरिद्र हुनु झन् खतरनाक हुन्छ भने देखियो। दास मानसिकतालाई त्याग्नुपर्छ। शासक दलका नेताहरूसँग दास मानसिकता रहेसम्म देशको विकास सम्भव छैन।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग टीभी वीरगञ्जको चर्चा परिचर्चा कार्यक्रमका प्रस्तोता उज्ज्वल घिमिरेले २०८१ माघ १४ गते लिनुभएको अन्तर्वार्ताको सार- सं.)*

# नेपालको राजनैतिक परिवर्तनमा नेमकिपाको योगदान

विवेक

मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्गनिर्देशक सिद्धान्तको रूपमा अँगीकार गर्दै समाजवाद हुँदै साम्यवादी समाज स्थापना गर्ने दीर्घकालीन उद्देश्य लिएर नेमकिपाको स्थापना भएको हो। महँगी, भ्रष्टाचारविरोधी आन्दोलन र बाली काट्ने आन्दोलन तथा मोहियानी हक सुरक्षाको आन्दोलन तथा किसान आन्दोलनको जगमा उभिएर नेमकिपाको स्थापना २०३१ माघ १० गते (२३ जनवरी २०७५) को दिन भएको थियो। पार्टी स्थापना भएदेखि आजसम्म देशमा भएका विभिन्न चरणका राजनैतिक आन्दोलनहरूमा नेमकिपाले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

**२०३६ सालको आन्दोलनमा नेमकिपा** :

नेमकिपाको विधिवत स्थापना भएदेखि नै पार्टीले देश र जनताको हितमा निरन्तर काम गर्दै आएको छ। २०३५ साल चैत २४ गते पाकिस्तानका पूर्वप्रधानमन्त्री जुल्फिकर अलि भुटोलाई फाँसीको सजाय दिएको विरुद्ध काठमाडौँमा शान्तिपूर्ण विद्यार्थी प्रदर्शन भयो। त्यसमा प्रहरीले चर्को दमन गर्‍यो। त्यसको विरुद्ध विद्यार्थी आन्दोलन चर्किँदै गयो। त्यसले जनआन्दोलनको रूप लियो। आन्दोलनको नेतृत्व गर्ने विद्यार्थी नेताहरूले भित्र भित्र सरकारसँग मिलेर आन्दोलनलाई धोका दिए र आन्दोलनलाई बिसर्जन गर्ने नीति लिए। त्यो कुरा जनताले थाहा पाए। त्यसको तुरन्त विरोध सुरु भयो। २०३६ साल जेठ ९ गते धोकेबाज विद्यार्थी नेताहरू कैलाश कार्की, शरणविक्रम मल्ललगायतलाई आन्दोलनकारीहरूले कालोमोसो दलेर ठेलागाडामा राखेर काठमाडौँका सडकहरूमा घुमाए। आन्दोलनले चर्को रूप लिँदै गएपछि राजा वीरेन्द्रले जेठ १० गते सुधारिएको पञ्चायती व्यवस्था वा बहुदलीय व्यवस्थामा जनमतसङ्ग्रह गर्ने घोषणा गरे। निर्विकल्प भनिएको पञ्चायती व्यवस्थाका सञ्चालकहरू जनतालाई विकल्प रोज्ने अधिकार दिन बाध्य भए।

जनमतसङ्ग्रहलाई लिएर दलहरू त्यसको पक्ष र विपक्षमा देखा परे। कतिले जनमतसङ्ग्रहलाई 'धोका' हो भनेर बहिष्कारको नारा लगाए भने कतिले उपयोग गर्ने नीति लिए। २०३६ साल भदौ ४ गते देशमा छरिएर रहेका वामपन्थी पार्टीहरूको बैठक बस्यो र बैठकले भदौ २४ गते संयुक्त आन्दोलन गर्ने निर्णय गर्‍यो। नेमकिपाको अगुवाइमा भएको उक्त बैठकमा नेमकिपा (का. रोहित), जयगोविन्द साह (अनेकिसं), निर्मल लामा (चौ.म.), भरतमोहन अधिकारी र कमल कोइराला (नेकपा कोसी अञ्चल), चित्रबहादुर केसी र सहाना प्रधान (नेकपा बनारस गुट) को सहभागिता थियो। बैठकले ५ वटा मागलाई अगाडि सार्‍यो : १) सबै प्रकारका राजबन्दीहरू बिनाभेदभाव रिहा गर्नुपर्ने, २) निर्वाचित र भूमिगत सबै प्रकारका राजनैतिक व्यक्तिहरू माथिका सबै मुद्दाहरू फिर्ता लिई राजनैतिक गतिविधि गर्न पाउनुपर्ने, ३) पञ्चायत सरकारका सबै निकायहरू विघटन गरी अन्तरिम सरकार गठन गर्नुपर्ने, ४) नागरिकको मौलिक हकहरू बन्देज लगाउने सबै कानुनहरू निलम्बन गर्नुपर्ने र ५) १८ वर्ष पुगेका सबै नागरिकलाई मताधिकार दिनुपर्ने।

संयुक्त आन्दोलनको घोषणासँगै तत्कालीन पञ्चायत सरकारले दलहरूबिच विभाजन ल्याउन साम, दाम, दण्ड र भेद नीति लियो। नेपाल मजदुर किसान पार्टीले जनमत सङ्ग्रहलाई जनताको चेतना स्तर नाप्ने ब्यारोमिटरको रूपमा प्रयोग गर्ने नीति अगाडि सार्‍यो भने संयुक्त आन्दोलन गर्ने वक्तव्यमा हस्ताक्षर गर्नेहरूमध्ये चौथो महाधिवेशनले 'नीति विपरीत' भनी हस्ताक्षरकर्ता सदस्यलाई आत्मआलोचना गरायो र आन्दोलनकै विरोध गर्‍यो। चौ. म., झापाली गुट (माले) लगायत धेरै पार्टीहरूले जनमतसङ्ग्रह बहिष्कारको नीति लिए। परिणाम २०३७ साल वैशाख २० गते सम्पन्न जनमतसङ्ग्रहमा 'सुधारिएको पञ्चायत' विजय घोषणा गरियो। राजनैतिक दलहरूले सही निर्णय गर्न नसक्दा जनआन्दोलनबाट प्राप्त मताधिकारबाटै पुनः नेपाली जनता पञ्चायती व्यवस्थालाई नै स्वीकार्न बाध्य भए।

जनमतसङ्ग्रहपछि पहिलो पटक २०३८ सालमा आम निर्वाचन भयो। त्यस निर्वाचनलाई माले, चौ.म. लगायतका पार्टीहरूले बहिष्कार गर्ने नीति लिए भने नेपाल मजदुर किसान पार्टीले प्रतिक्रियावादी सङ्घ संस्थाहरूमा गएर जनताको सेवा गर्ने लेनिनवादी नीतिअनुसार प्रयोग गर्‍यो। शत्रुलाई सजिलै जित्न नदिन, जनविरोधी कानुनलाई रोक्न र जनताको पक्षमा आवाज उठाउन नेमकिपाले पञ्चायतका हरेक तहहरूको निर्वाचनलाई उपयोग गर्‍यो। नेमकिपाको तर्फबाट भक्तपुरका उम्मेदवार निर्वाचित भयो भने अन्य सबै क्षेत्रबाट पञ्चहरू नै जिते। २०४३ सालमा

आएर माले गुटले पनि निर्वाचन बहिष्कार गरेर विगतमा गल्ती भएको भनी आत्मआलोचना गर्दै भाग लिने नीति लियो । मालेको तर्फबाट त्यस निर्वाचनमा ४ जना उम्मेदवारहरूले जित हासिल गरेका थिए । यसले तत्कालीन राष्ट्रिय पञ्चायतमा प्रतिपक्षको आवाज सशक्त बन्यो ।

## २०४२ सालको शान्तिपूर्ण आन्दोलनमा नेमकिपा

२०४२ सालमा नेकाले पञ्चायतविरुद्ध शान्तिपूर्ण (भद्र अवज्ञा) आन्दोलन गर्ने घोषणा गऱ्यो । नेमकिपालगायतका अन्य वामपन्थी पार्टीहरू (मालेबाहेक) ले पनि छुट्टै शान्तिपूर्ण आन्दोलन गर्ने निर्णय गऱ्यो । आन्दोलन चर्किंदै गयो । धेरै नेता कार्यकर्ताहरू गिरफ्तार भए । त्यसैबिच रामराजाप्रसाद सिंहद्वारा नेतृत्व गरिएको जनवादी मोर्चाले सिंहदरबार गेट, अन्नपूर्ण होटललगायत ठाउँ ठाउँमा बम पड्काएपछि पञ्चहरूले आन्दोलन दबाउने राम्रो निहुँ पाए । नेका र वामपन्थीहरूले छुट्टा छुट्टै वक्तव्य प्रकाशित गरी आन्दोलन फिर्ता लिनुपर्ने अवस्था आयो । शान्तिपूर्ण रूपमा देशव्यापी अगाडि बढिरहेको पञ्चायतविरोधी आन्दोलन पुनः एक पटक स्थगित भयो । आन्दोलन फिर्ता नगरिएको भए आन्दोलनकारीहरूलाई आतङ्ककारीको आरोपमा बम काण्डमा फसाउन सक्ने सम्भावना थियो ।

२०३९ र २०४३ सालमा भएको स्थानीय तहको निर्वाचनलाई पनि नेमकिपाले उपयोग गऱ्यो । ३६ वटा नगर पञ्चायतहरूमध्ये भक्तपुर नगर पञ्चायतमा शत प्रतिशत बहुदलवादीहरूको जित भयो । भक्तपुर जिल्ला पञ्चायतमा पनि बहुदलवादीहरूको बहुमत थियो । नेमकिपाको चुनावलाई उपयोग गरी जनताको सेवा गर्ने नीतिदेखि पञ्चायती सरकार डरायो । नेमकिपाले जस्तै अन्य पार्टीहरूले पनि पञ्चायती चुनावमा भाग लिएर पञ्चायतको विरोध गर्ने नीति लिएमा पञ्चायती व्यवस्थाको आयु छोटिने उनीहरूको निष्कर्ष थियो । २०४५ साल भदौ ९ गते नेमकिपालाई दबाउन राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' त्यसैको परिणाम हो ।

## 'भक्तपुर काण्ड' को विरोधमा आन्दोलन

निरङ्कुश पञ्चायती व्यवस्थाले राज्यस्तरबाट षड्यन्त्र गरी नेमकिपाबाटै निर्वाचित एक 'पूर्व पञ्च' को हत्या गर्यो । त्यसैलाई निहुँ बनाएर नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) सहित ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दामा फसाइयो । त्यसमध्ये धेरैलाई मृत्युदण्ड वा सर्वस्वसहित जन्मकैद (३३ वर्ष) सजायको माग गरिएको थियो । सयौँ कार्यकर्ताहरूलाई शान्ति सुरक्षाको पुर्जी दिएर थुन्यो भने हजारौँ जनतालाई पञ्चायतले निर्मम दमन गऱ्यो । नेपालको इतिहासमै पहिलोपटक प्रधानमन्त्री मरिचमान सिंह र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीलगायत मन्त्रीहरू सडकमै ओर्लेर अध्यक्ष रोहितलाई 'फाँसी दे' नारा लगाए । राजनीति पञ्चहरूले सोचेजस्तै अगाडि बढेन । बरु भक्तपुर काण्ड पञ्चहरूले आफ्नो अन्त्यको खाडल आफैले खनेको साबित भयो ।

नेमकिपालाई दबाउने पञ्चायतले अरुलाई पनि दबाउन सक्ने सम्भावना देखेर नेपालमा कार्यरत अन्य दलहरू एक ठाउँमा जम्मा हुन थाले । 'भक्तपुर काण्ड'को विषयमा विभिन्न दलहरूले संयुक्त विज्ञप्तिहरू दिन थाले । त्यसले नेका र वामपन्थीहरू संयुक्त आन्दोलनको स्थितिसम्म पुऱ्यायो ।

२०४६ साल फागुन ७ गतेबाट नेका र वाममोर्चाले पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्था पुन:स्थापनाको लागि संयुक्त जनआन्दोलनको सुरु गर्ने निर्णय गऱ्यो । त्यो संयुक्त जनआन्दोलन दबाउने पञ्चहरूले अन्तिमसम्म कोसिस गरे । आन्दोलन सुरु भएको दोस्रो दिन फागुन ८ गते भक्तपुरमा भएको आन्दोलनमाथि प्रहरीले गोली चलायो । आन्दोलनको क्रममा दोस्रो विश्वयुद्धमा प्रतिबन्धित दमदम गोली लागेर निर्मलकुमार शाक्य, हरिकृष्ण भुजु, कृष्णराम दुवाल, राजकुमार सुवाल, महेश श्रेष्ठ, पुष्परत्न शाक्यलगायतले सहादत प्राप्त गर्नुभयो भने धेरै आन्दोलनकारीहरू घाइते भए । आन्दोलन आगोसरि देशव्यापी रूपमा फैलियो । मजदुर, किसान, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, कर्मचारी सबै एक भएर आन्दोलनलाई साथ दिएपछि २०४६ साल चैत २६ गते ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको पुन:स्थापना भयो । पञ्चायती व्यवस्था अन्त्य हुनुमा 'भक्तपुर काण्ड' पनि एक महत्त्वपूर्ण कारण बन्यो ।

## २०४७ सालको संविधान निर्माण र संसदमा नेमकिपा

२०४६ सालको आन्दोलनबाट बहुदलीय व्यवस्था पुन:स्थापनापछि नयाँ संविधान निर्माणको क्रम चलिरहेको थियो । त्यतिबेला संविधान आयोगले तयार गरेको भन्दा फरक दरबारले तयार गरेको संविधान घोषणा हुने चर्चा चलिरहेको थियो । त्यहीबिच नेमकिपाको आयोजनामा २०४७ कार्तिक २० गते 'सार्वभौमसत्ता जनतामा', 'जनताको संविधान घोषणा गर' भन्ने नारासहित भक्तपुरदेखि काठमाडौँसम्मको विशाल पैदल ऱ्याली भयो । दरबारियाहरूको निद्रा भङ्ग भयो । कार्तिक २३ नै संविधान आयोगले तयार गरेको नेपालको संविधान २०४७' जारी भयो । नेपालको संविधान जारी गर्नमा नेमकिपाको भक्तपुर-काठमाडौँ पैदल ऱ्याली महत्त्वपूर्ण घटना साबित भयो । त्यसअघि २०३८ सालमा

महँगीको विरोधमा नेमकिपाले भक्तपुर काठमाडौँ पैदल र्‍यालीको आयोजना गरेको थियो ।

नयाँ संविधानमा ३ प्रतिशतको मत सीमा (थ्रेस होल्ड) को व्यवस्था गरियो । नेमकिपाले त्यसको विरुद्ध सडक, सदन र न्यायलगायत सबै क्षेत्रमा निरन्तर आन्दोलन जारी राख्यो । काठमाडौँको उपनिर्वाचनमा नेमकिपालाई पार्टीको चुनाव चिह्न 'मादल' नदिई निर्वाचन आयोगले 'स्वतन्त्र' चिह्न प्रदान गरेको विरोधमा नेमकिपा सर्वोच्च अदालतमा पुग्यो । अदालतले संसदमा रहुञ्जेल मात्र 'स्वतन्त्र' रहने र चुनाव चिह्न दिनबाट बञ्चित गर्न नहुने फैसला सुनाएपछि ३ प्रतिशत नआएका नेपालका सबै पार्टीहरूको आआफ्नो चुनाव चिह्नमा निर्वाचन लड्न पाउने हक सुरक्षित भयो । यो प्रजातान्त्रिक अधिकार सुरक्षित गर्ने कानुनी सङ्घर्षमा पनि नेमकिपाको महत्त्वपूर्ण योगदान रहेको छ ।

नेमकिपाले देश र जनताको हितमा कानुन निर्माण गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर उपभोक्ता हित संरक्षण विधेयक, कलासंस्कृति विधेयकलगायतका विधेयकहरू पटक पटक संसद्मा दर्ता गर्‍यो । सरकारले धेरै पछि आफू अनुकूल बनाई उपभोक्ता विधेयक बनायो भने प्राचीन स्मारक संरक्षण ऐनमा सुधार गर्‍यो । ती विधेयकहरूका कारण धेरै उपभोक्ताहरूको हक सुरक्षित भएको छ ।

२०५१ सालमा नेमकिपाका उम्मेदवारहरू भक्तपुरको क्षेत्र नं. १ र २, दैलेख २ र जुम्लाबाट गरी ४ जना सांसदहरू जिते । त्यतिबेला नेका र एमाले मिलेर सांसदहरूलाई पनि कर्मचारीहरूलाई जस्तै 'पेन्सन दिने' विधेयक, पजेरो सुविधालगायतका विधेयकहरू पारित गरे । नेमकिपा एक्लैले ती सबै विधेयकहरूको विरोध गर्‍यो र नेमकिपाले पुँजीवादी सरकारमा नजाने निर्णय गर्‍यो । फाइदा र सुविधाको निम्ति राजनीतिमा लागेका दैलेखबाट निर्वाचित विनोद शाही एमालेमा र जुम्लाबाट निर्वाचित भक्तबहादुर रोकाया काङ्ग्रेसमा प्रवेश गरे । नेपाल मजदुर किसान पार्टी र मतदाताहरूलाई उनीहरूले धोका र विश्वासघात गरे । तर पनि पार्टी नेतृत्व अलिकति पनि बिचलित भएन र पार्टीको सिद्धान्त र नीतिमा आँच आउन दिएन ।

अन्य पार्टी फोड्ने, भ्रष्टाचार, पक्षपातपूर्ण व्यवहार, भागबन्डामा नियुक्तिजस्ता गलत कामको नेमकिपाले सदन र सडकमा विरोध जारी राख्यो । अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको विरोध निरन्तर सङ्घर्षरत नेमकिपाले संसारका न्यायप्रेमी देशभक्त जनताको पक्षमा सधैँ ऐक्यबद्धता व्यक्त गर्दै अन्तर्राष्ट्रिय कर्तव्य पालना गर्दै आयो । नेका र एमालेको नेतृत्वका सरकारहरूले गरेका जनविरोधी कामहरूको विरोधमा पनि एकल वा संयुक्त आन्दोलनलाई जारी राख्यो ।

## स्थानीय निकाय पुनःस्थापना वा निर्वाचनको पक्षमा नेमकिपा

२०५४ सालमा निर्वाचित स्थानीय निकायका पदाधिकारीहरूको अवधि २०५९ असार मसान्तमा समाप्त भयो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले न स्थानीय निकायको निर्वाचन घोषणा गरे न म्याद थप नै गरे । परिणाम देशभरका स्थानीय निकायहरू जनप्रतिनिधिविहीन भए । नेमकिपाले सदन र सडकमा स्थानीय निकायको पुनःस्थापना वा तत्काल निर्वाचनको माग गर्दै सशक्त आवाज उठायो तर कुनै सुनुवाइ भएन । देश अस्तव्यस्त बन्यो । शासक दलहरूको अकर्मण्यताले जनताले धेरै दुःख पाए ।

देशभर दलीय संयन्त्रहरू निर्माण गर्न थालियो । राजनैतिक कार्यकर्ताहरू विकास निर्माणमा र नियुक्तिमा भागबन्डामै रमाउन थाले । भविष्यमा देशका विभिन्न तहमा निर्वाचित हुने सङ्घ र प्रदेश तहमा निर्वाचित हुने राजनैतिक कार्यकर्ताहरू अधिकांश भ्रष्टाचारमा लिप्ट हुन थाले । नेमकिपाको मागबमोजिम समयमै स्थानीय निकायको निर्वाचन गरिएको भए देश भाँडभैलो हुन थिएन ।। १५ वर्षसम्म स्थानीय निकायमा जनप्रतिनिधिविहीन हुँदा देश धेरै पछि पर्‍यो ।

## प्रतिगमनविरोधी आन्दोलनमा नेमकिपा

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०५९ साल जेठ ८ गते प्रतिनिधिसभा विघटन गरे । देश जनप्रतिनिधिविहीन भयो । सरकारले तोकिएको समयमा निर्वाचन गर्न सकेन । नेमकिपाले तत्काल संसद् पुनःस्थापनाको मागलाई अगाडि सार्‍यो । संसद् विघटनलाई प्रतिगमनको संज्ञा दिएर संयुक्त आन्दोलन सुरु भयो । नेमकिपाले सर्वदलीय बैठकहरूमा संसद् पुनःस्थापनाको मागलाई निरन्तर जोड दियो र त्यही माग पछि गएर संयुक्त आन्दोलनको साझा माग बन्यो ।

२०६० वैशाख २१ गते नेमकिपा, नेका, एमाले, जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टीले संयुक्त रूपमा संसदको पुनःस्थापनाको माग राखी खुलामञ्चबाट संयुक्त जनआन्दोलनको घोषणा गरे । एमाले भने सुरुदेखि नै संसद् पुनःस्थापनाको पक्षमा थिएन । जनआन्दोलनलाई बिथोल्न तत्कालीन राजा ज्ञानेन्द्रले 'स्वच्छ छवि' भएका प्रधानमन्त्रीको उम्मेदवारको दर्खास्त आह्वान गरे । एमाले महासचिव माधव कुमार नेपाल अन्य दलहरूको समर्थनमा दर्खास्त हाल्न तयार थिए । तर, अरु दलहरूले राजाको त्यो आह्वानलाई अस्वीकार गरेको कारण महासचिव नेपालको त्यो सपना पूरा भएन ।

२०६१ जेठ १८ गते राजा ज्ञानेन्द्रले 'असक्षम' घोषित

उही शेरबहादुर देउवालाई नै प्रधानमन्त्री बनाए। एमाले आन्दोलनलाई छाडेर त्यही सरकारमा 'प्रतिगमन आधा सच्चियो' भनी सामेल भयो। यसरी सँगै आन्दोलन गरिरहेका दलहरूलाई एमालेले धोका दियो। तर, त्यो सरकार पनि लामो समय जान सकेन। राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिएर सरकारबाट ती पार्टीका नेताहरूलाई गल हत्याए। फेरि नेका (प्र) र एमाले आन्दोलनमा सामेल हुन खोजे। त्यतिबेला नेमकिपाले ती पार्टीहरूले सार्वजनिक रूपमा जनतासँग माफी माग्नुपर्ने सर्त अघि राख्यो र सार्वजनिक समारोहमा माफी माग्न बाध्य बनायो।

## १२ बुँदे सहमतिमा नेमकिपा

२०६२ मङ्सिर ७ गते शान्तिपूर्ण आन्दोलनरत नेमकिपा, नेका, एमाले, वाममोर्चा, जनमोर्चा नेपाल, नेका (प्र) र नेपाल सद्भावना पार्टी तथा सशस्त्र सङ्घर्षरत माओवादीबिच १२ बुँदे समझदारी पत्रमा हस्ताक्षर भयो। नेमकिपाबाहेक अन्य सबै पार्टीहरूले भारतको दिल्लीमा हस्ताक्षर गरेका थिए। नेमकिपाले उक्त सहमतिपत्रमा उल्लेखित 'माओवादी लडाकु र नेपाली सेनालाई संयुक्त राष्ट्र सङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवक्षणमा राख्ने' विषयमा अन्तिमसम्म आपत्ति जनायो। नेमकिपाले त्यस वाक्यांशको स्पष्टताको माग गरेको थियो। पछि त्यसको सार्वजनिक आलोचना गर्न पाउने अधिकार सुरक्षित राख्ने सहमतिमा नेमकिपाले फरक मतसहित हस्ताक्षर गरेको थियो। हस्ताक्षर पनि गर्ने र सहमतिको विरोध पनि गर्ने नीतिअनुसार हस्ताक्षर भएको भोलिपल्टबाटै अध्यक्ष रोहितले १२ बुँदाका केही अंशको विरोध सुरु गर्नुभयो। १२ बुँदाको मुख्य माग निरङ्कुश राजतन्त्रको अन्त्य र संसद् पुनःस्थापना भन्ने थियो।

आन्दोलन विभाजित गर्न त्यसबिच राजा ज्ञानेन्द्रले स्थानीय निर्वाचन घोषणा गरे। आन्दोलन निकै अगाडि बढेको थियो। त्यसकारण, बहिष्कार गर्नु उपयुक्त हुने नेमकिपाको विचार सर्वदलीय बैठकमा राख्दै आयो। एमाले भने चुनावमा भाग लिने पक्षमा देखियो। अन्ततः बहुमतले बहिष्कार गर्ने निर्णय गऱ्यो। आन्दोलन शिथिल हुँदै गइरहेको थियो। निर्वाचन बहिष्कार सफल पार्न नेमकिपाले २०६२ पुस २६ गते भक्तपुर-काठमाडौँ विशाल पैदल ऱ्यालीको आयोजना गऱ्यो। शिथिल हुँदै गएको आन्दोलनलाई त्यसले ऊर्जा प्रदान गऱ्यो। आन्दोलनकारी दलहरूले गरेको बहिष्कार सफल भयो। राजा एक्लिए।

आन्दोलन सशक्त रूपमा अगाडि बढ्दै गएपछि २०६३ वैशाख ८ गते सर्वदलीय सरकारको गठनका लागि आह्वान भयो। युरोपियन युनियनलगायत धेरैले राजाको आह्वानमा सरकारमा जान दलहरूलाई दबाब दिन थाले तर आन्दोलनकारीहरूले संसद्को पुनःस्थापना नभएसम्म आन्दोलनबाट पछि नहट्ने अडान लिए। नेमकिपाको आह्वानमा वैशाख ९ गते भक्तपुरदेखि काठमाडौँसम्म विशाल ऱ्याली भयो। दरबारियाहरू आत्तिए। जनआन्दोलनको परिणाम वैशाख ११ गते संसद् पुनःस्थापना भयो। एमालेले अन्तिम क्षणमा मात्रै संसद् पुनःस्थापना गर्ने केन्द्रीय समितिले निर्णय गऱ्यो।

नेमकिपाले संसद् पुनःस्थापनाको माग अघि सारेको बेला एमालेले 'मरेको मान्छे बिउँते मात्रै संसद् पुनःस्थापना हुने' भनी असम्भव बताउने गर्थ्यो। अन्ततः जनआन्दोलनको बलमा संसद् पुनःस्थापना भयो। नेपालको राजनीतिले नयाँ मोड लियो।

पुनःस्थापित संसदले राजाको अधिकार कटौती गऱ्यो, राजा र राज परिवारको सम्पत्ति नेपाल ट्रस्टको नाउँमा ल्याउने र नारायणहिटी दरबारलाई सङ्ग्रहालयमा परिणत गर्ने निर्णय गऱ्यो। २०६४ सालमा देशमा पहिलोपटक संविधानसभाको निर्वाचन भयो। अन्तरिम संविधानअनुसार संविधानसभाको पहिलो बैठक २०६५ जेठ १५ गते देशमा २४० वर्षको राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको घोषणा भयो।

नेपालको राजनैतिक आन्दोलनमा नेमकिपाले महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। निर्वाचनलाई उपयोग गरी नेपाली जनतालाई राजनैतिक रूपमा सचेत र सङ्गठित गर्ने काममा नेमकिपा निरन्तर लागिरहेको छ। एमसीसी, नागरिक लगानी विधेयक, लगानी बोर्ड विधेयकजस्ता देशघाती विधेयकहरूको विरोध गर्दै सत्ताको कुनै लोभलालचमा नफसी नेमकिपा आफ्नो दीर्घकालीन उद्देश्य समाजवाद स्थापना गर्ने बाटोमा अविचलित भएर अगाडि बढ्दै छ।

गुणबिनाको सङ्ख्यालाई महत्त्व नदिई हरेक राजनैतिक कार्यकर्ता देश र जनताको सेवामा समर्पित भएर लाग्नुपर्ने मान्यता बोकेर नेमकिपा देशमा समाजवाद स्थापनाको बाटोमा निरन्तर लागिरहेको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा नेमकिपा एक प्रकाशस्तम्भको रूपमा खडा छ।

स्थापनाको आधा शताब्दीसम्म देश र जनताको इमानदारीपूर्वक सेवामा समर्पित भएर लागिरहेको नेमकिपाको आठौँ महाधिवेशन २०८१ फागुन १६–१९ गतेसम्म भक्तपुरमा सम्पन्न भएको छ। बिग्रँदै गएको देशको राजनीतिलाई सही दिशा निर्देश गर्न नेमकिपालाई सफलता मिलोस्। नेमकिपाका नेता, कार्यकर्ता, र सम्पूर्ण शुभेच्छुकहरूप्रति हार्दिक शुभकामना।

# वर्तमान विश्व परिदृश्यमाथि एक दृष्टि

सुरेन्द्रराज

## बहुध्रुवतर्फ लम्किरहेको विश्व

झन्डै पैंतीस वर्षपछि विश्व बहुध्रुवतर्फ फड्को मार्ने तर्खरमा छ। 'नयाँ विश्व व्यवस्था' बारे गम्भीर छलफल तथा बहस चल्दै छ। संरा अमेरिका नेतृत्वको एक ध्रुवीय विश्वको विकल्पको खोजी भइरहेको छ। चीनको पुनरोदयसँगै नयाँ विश्व परिस्थिति निर्माण हुँदै छ। चीनतर्फ विश्वको ध्यान मोडिँदै छ। उता संरा अमेरिकामा गत जनवरी २० को दिन ७९ वर्षीय ट्रम्पले देशको ४७ औँ राष्ट्रपतिको दोस्रो कार्यकालका लागि सपथ लिए। 'अमेरिका प्रथम' को नीति अमेरिकाको गुमेको गौरव फर्काउने र फेरि पनि अमेरिकालाई संसारकै महाशक्ति कायम राख्ने उनको मूल नाराले परिणाम कस्तो देला, समयले बताउनेछ। विश्वलाई बहुध्रुवमा जानबाट रोक्ने योजनासहित फेरि ह्वाइट हाउस फर्केका ट्रम्प सफल हुनेछन् या विश्वले उनलाई सवक सिकाउनेछ, केही समयको प्रतीक्षापश्चात् जवाफ जरुर मिल्नेछ।

## सोभियत सङ्घको विघटनपछिको विश्व

सन् १९९१ मा तत्कालीन सोभियत सङ्घको विघटनपछि विश्व दुई ध्रुवीयबाट एक ध्रुवीय बन्न पुग्यो। संसारमा जारी रहेको शीतयुद्ध अन्त्य भएको घोषणा भयो। एउटा महाशक्ति सोभियत सङ्घ १५ स-साना देशमा विभाजित भयो। संसारकै शक्ति सन्तुलनमा फेरबदल ल्याएको त्यस विश्व घटनापश्चात् संरा अमेरिका नेतृत्वको विश्वले तीन दशक पार गरिसकेको छ। विघटन हुनु अघिसम्म सोभियत सङ्घले झन्डै ६-७ दशकसम्म विश्वको महाशक्ति अमेरिकासँग हरेक क्षेत्रमा प्रतिस्पर्धा गर्‍यो। रुसी अक्टोबर समाजवादी क्रान्तिको सफलतासँगै सन् १९१७ मा स्थापना भएको सोभियत समाजवादी व्यवस्थाले केही वर्षभित्र आफ्नो क्षमता तथा विशेषता संसारसमक्ष क्रमशः प्रस्तुत गर्न थाल्यो। दोस्रो विश्वयुद्धमा आफ्ना दुई करोड पचास लाख जनताको बलिदानबाट नाजीवादी हिटलरलाई परास्त गरी उसले विशिष्ट सैन्य तागतमात्र देखाएन बरु विश्व शान्ति स्थापना तथा विश्व मानव जगत्‌को रक्षामा अग्रणी भूमिका निर्वाह गर्‍यो। अमेरिका, बेलायतजस्ता पुँजीवादी देशले २-३ सय वर्ष लगाएर हासिल गरेको सफलता या उपलब्धि तत्कालीन सोभियत समाजवादले तीन दशकभित्र संसारसमक्ष पेस गयो। शिक्षा, स्वास्थ्य विज्ञान, कृषि, उद्योग, उत्पादन, आविष्कारलगायत अत्यन्त महत्त्वपूर्ण क्षेत्रमा सोभियत समाजवादले पुँजीवादी व्यवस्थालाई हाँक दियो र पछायो। पुँजीवादी व्यवस्था भएका देशहरूलाई मानव कल्याणका अनेक आकर्षक योजना तथा कार्यक्रम प्रस्तुत गर्न बाध्य पार्‍यो। समाजवादको लहर रोक्न लोक कल्याणकारी राज्यको खुब चर्चा चलाइयो। धेरै देशका जनताले त्यतिमा मात्र सीमित भई नराखी समाजवादतर्फ नै अघि बढ्ने निर्णय गरे। संसारभरि उपनिवेशवादविरोधी सङ्घर्ष, मुक्ति सङ्घर्ष, स्वतन्त्रता आन्दोलन र समाजवादी क्रान्तिको लहर चल्न थाल्यो। सारमा, रुसी अक्टोबर समाजवादी क्रान्तिले विश्वमा उथलपुथल ल्यायो। त्यही क्रान्तिले चिनियाँ जनतालाई पनि बिउँझायो र मार्क्सवादजस्तो आधुनिक हतियारबाट सुसजित बनायो। यद्यपि, सोभियत समाजवाद आज अस्तित्वमा छैन तर चीनले भने समाजवादी क्रान्तिको विजयको ७५ औं वर्षगाँठ मनाइसकेको छ। सोभियत सङ्घझैँ असफल हुने या ढल्ने कल्पना गरिएको चिनियाँ समाजवाद एकपछि अर्को आश्चर्यजनक सफलता हासिल गर्दै अगाडि बढ्दै छ। अमेरिकाको सीआईएले सोभियत सङ्घभन्दा अगाडि नै चिनियाँ समाजवाद ढाल्ने योजनासहित सन् १९८९ को अप्रिलतिर थिआनमन चोकको उपद्रो मच्चाएको थियो। प्रजातन्त्रको नाउँमा मच्चाइएको त्यो समाजवादविरोधी भयङ्कर षडयन्त्रलाई पेटचिनले बेलैमा असफल पार्‍यो। सत्तापलटको त्यो अमेरिकी योजना असफल भएपछि सीआईए मस्कोमा केन्द्रित भयो। त्यहाँ लामो समयदेखि सक्रिय लाखौँ एनजीओ- आईएनजीओहरूसमेतको सहयोगमा बिनारक्तपात योजना फत्ते गरेको इतिहासका जानकारहरू बताउँछन्।

## चीनलाई रोक्ने अमेरिकी चाल

पैंतीस वर्षअगाडिको असफलताको बदला लिन चाहन्छ, संरा अमेरिका। सोभियत समाजवादको दुःखान्त यता चीनमा पनि दोहोर्‍याउने सपना देख्दै छ, संरा अमेरिका। सोभियत सङ्घको विघटनपश्चात् तीन दशकभन्दा बढी निष्कण्टक महाशक्ति बनेझैँ अब चीनलाई खसालेर अर्को कमसेकम केही बढी दशक निर्बाध महाशक्ति बन्ने योजना बुन्दै छ, संरा अमेरिका। महाशक्तिको दौडमा दोस्रो धावक नै तयार नहोस् भन्ने अमेरिकी चाहना हो। यथार्थ यही हो। विश्व मानचित्रले पनि यही सङ्केत गर्दछ। अमेरिकाको चीन केन्द्रित गतिविधि, लगानी तथा सैन्य तयारीको अन्तर्य यही नै हो। पछिल्लो समय अमेरिकाले एसिया प्रशान्त क्षेत्र र दक्षिणी चीन सागरमा बढाउँदै लगेको सैन्य चहलपहल तथा उत्तेजना फैलाउने नियोजित कार्यले धेरै कुरातर्फ सङ्केत गर्दछ। जापान र दक्षिण कोरियामा मात्रै पनि ८० हजारभन्दा बढी अमेरिकी सेना तैनाथ गरिएका छन्। चीन र अमेरिकाबिच सन् १९७२ मा भएको साङ्घाई घोषणामा आफ्नो प्रतिबद्धताविपरीत थाइवान मामिलामा अमेरिका बारम्बार हस्तक्षेप गर्दै छ। पहिलो कार्यकालमा राष्ट्रपति ट्रम्पले सन्

२०१८ मा चीनविरुद्ध सुरु गरेको व्यापार युद्ध, प्रविधि युद्ध र त्यसबाट आफैले भोग्नुपरेको दुष्परिणामबारे आजसम्म पनि चर्चा चल्दै छ । ट्रम्पको त्यो बहुलट्ठीपनको आज पनि अमेरिकामा आलोचना एवम् विरोध भइरहेको जगजाहेर छ ।

**प्यालेस्टिन : प्रतिरोधको प्रतीक**

समसामयिक अन्तर्राष्ट्रिय राजनीतिमाथि दृष्टि लगाउँदा पछिल्लो समय केही उल्लेख्य घटना घट्दै छन् । प्यालेस्टिनमा इजरायलले गरेको भयङकर हमला १५ महिनापछि गत जनवरी १९ को दिन भएको विरामसँगै स्थगित भएको छ । यद्यपि, इजरायलले पश्चिम किनारको जेनिन र वरपर हिंसा नरोकेको खबर आइरहेको छ । तसर्थ, युद्धविराम दिगो नहुने र स्थायी शान्तिमा परिणत नहुने पर्यवेक्षकहरू बताउँछन् । एक इजरायली अधिकारीले हालै दिएको युद्ध उत्तेजना फैलाउने अभिव्यक्तिले त्यसको सङ्केत गर्दछ, 'गाजालाई बमले उडाउने इजरायलसँग अधिकार छ ।'

त्यस युद्धको दौरानमा ४८ हजारभन्दा बढी प्यालेस्टिनी जनताको बर्बरतापूर्वक हत्या भयो । १ लाख ११ हजार बढी घाइते भए । गाजापट्टीका करिब ८० प्रतिशत भौतिक संरचना ध्वस्त पारियो । युद्धविरामपश्चात् गाजाका बासिन्दाहरू भग्नावशेषमा परिणत भइसकेको वासस्थानमा फर्कदै छन् । भग्नावशेषबाट धमाधम लाश फेला पर्दै छन् र भग्नावशेष पन्छाउने कार्य थालिँदै छ । गाजालाई पहिलाकै स्थितिमा पुर्‍याउन कम्तीमा १४ वर्ष लाग्ने अनुमान गरिएको छ । हिजोका बस्तीहरू डरलाग्दा मैदानमा परिणत भइसकेको र भविष्य अझै अनिश्चित रहेको यथार्थ आँखासामु भए तापनि प्यालेस्टिनीहरू घर फर्कदै छन् । यसलाई प्यालेस्टिनी जनताको अगाढ मातृभूमि प्रेम मान्ने धेरै छन् । प्यालेस्टिनको आकाशमा अझै पनि कालो बादल मडारिँदै छ । कुनै पनि बेला इजरायल -अमेरिकाले निहुँ निकाल्ने सम्भावना प्रबल छ । संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत नियुक्ति लिंदै गरेकी इलिसी स्टेफानिकले गत जनवरी २१ को दिन वासिङ्गटनको एक महत्त्वपूर्ण बैठकमा प्यालेस्टिनी भूमि पश्चिम किनारामाथि इजरायलको पूर्णरूपमा अधिकार बाइबलकै आधारमा रहेको बताइन् । चीनको उदयलाई रोक्ने उनको लक्ष्य रहेको बताउन उनी हिच्किचाइनन् । युद्धविराम भइसकेपछि आएको अमेरिकी कूटनीतिज्ञको यो अभिव्यक्तिले थप विश्व र मध्यपूर्वमा जटिलता सन्निकट रहेको सङकेत गरिरहेको प्रस्ट छ । अमेरिकी अधिकारीहरूले जतिसुकै धाक धम्की दिइरहे तापनि अमेरिकी कठपुतली नेतन्याहु गाजाबाट असफल भएरै फर्केको चर्चा चल्दै छ । हमासलाई पूर्ण निमूल गर्ने र त्यो लक्ष्य पूरा नभएसम्म नफर्कने कसम खाएका उनले उल्टै अकल्पनीय क्षति बेहोर्नु परेको विश्लेषकहरू बताउँछन् । युद्धविरामको अघिल्लो साँझ मात्रै पनि ९ जना इजरायली सेना गुमाउँदै फर्केको उहादरणाले पनि धेरै कुरा छर्लङ्ग्याउँछ ।

अमेरिकाले हरेक तवरले इजरायललाई सहयोग पुर्‍याउँदै आएको कसैबाट लुकेको छैन । इजरायलका बालुवाका कणकणमा अमेरिकी डलर लगानी भइसकेको जगजाहेर छ । मध्यपूर्वमा इजरायललाई क्षेत्रीय महाशक्ति बनाएर आफ्नो दबाब र प्रभाव सदावहार कायम राख्ने अमेरिकी उद्देश्य हो । अरब देशहरू र त्यहाँको अथाह तेलभण्डारमाथि आधिपत्य कायम राख्ने 'पेट्रो-पोलिटिक्स' अन्तर्गत अमेरिकाले विश्व मानचित्रबाट प्यालेस्टिन मेट्ने, इजरायली भूमि विस्तार गर्ने, अरब देशहरूबिच बेमेल या कलह कायम राख्ने र चीनलगायतका देशलाई त्यस क्षेत्रमा पस्नै नदिने नीति बलजफ्ती कार्यान्वयन गर्दै छ । यद्यपि, जसरी अफ्रिकी जनतालाई चीनबाट टाढै राख्ने अमेरिकी योजना व्यर्थ साबित भयो र अफ्रिकी जनताले स्वस्फूर्त एवम् स्वतन्त्र ढङ्गमा चीनसँग आपसी भलाइका निम्ति हातेमालो गरे त्यसरी नै अरब देशहरूले पनि आफ्नो निर्णय गर्ने अधिकार सुरक्षित राख्दै अगाडि बढ्दै छन् र व्यवहारबाट यथोचित जवाफ दिँदै छन् ।

**क्युबामाथि अमेरिकी नाकाबन्दी:नरसंहारको अर्को रूप**

संरा अमेरिकाले आजभन्दा ७६ वर्ष अगाडि प्यालेस्टिनी जनताविरुद्ध जातीय संहार थाल्यो । आजभन्दा ६६ वर्षअगाडि क्युबाली जनताविरुद्ध जातीय संहार थाल्यो । यी दुई जातीय संहारका तवरतरिका मात्र फरक छन् । परिणाम र उद्देश्य लगभग मिल्दोजुल्दो छ । गत जनवरी १४ को दिन आफ्नो राष्ट्रपति कार्यकाल जम्मा ५-६ दिन बाँकी हुँदा बाइडेनले आतङ्कवादलाई प्रश्रय नदिएको प्रस्ट पार्दै 'आतङ्कवादीहरूको दुष्ट मण्डली' बाट क्युबाको नाम हटाउने निर्णय गरे । क्युबाले त्यसलाई आंशिक सफलता र सत्यको स्वीकारोक्तिको रूपमा लियो । कठोर नाकाबन्दी सदाका निम्ति अन्त्य गर्न माग गर्‍यो । नाकाबन्दीजस्तो नृशंस युद्ध जारी राख्नु मानवताविरोधी अपराध भएको एक स्वरमा विश्वले आबाज दियो । तर, ट्रम्पले राष्ट्रपतिको सपथ लिएसँगै क्युबाको विषयमा बाइडेनको निर्णय रद्ध गरे र पुरानै अवस्थामा पुर्‍याए । अमेरिकाको त्यस कदमको टिप्पणी गर्दै चीनको विदेश मन्त्रालयका प्रवक्ताले यस्तो व्यवहारले अन्तर्राष्ट्रिय जगत्मा संरा अमेरिकाको विश्वसनियता घटाउने बताए । क्युबाली सरकारले त्यस अमेरिकी कदमले क्युबाली जनताको सम्प्रभुत्ता, शान्ति र विकासमाथि अमेरिकी आक्रामक नीति विश्वसामु थप छर्लङ्ग पारेको र अमेरिकी साम्राज्यवाद उदाङ्गो भएको बतायो । क्युबालाई एक्ल्याउने र सिध्याउने अमेरिकी प्रयास ६६ वर्षमा समेत सफल हुन नसकेको र नाकाबन्दी म्याद नाघेको औषधि प्रमाणित भइसकेको छ । त्यति हुँदाहुँदै त्यही हतियार प्रयोग गर्नु भनेको अमेरिकी साम्राज्यवादको नैतिक पराजय हो । क्युबाले सदाझैं नझुकी लड्ने प्रण दोहोर्‍याएको छ ।

श्रमिक साप्ताहिक, २९ माघ २०८१

# एडवार्ड जेनर : बिफर खोपका आविष्कारक



राजेन्द्रबहादुर कायष्ठ



**विषय प्रवेश :** अहिले हामी कसैलाई के तपाईलाई बिफर भएको छ ? पोलियो भएको छ ? टाइफाइड भएको छ भनेर प्रश्न सोधेमा प्राय:को उत्तर अहँ छैन भन्ने होला । यो उत्तर आउनुको कारण शिशु जन्मेदेखि विभिन्न उमेरमा यी रोगबाट बच्ने खोप लिएकोले हो । विश्वमा खोपको आविष्कार हुनुभन्दा पहिले मानवजातिलाई विभिन्न महामारी रोगले सताउनुसम्म सताएको पाइन्छ । १४ औँ र १५ औँ शताब्दीमा युरोपको आधा जनसङ्ख्या प्लेग महामारीले मरेको थियो । बिफरको खोप आउनुभन्दा पहिला विश्वमा वार्षिक १,००,००० मानिसहरू बिफरको कारण मृत्यु हुने गर्दथ्यो । एक समयमा विश्वमा बिफरले ठुलो आतङ्क नै मच्चाएको थियो । कसैलाई बिफर लागेमा उसलाई 'भगवान्को भरोसा' मा छोडिन्थ्यो । यसरी नै बिफरबाट मृत्यु हुनबाट जोगिएका लाखौँ मानिसहरू पनि कुरूप भएर बाँच्न बाध्य थिए । सन् १९१८ मा फैलिएको रुघाज्वरोको महामारीले विश्वभरिमा २ करोड ५० लाख मानिसको निधन भएको थियो । यसरी नै पोलियो रोगबाट १९ औँ शताब्दीको सुरुमा हजारौँ मानिसको निधन भएको थियो भने लाखौँ मानिस कुँजो भएका थिए । वैज्ञानिकहरूले गरेका खोपको आविष्कारले यस्ता विभिन्न महामारी फैलिनबाट रोकथाम गरेर मानिसको जीवन बचाउनुको साथै मानिसलाई अकल्पनीय दु:खबाट पनि बचायो ।

यसै सन्दर्भमा डा. **एडवार्ड जेनर** (Edward Jenner, 1749- 1823) ले पनि बिफरविरुद्धको खोप आविष्कार गरेका थिए । अठारौँ शताब्दीको अन्त्यतिर उनले बिफर लाग्नबाट बचाउने सुई खोपको आविष्कार गरेर विश्वलाई बिफरजस्तो खतरनाक रोगबाट मृत्यु हुनबाट बचाउन, बाँचेका मानिसहरू पनि कुरूप भएर हेपिएर बाँच्न पर्ने अवस्थाबाट जोगाएका छन् । हाल विश्वबाट नै बिफर उन्मूलन भएको छ । उनी विश्वका पहिलो खोपसम्बन्धी धारणा निर्माण गर्ने र बनाउने चिकित्सक र वैज्ञानिक हुन् ।

**बाल्यकाल र शिक्षा :** जेनरको जन्म सन् १७४९ को मे १७ मा ब्रिटेनको ग्लोसेस्टरशायर काउन्टीको बर्कले भन्ने ठाउँमा भएको थियो । उनका पिताको नाम Reverend Stephen Jenner र माताको नाम Sarah Jenner थियो । उनी मातापिताका ९ जना सन्तानमध्ये आठौँ सन्तान थिए । उनका पिता इसाई पादरी थिए । उनी पाँच वर्षको उमेरको हुँदा नै उनका पिताको असामयिक निधन भयो । बाबुको निधनपछि उनले ८ वर्षको उमेरमा स्थानीय एक प्राथमिक विद्यालयमा पढाइ सुरु गरे । घरायसी कारणले १३ वर्षको हुँदा उनले विद्यालयको पढाइ छाडिदिए । उनलाई सानैदेखि प्राणीशास्त्रमा चाख थियो । उनी भविष्यमा डाक्टर बन्ने चाहना राख्दथे । त्यसैले उनले स्थानीय विद्यालयको पढाइ छाडेपछि उनी स्थानीय एक शल्यचिकित्सक (सर्जन) डेनियल लुड्लोकहाँ गए र उनका सहायक तथा विद्यार्थीको रुपमा काम गर्न थाले । यसको केही समयपछि जेनर तालिमको लागि लन्डनको ख्यातिप्राप्त सेन्ट जर्ज अस्पतालमा गई त्यस समयका महान् शल्यविद् डा. जोन हन्टरका विद्यार्थीका रूपमा काम गर्न थाले । डा. जोन हन्टरका मुख्य विशेषता आफ्ना विद्यार्थीहरूलाई 'आफै गरेर हेर, आफै बुझ्ने प्रयास गर र आफै सिक्ने काम गर' भनेर उत्साहित गरिरहन्थे । डा. हन्टरको तीक्ष्ण बुद्धि, परीक्षणमूलक पद्धति र ठोस अवलोकनको आग्रहबाट जेनर धेरै प्रभावित भएका थिए ।

**अनुसन्धान र सफलता :** जेनर चिकित्सा शिक्षाको कहिल्यै पनि कुनै परीक्षामा सामेल भएका थिएनन् । तर, उनको अस्पतालको कार्य अनुभव र तालिमले बेलायतमा ठुलो

महत्त्व पायो । यसकारण, उनको कार्य अनुभवको आधारमा सन् १७९२ मा सेन्ट आन्ड्र्युको विश्वविद्यालयले जेनरलाई डाक्टर (MD) को उपाधी प्रदान गऱ्यो । त्यसपछि उनी डा. एडवार्ड जेनर भए ।

उनी बाल्यकालदेखि नै प्रकृतिप्रेमी थिए । उनी प्रकृतिलाई प्रेम गर्नुको साथै प्रकृतिमा रमाउने स्वभावका थिए । यसैकारण, उनी सानै उमेरदेखि विभिन्न जीवजन्तुहरूको जानकारी हासिल गर्ने तथा तिनीहरूको नमुना सङ्कलन गर्दथे । प्राकृतिक इतिहासमा उनको रुचि र ज्ञानलाई मध्यनजर गरेर सन् १७७७ मा शाही समाज (Royal Society) ले उनलाई विख्यात अन्वेषक क्याप्टेन कुकले अन्वेषण यात्राबाट सङ्कलन गरी ल्याएका विभिन्न जीवजन्तुहरूका नमुनाहरू व्यवस्थित गर्ने कार्य उनलाई सुम्प्यो । उनले कोइली चरामा पाइने क्रूर र निर्दयी स्वभावबारे एक लेख प्रकाशित गरे । उनको लेख Philosophical Transactions of the Royal Society मा छापिएको थियो । यस लेखबाट उनले धेरै ठाउँबाट प्रशंसा पाए । उनको लेखको स्तरीयता र गहिराइलाई कदर गर्दै जेनरलाई शाही समाजको सदस्यता प्रदान गरियो ।



खोप आविष्कार पछिको जेनर

जेनरको समयमा रोग लाग्नुभन्दा पहिले रोग लाग्नुबाट बचाउन इनोक्युलेसन (Inoculation) पद्धति अपनाइन्थ्यो । केटाकेटीमा जेनरलाई पनि इनोक्युलेसन गरिसकेको थियो । यो विधि शताब्दी पहिलेदेखि चिनियाँ र भारतीयहरूले अपनाउँदै आएको प्राचीन उपचार पद्धति थियो । यस विधिमा मानिसहरूलाई सुरुमा पेट सफा गर्ने औषधिको ठूलो मात्रा दिइन्थ्यो । त्यसपछि मधुरो रोग लागेको बिरामीको शरीरबाट किटाणु झिकेर त्यस मानिसको शरीरभित्र पठाइन्थ्यो । तर, यो विधि त्यति प्रभावकारी नभएको र मानिसहरूलाई रोग लाग्नबाट बचाउन असक्षम भएको पुष्टि भएपछि यो चिकित्सा पद्धतिलाई ब्रिटेनमा कानुनी रूपमा प्रतिबन्ध लगाइयो ।

सेन्ट जर्ज अस्पतालमा जेनर सिकारु वा प्रशिक्षणको बेला सन् १७६६ मा एक दिन अस्पतालको सर्जनसित एउटा गाई पाल्ने महिला केही सल्लाह लिन आएकी थिइन् । त्यही बेला बिफर विषयमा पनि कुरा भयो । ती महिलाले भनिन्, "मलाई बिफर हुनसक्दैन किनभने मलाई गौशीतला वा काउपक्स (गाईको थुनमा लागेर मानिसमा सर्ने खटिरा आउने रोग) लागिसकेको छ ।" गौशीतला वा काउपक्सको प्रभाव गाईको थुनमा पर्ने गर्दछ र जसले रोगी गाईको दूध दुहने गर्दछ, उसलाई सर्छ र बिरामी हुन्छ । यस रोगमा स–साना घाउ तथा पिलो आउने गर्दछ तर रोगीलाई खासै कष्ट हुँदैन । महिलाले भनेको कुराले जेनरलाई निकै प्रभावित पाऱ्यो । यस कुरालाई जेनरले आफ्नो साथीहरूसँग छलफल गरे । तर साथीहरूले गाउँले महिलाको कुरालाई खासै महत्त्व दिएनन् । यसलाई साथीहरूले वास्ता गरेनन् ।

जेनर सेन्ट जर्ज अस्पताल लन्डनमा आफ्नो प्रशिक्षण पूरा गरेर सन् १७७३ मा बर्कले फर्केर आए र आफ्नो कार्यमा लागे । केही वर्षपछि उनलाई ती महिलाले भनेको कुरा सम्झना आयो । बिफरविरुद्ध काउपक्सलाई उपयोग गर्न सकिने सम्भावनाबारे उनको मनमा कुरा खेल्न थाल्यो । विगतमा साथीहरूले चासो नदेखाएको महिलाको कथनलाई अनुसन्धान गर्ने निर्णय गरे । उनले यसबारे परीक्षण गर्ने योजना बनाए । यस विषयमा उनले गाई पाल्ने गाउँलेहरूसँग सोधपुछ र अनुसन्धान गरे । उनले गाई पाल्ने गाउँलेहरूमा बिफरको प्रकोप धेरै कम भएको पाए । अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा उनले काउपक्स र सुँगुरमा लाग्ने स्वाइनपक्स बिफरकै अन्य बदलिएका रूपहरू हुन भन्ने तथ्य पत्ता लगाए । उनलाई एउटा कुरा निश्चित भइसकेको थियो कि कसैलाई एकचोटि बिफर लागिसकेपछि अब उनलाई जिन्दगीभर कहिल्यै पनि फेरि बिफर लाग्ने गर्दैन । यसको अर्थ बिफरको कीटाणुले सङ्क्रमित भइसकेको शरीरमा बिफरको विरुद्ध प्रतिरोधात्मक क्षमता प्राप्त हुनेरहेछ । यसरी नै उनलाई एकपटक काउपक्स भएको मानिसलाई बिफर हुने गर्दैन भन्ने कथनमा विश्वास भयो । आफ्नो विश्वासलाई परीक्षण गर्न उनले सन् १७९६ मे १४ मा काउपक्स पीडित गाई पाल्ने एउटी महिला साराहा नेलम्सको औँलाको घाउबाट केही पदार्थ (झोल पदार्थ) लिए । त्यस पदार्थबाट बनेको सुई आठ वर्षको बालक James Phipps लाई लगाए । त्यस बालकलाई काउपक्सको सामान्य प्रभाव पऱ्यो । त्यसको डेढ महिनापछि सन् १७९६ जुलाई १ मा बिफर पीडित व्यक्तिको घाउबाट केही पदार्थ लिए र फेरि त्यही बालकलाई सुई लगाइ दिए । बालकलाई बिफर आउने लक्षण देखिएन । उनले फेरि थप परीक्षणको रूपमा २० जना बालबालिकाहरूमा

गाईको थुनमा भएको रोगको कीटाणु सारे । बालबालिकाहरूको हातमा खटिरा आयो र केही दिनमा निको भयो । दुई महिनापछि जेनरले ती केटाकेटीहरूलाई बिफरको कीटाणु इन्जेक्सन दिएर सङ्क्रमण गराए । ती कसैमा पनि बिफरको लक्षण देखिएन । यसबाट जेनरलाई काउपक्सको भाइरसको कारण बिफर हुनबाट प्रतिरक्षित भएको निश्चित भयो साथै जेनरलाई गाई पाल्ने महिलाको कथन पुष्टि भयो । यसरी जेम्स फिप्स बिफरविरुद्धको खोप लिने पहिलो व्यक्ति हुन गए । वास्तवमा बालकमा अघिल्लो पटक दिइएको काउपक्सको खोपबाट बिफरविरुद्धको प्रतिरोधात्मक क्षमताको विकास भइसकेको रहेछ । यो कुरा प्रयोगबाट परीक्षण भयो । यसरी बिफर खोपको आविष्कार हुन पुग्यो । जेनरको यो परीक्षण बिफरको मात्र नभई शरीरको प्रतिरोध प्रणालीको क्षमता वृद्धि गर्न गरिएको पहिलो सफल उपचार पद्धति पनि हुन पुग्यो ।



सुरुमा जेनरको खोपविरुद्धको कार्टुन

सुरुमा जेनरको यस प्रयोगबाट उपलब्ध परिणाममा कसैलाई विश्वास भएन । बेलायतको वैज्ञानिक समुदायले पनि जेनरको आविष्कार स्वीकार्ने काम गरेन । शाही समाजले पनि यसलाई मान्यता दिएन । वैज्ञानिकहरूले उनको खोपको प्रभावकारितामा सन्देह गर्दै जेनरको अभियानलाई निराश पार्ने गतिविधि गर्न थाले । मानिसहरूले पनि यस विषयमा अनेकौँ कुतर्क गरे । केहीले काउपक्सको खोपले बिफरबाट बच्न सकिँदैन भने, केहीले जनावरबाट प्राप्त पदार्थलाई मानिसको रगतमा प्रवेश गराउनु घृणित कार्य हो र प्रकृतिको नियमविरुद्ध छ पनि भने । तर, जेनरले यी कुतर्कको डटेर सामना गरे । उनले भने, "मानिसहरूले सदियौँदेखि जनावरहरूको मासु खाने र गाईभैंसीको दुध खाइरहेका छन् ।" त्यसबाट मानिसलाई कहिल्यै पनि घृणित कार्यको अनुभूति भएन । यसैक्रममा उनका विरोधीमध्ये एकजना डाक्टरले त जेनरलाई असफल पार्न गोप्य रूपमा उनको खोपमा बिफरको भाइरस मिसाइदिने कार्यसमेत गरे । पुरातन सोचाइ भएका डाक्टरहरूले जेनरको खोपले गम्भीर बिरामी हुने, खोपले कार्य नगर्ने, हाल खोप दिने कार्य जेनरले बन्द गरिसकेको आदि हल्ला चलाए । तर, जेनर विरोधीहरूको कुप्रचारका बाधा अवरोधहरूलाई छिचोलेर आफ्नो कार्यमा निरन्तर लागिरहे । जेनरको धैर्य, मिहिनेत, काममा निरन्तरता र निडरताका साथ आफ्नो लक्ष्यमा अगाडि बढिरहने बानीले उनको ख्याति चाँडै नै सबैतिर फैलियो । विशेषगरी त्यसबेलाको प्रसिद्ध सर्जन डा. क्लाइनले जेनरबाट प्राप्त खोप एक बच्चालाई दिँदा राम्रो नतिजा आएबाट जेनरको ख्याति छिट्टै विश्वभरि फैलिन गयो । यसपछि जेनरको खोप पद्धतिबारे विश्वभरि थरीथरीका लेखहरू प्रकाशित भयो र उनको आविष्कारलाई विश्वभरि स्वीकार्न थालियो । अब मानिसहरू बिफरको प्रकोपबाट बच्न खोप लगाउन थाले । यस खोपको प्रयोग संसारभरि नै हुन थाल्यो । उनी विश्वविख्यात आविष्कारक बने । यसपछि उनलाई विश्वका धेरै देशहरूमा सम्मान गरियो । हल्यान्ड र स्वीट्जरल्यान्डका पादरीहरूले आफ्नो धार्मिक उपदेशमा मानिसहरूलाई खोप लगाउनका निम्ति अनुरोध गरे ।




बिफरविरुद्धको पहिलो खोप ८ वर्षका जेम्स फिप्सलाई दिँदै जेनर

तत्कालीन सम्राट नेपोलियन जेनरको कामबाट प्रभावित भएर उनको खोप उत्पादन गर्न १०,००० फ्रयान्क पठाए । युद्धको समयमा जेनरको अनुरोधमा नेपोलियनले बेलायतका धेरै युद्धबन्दीहरू पनि मुक्त गरिदिए । यसरी नै सन् १८०२ मा बेलायतको संसद्ले जेनरलाई सम्मान स्वरूप २०,००० पाउन्ड पुरस्कार प्रदान गऱ्यो । तर उनले आफूले पाएको रकमलाई निजी प्रयोजनमा खर्च नगरी धनी र गरिबलाई भेद नगरी विशेषगरी गरिबहरूलाई निःशुल्क खोप उपलब्ध गराउँथे । उनकोमा दैनिक ३०० जना जति गरिब मानिसहरू निःशुल्क खोप लिनका लागि आउने गर्दथे । जेनरले आफूसँग भएको रकमबाट सबभन्दा पहिला खोपको परीक्षणमा प्रयोग गरेका व्यक्ति James Phipps (1788 – 1853) को लागि एउटा घर बनाइदिए । तर James को मृत्यु कम उमेरमा नै हुन गयो । पछि जेनरले उनको सम्मानमा

उक्त स्थानमा बगैँचा बनाइदिए । खोपको विश्वव्यापी प्रयोगको क्रममा रुसमा सबैभन्दा पहिले जुन बालकले बिफरको खोप लगाउँछ, उनलाई निःशुल्क शिक्षा दिने प्रस्ताव राखियो । त्यसबेलाको खोपको नाम **वैक्सिनोफ** थियो ।

जेनर बाल्यकालदेखि नै प्रकृतिप्रेमी थिए । यसकारण उनी खोप बनाउने र दिने कार्य गर्नुको साथै प्रकृतिलाई पनि पढ्ने काम कहिल्यै छोडेनन् । उनले सन् १८२३ को जनवरीमा लन्डनको शाही समाज (Royal Society) मा चराहरूको बसाइँसराइबारे (On the Migration of Birds) लेख प्रस्तुत गरे । उनले आफ्नो जीवनमा प्रकृतिको अध्ययन र खोप निर्माणबाट धेरै पुरस्कारहरू पाए । तर, उनलाई कहिल्यै पनि धन जम्मा गर्ने लोभ भएन । उनले पुरस्कारको रूपमा पाएको रकम आफ्नो अनुसन्धान र मानव कल्याणमा खर्च गरे ।




जेनरले आविष्कार गरेको खोपको परिणाम सन् १९७९ देखि बिफर रोग विश्वबाट उन्मूलन भएको छ ।

**पारिवारिक जीवन :** सन् १७८८ मार्चमा जेनरले Catherine Kingscote सँग विवाह गरे । उनीहरूका तीनजना सन्तान Edward Robert (1789–1810), Robert Fitzharding (1792–1854) र Catherine (1794–1833) भए । उनका पत्नी Catherine को मृत्यु सन् १८१५ मा क्षय रोगको कारण भयो ।

### जेनरसम्बन्धी केही तथ्यहरू :

क) उनी विश्वका पहिलो खोपसम्बन्धी धारणा निर्माण गर्ने र बिफरको खोपको आविष्कारक थिए ।

ख) हाल उनी 'Father of Immunology' उपनामले प्रसिद्ध छन् ।

ग) उनको मृत्युपछि विभिन्न खोपहरूको आविष्कार हुन पुग्यो ।

घ) उनी बिफरविरुद्ध खोप दिने पहिलो व्यक्ति हुन् ।

ङ) उनले धेरै नगद पुरस्कारहरू पाए पनि उनी कहिल्यै धनी भएनन् । किनभने, उनले प्राप्त नगद पुरस्कार खोप निर्माण गर्न र गरिबहरूलाई निःशुल्क खोप लगाइदिनमा खर्च गरे ।

च) भनिन्छ, जेनरले आफ्नो कार्यबाट इतिहासमा अन्य व्यक्तिको तुलनामा धेरै मानिसहरूको जीवन जोगाएका थिए ।

छ) उनी एक प्रकृतिप्रेमी पनि थिए । उनले कोइली चराबारे पुस्तक पनि लेखेका थिए ।

ज) हालसम्म आविष्कार भएका खोपहरूले विश्वमा वार्षिक २० लाखदेखि ३० लाख मानिसहरूलाई मृत्यु हुनबाट जोगाएको अनुमान गरिएको छ ।

झ) उनी आमाबुबाको ९ जना सन्तानहरूमध्ये आठौँ सन्तान हुन् ।

ञ) सुरुमा उनको आविष्कारको धेरैले विरोध गरेका थिए । विशेषगरी चर्चले रोगी जनावरको केही भागबाट उपचार गर्ने पद्धतिको खुलेर विरोध गरेका थिए ।

ट) उनले फ्रान्सबाट मानार्थ डिग्री र विशेष मेडल, रुस आदि देशबाट विभिन्न पुरस्कारहरू प्राप्त गरेका थिए ।

ठ) उनले सर्वप्रथम खोपका लागि भ्याक्सिनेसन (vaccination) शब्दको प्रयोग गरे । यसमा ल्याटिन भाषामा भ्याक्सी (Vacca) अर्थ गाई भन्ने हुन्छ भने भ्याक्सिनिया (vaccinia) शब्दको अर्थ (cowpox) हुन्छ ।

ड) उनी ब्रिटेनका राजा जर्ज चौथोको physician को रूपमा नियुक्ति भएका थिए ।

ढ) उनी बर्कले नगरका मेयर पनि भएका थिए ।

ण) उनी BBC ले प्रकाशित गरेको १०० जना महान् ब्रिटिशहरूको सूचीमा परेका थिए ।


त) उनी सन् १७८८ मा शाही समाज (Royal Society) को सदस्य पनि भएका थिए ।

थ) उनले अध्ययनबाट नभई तालिम र अनुभवको आधारमा डाक्टर उपाधी पाएका थिए ।

द) उनको तस्बिर भएको हुलाक टिकटहरू विभिन्न देशहरूले प्रकाशित गरेका छन् । ब्रिटेनले सन् २०१० मा जेनरको सम्मानमा उनको तस्बिर अङ्कित हुलाक टिकट प्रकाशन गरेको थियो ।

### प्राप्त सम्मानहरू :

- foreign honorary member of the American Academy of Arts and Sciences in 1802,
- member of the American Philosophical Society in 1804




जेनरको तस्बिर अङ्कित हुलाक टिकट

- foreign member of the Royal Swedish Academy of Sciences in 1806
- president of the Jennerian Society, concerned with promoting vaccination to eradicate smallpox in 1803
- member of the Medical and Chirurgical Society on its founding in 1805 (now the Royal Society of Medicine)






लन्डनको केनिसिंटन बगैंचामा रहेका जेनरको प्रतिमा

**निधन** : उनलाई सन् १८२३ जनवरी २५ मा शरीरको दायाँ भागमा पक्षघात भयो। त्यसको भोलिपल्ट विश्वलाई बिफर रोगबाट बचाउने जेनरको निधन ७३ वर्षमा सन् १८२३ जनवरी २६ मा स्ट्रोकबाट Berkeley, Gloucestershire, England मा भयो। उनको शव परम्परागत चिहान Church of St Mary, Berkeley मा समाधिस्थ गरियो। जेनरको सम्मानमा ग्लोसेस्टरशायरको चर्चमा उनको प्रतिमा राखिएको छ। उनको तस्बिरले लन्डनको राष्ट्रिय चित्र सङ्ग्रहालयका भित्ताहरू सजिएका छन्। लन्डनको सेन्ट जर्जको अस्पतालको म्युजियममा जेनरले खोपको रूपमा रस निकालिने साराह नेलम्सलाई काउपक्सबाट सङ्क्रमण गर्ने गाईको छाला प्रदर्शनको लागि राखिएको छ। भयानक र ठुलो आतङ्क मच्चाएको बिफरबाट विश्वलाई मुक्ति दिने महान् व्यक्ति जेनरको निधन भए पनि उनको योगदान सधैँ अमर रहनेछ।

## सन्दर्भ सामग्रीहरू

क) आजको विज्ञान : विकास बज्राचार्य (खोजी प्रकाशन गृह प्रालि)
ख) जेम्सवाट र अन्य वैज्ञानिकहरू : तुल्सीदास महर्जन (मूल्याङ्कन प्रकाशन गृह)
ग) विश्व चर्चित वैज्ञानिकहरू : दिलिप श्रेष्ठ/उर्मिला शाही
घ) गुगल

# जीवन–आचरण

## स्वाभिमान

जेठ महिनाको गर्मी खपिसक्नु थिएन । स्वामीको रुखमुनि चिसो हावा चलेकोले जमिनदार कृष्णलाल र हवलदार श्यामसुन्दर पुनः चौतारीमा बसेर गफगाफ गर्दै थिए । कृष्णलाल एक्लो छोरा सम्पत्तिको लेखाजोखा नै छैन । आँखाले देखेर नभ्याइने जग्गा छ । जमिनदार बाउबाजेको सम्पत्ति आफूले सुको कमाउन परेको छैन ।

गफैगफमा श्यामसुन्दरसँग भन्यो, "हेर श्यामे, सम्पत्ति त मेरो लथालिङ्ग छ । मेरा दुई तीन पुस्तालाई पुग्नेछ । काम धन्दा नगरी खान पुग्छ ।"

उनको कुरा सुनेर श्यामले भन्यो, "हो त नि साहु बा, अब केही आफू अमर हुने राम्रो काम गर्नुस्, सम्पत्ति जति पनि छ ।"

कृष्णलालले भन्यो, "धर्मकर्म गरेँ, मठ मन्दिर बनाएँ, तीर्थ गएँ । अरू के असल काम हुन्छ र श्यामे ? म अमर हुन्छु, महान् हुने काम गरेको छु ।"

उनको कुरा सुनेर श्यामले भन्यो, "ती मूर्तिमा पैसा चढाएर मूर्ति र मन्दिरमा ढोग्दैमा अमर भइँदैन । साहु बा अरू समाजसेवामा लाग्नुस् । मैले मन्दिरबाहिर बसेर भीख माग्नेलाई कति पटक खानेकुरा दिएको छु । हजुरभन्दा त मै महान् छु ।"

श्यामको कुरा सुनेर जमिनदारलाई श्यामेलाई जित्ने काम गर्न मन लाग्यो र सोच्यो । आउने शनिबार गाउँभरिका दुःखी गरिबलाई बोलाएर घरमा खाना खुवाउने र आफू अमर हुने योजना बनायो । दुवै जना उठेर आफ्नो आफ्नो घर गए ।

शनिबारको दिन गाउँले सबै भतेर खान जम्मा भए । मिठा मिठा परिकारहरू पकाइएको थियो । आउने, जाने, खाने मान्छेको घुइँचो थियो । सबै खुसी थिए । यो दृश्य देखेर कृष्णलाल निकै खुसी भए । आफूले ठुलो काम गरेको महसुस गरेको थियो । अलि पर त्यस्तो गर्मी याममा एउटा किसानले खेत जोतिरहेको देख्यो । त्यो व्यक्ति आफ्नो घरमा खाना खान नआएको देखेर अचम्म पर्‍यो र आफ्नो मान्छेलाई बोलाउन पठायो तर किसान जान मानेन । नोकर एक्लै फर्केको देखेर जमिनदार छक्क परे । खै त त्यो व्यक्ति किन आएन ? खै हजुर ? आउन मानेन नोकरले बोलाउँदा यस्तो गर्मीमा खेत जोतिरहेको छ । खान नआएको सुनेर जमिनदार आफै बोलाउन गए ।

खेत जोतिरहेको किसानसामु पुगेर भने, "आज हाम्रो घरमा भतेर खुवाउने काम भएको छ । मिठो मिठो परिकार बनेको छ । हिजो बेलुका नै सबै गाउँलेलाई खबर गरिएको थियो । सबै जना आए । तिमीले खबर थाहा नपाएर हो कि किन हो ? नोकरलाई बोलाउन पठाउँदा पनि आएनौ त ?"

किसानले भन्यो, "मालिक म आफै मिहिनेत गरेर खान रुचाउँछु । गरिब छु तर अरूको सित्तैमा पाएको चिज लिन्न । आफै कमाउँदासम्म आफ्नै कमाइ खानुमा बडो आनन्द लाग्छ । माफ गर्नुहोला हजुरको भतेर खान आउन मनले मानेन ।"

किसानको कुरा सुनेर जमिनदार दङ्ग परे । यस्तो गरिब, यो गर्मीमा सित्तैमा खान बोलाउँदा नआएको देखेर मनमनै अनेक सवाल खेलाउँदै घर पुग्यो र श्यामसँग यी सब कुरा विस्तारमा बतायो । "हेर श्यामे, तैँले र मैले राम्रो काम गरियो, पुण्य कमाइयो, अमर र महान् बनियो भन्नु झूटो रहेछ । वास्तविक महान् त त्यो किसान पो रहेछ । कति स्वाभिमानी ? आफैले मिहिनेत गरेर खान्छ, लोभ–लालच गर्दैन । त्यो किसानको अगाडि म आफूलाई अत्यन्तै सानो महसुस गरेको छु । मैले आजसम्म कहिले मिहिनेत गरिनँ । जे जति धन सम्पत्ति छ यो सब पुर्खाले आर्जन गरेको हो वास्तविक गरिब त्यो किसान होइन म पो रहेछु ।"

श्यामसुन्दरले भन्यो, "हो, साहु बा हो, आफ्नो मिहिनेतको कमाइ पो कमाइ । अरूको सित्तैमा मिलेको धनमा घमन्ड गर्नु मूर्खता हो ।"

# संसार चाख्दै छ भक्तपुरे जुजु धौको स्वाद



उपेन्द्र लामिछाने



भादगाउँले टोपी लगाएर करिब नौ वर्षअगाडि भक्तपुरको यात्रा सुरु गरेका चिनियाँ कम्युनिस्ट पार्टी प्रचार विभाग प्रमुख लिउ छि पाओलाई नेपाल मजदुर किसान पार्टीका सभासद् प्रेम सुवालले बिदाइको क्रममा दहीको कतारो दिँदै फेरि आउन निमन्त्रणा दिए। नेपालसँग नयाँ सिराबाट सम्बन्ध गाँस्न आतुर उत्तरको छिमेकी मुलुक चीनका यी नेता सगुनको प्रतीकका रूपमा रहेको दहीको कतारो लिएर मुस्कुराउँदै भक्तपुरबाट बिदा भए।

सगुन कहिल्यै खेर जाँदैन। नौ वर्षअगाडिको त्यो भक्तपुरे सगुनले पर्यटनमा नौलो आयाम भित्र्याएको छ। माघको पहिलो साता भक्तपुरमा आयोजित सांस्कृतिक कार्यक्रममा चिनियाँ राजदूत चेन सङले चीनको तर्फबाट 'नेपाल भ्रमण वर्ष' घोषणा गर्दा भक्तपुर मात्र हैन, सिङ्गो मुलुक खुसी बन्यो। करिब डेढ अर्ब जनसङ्ख्या भएको मुलुकले तीन करोड जनसङ्ख्या भएको नेपाल घुम्न प्राथमिकतामा राख्नुले साँच्चै अर्थ राख्ने जानकार बताउँछन्।

"चिनियाँ पर्यटक आउने क्रम बढेकै थियो," भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले भने, "घोषणासँगै यसले समग्र क्षेत्रमा उत्साह बढाएको छ।" दहीलाई सांस्कृतिक सगुनको प्रतीक बताउने प्रजापतिले यो भक्तपुरको सम्पदा भएको बताए। "दहीसँग कला, संस्कृति, पर्यटनसँगै समग्र जीवन जोडिएको छ," उनले भने, "पछिल्लो समय यसले अर्थ र कूटनीतिमा पनि महत्त्वपूर्ण भूमिका खेल्न थालेको छ।"

देश-देशबिचको सम्बन्ध मजबुत होस् र भक्तपुरको पहिचान अगाडि बढोस् भन्ने उद्देश्यसाथ भक्तपुर नगरपालिकाले नेपाल संवत्को नयाँ वर्षमा कूटनीतिक नियोगमा दहीको कतारो पठाउने गरेको मेयर प्रजापति सुनाउँछन्। "हामीले नेपाल संवत्को नयाँ वर्षमा कतार, श्रीलङ्का, चीन, पाकिस्तान, बंगलादेश लगायतका राजदूतावासमा सगुनको प्रतीक जुजु धौ (राजा दही) पठाउने गरेका छौँ," मेयर प्रजापतिले भने, "यसले हाम्रो संस्कृति र पर्यटन दुवैमा सकारात्मक प्रभाव परेको छ।"

योसँगै विभिन्न देशका उच्चस्तरीय प्रतिनिधिमण्डल आउँदा भक्तपुरको जुजु धौबाट स्वागत गर्ने मात्र हैन, उनीहरूलाई दहीको विशेषता बताउने गरेको मेयर प्रजापतिले सुनाए। "हामीले कतिपयलाई त दही बनाउने स्थलमै लगेर पनि देखाउने गरेका छौँ," उनले भने, "यसबाट उनीहरू थप खुसी हुने गरेका छन्।"

उनले भनेजस्तै नेपाल घुम्न आउने पर्यटकले भक्तपुर आएर दही खान रुचाउने गरेको भेटिन्छ। चीनको साङ्घाईबाट नेपाल आएकी न्यान्सी भक्तपुरमा आउनेबित्तिकै दहीको स्वादमा रमाइन्। "मैले चाख्न सानो दही किनेँ," उनले भनिन्, "स्वाद निकै मिठो लाग्यो। बेलुका खान ठूलो भाँडामा किनेर ल्याएँ।"

चीनमा पनि दही पाइने तर यहाँको दही निकै स्वादिलो भएको उनले बताइन्। "हाम्रो देशमा भएको दहीमा फुड र फ्रुट मिक्स गरेको हुन्छ," उनले भनिन्, "मलाई यहाँको दही प्राकृतिक रूपमा मिठो लाग्यो।"

दहीको स्वादबारे आफूले सामाजिक सञ्जालमा पनि पोस्ट गरेको उत्साहित हुँदै उनले बताइन्। न्यान्सीजस्ता नेपाल घुम्न आउने थुप्रै चिनियाँले दही मन पराउने गरेका छन्।

चीनको जस्तै ठूलो जनसङ्ख्या भएको अर्को छिमेकी मुलुक भारतका पर्यटक पनि भक्तपुरको दहीमा रमाउने गरेका भेटिए। राजधानी दिल्लीबाट आएकी रुकुमनी गुप्ताले आफू दहीको पारखी भएको बताउँदै भक्तपुरको उत्पादन निकै स्वादिलो रहेको सुनाइन्। "म पहिलोपटक खाँदै छु, निकै मन पर्‍यो," दही पसलअगाडि उभिएकी उनले भनिन्, "मलाई अब यो दहीको लस्सी खाने रहर बढ्यो।"

उनीसँगै दही खाँदै गरेका आफन्त हरिस गुप्ता पनि दहीको स्वादमा रमाए। विगत २५ वर्षदेखि क्यानडामा बस्दै आएका कलकत्ताका हरिस गुप्ताले कलकत्ताको मिठो दहीभन्दा यो निकै स्वादिलो रहेको सुनाए। "यो निकै स्वादिष्ट छ,"

उनले भने, “यसले हाम्रो मन जितेको छ।” उनले दहीको तारिफ गर्दैगर्दा आइसक्रिम खाँदै गरेका साना नानीहरू पनि दही खाँदै रमाइरहेका थिए।

अस्ट्रियन नागरिक मार्टिना नोभर्टनी पनि भक्तपुरसँग निकै परिचित छिन्। उनी समय समयमा भक्तपुर घुम्न आउँछिन्। भक्तपुरमा आफूलाई डोराउने एउटा कारण दही पनि रहेको उनको भनाइ छ। स्वयंसेवकका रूपमा नेपाल आएकी उनी भक्तपुरका सांस्कृतिक सम्पदा निकै मन पर्ने सुनाउँछिन्। जुजु धौ नामले परिचित भक्तपुरे दहीको नाम सुन्नबित्तिकै उनी रमाउँछिन्। “आहा, मलाई दही निकै मन पर्छ किनकि यो निकै स्वादिलो छ,” उनले भनिन्।

## पर्यटक आगमन वृद्धि

पछिल्लो समय भक्तपुर घुम्न आउने पर्यटकको सङ्ख्या वृद्धि भएको छ। आर्थिक वर्ष २०८१/८२ पुससम्म अघिल्लो आर्थिक वर्षको सोही समयको तुलनामा चार प्रतिशतभन्दा बढीले पर्यटक आगमनमा वृद्धि भएको भक्तपुर नगरपालिकाले जनाएको छ।



नगरपालिकाको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको पुस २३ गतेसम्ममा सार्क मुलुकबाहेकका पर्यटक ६७ हजार नौ सय ६९ र सार्कमा सम्मिलित देश र चीनका पर्यटकहरू ५१ हजार चार सय २४ जना गरी जम्मा एक लाख १९ हजार तीन सय ९३ जना पर्यटक आगमन भएको थियो, जसमा चीनका मात्र १७ हजार तीन सय ८५ छन्।

गत वर्षको सोही अवधिमा जम्मा एक लाख १४ हजार सात सय ९२ जनाले भ्रमण गरेका थिए। गत वर्षको तुलनामा उल्लिखित अवधिमा चार हजार ६ सय एक जनाले पर्यटक वृद्धि भएको हो। गत वर्षको तुलनामा यो वृद्धि ४.०१ प्रतिशत हो।

२०८१ पुस २३ गतेसम्ममा गैरसार्क राष्ट्का पर्यटकबाट १२ करोड २३ लाख र सार्क र चीनका पर्यटकबाट दुई करोड ५७ लाख गरी १४ करोड ८० लाख रूपैयाँ आम्दानी भएको नगरपालिकाले जनाएको छ।

आव २०८०/८१ को सोही अवधिमा गैरसार्क राष्ट्का पर्यटकबाट १० करोड ७५ लाख र सार्क एवं चीनका पर्यटकहरूबाट दुई करोड ७५ लाख गरी जम्मा १३ करोड ५० लाख आम्दानी भएको थियो। यस अवधिमा एक करोड २९ लाख वृद्धि भएको नगरपालिकाको तथ्याङ्कले देखाएको छ।

## हर्षित व्यवसायी

चीनले नेपाल भ्रमण घोषणा गर्नु र पर्यटक आगमन वृद्धिको सङ्केत देखिनुले भक्तपुरका अन्य व्यवसायी पनि खुसी भएका छन्। यसरी खुसी हुनेमा दही व्यवसायी धेरै छन्। अहिले दैनिक ६ हजार लिटर दही खपत हुन्छ, जसको मूल्य करिब १५ लाखको हाराहारीमा हुने गरेको छ।

चिनियाँ पर्यटकको आगमन वृद्धिसँगै दहीको खपत पनि बढी हुने व्यवसायीको बुझाइ छ। “भक्तपुरमा रहेका ६० भन्दा बढी दही व्यवसायी हर्षित छन्,” भक्तपुर पर्यटन व्यवसायी सङ्घका निवर्तमान अध्यक्ष रामसुन्दर भेले भन्छन्, “भक्तपुर आउने पर्यटकको रोजाइमा सम्पदासँगै जुजु धौ पनि पर्ने गरेको छ।”

भक्तपुर दही व्यवसायी सङ्घका सचिव लक्ष्मीप्रसाद साँयुजू सङ्घमा ४८ सदस्य आबद्ध भए पनि दही व्यवसायमा ६० भन्दा बढी संलग्न भएको बताउँछन्। उनको अनुमानमा दैनिक ६ हजार लिटर दही उत्पादन हुन्छ। पर्यटकले दही मन पराउँदा हाम्रो व्यवसायमा नयाँ आशा देखिन थालेको छ, झन् चीनका पर्यटक धेरै आउने खबरले थप हर्षित बनाएको छ।

## दही अर्थतन्त्र

जुजु धौको प्रचार बढेसँगै यसको माग पनि बढेको छ। आन्तरिक र वैदेशिक पर्यटकहरूको रोजाइमा यसको स्वाद परेको छ। त्यसैले दहीको खपत दैनिक बढ्ने गरेको पाइन्छ। कोसेली वा उपहार दिँदा भक्तपुरको दही दिने चलन बढेको छ।

भक्तपुर नगरभर दही व्यवसायी फैलिएका छन्। दही व्यवसायी आफैंले दही बनाउने र बेच्ने वा बजारसम्म पुऱ्याउने गरेको पाइन्छ। भक्तपुरबाहेक काठमाडौं र ललितपुरमा दहीको विशेष माग भएकाले पनि दहीको व्यवसाय फस्टाएको छ।

हालैको एक अध्ययनअनुसार भक्तपुरमा ६२ जनाले दर्ता गरेर दही व्यवसाय गरेका र उनीहरूबाट दैनिक आठ हजार लिटर जति दही उत्पादन हुने अनुमान गरिएको छ। यसको न्यूनतम बजार मूल्य १५ लाखभन्दा बढी छ।

दहीसँग जोडिएका अन्य पेसाको पनि व्यापार बढेको छ। परम्परागत माटोका भाँडो बनाउनेले पेसाले नयाँ जीवन पाएको छ। दहीको माग बढेसँगै दूधको माग नबढ्ने कुरै भएन। भक्तपुरको काठ क्षेत्रमा दूधको माग बढेको छ। उनीहरूले माग धान्न सकेका छैनन्।

भक्तपुर नगरवरपर असल जातका भैंसी पाल्ने क्रम बढेको पाइन्छ। गुन्डु, कटुन्जे, सीपाडोल, झौखेल, सौडोल, ताथली, छालिङ, चित्तपोल, दुवाकोट र नालामा पशुपालन हुने गरेको छ। तर पर्याप्त दूध उपलब्ध नहुँदा कति दही व्यवसायीले काभ्रेको पनौती, पाँचखाल र चितवनबाट समेत दूध मगाएको पाइन्छ।

## चिनियाँको पहिलो रोजाइ दहीः जुजु धौ 'हन हाउ छी' (धेरै मिठो)

त्यसो त दही अन्य देशका पर्यटकले पनि मन पराउने गरेका छन् तर चिनियाँ पर्यटकको पहिलो रोजाइमा दही पर्ने गरेको व्यवसायी सुनाउँछन्। चिनियाँ पर्यटकलाई भक्तपुर घुमाउन ल्याएका टुर गाइड प्रदीप गिरीले अन्य पर्यटकको तुलनामा चिनियाँ पर्यटकले दही बढी मन पराउने गरेको सुनाए।

"भक्तपुर घुम्न आउने भन्ने बित्तिकै उनीहरू स्वान्नाइ (दही) खानुपर्छ भन्छन्," उनले भने, "यसको स्वादमा उनीहरू रमाउने गरेका छन्।" उनले भनेजस्तै प्रतिक्रिया चिनियाँ पर्यटकको पनि छ। 'वे ताउ टु थ (स्वाद 'युनिक' छ)' दही



खाँदै गरेकी झौंगाले भनिन्- हन हाउ छी (धेरै मिठो छ)।

दरबार क्षेत्र नजिकैको हाडा कोल्ड स्टोरका विकेस हाडा चिनियाँ पर्यटकले यहाँको दही निकै मन पराउने सुनाउँछन्। केही समयअघिसम्म पसलको बोर्डमा जुजु धौ र किङ कर्ड लेखेका उनले पछिल्लो समयमा बोर्डमा चिनियाँ भाषामा 'कोवाङ स्वान्नाइ' समेत थपेका छन्। चिनियाँ पर्यटकले चीनको तुलनामा नेपालमा दही निकै राम्रो हुने बताउँछन्।

उनको पसलका भित्तामा लेखिएका थुप्रै प्रतिक्रियामा दहीको स्वादबारे निकै वर्णन गरिएको छ। "दही खाएपछि त्यसको स्वादको प्रतिक्रिया भित्तामा लेख्ने गरेका छन्," उनले भने, "उनीहरू दहीमा रमाउँदा हामीलाई खुसी लाग्छ।"

चिनियाँहरू नेपाल आउनुअगावै दहीको जानकारी लिने गरेका छन्। भक्तपुरको जुजु धौबारे विश्व प्रसिद्ध गाइड बुक 'लोनली प्लानेट' मा पनि उल्लेख छ। यहाँको दहीबारे विभिन्न भाषामा खबर प्रकाशित भएका छन्, हाडाले भने, "भक्तपुर घुम्न आएका थुप्रैले दही खाने गरेका छन्।"

## जुजु धौ किन मिठो ?

अजिमा दही भण्डारका सञ्चालक गणेशकुमार डाखुसी दही बनाउने परम्परागत तरिका, यहाँको हावापानी र दूधको गुणस्तरमा सम्झौता नगरिएकाले जुजु धौ लोकप्रिय भएको बताउँछन्। परम्परागत तरिकाबाट बनाइँदै आएको दही बनाउने प्रक्रियामा अझै पनि फरक नआएको उनले सुनाए। जुजु धौ तयार पार्न चारदेखि पाँच घण्टा समय लाग्ने उनले बताए। गाई वा भैंसीको दूध बाक्लो हुने गरी तताउने र त्यसपछि भुसमा बिछ्याइएका माटोका कतारोमा खनाएर जमिनमा सेलाउने प्रक्रियाबाट जुजु धौ तयार हुने उनी सुनाउँछन्।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगः लिच्छविकालदेखि नै जुजु धौ बन्न थालेको र मल्लकालमा यो निकै लोकप्रिय भएको बताउँछन्। उपत्यका काठ क्षेत्रमा पाइने पोसिलो दूध, प्रजापति समुदायले बनाएका दही जमाउने माटाका मौलिक भाँडा, उपयुक्त हावापानी र दही बनाउने परम्परागत प्रविधिका कारण जुजु धौ राम्रो भएको उनको विश्लेषण छ।

## पाठ्यक्रममा जुजु धौ बनाउने सीप

मुलुकका कतिपय भागमा परम्परागत खानेकुरा हराउँदै गएका छन्। त्यस्तोमा भक्तपुरमा पनि कतिपयलाई जुजु धौको परम्परा हराउने हो कि भन्ने डर थियो। तर भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममै दही बनाउने तरिका राखेर नयाँ पिँढीलाई यसको ज्ञान हस्तान्तरण गरेको छ।

नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले स्थानीय पाठ्यक्रममै जुजु धौको विषय राखेर पढाइने गरिएको छ। जसअनुसार ९२ वटा विद्यालयमा अहिले कक्षा एकदेखि आठसम्म पढाउनुपर्ने अनिवार्य पुस्तकमा यसबारे पढाइ हुन्छ।

जुजु धौ बनाउने सीप सिकाउने उद्देश्यले प्रतियोगितासमेत गरिदिँदा विद्यार्थी आफै उत्साहित भएर भाग लिने गर्छन्। यसो गरे सीप मर्दैन। नत्र पुस्तासँगै सीप पनि समाप्त होला भन्ने चिन्ता भएको छ। शिक्षकसँगै विद्यार्थीलाई सीप पुस्तान्तरण गर्ने यो प्रयासले पनि जुजु धौको प्रवर्धनमा साथ दिएको छ।

मेयर प्रजापतिले भक्तपुरको दहीलाई राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय स्तरमै परिचित गराउने मूल उद्देश्य रहेको बताए। "विद्यालयस्तरमा दही बनाउने सीप सिकाएजस्तै अब अन्य ठाउँमा पनि यो सीपको प्रचार गर्ने योजना छ," प्रजापति थप्छन्, "ताकि दही बनाउने व्यवसायले व्यापकता पाओस्।"

## दहीको स्वाद लिन भक्तपुर नै पुग्नुपर्छ : रमिला दुवाल

दही व्यवसायी तथा जुजु धौमा विद्यावारिधि गर्दै गरेकी रमिला दुवाल जुजु धौको प्राकृतिक स्वाद लिन भक्तपुर नै पुग्नुपर्ने बताउँछिन्। "कतारोमा रहेको दहीको स्वादलाई अन्य मुलुकको त के कुरा राजधानीभन्दा बाहिरको ठाउँमा समेत पुराउन मुस्किल छ," उनले भनिन्, "त्यसैले दहीको प्राकृतिक स्वाद लिन भक्तपुर नै पुग्नुपर्ने अवस्था छ।"

केही व्यक्तिले पोखरामा यस्तै दही उत्पादनको प्रयास गरे पनि भक्तपुरको जस्तो स्वाद नपाएको उनी बताउँछिन्। "पोखरा त के काठमाडौंमै उत्पादन गरेको दहीमा पनि जुजु धौका जस्तो स्वाद नआएको धेरैको अनुभव छ," उनले भनिन्, "भक्तपुरको भूगोल, दही बनाउने प्राचीन तरिका र दूधका कारण यस्तो भएको हुन सक्छ।"

सामान्य कुराले पनि दहीको स्वादमा फरक पार्ने बताउँदै उनले यसमा विशेष ध्यान दिनुपर्ने बताइन्। "दूध कति बाक्लो छ भन्ने आधारमा पनि दहीको स्वाद फरक हुन्छ। माटाको भाँडाले पनि दहीलाई बाक्लो बनाउने हो।"

उनी भन्छिन्, "जमाउन (फर्मेन्टेसन हुन) कति समय दिइयो र जमाउने तापक्रम कसरी मिलाइयो भन्ने कुराले पनि दहीको स्वादमा फरक पार्छ।"

आफ्नो विद्यावारिधि शोधपत्रमा उनले दहीमा आएको परिवर्तनलाई समेत नियालेकी छिन्। गोपालदेखि महिषपाल हुँदै किरातदेखि मल्लकालसम्म दही बन्दै आएको उनले बताइन्। "मेरो घरमा तीन पुस्तादेखि दही बन्दै आएको छ," उनले भनिन्, "घरका सीमित परिवारले खाने जुजु धौ अहिले संसार चाख्दै छ।"

चीन र भारतसँगै बङ्गलादेश, श्रीलङ्काजस्ता दक्षिण एसियाका देश दहीका पारखी रहेको उनी सुनाउँछिन्। "ग्रिक योगर्ड संसारमै प्रसिद्ध छ," उनले भनिन्। तर, ग्रिसबाट आएका पनि यहाँको दहीमा लोभिने गरेको पाएँ।

## पोषण र औषधि

दहीको विषयमा अध्ययन गरेका शिक्षक सरोजराज गोसाई दूधमा हुने कार्बोहाइड्रेट, प्रोटिन, लिपिड (चिल्लो पदार्थ), भिटामिन र खनिज तत्त्वहरू दहीमा स्वाभाविक रूपमा उपलब्ध हुने बताउँदै यसलाई एक पूर्ण खानाको संज्ञा दिन्छन्। "दूध तथा दही क्याल्सियमको सबैभन्दा उत्तम स्रोत हो," उनले भने दाँत तथा हाड बलियो बनाउन क्याल्सियम अनिवार्य छ।



त्यस्तै गर्भवतीलाई दही खुवाउने पुरानै चलन रहेको बताउँदै खेतीपातीमा साह्रै खट्नुपर्ने मौसमको मध्यमा असार १५ गते दहीचिउरा खाने चलन रहेको बारे पनि उनले चर्चा गरे। "दहीमा पाइने ब्याक्टेरियाले खाना पचाउन सहयोग पुऱ्याउँछ," उनी भन्छन्, "दहीले रोगविरुद्ध लड्ने क्षमता वृद्धि गर्छ।"

आयुर्वेदमा दही पखाला र अन्य पेटको खराबीमा औषधिका रूपमा उपयोग गर्न सिफारिस गरिएको छ र पेटसम्बन्धी रोग निवारण गर्न दहीको उपयोग गर्दै आएको उनले सुनाए।

कम निद्रा लाग्ने वा निद्रा नलाग्ने व्यक्तिका निम्ति वा आनन्दको निद्रा चाहनेका निम्ति पनि दही उपयोगी भएको आधुनिक विज्ञानले प्रमाणित गरेको उनले सुनाए। "दहीमा हुने क्याल्सियमले निद्रा लगाउने र बेचैनी हटाउने गर्छ," विज्ञान शिक्षक गोसाई थप्छन्, "यसमा रहेको म्याग्नेसियमले मेलाटोनिन उत्पादन गर्न सहयोग गर्छ, मनको तन्द्रा रोक्छ अनि निद्रा लगाउँछ।"

दहीमा हुने फोलिक एसिडले हेमोग्लोबिन बन्न सहयोग गर्छ र यसले सचेत हुन सहयोग पुऱ्याउने उनी बुझाउँछन्। “ब्याक्टेरियाकै कारण चिनी रोगीका निम्ति दही उपयोगी मानिन्छ,” उनी भन्छन्, “दहीले कोलेस्टेरल कम गराइ मुटु रोग लाग्न दिँदैन। दहीमा क्याल्सियमको मात्रा प्रशस्त हुने भएकाले यसले हाड बलियो बनाउँछ।”

## दहीको इतिहास

काठमाडौँ उपत्यका मानिसको आवासयोग्य भएपछि सर्वप्रथम गोपाल वंशका गोठालाहरूको बस्ती बस्यो। उनीहरूको मुख्य पेसा गाईपालन थियो। गोपाल वंशपछि भैँसी पाल्ने महिषपालहरूले राज गरे। लिच्छविकालसम्म आइपुग्दा दूध दहीले राम्रो स्थान पायो। मल्लकालमा जो जेमा दक्ष थिए, त्यसैअनुसार पेसा तथा रकमीसमेतको व्यवस्था बन्यो।

मल्लकालमा तलेजु भवानी तथा तत्कालीन दरबारमा हुने विभिन्न पूजा संस्कार र चाड पर्वका क्रममा हुने भोजभतेरमा दहीको बन्दोबस्त एवं रेखदेखमा एउटा छुट्टै रकमी बन्दोबस्त गरियो र उनलाई धवजा भदेल (धौंभडेल) भनिन्थ्यो।

यसरी नेवार समुदायमा दही खाद्यवस्तुमा मात्रै सीमित रहेन। यो नेवार जातिकै संस्कार र संस्कृतिको अभिन्न अङ्ग हुन पुग्यो।

एक समयमा मल्ल राजा र दरबारियाका निम्ति दही बनाउने जिम्मा धौंभडेलहरूको थियो। पछि गएर धौंभडेलबाहेक तिमिला, पक्वान, संजु, प्रधानाङ्ग, हाडा, कायस्थ आदिले दही बनाउन थाले। आज आएर कुनै पनि थरवालाले दहीको व्यवसाय गर्न थालेका छन्।

## कसरी बन्छ जुजु धौ ?

सबैभन्दा पहिला भैँसी तथा गाईको दूधलाई ठुल्ठुला कराइमा भकभक उमालिन्छ। दूध नउम्लिउन्जेल निरन्तर चलाउनुपर्ने हुन्छ। दूध उम्लिन थालेपछि डढ्ने/लाग्ने सम्भावना कम हुन्छ र आगो पनि कम गरिन्छ। दूध बाक्लो नहुन्जेल उमालिन्छ। उमालेको दूधमा हानिकारकलगायत अनावश्यक सूक्ष्म जीवहरू हटाउने काम हुन्छ। दूध उमालेरै सामान्यतः आयतन सुरुवातभन्दा ३५ देखि ४० प्रतिशतसम्म सुकाइन्छ।

त्यसपछि माटाको भाँडो भुसको आसनमा राखिन्छ। दही बनाउन परम्परागत रूपमा धानको भुस प्रयोग हुँदै आएको छ। करिब एक फिट जति भुस ओछ्याइएको हुन्छ। दही जमाउने भाँडो नहल्लिने गरी भुसमा राखिएको हुन्छ।


उम्लिएको दूध भाँडोमा खन्याइन्छ। दुई तीन फिट माथिबाटै दूध हाल्ने गरिन्छ। यसो गर्दा निस्किने दूधको फिँज माथिल्लो तहमा बस्न जान्छ। यसले दही आकर्षक देखिन्छ। सुगन्धका निम्ति सुकमेल, अलैँची, छोकडा, काजु आदि सुकेका फलको धुलो पनि राखिन्छ।

दहीको बीउ हाली तापक्रम मिलाउने बन्दोबस्त गरिसकेपछि तीनदेखि चार घण्टामा दही पूरै जमेको हुन्छ। ४० डिग्री सेल्सियस तापक्रममा जमायो भने अलि ढिलो जम्न सक्छ भने ४५ डिग्री सेल्सियस तापक्रममा बीउ हालिएको हो भने अलि छिटो जम्छ। सामान्यतः दही लामो समयसम्म भण्डारण गरिन्न। यो ताजा अवस्थामै खाइन्छ, किनकि ताजामै दहीको वास्तविक स्वाद हुन्छ।

“ताजा दहीको वास्तविक स्वाद लिन थुप्रै पर्यटक भक्तपुर आउने गरेका भेटिए,” मेयर सुनिल प्रजापति हाँस्दै भन्छन्, ‘दहीको यही अनमोल स्वादले भक्तपुरसँगै सिङ्गो मुलुकलाई समृद्धिको बाटोमा लैजाने आशा लिएका छौँ।’

*स्रोतः नागरिक दैनिक, २०८१ फागुन ३*

## हाम्रो स्थानीय तह




**कीर्तिपुर नपा, काठमाडौँ**

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | १९४४१ | २४१५० |
| जनसङ्ख्या | ६५६०२ | ८१५७८ |
| परिवार आकार | | ३.३८ |
| लैङ्गिक अनुपात | | ११२.८३ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | २.०९ |
| जनघनत्व | | ५५२७ |
| साक्षरता दर प्रतिशत | | ८८.७६ |

स्रोत : नक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

# वर्ग सङ्गठन विकासको ऐतिहासिक पृष्ठभूमि



न्हुछेरत्न बज्राचार्य

"वर्गसङ्घर्षको अन्तिम परिणाम राज्यविहीन र वर्गविहीन समाजको स्थापना हो ।"– कार्ल मार्क्स

हजारौँ वर्षसम्म मानवजातिको इतिहासमा कुनै किसिमको वर्ग विभाजन वा वर्ग शासनको सिर्जना भएको पाइँदैन । मानिस सधैँ कुनै न कुनै समूहमा रहिआएको छ । मानिस साना साना सङ्घ अथवा समूहमा नै रहन्थे ।

मानव सभ्यताको विकासको ऐतिहासिक अध्ययनमा प्राचीन समाजमा अघोषित रूपमा समाजवादी व्यवहारमा रहेको पाइन्छ । उदाहरणको लागि तिब्बतको आदिवासीको जमीनमा सामूहिक उपयोग हुन्थ्यो । दक्षिण अमेरिकाको पेरू, ब्राजिलको अमेजन बेँसी, उत्तर अमेरिकाको मेसिसिटी घाटीका आदिवासीले पनि जमीनमा सामूहिक स्वामित्व कायम गरेर बसेका थिए ।

पुर्खाहरूले आध्यात्मिक चिन्तनको फराकिलो एवं उदार भावनाको विकासरहित धार्मिक कथा सुनाएर समाजलाई अनुशासित र नैतिक बनाएर राख्थे । यसरी विभिन्न धार्मिक ग्रन्थ र इतिहासमा उल्लेखित सङ्घ सङ्गठन र श्रेणी (वर्ग) बारे चर्चा गरिएको पाइन्छ ।

बौद्ध जातक कथाहरूमा सङ्घको उल्लेख गरिएको छ समुद्रवन्ज्य जातकबाट हामी वाराणसीको नजिक सिकर्मीहरूको हजार कुटुम्ब भएको उल्लेख गरिएको छ । यी हजारमध्ये दुई जना प्रत्येक पाँचसय कुटुम्बहरूका प्रमुख थिए । कुनै बखतमा तिनीहरू सहर छोडेर आफ्ना कुटुम्बसहित कुनै टापुमा बसोबास गर्न गए । समाजमा कहिलेकाहीँ ज्येष्ठको पद पैतृक हुन्थ्यो । श्रेणीका (वर्ग) प्रमुखहरूको राज्यमा विशेष कदर हुनुका अतिरिक राजाको प्रियपात्र हुन्थे । ज्येष्ठहरूको झगडा मिलाउन अड्डा खडा गर्दथ्यो । यसैमा तिनीहरूको मुद्दा छिन्थ्यो ।

गौतम धर्म सूत्रले खेती व्यापार, पशुपालन, दाम पैसा सापट दिने र कालिगडहरूलाई आ–आफ्नो सङ्घको लागि नियमहरू बनाउन अधिकार दिएको छ । नियमहरू बनिसकेपछि राजाले तिनीहरूलाई सञ्चालन गर्न अधिकार दिन्थे । व्यापारी र कालीगडहरूको सङ्घलाई वैधानिक अङ्ग मानिन्थ्यो ।

कहिलेकाहीँ सङ्घहरूको धन राजाले हिनामिना गरेका उदाहरण कौटिल्यले दिएका छन् । सङ्घहरूले पत्याएका तीन नाइकेहरूले धन जम्मा गर्थ्यो र खाँचो परेको बेलामा झिक्न पाइने व्यवस्था पनि थियो । सङ्घका महाजनहरूको जिम्मामा भएको मालसामान कैफियत ठहरिएमा अथवा दैवी प्रकोपले हराएमा वा नासिएमा त्यसको क्षतिपूर्ति गर्नुपर्दथ्यो । मौर्यकालमा व्यापारका श्रेणीहरूबाहेक साझा व्यापार पनि चालु भएको बुझिन्छ । आधुनिक (अक्षय निवी) काम श्रेणीहरूद्वारा भएको कुरा कतै देखिँदैन । तर पनि पैसा राख्ने, सापट दिने प्रथा थियो ।

लिच्छवि र गुप्तकालमा पनि केही व्यवसायहरूका श्रेणी भएको बुझिन्छ । शुक्रले बताएबमोजिम खेतीवाल, कालिगड, लेनदेन गर्ने व्यवसायहरूका वर्गहरू थिए । यस्ता वर्गहरूमा मुखियाले अरु साधारण कामदारहरूले पाएको हिस्साको दोब्बर पाउँथ्यो । याज्ञवल्क्य, नारद, विष्णुस्मृतिहरूले यो सिद्ध गरेका छन् कि वर्गहरूलाई राज्यले मान्यता दिएको मात्र होइन अझ राजाले तिनीहरूको नियम पालन गरेर शासन गर्थे ।

मौर्यकालमा कौटिल्यको अर्थशास्त्रबमोजिम धेरैजसो व्यवसायहरूको श्रेणीहरू हुन्थ्यो । हिसाब किताबका अध्यक्षले सङ्घहरूका रीति, व्यवसाय, लेनदेन इत्यादि विषयहरूको इतिहास रजिस्टर कापीमा उतार्नु पर्दथ्यो । राम्रा सहरहरूमा कामदार तथा सङ्घहरूको बसोबासको ब्यवस्था गरिदिएको हुन्थ्यो र तिनीहरूले तिरेको कर आम्दानीका स्रोतहरूमध्ये मुख्य मानिन्थ्यो । कामदारहरूको श्रेणी र सङ्घमा काम गर्नेहरू नाफा बराबर अथवा पूर्व सम्झौताअनुसार बाँडेर लिन्थे ।

कहिलेकाहीँ कामदारहरूको क्षणिक सङ्घ पनि हुन्थ्यो र तिनीहरूले अरु सङ्घहरूको उत्तरदायित्वमा ठेक्काको काम सङ्घमार्फत गर्दथे । मौर्यकालमा कालिगडहरूको सामाजिक स्तर उच्च हुन्थ्यो । राजाको सेवामा लागेका कालिगडहरूको काममा बाधा पुऱ्याउने मानिसलाई प्राण सजाय हुन्थ्यो । त्यस्तै गरी तिनीहरूका आम्दानी अर्थात् किनमेलमा बाधा हाल्नेहरूलाई रु. १ हजारसम्म जरिवाना हुन्थ्यो । तर राजाले आज्ञा दिएका काम सङ्घका कालिगडहरूले

नगरी अन्तैबाट गरेको ठहरिएमा पनि ठुलो सजाय हुन्थ्यो ।

नारद भन्छन्– ‘राजाले वर्ग र सङ्घहरूको नियमहरू पालन गर्नुपर्दछ । हुन पनि धर्म जाति इत्यादिका परवाह नगरी मुलुकको विधानमा बाधा नपर्ने गरी बनाएका नियमहरूलाई राजाले मान्यता नदिने के कुरो भयो र ? सङ्घमा फूट पैदा गराउने व्यक्ति सङ्क्रामक रोग सरह मानिथ्यो र त्यसलाई ठुलो सजाय हुनुको अतिरिक्त देश निकाला गरिन्थ्यो ।

याज्ञवल्क्यको भनाइअनुसार वर्गहरूले सङ्घको धन ग्रहण गर्न पाउँथे । आजकालका सङ्घहरूमा झैँ तिनीहरूले नियमहरू बनाउन पाउँथे । नारदको भनाइअनुसार वर्गहरूले नियमहरू बनाउँदा धर्मशास्त्र र राजाले अख्तियार गरिदिएको नियमहरू नाघ्नु हुँदैन ।

वर्गहरूको कार्यकारिणीमा केही धर्मात्मा व्यक्तिहरू नियुक्त गरिन्थ्यो । यदि तिनीहरूले मुलुकको नियम मिचेर काम गरेमा राजदण्डको भागी हुनुपर्थ्यो । कार्यकारिणीको कुनै सदस्यले बलमिचाइँ गरी नियम उल्लङ्घन गरेमा सङ्घले त्यसलाई हटाउन सक्थ्यो । कहिलेकाही बेग्ला बेग्लै सङ्घहरू मिलेको देखिएमा राजाले त्यसलाई विघटन गरिदिन्थे ।

राजाको इच्छाविरुद्ध वा कुनै अनैतिक काम गरेको देखेमा पनि राजाले सङ्घको काममा हस्तक्षेप गर्थे । सङ्घका सदस्यहरूलाई भेला गराउन ढोलक बजाइन्थे र सोही ढोलकको आवाज सुनेर तिनीहरू सङ्घमा उपस्थित हुन्थे ।

शुक्रको भनाइबमोजिम सङ्घलाई न्यायसम्बन्धी अधिकार पनि प्राप्त गराउनु पर्छ । किनभने, तिनीहरूले बनाएका नियमहरू राजाद्वारा स्वीकृति पाएपछि तिनै नियमबमोजिम न्याय पालन गरेमा त्यस्तो अधिकार दिनुमा बाधा पर्ने कुरै छैन । सङ्घहरूले कैयन् सार्वजनिक हितका कामहरू गरेको बुझिन्छ । सङ्घहरू आफ्नै व्यवसायमा लागेर अर्काको हितको काम गरेको पनि देखिन्छ । यसरी प्राचीन संस्कृतिको उन्नति गर्नमा पनि तत्पर भएका सङ्घहरूको ठुलो देन छ ।

**सन्दर्भ सामग्री**


१९ कौटिल्यको अर्थशास्त्र

३) धम्मपद

३) प्राचीन वर्ग सङ्गठनको देन – गुणदेव भट्टराई (नेपाल पत्रिका, त्रिवि २०२२)

४) हाम्रो समाजवादी पुर्खा – डा. देवीप्रसाद अर्याल (राजधानी पत्रिका ०७९।९।१४)

४) विष्णु पुराण


# प्रेरणीय

## पातको क्षमता

एउटा जङ्गलमा ठुलो ताल थियो । तालवरिपरि सुन्दर बगैँचा थियो । बगैँचामा अनेक प्रकारका बोटबिरुवा थिए । टाढाटाढाबाट आएका मानिस त्यहाँका रङ्गीचङ्गी फूल र बगैँचाको सुन्दरताको बयान गरेर थाक्दैनथे । मानिसहरू फूलको प्रशंसा गर्थे । त्यो सुन्दा गुलाफको पातलाई पनि आफ्नो कसैले प्रशंसा गरिदिएहुन्थ्यो जस्तो लागिरहन्थ्यो । तर, कसैले पनि उसको प्रशंसामा एक शब्द पनि खर्चिएको उसले सुनेन ।

धेरै दिन बित्दा पनि कसैले उसको प्रशंसा नगरेपछि गुलाफको पात निकै उदास रहन थाल्यो । ऊ आफूलाई काम नलाग्ने वस्तु ठानेर झोक्राउन थाल्यो । सायद फूलजस्तो सुन्दर नभएको हुनाले आफूलाई कसैले वास्ता नगरेका होलान् भन्ने सोचेर ऊ आफ्नो रूपलाई धिक्कार्न थाल्यो । यसैगरी दिन बित्दै थियो । एक दिन जङ्गलमा अचानक बडो जोडले हावाहुरी चल्न थाल्यो । केहीबेरमै त्यसले शक्तिशाली आँधीको रूप लियो । बगैँचाका साराका सारा रुख, बिरुवा तहसनहस भए । हेर्दाहेर्दै सबै फूल झरेर हावासँगै बेपत्ता भए । गुलाफका पात पनि आफ्नो हाँगाबाट अलग भए र हावाको बेगमा उड्दाउड्दै नजिकको तालमा पुगे । पातले आफूभन्दा केही पर हावाको बेगसँगै उड्दै आएर तालमा खसेको एउटा कमिलालाई देख्यो । ऊ आफ्नो ज्यान बचाउन सङ्घर्ष गरिरहेको थियो । आफूलाई बचाउने सङ्घर्ष गर्दागर्दै कमिलो थाकिसकेको थियो । उसलाई आफ्नो मृत्यु निकट आइरहेको आभास भइरहेको थियो । त्यति नै बेला पातले उसलाई आवाज दियो– चिन्ता नगर कमिला भाइ, म तिमीलाई बचाउनेछु । यसो भनेर उसले कमिलालाई आफूमाथि बसायो । आँधी रोकिँदारोकिँदै पात तलाउको किनारमा पुग्यो र कमिला पनि पातबाट जमिनमा पुग्यो । आफ्नो ज्यान बचेकोमा कमिला निकै खुसी भयो । उसले भन्यो– आज तपाईंले मेरो ज्यान बचाएर ममाथि ठुलो उपकार गर्नुभयो । तपाईं महान् हुनुहुन्छ । तपाईंलाई धेरैधेरै धन्यवाद !

कमिलाको कुरा सुनेर पातले भावुक हुँदै भन्यो– धन्यवाद त मैले तिमीलाई भन्नुपर्ने हो कमिला भाइ ! किनकि, तिम्रै कारणले आज पहिलोपटक मैले मेरो क्षमता चिन्न पाएँ । मैले जीवनमा आफ्नो उद्देश्य र क्षमता दुवै जान्ने मौका पाएँ ।

# माटो परीक्षणको लागि माटोको नमुना लिने तरिका

**शक्तिधर जोर्छैं**

मानिसहरूको वृद्धि विकासको लागि विभिन्न पौष्टिक तत्त्वहरूको आवश्यकता परेजस्तै बाली बिरुवाहरूको लागि पनि बिरुवा उम्रन, फूल फुल्न, फल लाग्न विभिन्न खाद्य तत्त्वहरूको आवश्यकता पर्दछ। बाली बिरुवाहरूको आवश्यक खाद्य तत्त्वहरू भन्नाले कार्वन (C), हाइड्रोजन (H), अक्सिजन (O), नाइट्रोजन (N), फोस्फोरस (P), पोटास (K), क्याल्सियम (Ca), म्याग्नेसियम (Mg), सल्फर (S), फलाम (Fe) जस्ता (Zn), बोरोन (B), मेलिबिडेनम (Mo), म्याङ्गजिन (Mn), कपर (Cz), क्लोरिन (C1) आदि १६ ओटा खाद्य तत्त्वहरू बिरुवा बढ्न आवश्यक पर्दछ।

यी खाद्य तत्त्वहरूमध्ये बोटबिरुवाहरूले कार्वन हाइड्रोजन र अक्सिजन हावा तथा पानीबाट प्राप्त गर्दछ भने बाँकी १३ ओटा खाद्य तत्त्वहरू माटोबाट प्राप्त गर्दछ। त्यसैले माटोमा यी माथिका सबै खाद्य तत्त्वहरू संलग्न भएको छ भने बाली बिरुवाहरूको वृद्धि राम्रो भई उत्पादन बढी हुन्छ। माटोमा यी खाद्य तत्त्वहरू एउटा मात्रको कमी भए पनि उत्पादनमा असर पुगेको हुन्छ।

त्यसैले कुनै पनि बाली लगाउनु भन्दा पहिले त्यस ठाउँको माटोमा कुन कुन खाद्य तत्त्वहरू छन् वा कुन कुन खाद्य तत्त्वहरूको कमी छ भनी पत्ता लगाउन माटोको परीक्षण गर्नु अत्यावश्यक छ। सो परीक्षण गरिसकेपछि कुन बाली लगाउने हो सो बालीको लागि चाहिने खाद्य तत्त्वहरू जाँच गर्न माटोको नमुना लिनु पर्दछ।

## माटोको नमुना लिने तरिका

क) माटोको नमुना लिँदा तरकारी तथा खाद्यान्न बालीको लागि छुट्टै।

ख) फलफूल बगैँचाको लागि छुट्टै

## क) तरकारी तथा खाद्यान्न बालीको लागि माटोको नमुना लिँदा

- कुनै पनि जग्गाको माटोको नमुना लिँदा सानो प्लट होस् वा ठुलो त्यसमा ध्यान दिनुपर्छ। सानो प्लट छ भने सो प्लटमा जमिनको सतहबाट ६ इन्च जति माथिको माटो फालेर त्यसपछिका ८"–१२" सम्मको माटो नमुनाको लागि लिनु पर्दछ। यसमा जमिनबाट ६" खनेर ६" को माटो फाल्नुको कारण सो जग्गामा पहिला कुन बाली लगाएको हो त्यसमा राखिएका मलका अवशेषहरू बाँकी भएको हुन सक्छ। त्यही भएर सो माटो फाल्नुपर्ने हो। यसरी माटो जाँच गर्दा राम्रो नतिजा आउने गर्दछ।
- प्लट चार कुना नमिलेको भए बिचमा एउटा र सो जग्गाअनुसार चुचो बाङ्गो भएको ठाउँबाट लिनुपर्छ जसरी होस् सो जग्गाको सबै ठाउँको प्रतिनिधित्व हुने गरी माटोको नमुना लिनुपर्छ।
- प्लट चार कुना परेको छ भने चार कुनाबाट चार ओटा र बिचबाट एउटा माटोको नमुना लिनुपर्छ।
- प्लट धेरै नै ठुलो छ भने ८'–१०' फिटको फरकमा माटोको नमुना लिने। सो जग्गाको माटो जाँच गर्दा सम्पूर्ण माटोले प्रतिनिधित्व गर्नुपर्छ।
- एउटा खाडलको माटो झिक्दा सो माटो छुट्टाछुट्टै राम्रो प्लास्टिकको झोला वा बाल्टीनमा राख्नु पर्दछ।
- एक खाडलबाट कम्तीमा १ किलो जति माटो नमुनाको लागि झिक्नु पर्दछ।
- माटोको नमुना लिँदा 'V' आकार हुने गरी माटोको नमुना लिनुपर्दछ।
- माटोको नमुना लिएको १ ओटा प्लटबाट जति ठाउँमा १–१ किलोको हिसाबले माटो झिकेको हो सो माटो सबै एकै ठाउँमा मिलाएर सबै मसिनो पारी ईँटा, ढुङ्गा झारपात, डाँठका टुक्राहरू सबै छानेर माटो डल्ला भए फुटाएर फेरि माटो सुख्खा छ कि चिस्यान हेर्नुपर्छ सो सबै मिलाएर घाम नभएको ठाउँमा राखेर हावा मात्र आउने ठाउँमा १–२ दिन राख्नुपर्छ। त्यसपछि सबै माटो राम्ररी फिजाएर सो माटोलाई ४ भागमा विभाजन गरी २ भाग लिने २ भाग फाल्ने। आफ्नो र आफूभन्दा अगाडिको लिने, दायाँ बायाँको भाग फाल्ने। सो लिएको माटोलाई फेरि पहिलाको तरिकाअनुसार गर्ने। नमुनाको लागि लिएको माटो १ किलो जति भएपछि सो माटो परीक्षणको लागि राम्रो प्लास्टिकको सेतो बाक्लो झोलामा राख्ने। सो झोलाभित्र कागजमा तपसिलका व्यहोराहरू उल्लेख गर्ने–

१. कृषकको नाम :
२. कृषकको ठेगाना :
३. माटो नमुना लिएको मिति :
४. माटोको नमुना लिइएको प्लटको चिह्न वा ठेगाना :
५. नमुना लिनुभन्दा पहिला लगाएको बाली :

६. मलखाद्को प्रयोग गरेको मात्रा :
७. कुन कुन मल प्रयोग गरेको के कति :
८. उत्पादकत्व (पहिला लगाएको बालीको :
९. सिँचाइको सुविधा छ कि छैन :
१० निकासको व्यवस्था छ कि छैन :
११. अब लगाउन चाहेको बाली के हो :

यी विवरण भरी १ ओटा माटो भरेको प्लास्टिकको झोलाभित्र र १ ओटा माटो राखेर लाने ।

## माटो परीक्षणको लागि माटो झिक्दा ध्यान दिनुपर्ने कुरा

- माटोको नमुना लिनलाई कम्तीमा १ महिना सो जग्गा खाली गरेको हुनुपर्दछ ।
- बाली लगाइराखेको प्लटको माटो नमुनाको लागि लिनुहुँदैन ।
- माटोको परीक्षण गर्नलाई बाली लगाउनु भन्दा १ महिना अगाडि लिनुपर्दछ ।
- जगाको अवस्था के कस्तो हो समतल छ कि कान्ला छ विचार गर्नुपर्दछ र सो अनुसार माटोको नमुना लिनुपर्ने हुन्छ ।
- माटोको नमुना लिने ठाउँमा सिँचाइ गरेको छ कि छैन ।
- माटोको नमुना लिने ठाउँमा मलजलको प्रयोग गरेको छ कि छैन ।
- माटो नमुना लिने प्लटमा पहिला कुन बाली लगाएको हो सो जानुपर्ने हुन्छ ।

## माटोको नमुना लिनलाई आवश्यक सामग्रीहरू

१. स्वायल अगर वा कुटो कोदालो
२. राम्रो प्लास्टिक वा प्लास्टिकको बाल्टीन
३. नाङ्लो वा फिजाउन हुने ठुलो प्लास्टिक
४. कागज र कलम

## ख) फलफूल बगैंचाको लागि माटोको नमुना लिने तरिका :

फलफूल बगैंचाको लागि माटोको नमुना लिन ध्यान दिनुपर्ने कुरा र आवश्यक सामग्री सबै माथि उल्लेख गरेअनुसार नै हो । तर, स्वायल अगरले लिन अलि गाह्रो पर्ने हुन्छ । त्यही भएर खन्न कुटो र कोदालो चाहिन्छ ।

फलफूल बगैँचाको लागि माटोको नमुना सङ्कलन गर्दा जमिन सतहबाट २-४ फिट मुनिसम्मको माटोको नमुना लिनुपर्दछ । जमिनको तल्लो सतहबाट पानी माटोको नमुना सङ्कलन गर्नुपर्दछ ।


त्यसको लागि सर्वप्रथम १ वटा खाडलको लागि ५ फिट लम्बाइ, ३ फिट चौडाइ र ४ फिट गहिराइमा खाडल खन्नु पर्दछ । यसरी खाडल खनेको जमिन सतहबाट १ फिट मुनिसम्मको १ वटा बाल्टीनमा १ देखि २ फिटसम्मको माटो अर्को बाल्टीनमा २ देखि ३ फिटबाट निकालेको माटो, अर्को बाल्टीनमा ३ देखि ४ फिटसम्मको माटो झिकेको अर्को बाल्टीनमा राख्नु पर्दछ ।

यी माथि लिएका नमुनाहरू सबै अन्नबाली तथा तरकारी बालीको लागि नमुना पठाए जस्तै गरेर माटो नमुना परीक्षणको लागि पठाउने गर्नुपर्दछ ।

**सन्दर्भ सूची**

- आफूले कृषकहरूको समूह तथा तालिमहरूमा सिकाएको अनुभव ।

## बासिबियाँलो



क) दिइएको सोह्र थोप्लालाई छओटा सीधा रेखाले जोड्नुहोस् । उत्तर यसै अङ्कमा दिइएको छ ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याई हात नझिकी अर्को धर्को तान्नुहोस् ।





उनी भन्छन् ।

क्रिस कासिछ्वाबारे कमलविनायकमा रहेको The Challenger Taekwondo डोजाङका प्रमुख प्रशिक्षक तथा राष्ट्रिय तेक्वान्डो निर्णायक विश्वराम मुस्याख्व भन्छन्– क्रिस कासिछ्वा मेहनती खेलाडी हो । उनले थप खेल प्रशिक्षण लिएर प्रतिस्पर्धामा निरन्तरता दिए उनको तौल समूहको खेलमा पदक हात पार्न सक्छन् ।

क्रिस कासिछ्वालाई मनपर्ने खेलाडी तेक्वान्डोका सञ्जय लामा हुन् । सञ्जय लामा तेक्वान्डो खेलका राष्ट्रिय खेलाडी तथा प्रशिक्षक पनि हुन् । सञ्जय लामा पनि ड च्यालेन्जर तेक्वान्डो डोजाङका खेलाडी हुन् । क्रिस खेलाडी सञ्जय लामाको खेल र प्रशिक्षण शैली राम्रो छ भन्छन् ।

क्रिस कासिछ्वा भैंसेपाटीमा २०७७ साल पुसमा सम्पन्न प्रथम खुला एभरेस्ट राष्ट्रिय तेक्वान्डो प्रनियोगितामा The Challenger Taekwondo डोजाङबाट सहभागी भई स्वर्ण पदक जित्न सफल भएका थिए ।

२०७८ साल पुसमा सातदोबाटोमा सम्पन्न दोस्रो खुला एभरेस्ट राष्ट्रिय तेक्वान्डो प्रतियोगितामा The Challenger Taekwondo डोजाङबाट सहभागी भई उनी पुनः स्वर्ण पदक जित्न सफल भएका थिए । २०७६ कार्तिक १९ र २० गते ड च्यालेन्जर तेक्वान्डो डोजाङबाट आयोजित उपत्यकाव्यापी तेक्वान्डो प्रतियोगितामा ३५–३९ तौल समूहमा रजत पदक जित्न सफल भएका थिए । उनी २०७६ साल जेठ २५ र २६ गते सम्पन्न जुनियर राष्ट्रिय तेक्वान्डो च्याम्पियनशिपमा कास्य पदक जित्न सफल भएका थिए । २०८१ साल जेठ १८ र १९ गते भक्तपुरको सूर्यविनायक नपामा भक्तपुर जिल्ला तेक्वान्डो सङ्घद्वारा उपत्यकाव्यापी तेक्वान्डो प्रतियोगिता आयोजना गरिएको थियो । ५० केजीमुनिको खेलमा हातको हडी भाँचिए पनि उनले उत्कृष्ट प्रदर्शन गरी स्वर्ण पदक जिते र दर्शकहरूले प्रशंसा गरेका थिए । २०८१ वैशाख ७ गते राइजिङ फाइटर र सूर्योदय ड्राइगनको संयुक्त आयोजनामा सूर्यविनायकमा सम्पन्न ५१ केजी तौल समूहको जिल्लास्तरीय तेक्वान्डो प्रतियोगितामा उनले स्वर्ण पदक प्राप्त गरे ।

उनी हाल कमलविनायकस्थित THE Challenger डोजाङमा आबद्ध छन् । तेक्वान्डो खेलको माध्यमबाट देशको नाम संसारमा फैलाउने अठोटका साथ उनी खेल्दै छन् ।

# राष्ट्रिय तेक्वान्डो खेलाडी क्रिस कासिछ्वा



राजकुमार लघु

क्रिस कासिछ्वा तेक्वान्डो खेलका चम्किला खेलाडी हुन् । उनी हाल ४८ देखि ५१ केजी तौल समूहमा प्रतिस्पर्धा गर्छन् ।

क्रिस कासिछ्वाको जन्म बि.सं. २०६२ साल भदौ १० गते भक्तपुर नपा वडा नं. ९ को ब्रह्मायणीस्थित किसान परिवारमा भएको थियो । उनको आमाको नाम अनिता कासिछ्वा र बुबाको नाम सत्यराम कासिछ्वा हुन् । उनका बुबा वाल पेन्टिङ पेसामा संलग्न छन् भने आमा महाकालीस्थान ब्यासीस्थित प्रभात ई. सेकेन्डरी स्कूलमा कार्यरत छन् । उनले २०७८ सालमा प्रभात ई. सेकेन्डरी स्कूलबाट GPA ३.०५ प्राप्त गरी SEE परीक्षा उत्तीर्ण गरेका थिए । उनले वागीश्वरी मावि च्याम्हासिंहमा कम्प्युटर विज्ञान लिएर उत्तीर्ण गरेका थिए । हाल उनी भक्तपुर कायाम्पसमा बीबीएसमा अध्ययनरत छन् ।

## खेल क्षेत्रमा प्रवेश

उनले १० वर्षको उमेरमा The Challenger Taekwondo Dojang मा प्रशिक्षक विश्वराम मुस्याखवको रेखदेखमा तेक्वान्डो खेलको प्रशिक्षण लिएका थिए । २०७२ सालको विनाशकारी भूकम्पका कारण उनले १ वर्ष खेल प्रशिक्षणलाई निरन्तरता दिन सकेनन् ।



क्रिस कासिछ्वा खेल क्षेत्रमा प्रवेश भएको विषयमा उनका मामा राजाराम बासीलाई सम्झन्छन् । उनको मामा राजाराम बासी गायक तथा वाद्यवादक पनि हुन् । क्रिस कासिछ्वाबारे राजाराम बासी भन्छन्, उनी प्रतिभावान खेलाडी हुन् । यस खेललाई निरन्तरता दिए खेल क्षेत्रमा धेरै राम्रो गर्न सक्छन्,

तेक्वान्डो खेलको फाइदाबारे प्रश्न गर्दा क्रिस कासिछ्वा भन्छन्, यस खेलले शरीरलाई हृस्टपुस्ट राख्न टेवा दिन्छ । यस खेलका खेलाडीहरू अनुशासित र लगनशील हुन्छन् ।

जीवनको अविस्मरणीय क्षणबारे जिज्ञासा राख्दा क्रिस भन्छन्, विद्यालयमा खेल हुँदा खुट्टा भाँचेको थियो । खुट्टा भाँचे पनि खेललाई निरन्तरता दिएको कारण शिक्षक शिक्षिका र विद्यार्थी साथीहरूले हौसला दिएको क्षण मलाई अविस्मरणीय लाग्छ ।

खेलाडी तथा युवा साथीहरूलाई केही सल्लाह सुझाव छ कि भन्ने प्रश्नमा उनी भन्छन्, प्रशिक्षणलाई निरन्तर जारी राख्नुपर्छ । खेल खेल्नुको साथै पढाइलाई पनि निरन्तर जारी राख्नुपर्छ ।

## खेल तालिकामा क्रिस कासिछ्वा

१. २०८१ वैशाख ७ गते गते राइजिङ फाइटर र सूर्योदय ड्राइगनको संयुक्त आयोजनामा सूर्यविनायकमा सम्पन्न ५१ केजी तौल समूहको जिल्लास्तरीय तेक्वान्डो प्रतियोगितामा स्वर्ण पदक प्राप्त ।

२. २०७६ कार्तिक १९ र २० गते ड च्यालेन्जर डोजाङबाट आयोजित उपत्यकाव्यापी तेक्वान्डो प्रतियोगितामा ३५–३९ केजी तौल समूहमा रजत पदक जित्न सफल ।

३. भैंसेपाटीमा २०७७ साल पुसमा सम्पन्न प्रथम खुला एभरेस्ट राष्ट्रिय तेक्वान्डो प्रनियोगितामा The Challenger डोजाङबाट सहभागी भई स्वर्ण पदक जित्न सफल ।

४. सातदोबाटोमा २०७८ साल पुसमा सम्पन्न दोस्रो खुला एभरेस्ट राष्ट्रिय तेक्वान्डो प्रतियोगितामा The Challenger डोजाङबाट सहभागी भई पुनः स्वर्ण पदक जित्न सफल ।

५. २०७६ साल जेठ २५ र २६ गते कोटेश्वर डोजाङबाट आयोजित जुनियर राष्ट्रिय तेक्वान्डो प्रतियोगितामा ३४ केजी तौल समूहमा कास्य पदक जित्न सफल ।

६. २०८१ साल जेठ १८ र १९ गते भक्तपुरको सूर्यविनायक नपामा भक्तपुर जिल्ला तेक्वान्डो सङ्घद्वारा उपत्यकाव्यापी तेक्वान्डो प्रतियोगितामा ५१ केजी तौल समूहमा स्वर्ण पदक प्राप्त ।

(स्रोतः वार्ता र प्रमाणपत्रमा आधारित)

## हाम्रा पुराना मूर्ति



**केसिनी तारा (१८ औं शताब्दी)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

## चीनका प्राचीन नीतिकथा

### ufnL / tfnL

कसैले बाटोको छेउमा इनार बनायो । तिर्खाएका बटुवाहरू पानी खान पाएर खुसी भए । उनीहरूले इनार बनाउने मानिसको खुबै तारिफ गरे । यस्तो राम्रो ठाउँमा इनार बनाएकोमा उनीहरूले उसको गुणगान गरे ।

तर केही दिनपछि अँध्यारो रातमा एक जना बटुवा इनारमा खसेर मऱ्यो । त्यसपछि सबै मानिसहरूले त्यो इनार बनाउने मानिसलाई निन्दा गर्न थाले । कस्तो कुन ठाउँमा इनार बनाएछ भनेर उसको बद्ख्वाइँ गरे ।

अनुवादः विनय कसजू


औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौं !

## Gorky in America (VII)



# The City of the Yellow Devil

Maxim Gorky




Everything swings, squeals, booms, making the people dizzy and complacently dull, exhausting their nerves with the tortuous maze of movement and glitter of lights. Light eyes grow lighter as though the brain were turning pale, drained of blood in the weird weaving of white sparking wood. And it seems that boredom, expiring under the burden of self-aversion, is whirling round and round in a slow agony, drawing into its melancholy dance tens of thousands of monotonously dark people, sweeping them, as the wind sweeps the rubbish on the streets, into docile heaps, and scattering them again only to sweep them together once more....

..................

Pleasures await the people inside the buildings as well, but these are serious pleasures, they educate. Here the people are shown Hell with its austere regime, and the diverse torments that await men and women who violate the sanctity of the laws that have been made for them....

Hell is made of papier-mâché painted a dull crimson, the whole steeped in a fireproof substance exuding the foul odour of some heavy fat. Hell is very badly made—it will arouse disgust even in the most in exacting spectator. It represents a cave chaotically strewn with boulders and filled with a reddish gloom. On one of the boulders sits Satan in scarlet tights, contorting his gaunt brown face into diverse grimaces, and rubbing his hands like a man who has just brought off a good business deal. He is no doubt most uncomfortable seated on that pasteboard boulder which creaks and sways under him, but he appears oblivious of the fact, his attention being absorbed by the torments his devils are inflicting on the sinners at his feet.

..................

Here is a young girl who has bought herself a new hat and is happily admiring herself in the mirror. A couple of small and apparently very hungry devils steal up to her from behind mid seize her by the arms; she cries out, but too late! The devils lay her in a long, smooth chute which descends steeply into a pit in the middle of the cave; grey vapour issues from the pit, tongues of red-paper flame rise up, and down the chute into this pit slides the girl along with the mirror and hat.

A young man drinks a glass of whiskey—the devils immediately dispatch him too into the hole under the stage.

It is stuffy in Hell, the devils arc puny and feeble; they appear to be utterly worn out by their work, its monotony and obvious uselessness clearly irritates them, and hence they handle the sinners roughly, tossing them into the chute like logs of wood. Looking at them you want to shout:

"Enough of his nonsense! Why don't you go on strike, boys!"

A young girl steals a few coins from her neighbour's purse, only to be instantly

disposed of by the devils, much to the satisfaction of Satan who swings his legs in delight giggles nasally. The devils throw angry looks at the idler and malevolently hurl into the maw of the fiery pit everyone who—either on business or out of idle curiosity happens to look into Hell....

The public regards these horrors in grave silence. It is dark in the hall. A hefty young man with curly hair and wearing a thick jacket delivers a harangue in a deep voice of gloom.

Pointing to the stage he preaches that if people do not want to fall victim to the bow-legged Satan in the red tints, they should know that it is wrong to kiss girls without being wedded to them, otherwise the girls may become prostitutes; it is wrong to kiss young men without the sanction of the church because little boys and girls may be bora as a result; prostitutes must not steal money from their clients pockets; people in general ought not drink wine and any other liquids that excite the passions; they must go to church and not to bars, it is better for the soul and cheaper....

He says all this in a dreary, monotonous voice and it is evident that he himself does not believe in the kind of life he has been instructed to advocate.

One is sorely tempted to say to the proprietors of this edifying entertainment for sinners:

"Gentlemen! If you want your sermons to purge the human soul, if only as effectively as castor oil, you must pay your preachers more!"

At the conclusion of this awesome performance a nauseatingly handsome angel appears from a corner of the cave.

He is strung up a wire and moves through the air across the entire cave holding a wooden trumpet covered with gilt paper between his teeth. On sighting him Satan darts like a frog into the pit after the sinners, there is a crackling noise, the pasteboard boulders roll one atop the other, the devils scamper off happily to relax from their labours—and the curtain falls. The crowd rises and leaves the hall. A few make so bold as to laugh, but the majority are grave. Perhaps they are thinking; "If Hell is so horrible, maybe it's better not to sin."

They move on. In the next building they are shown "The Hereafter". This is a large institution, also of papier-mâché, representing pits in which the badly-dressed souls of the dead roam about aimlessly. You may wink at them, but you must not pinch them—that is quite dear. It must be extremely dull for them in the gloom of the subterranean labyrinth amid the rough walls that are dampened by a cold stream of moist air. Some of the souls have bad coughs, others silently chew tobacco, ejecting streams of yellow spittle onto the ground; one soul, leaning against the wall in a corner, is smoking a cigar....

As you pass them, they look at you with their colourless eyes, and, tightly compressing their lips, hide their chilly hands in the grey folds of their unearthly rags. They are hungry, these poor souls, and many of them are clearly afflicted with rheumatism. The public stares silently at them and, inhaling the moist air, nourishes its soul on dreary boredom that extinguishes thought like a filthy wet rag thrown onto feebly smouldering embers...,

In another building you can see "The Flood" which, as everyone knows, was sent to punish people for their sins....

**(To be continued)**

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या– ७१

## मिति २०८१ पुस ८ गते, सोमबार

**उपस्थिति**

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छैं | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. कार्यपालिका सदस्य श्री रोशनमैयाँ सुवाल | ऐ |
| १४. कार्यपालिका सदस्य श्री छोरीमैयाँ सुजखु (प्रजापति) | ऐ |
| १५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. प्रमुख प्रशासकीय अधिकृत श्री वसन्त भट्टराई | ऐ |

## निर्णयहरू

### भक्तपुर महोत्सवमा सहभागीहरूलाई धन्यवाद ज्ञापन

भक्तपुर महोत्सव, २०८१ सफल पार्न सहयोग गर्नुहुने सांस्कृतिक समूह, प्रस्तुतिकर्ता, कलाकारलगायत सम्पूर्णलाई वडा वडाबाट वडास्तरमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

### महोत्सवको खर्च वडाबाटै

भक्तपुर महोत्सवको लागि वडाबाट भएको खर्चको भुक्तानी सम्बन्धित वडा वडाबाटै गर्ने निर्णय गरियो ।

### अरनिको सभाभवन निर्माण आयोजनाको जग्गा

भक्तपुर नगरपालिका वडा नं. ६, देकोचास्थित भक्तपुर नगरपालिकाबाट निर्माणाधीन अरनिको सभाभवनको स्वीकृति नक्सा ड्इङअनुसार देको, मिवा, इतापाके जग्गा एकीकरण आवास योजनाबाट पारित नक्साबमोजिम हाल भ.न.पा. वडा नं. ६ नक्सा सीट नं. १०२११९४१६ कि.नं. २३२७ र २३२८ जग्गाको केही भागमा समेत परेको हुँदा अरनिको सभाभवन निर्माण योजनाको निर्माण समितिबाट पेस हुन आएको नक्साअनुसारको जग्गा नगरपालिकाको नाममा उपलब्ध गराउन आयोजना कार्यालयलाई लेखी पठाउने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**क. युवा तथा खेलकुद समिति**

मिति २०८१/०९/०४ गते

१. भक्तपुर नगरपालिका वडा नं. २ को पत्रानुसार २ नं. वडाका महिला, युवा, विद्यार्थी, वृद्धवृद्धाहरूलाई २०८१ पुसको पहिलो हप्ताबाट छिकोङ खेल प्रशिक्षण सञ्चालनको लागि प्रशिक्षक मुना बासुकलालाई प्रशिक्षणको लागि पठाउने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिकाभित्रका संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई ३ महिने छिकोङ खेल सञ्चालन गर्ने निर्णय गरियो ।

### विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मङ्सिर २८ देखि पुस २ गतेसम्म सम्पन्न भक्तपुर महोत्सव – २०८१ को लागि आवश्यक तपसिलअनुसारको स्टलको कोटेसन माग गरी सबैभन्दा कम दररेट पेस गर्न तपसिलअनुसारको फर्महरूसँग दररेट स्वीकृत गर्ने निर्णय

गरियो–

| क्र.सं. | विवरण | परिमाण | फर्म/संस्था | दर रेट प्रति स्टल, प्रतिदिन (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | डोम स्टल | ६० वटा | इभेन्ट क्यारिएर प्रा.ली. | ३०००/- |
| | | | ग्लोवल एक्सपोजिसन | ३८१३। |
| | | | सूर्यविनायक पार्टी भेन्यू | ३४००। |
| २. | सामान्य स्टल | ६३ वटा | सूर्यविनायक पार्टी भेन्यू | ११३०/- |
| | | | ग्लोवल एक्सपोजिसन | २०३४। |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | १२००। |
| ३. | वाटर प्रुफ | २६ वटा | सूर्यविनायक पार्टी भेन्यू | २४८६/- |
| | | | ग्लोवल एक्सपोजिसन | ४५२०। |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | ३०००। |
| ४. | स्टेज | १ वटा | सूर्यविनायक पार्टी भेन्यू | ६२५०/- |
| | | | ग्लोवल एक्सपोजिसन | |
| | | | इभेन्ट क्यारिएर प्रा.ली. | |

२. भ.न.पा. ५ स्थित भक्तपुर नगरपालिकाले निर्माण गरेको तरकारी बजारमा रहेका ४० वटा पसलहरू बहालमा दिनका लागि पछिल्लो पटक मिति २०८१।०७।१४ गते समेत गरी ३ पटक दरभाउ पत्र आह्वान गर्दा जम्मा १७ वटा पसलको लागि मात्र दरभाउ पत्र पेस हुन आएको र २३ वटा पसल अझै खाली रहने भएकोले पटक पटक सूचना प्रकाशित गर्दा बहालमा लगाउन ढिला हुने र खर्च पनि बढ्ने भएकोले तोकिएको न्यूनतम अङ्कभन्दा घटी नहुने गरी वार्ताबाट बहालमा लगाउने सम्बन्धी मिति २०८१।०८।११ गतेको सदर टिप्पणी अनुमोदन गरियो साथै वार्ताका लागि ५ नं.वडा कार्यालयलाई जिम्मा दिने निर्णय गरियो।

## Word Search

School Geography

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| D | O | C | R | M | O | U | N | T | A | I | N |
| R | R | R | A | O | C | E | A | N | A | S | L |
| E | E | O | C | C | E | I | I | C | T | N | C |
| G | L | A | C | I | E | R | R | O | S | I | T |
| H | D | D | R | P | T | O | W | N | S | A | E |
| I | S | S | A | R | N | T | N | T | L | L | M |
| G | R | C | E | O | R | S | W | I | A | P | P |
| H | D | S | I | V | E | E | O | N | K | E | E |
| W | E | E | S | I | V | R | N | E | E | S | R |
| A | S | T | L | N | I | O | S | N | N | I | A |
| Y | E | A | A | C | R | F | A | T | M | A | T |
| S | R | T | N | E | C | I | T | I | E | S | U |
| E | T | S | D | S | S | S | R | A | I | N | R |
| T | U | T | U | N | D | R | A | S | U | I | E |

ISLAND
OCEAN
RIVER
CONTINENT
MOUNTAIN
LAKE
GLACIER
TEMPERATURE
RAIN
SNOW
TUNDRA
DESERT
PLAINS
FOREST
ROADS
HIGHWAYS
PROVINCES
STATES
CITIES
TOWNS

(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस्।)

## बैठक सङ्ख्या– ७२

## मिति २०८१ पुस २२ गते, सोमबार

## निर्णयहरू

### सत्रौं नगरसभा

भक्तपुर नगरपालिकाको ऐतिहासिक सत्रौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा पुस २६ गते भनपा सभाकक्षमा गर्ने निर्णय गरियो।

### म्याद थप

क) यस न.पा.मा कार्यरत करार, ज्यालादारी, सम्झौताका निम्न कर्मचारीहरूको मिति २०८१।१०।१ गतेदेखि २०८२ असार मसान्तसम्मको लागि आवश्यकताअनुसार विभिन्न २४७ जनाको म्याद थप गर्ने निर्णय गरियो।

ख) प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार संयोजक, प्राविधिक, सहायक र एम.आई.एस. अपरेटरहरू तथा फिल्ड सहायक कर्मचारीहरू, कृषि प्राविधिक तथा उद्यम विकास सहजकर्ताको आवश्यक करार सम्झौता गरी मिति २०८१।१०।१ गतेदेखि २०८२ असार मसान्तसम्मको लागि ८ जनाको म्याद थप गरी करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

ग) यस न.पा.मा कार्यरत नगर प्रहरीको मिति २०८१।१०।१ गतेदेखि २०८२ असार मसान्तसम्मको लागि २० जनाको म्याद थप गर्ने निर्णय गरियो।

घ) यस नगरपालिकाबाट प्रकाशित 'भक्तपुर' मासिक पत्रिका र 'ख्वप पौ' पाक्षिक पत्रिकाका देहायबमोजिम सम्पादकहरू र देहायबमोजिमको कानुनी सल्लाहकारको आवश्यक करार सम्झौता संशोधन गरी मिति २०८१।१०।१ गतेदेखि २०८२ असार मसान्तसम्मको लागि म्याद थप गरी करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

ङ) भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको विभिन्न खेलका आंशिक प्रशिक्षकहरूको मिति २०८०।१०।०१ गतेदेखि २०८१ असार मसान्तसम्मको लागि ६ जनाको म्याद थप गर्ने निर्णय गरियो।

### सामाजिक सुरक्षा भत्ता वितरण

भ.न.पा. क्षेत्रभित्रको सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायता रकमअन्तर्गत दोस्रो त्रैमासिक (२०८०/०८१, कार्तिक, मङ्सिर र पुस महिना) को सामाजिक सुरक्षा भत्ता पुस २४ गतेदेखि माघ २ गतेसम्म वितरण गर्ने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

**निर्माण समिति**

मिति २०८१।९।२२ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई. /कबोल रकम | पेस्की | खर्च रकम | भुक्तानी रकम | मुल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पर्यटक सूचना केन्द्र व्यासीको भवनमा शौचालयमा ढोका मर्मत उपशाखाको वेल्डिङ उपकरण, मञ्चको सिँढी मर्मत कार्य | २ | मर्मत | ३९,०६०।६५ | | | | | | | | |
| २ | भनपा भवनको उत्तरपश्चिम दिशामा गेट निर्माण कार्य | २ | मर्मत | ५०,२०७।६३ | | | | | | | | |
| ख) रि.ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | पर्यटक शौचालय मर्मत कार्य | ३ | मर्मत | २९०,३८०।९६ | ३१४,८८७।५५ | | | | | | | |
| २ | पीच बाटो मर्मत कार्य (भुलाँचा, ग:पली र बाराहीस्थानको बाटोहरू) | ४ | मर्मत | २२२,३९२।२३ | २२७,६०५।३३ | | | | | | | |
| ३ | शीत भण्डारण गृह भवन निर्माण कार्य (तेस्रो चरण) | ८ | सङ्घीय सरकार समपूरक बजेट र नपा | ३९,८३४,३३२।२९ | ३९,८३४,३३२।२९ | | | | | | | BOQको आइटमहरुमासंशोधनगर्नुपरेको। |
| ४ | वंशगोपाल पाटी पुन:निर्माण कार्य | ३ | नपा | २,५८४,३८४।१० | २,३८४,७११।६० | | | | | | | |
| ग) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सिज पलि पाटी पुन:निर्माण कार्य | १० | नपा | २,८१३,७९१।१९ | | | उ.स.अ. : श्री ज्ञानकुमार मगजू अ.स.स. : श्री जितेन्द्र मुनंकर्मी | | | | | |
| २ | बेखाल स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्य ( चौथो चरण) | १० | नपा | ५,९२९,२८२।८२ | | | उ.स.अ. : श्री रामलक्ष्मी दुवाल अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| ३ | इन्द्रवर्ण महाविहार पुन:निर्माण कार्य | ७ | उ.स. | ६,०२२,१५६।६३ | | | उ.स.अ. : श्री आयुबज्र शाक्य अ.स.स. : श्री हीरा ख्याजू | | | | | आवश्यक बजेट उपभोक्ता समिति आफैले व्यहोर्ने |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भेलुखेलमा पार्किङ पूर्वाधार निर्माण कार्य | ५ | पार्किङ पूर्वाधार (नपा) | ५,२१३,०७०।४२ | | | उ.स.अ. : रामसुन्दर फसिकव अ.स.स. :योगेन्द्रमान बिजुक्छे | | | | | |
| ५ | फ्लोड लाइट तथा सडक बत्ती जडान कार्य (महेश्वरी खेल मैदान क्षेत्र) | ७ | सडक बत्ती | १८७,५००।०० | | | उ.स.अ. : एण्डिज ग्वाछा अ.स.स. : हरिरत्न गोर्खाली | | | | | |
| ६ | भनपा वडा नं. ७ मा पीच बाटो मर्मत कार्य | ७ | मर्मत | ६६०,२६४।०१ | | | उ.स.अ. : रत्नगोपाल त्वायना अ.स.स. : रञ्जना त्वाती | | | | | |
| ७ | महालक्ष्मी मन्दिरदेखि नागपोखरी सम्मको बाटोमा ढुङ्गा छपाइ मर्मत कार्य | १० | सडक बोर्ड नेपाल . नपा | १,२९३,९२९।८२ | | | उ.स.अ. : रमेश दुवाल अ.स.स. : कृष्णनारायण दुमरू | | | | | |
| ८ | सिद्धपोखरी पेटी पुन:निर्माण कार्य | १ | नपा | २,५९७,४८२।८८ | | | उ.स.अ. : कृष्णबहादुर दुगुजु अ.स.स. : सूर्यप्रसाद श्रेष्ठ | | | | | |
| ९ | रानी पोखरीको पर्खालमा रङ्गरोगन कार्य | १ | मर्मत | २६८,७६३।८७ | | | उ.स.अ. : श्री दिनेश दुवाल अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| घ) ल.ई. स्वीकृति, पेस्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (कार्तिक महिनाको) | १-१० | मर्मत | ६८,५६१।५२ | | | ज्याला ५६,१००।०० | ज्याला ५६,१००।०० | ज्याला ५८,९००।०० | सम्पन्न | (राधे श्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामाग्री प्रयोग भएको |
| २ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य ( मङ्सिर महिनाको) | १-१० | मर्मत | ९८,५५७।७५ | | | ज्याला ९५,४००।०० | ज्याला ९५,४००।०० | ज्याला ९७,०५७।७५ | सम्पन्न | (राधे श्याम भैनात्व) अमानत | जिन्सी शाखाबाट प्राप्त पुरानो निर्माण सामग्री प्रयोग भएको |
| ३ | सिद्धपोखरीमा रङ्गरोगन कार्य | १ | मर्मत | ५०५,८४७।७४ | | | २४६,२५०।०० | २४६,२५०।०० | ५२१,०५४।४६ | सम्पन्न | कृष्ण गोपाल राजचल | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | भनपा कार्यालयमा विद्युतीय कार्य तथा विभिन्न स्थानहरूमा सडक बत्ती तथा फ्लोड लाइट मर्मत कार्य (कार्तिक महिनाको) | १-१० | मर्मत | १५९,९४५।६८ | | | ज्याला ३१,८००।०० | ज्याला ३१,८००।०० | १४४,५३०।०५ | सम्पन्न | कृष्ण गोपाल राजचल | जिन्सी शाखाबाट सामान प्राप्त भएको |
| ५ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको Mat Foundation) ठेक्का नं.bktmun/NCB/works/04/080/81 | ६ | अरनिको सभा भवन निर्माण र योजनाको बाकि भक्तानी | परिमार्जित ल.ई. रू. १०,५८,५३,९९२।६१ | परिमार्जित कबोल रू. ६,६४,९९,,३१२।१४ | प्रथम रनिङ्ग बिल | ६,९५२,८६५।०५ | ६,९५२,८६५।०५ | ६,९५२,८६५।०५ | सम्पन्न | R.B Siddhartha-J.A. Engineering-Purna Binayak J.V., Kageshwori Manohara Municipality-9, Kathmandu | अग्रिम पेश्की रू ६३,००,०००।०० कट्टी गरी दोस्रो रनिङ्ग बिलमा रू. ४,०४,०७,७३६।५० भुक्तानी गरिएको । रू २३,१२,६३७।७२ योजनाको बाँकी भुक्तानी शिर्षकबाट व्यहोर्ने । |
| | | | | | | दोस्रो रनिङ्ग बिल | ४६,७०७,७३६।५० | ४०,४०७,७३६।५० | ४६,७०७,७३६।५० | | | |
| | | | | | | अन्तिम रनिङ्ग बिल | ११,९०४,९०१।२२ | ११,९०४,९०१।२२ | ११,९०४,९०१।२२ | | | |
| | | | | | | जम्मा | ६५,५६५,५०२।७७ | ५९,२६५,५०२।७७ | ६५,५६५,५०२।७७ | | | |
| ६ | पर्यटक शौचालय मर्मत कार्य | ३ | मर्मत | २९०,३८०।९६ | ३१४,८८७।५५ | ९५,०००।०० | २३३,०४९।४६ | १,३८,०४९।४६ | ३०९,५३७।१८ | सम्पन्न | वीर बहादुर गोरा | |
| ७ | पीच बाटो मर्मत कार्य ( भुलान्चा, ग:पली र बाराहीस्थानको बाटोहरू) | ४ | मर्मत | २२२,३९२।२३ | २२७,६०५।३३ | | २२२,४३५।६० | २२२,४३५।६० | २२५,८११।२५ | सम्पन्न | सुमन सुवाल | |
| ८ | रानी पोखरीको पर्खालमा रङ्गरोगन कार्य | १ | मर्मत | २६८,७६३।८७ | | | १६३,३४०।०० | १६३,३४०।०० | २३५,५९३।९६ | सम्पन्न | अमानत | |
| ९ | पर्यटक सूचना केन्द्र व्यासीको भवनमा शौचालयमा ढोका मर्मत उपशाखाको वेल्दिङ उपकरण, मञ्चको सिंढी मर्मत कार्य | २ | मर्मत | ३९,०६०।६५ | | | २७,५७४।३० | २७,५७४।३० | ३६,५३१।२० | सम्पन्न | अमानत | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | खोन्हैं मसान डिपमा मर्मत कार्य | ७ | मर्मत | ४१,२८३।५४ | | | ४०,०००।०० | ४०,०००।०० | ४१,२८३।५४ | सम्पन्न | आशिष ध्वजु (अमानत) | ज्याला मात्रै खर्च भएको |
| ११ | थप सीसीटीभी सर्भिलेन्स प्रणाली जडान कार्य, ब्यासी नपा भवनमा | २ | मर्मत | ८४,५६९।९६ | | | ८०,०६०।०० | ८०,०६०।०० | ८३,९७९।०० | सम्पन्न | अमानत | |
| १२ | भनपाका विभिन्न स्थानहरूमा विद्युतीय मर्मत तथा सडक बत्ती जडान तथा मर्मत | १-१० | मर्मत | २७०,९६५।५८ | | | ३९,०००।०० (ज्याला मात्र) | ३९,०००।०० (ज्याला मात्र) | २४६,५८१।९३ | सम्पन्न | अमानत (जय राम प्रजापति) | सामान सम्बन्धित वडाबाट प्राप्त भएकोले रू. ३९,२००। – ज्यालामात्र भुक्तानी गर्ने |
| १३ | बेखाल कभर्ड हल निर्माण (तेस्रो चरण) (ठेक्का नं. bktmun/NCB/works/02/080/81 | १० | योजनाको बाकी भुक्तानी | ल.ई. १,६३,८१,०४४।७८ | कबोल अङ्क ९४,६३,४७५।७१ | पहिलो रनिङ्ग बिल | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | ६,९२८,९२९।३० | सम्पन्न | Samaj Sewa Construction, Gatthaghar, Bhaktapur | |
| | | | | | | दोस्रो रनिङ्ग बिल | १,९५८,४८८।२० | १,९५८,४८८।२० | १,९५८,४८८।२० | | | |
| | | | | | | अन्तिम रनिङ्ग बिल | १००,४१७।०८ | १००,४१७।०८ | १००,४१७।०८ | | | |
| | | | | | | जम्मा | ८,९८७,८३४।५८ | ८,९८७,८३४।५८ | ८,९८७,८३४।५८ | | | |
| ङ)रकमान्तरण सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तापालाछी फल्चा मर्मत कार्यबाट इतापाके पाटी पुन:निर्माण कार्यमा रकमान्तरण | २ | नपा | इतापाके पाटी पुन:निर्माण कार्यको ल.ई. रू १४,६२,७७९।२९ | | | तापालाछी फल्चा मर्मत कार्यका लागि रू. १५,००,०००।०० र इतापाके पाटी पुन:निर्माण कार्यका लागि रू. ५,००,०००।०० विनियोजन भएकोमा हाल तापालाछी फल्चा मर्मत कार्य सम्पन्न भइसकेको र सो योजनामा रू ११,००,०००।०० जगेडा भएकोले सो रकम इतापाके पाटी पुन:निर्माण शीर्षकमा रकमान्तरण गर्ने निर्णय गरियो । | | | | | |

## आर्थिक समिति

मिति २०८१।९।२२ गते

१. **यस न.पा.बाट युवा उद्यमशील ऋण दिन प्रकाशित सूचनाअनुसार पर्न आएका तपसिलअनुसारका युवाहरूलाई अन्तर्वार्ता लिई ऋण दिने निर्णय गरियो ।**

**तपसिल**

| क्र.सं. | नाम थर | वडा नं. | व्यवसायको किसिम | ऋण माग रकम |
|---|---|---|---|---|
| १ | सजना सुवाल | ५ | विद्युतीय सामान मर्मत | ५,००,०००। |
| २ | जगतेश्वरी खर्बुजा | २ | मिठाइ पसल | ५,००,०००। |
| ३ | सुचिता ध्वजू | ८ | तयारी पोशाक | ३,००,०००। |
| ४ | रेणु शिन्ताकल | १ | सिलाइ | ३,००,०००। |
| ५ | गोपाल किसि | ८ | कम्प्युटर ट्रेनिङ्ग | ५,००,०००। |
| ६ | नारायणसुन्दर वोयजु | २ | फर्निचर वर्कशप | ३,००,०००। |
| ७ | सविता डंगोल | २ | दही पसल | ५,००,०००। |

**२. यस अघिको सूचनामा बहालमा नलागेका यस नगरपालिकाको स्वामित्वमा रहेका तपसिलका पसल कवल तथा शौचालयहरू बहालमा दिन पुनः सूचना प्रकाशिन गर्न निर्णय गरियो ।**

**तपसिल**

क. राममन्दिर पर्यटन शौचालय मुनिको पसल नं.१ न्यूनतम बहाल रू. १०६२५।००
ख. वाकुपति नारायण Bkld पसल नं. १ न्यूनतम बहाल रू. ६००००।
ग. भार्वाचोस्थित सार्वजनिक शौचालय न्यूनतम बहाल रू. ५६३७७।
घ. दत्तात्रयस्थित सार्वजनिक शौचालय न्यूनतम बहाल रू. ३६०००।

**क. अरनिको सभा भवन निर्माण आयोजनाको देहायबमोजिम निर्माण समिति, प्राविधिक समिति र मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो–**

**अरनिको सभा भवन निर्माण समिति**

संयोजक : श्री सुनिल प्रजापति, प्रमुख भ.न.पा.
सदस्य : श्री रजनी जोशी, उपप्रमुख, भनपा
सदस्य : श्री उकेश कवां, वडाध्यक्ष भनपा ७
सदस्य : श्री रवीन्द्र ज्याख्व, वडाध्यक्ष भनपा ९
सदस्य : श्री हरिराम सुवाल, वडाध्यक्ष भनपा ६
सदस्य : श्री वसन्त भट्टराई, प्रमुख प्रशासकीय अधिकृत, भनपा
सदस्य : इन्जिनियर श्री सुनिल दुवाल, प्राविधिक समिति सयोजक
सदस्य : आर्किटेक्ट श्री सरोज वैद्य
सदस्य : श्री दामोदर सुवाल, प्रशासन शाखा प्रमुख, भनपा
सदस्य : श्री दिलभक्त जयना, योजना शाखा भनपा
सदस्य : श्री रामसुन्दर सुजखु, लेखा शाखा प्रमुख, भनपा
सदस्य : श्री रोशना न्याईच्याई, जिन्सी शाखा प्रमुख, भनपा
सदस्य सचिवः श्री विजयराम कोजु

ख. अरनिको सभा भवन निर्माण आयोजनाको देहायबमोजिम मूल्याङ्कन, प्राविधिक समिति गठन गर्ने निर्णय गरियो–

**अरनिको सभा भवन मूल्याङ्कन समिति**

संयोजक : श्री विजयराम कोजु आयोजना प्रमुख, अरनिको सभा भवन निर्माण आयोजना
सदस्य : श्री सुनिल दुवाल, अरनिको सभा भवन निर्माण आयोजनाको प्राविधिक समिति संयोजक
सदस्य : श्री गणेशलाल फोजु, मुद्दा शाखा प्रमुख
सदस्य : श्री दिलभक्त जयना, योजना तथा प्राविधिक शाखा प्रमुख
सदस्य : श्री दामोदर सुवाल, प्रशासन शाखा प्रमुख
सदस्य : श्री रामसुन्दर सुजखु, आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य : श्री रोशन न्याईच्याई, जिन्सी शाखा प्रमुख

ग. भक्तपुर नगरपालिकाबाट सञ्चालित अरनिको सभा भवन निर्माण आयोजनाको लागि देहायबमोजिमको प्राविधिक समिति गठन गर्ने निर्णय गरियो–

**अरनिको सभा भवन निर्माण प्राविधिक समिति**

१. संयोजक : ई. श्री सुनिल दुवाल
२. सदस्य : ई. श्री सुजन माक
३. सदस्य : ई. श्री राजेन्द्र हाडा
४. सदस्य : आ. श्री सरोज वैद्य
५. सदस्य : आ. श्री रामगोविन्द श्रेष्ठ
६. सदस्य : आ. श्री दिलभक्त जयना
७. सदस्य सचिव : ई श्री विजयराम कोजु

घ. उक्त आयोजनाको छुट्टै बैङ्क खाता खोल्ने र खाता सञ्चालन (चेक) आयोजना प्रमुख विजयराम कोजु र भ.न.पा. लेखा शाखा प्रमुख रामसुन्दर सुजखुको संयुक्त नाममा खाता खोल्ने र लेखा प्रमुख रामसुन्दर सुजखुको दस्तखत अनिवार्य हुनुपर्ने निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. इन्द्रजात्राको दिन भक्तपुर नगरपालिका वडा नं. १ मा रहेको ऐतिहासिक सिद्ध पोखरीमा दीपावली कार्यक्रम गर्दा लागेको खर्च रु.२९५४०।– (अक्षरेपी उनान्तीस हजार पाँच सय चालिस रूपैयाँ) वडा सदस्य कल्पना शिल्पकारलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. यस भक्तपुर नगरपालिकाको सफाइ मजदुर पदमा नियुक्त भई करार सेवामा कार्य गर्दै आइरहेका कर्मचारी नविना द्योला मिति २०८१।०८।१३ का दिन दुर्घटनामा परी निधन भएको हुँदा यस नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा रकम नविना द्योलाको जेठा छोरा नविन द्योलालाई भुक्तानी दिने निर्णय गरियो ।

ग. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८१ कार्तिक ९ देखि १३ गतेसम्म भएको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको लागि आवश्यक व्यवस्था गर्न भ.न.पा. १ नं. वडाका वडाध्यक्ष श्यामकृष्ण खत्रीलाई रु १५,००,०००।– पेस्की दिएकोमा जम्मा खर्च १४,७४,७०९।– समर्थनका साथै बाँकी रकम बैङ्क दाखिला गराई निजको नाममा रहेको पेस्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

घ. २०८१ साल विजया दशमीको उपलक्ष्यमा सवारी साधनलगायत उपकरणहरू पुजा र शुभकामना आदान प्रदान कार्यक्रमका लागि आवश्यक व्यवस्था गर्न स्यानिटेसन शाखा प्रमुख दिलिपकुमार सुवाललाई रु १,३०,०००। पेस्की लिएकोमा जम्मा खर्च रु १,४०,७९३। समर्थनका साथै नपुग रकम भुक्तानी गरी निजको नाममा रहेको पेस्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर महोत्सव २०८१ अन्तर्गत सञ्चालन भएको बालमैत्री मेला र व्यवस्थापनका लागि का.पा.स श्री रोशनमैँया सुवालले रु २,००,०००।– पेस्की लिएकोमा जम्मा खर्च रु १,७८,६१७। समर्थनका साथै बाँकी रकम दाखिला गराई निजको नाममा रहेको पेस्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

## तस्बिरमा केही गतिविधि




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें को प्रमुख आतिथ्यमा सम्पन्न कानुन अध्ययन समाजको तेस्रो राष्ट्रिय भेला (फागुन १४ गते)



अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुर नपाका अवकाश प्राप्त कर्मचारीहरूलाई कदरपत्र प्रदान तथा मार्ग निर्देशन कार्यक्रम (माघ २५ गते)



ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीहरूको भेला (फागुन १३ गते)




ख्वप इन्जिनियरिङ कलेजमा कर्मचारी भेला (फागुन १४ गते)

## तस्बिरमा केही गतिविधि



स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' परिमार्जनको लागि आयोजित परामर्श तथा कार्यशाला गोष्ठी (फागुन १२ गते)



नेपाल कर्मचारी समाज केन्द्रीय समितिको प्रकाशन 'सन्देश' बुलेटिन वर्ष ५, अङ्क ५ को सार्वजनिकीकरण कार्यक्रम (फागुन १३ गते)



भक्तपुर नगरपालिकामा राष्ट्रपति रनिङ शिल्डको उद्घाटन कार्यक्रम (फागुन ६ गते)



२०४६ सालको ऐतिहासिक जनआन्दोलनको प्रातःस्मरणीय वीर सहिदहरूको सम्मानमा आयोजित ३६ औं सहिद दिवस कार्यक्रम (फागुन ८ गते)

**नेपाल मजदुर किसान पार्टीको आठौं महाधिवेशनको अवसरमा भएका गतिविधिको केही झलकहरू**











नेपाल मजदुर किसान पार्टीको आठौं महाधिवेशनको अवसरमा भएका गतिविधिको केही झलकहरू










भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## जगातीमा साबिककै स्थानमा बस स्टप थप गर्ने सहमति



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको उपस्थितिमा सरोकारवालाहरूको बैठकले सूर्यविनायक धुलिखेल सडक विस्तार आयोजनाअन्तर्गत जगाती क्षेत्रमा साबिककै स्थानमा बस स्टप थप गर्ने निर्णय माघ २१ गते गरेको थियो ।

जगाती बसस्टप सम्बन्धमा बसेको बैठकले सूर्यविनायक धुलिखेल सडक विस्तार आयोजनाअन्तर्गत जगाती क्षेत्रमा सडकको डीपीआरमा साबिकको भन्दा फरक स्थानमा बस स्टप प्रस्ताव गरिएकोमा गुनासोपछि उक्त निर्णय भएको हो । स्थानीयवासीहरूको मागबमोजिम साबिकको स्थानमा बस स्टप थप गर्ने बैठकले निर्णय गरेको हो । यसको लागि भक्तपुर नगरपालिकाले पटक पटक सरोकारवालाहरूको बैठक राखी समन्वय गर्ने प्रयास गर्दै आएको थियो ।

भनपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँको संयोजकत्वमा गठित आदर्श चोक निर्माण सम्भाव्यता अध्ययन कार्यदलको बैठकले बस स्टप थप गर्नेसम्बन्धी निर्णय गरेको हो । बैठकमा भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, भनपा ४ का वडाध्यक्ष उपेन्द्र सुवाल, भनपा ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजू, भनपाका इन्जिनियर दिलभक्त जयना, आयोजनाका सी.डी.ई. सजना अधिकारी, इन्जिनियर विवेक पाण्डे, स्थानीय सरोकारवालाहरू मणिरत्न बज्राचार्य, सीताराम खाइजु, कृष्णभक्त कवां, राजकुमार बनमाला, श्रीजन खागी, कृष्णलाल किसीलगायतको उपस्थिति थियो ।

## ४ महिने आधारभूत पाक शिक्षा र एड्भान्स सिलाइ तालिमको समापन तथा प्रमाणपत्र वितरण




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद **प्रेम सुवाल**को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित युवा लक्षित चारमहिने आधारभूत पाक शिक्षा र एड्भान्स सिलाइ तालिमको समापन तथा प्रमाणपत्र वितरण माघ ३० गते एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा सांसद सुवालले सिलाइ व्यवसाय आफैमा एउटा महत्त्वपूर्ण पेसा भएको उल्लेख गर्दै सबै पेसा व्यवसाय सम्मानजनक भएको बताउनुभयो । सन्तुलित भोजन पनि निरोगी हुने आधार भएको बताउँदै उहाँले पाक शिक्षाले सन्तुलित भोजन गर्न सिकाउने सीप हो भन्नुभयो ।

बदलिँदो जीवनशैलीसँगै नसर्ने रोगको जोखिम पनि बढ्दै गएको तर्फ सचेत हुनुपर्ने बताउँदै सांसद सुवालले नयाँ पुस्तालाई राम्रो अध्ययन गर्न, सीप सिक्न, सामाजिक गतिविधिमा क्रियाशील हुन सिकाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सानै उमेरदेखि बालबालिकाहरूलाई परम्परागत सीप प्रदान गर्न सके उनीहरूको भविष्य उज्ज्वल हुने उल्लेख गर्दै युवाहरूलाई मद्यपान र धूमपानबाट टाढा राख्नुपर्ने बताउनुभयो ।

बदलिँदो समयसँगै पेसा व्यवसायहरू पनि परिष्कृत हुँदै गएको छ भन्दै उहाँले विद्यार्थीहरूलाई सानो उमेरदेखि चित्रकला, कलाकारितातर्फ लाग्न प्रेरित गर्नु अभिभावक तथा शिक्षकको दायित्व भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले युवा विद्यार्थीहरूलाई विश्वविद्यालयको प्रमाणपत्रसँगै हातमा कुनै एउटा सीप प्रदान गर्ने उद्देश्यले सीपमूलक तालिम सञ्चालनलाई निरन्तरता दिँदै आएको स्पष्ट पार्दै तालिमबाट प्राप्त ज्ञान र सीपले युवालाई आत्मनिर्भर बनाउन मद्दत पुऱ्याउने बताउनुभयो ।

आफूले प्राप्त ज्ञान र सीपमा दक्षता हासिल गरी व्यवसायतर्फ लाग्नुपर्नेमा जोड दिँदै उहाँले आफूसँग भएको सीपलाई परिष्कृत गर्न अध्ययनमा जोड दिनुपर्ने बताउनुभयो।

युवाहरूले समाज निर्माणमा पनि विशेष योगदान पुऱ्याउनेतर्फ ध्यान दिनुपर्ने बताउँदै उहाँले युवाहरूमा स्वयम्सेवाको भावना आवश्यक भएको र आजको प्रशिक्षार्थी भविष्यका कुशल प्रशिक्षक पनि हुने हुँदा राम्रोसँग ज्ञान हासिल गर्न प्रेरित गर्नुभयो।

उपप्रमुख **रजनी जोशी**ले युवाहरूलाई स्वदेशमै रोजगारी सुनिश्चितताको लागि सीपमूलक तालिमलाई भक्तपुर नपाले निरन्तरता दिँदै आएको उल्लेख गर्दै सम्पदा संरक्षण गरी नयाँ पुस्ताको पनि सेवा गर्दै आएको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले चुनावी घोषणापत्रअनुसार भक्तपुर नपाले काम गरिरहेको उल्लेख गर्दै युवाहरूलाई हातमा सीप दिएर स्वरोजगार र आत्मनिर्भर बनाउन सीपमूलक तालिम सञ्चालनमा जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रमका सभापति महिला, बालबालिका तथा समाज कल्याण शाखाका संयोजक **रोशनमैंया सुवाल**ले 'एक व्यक्ति एक सीप' को उद्देश्यले भक्तपुर नपाले तालिम सञ्चालन गरेको बताउँदै प्रशिक्षार्थीहरूले व्यवसायी, उद्यमीको रूपमा विकास हुने प्रयास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने कार्यपालिका सदस्य **छोरीमैंया सुजख**, महिला सदस्य **सुमित्रा बोहजु**, तालिमका प्रशिक्षक **सुनिल सुवाल** र एड्भान्स सिलाइका प्रशिक्षार्थी **सरिना प्रजापति**ले पनि बोल्नुभएको थियो।



कार्यक्रमका प्रमुख अतिथि सुवालले तालिमका प्रशिक्षक र प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

## भक्तपुर नगरपालिकामा राष्ट्रिय परिचयपत्र वितरण सुरु



भक्तपुर नगरपालिकाले फागुन १ गतेबाट राष्ट्रिय परिचयपत्र वितरण सुरु गरेको छ। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई सबैभन्दा पहिलो राष्ट्रिय परिचय पत्र प्रदान गरेर परिचयपत्र वितरणको शुभारम्भ भयो।

राष्ट्रिय परिचयपत्र लिन आउँदा सेवाग्राहीले फोटो खिचाउँदा प्राप्त गरेको आवेदन रुजु फाराम (कन्फरमेसन पेज) अथवा मोबाइलमा आएको एस.एम.एस. का साथै आफ्नो परिचय खुल्ने कागजात साथमा ल्याउनुपर्नेछ। ज्येष्ठ नागरिकको हकमा माथि उल्लिखित कागजातका साथै निजको संरक्षक अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ।

राष्ट्रिय परिचयपत्र भक्तपुर नपा वडा नं. २ स्थित भक्तपुर नपा कार्यालयको राष्ट्रिय परिचयपत्र वितरण कक्षबाट सार्वजनिक बिदामा बाहेक कार्यालय समयभित्र नियमित रूपमा वितरण गरिनेछ।

## सल्लाघारीस्थित १०८ रोपनी परिसरमा सरसफाइ




भक्तपुर नगरपालिकाको पाक्षिक सरसफाइ कार्यक्रम अन्तर्गत भनपा १ स्थित १०८ रोपनी परिसरमा सरसफाइ कार्यक्रम फागुन १ गते सम्पन्न भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल

प्रजापतिले नेपाल ट्रस्टसँगको समन्वयमा १०८ रोपनी परिसरमा पर्खाल लगाएको जानकारी दिँदै सो जग्गामा विश्वविद्यालयको स्थापनाका लागि भक्तपुर नगरपालिकाले अनुरोध गर्दै आइरहेको बताउनुभयो ।

सरसफाइ गर्नु सबैको कर्तव्य रहेको उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले सार्वजनिक जग्गा संरक्षण गर्दै आइरहेको बताउनुभयो ।

भक्तपुरका स्थानीयवासीको जग्गा भएकोले स्थानीयकै हितको निम्ति सो जग्गा उपभोग गर्न पाउनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले सरसफाइ अभियानको रूपमा २०७४ सालदेखि नै प्रत्येक महिनाको १ र १५ गते नगरका विभिन्न ठाउँहरूको पाक्षिक सरसफाइ कार्यक्रम आयोजना गर्दै आएको जानकारी दिनुभयो ।



सरसफाइ कार्यक्रममा जनप्रतिनिधिहरू, कर्मचारीहरू, नगर प्रहरीहरू, विद्यालयका विद्यार्थीहरू र स्थानीय जनताको उत्साहजनक सहभागिता थियो ।

## छिकोङ खेलको प्रशिक्षक प्रशिक्षण तालिमको प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छिकोङ खेलको आधारभूत प्रशिक्षक प्रशिक्षण तालिमको प्रमाणपत्र वितरण कार्यक्रम फागुन ५ गते भयो ।

## भक्तपुर नगरपालिकामा राष्ट्रपति रनिङ शिल्डको उद्घाटन



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको आयोजनामा फागुन ६, ७ र ८ गते भक्तपुर नगर क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूका विद्यार्थीहरूबिच हुने नगरस्तरीय राष्ट्रपति रनिङ शिल्डको छनोट प्रतियोगिता २०८१ को फागुन ६ गते एक कार्यक्रमबिच उद्घाटन गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यालयस्तरमा रहेका प्रतिभालाई खेलमार्फत छनोट गरी उत्कृष्ट खेलाडीहरूलाई जिल्लामा सहभागिता गराउने अवसर राष्ट्रपति रनिङ शिल्डले प्रदान गरिने बताउँदै खेलाडीहरूले अनुशासित भएर प्रतियोगितामा सहभागिता जनाउन आग्रह गर्नुभयो ।

प्रमुख प्रजापतिले खेल मानव जीवनको एक महत्त्वपूर्ण अङ्ग भएको उल्लेख गर्दै खेलकुदको माध्यमबाट नेपाल विश्वसँग जोडिने र देशको गौरव बढाउने हुँदा राज्य गम्भीर बनेर खेलकुदको विकासतर्फ अगाडि बढ्न आवश्यक भएको बताउनुभयो ।

देशको राजनीति अनुशासनभन्दा बाहिर गइरहेको औँल्याउँदै उहाँले राजनीति गर्नेहरूले संविधान र कानुनअनुसार काम नगर्दा देशमा बेथिति बढेको बताउनुभयो ।



खेलाडीहरू आफ्नो व्यक्तिगत भविष्यप्रति सचेत हुँदा विदेश पलायन हुने प्रवृत्ति धेरै बढिरहेको चर्चा गर्दै उहाँले खेलाडी विदेसिँदा देशलाई ठूलो नोक्सानी पुग्ने बताउनुभयो ।

उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र खेलकुदलाई नागरिकहरूको अभिन्न अङ्गको रूपमा विकास गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै खेलकुद क्षेत्रलाई प्राथमिकता दिएकै कारण जिल्लास्तरीय र राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा भक्तपुरको जित सुनिश्चित भएको बताउनुभयो । उहाँले खेलकुद शारीरिक र मानसिक स्वास्थ्यसँग पनि सम्बन्धित विषय भएको स्पष्ट पार्दै खेलकुदबाट नागरिक शिक्षा प्रदान गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् युवा तथा खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत भलिबल, कबड्डी, तेक्वान्डो, उसु र एथ्लेटिक्स छात्र तथा छात्रा गरी विभिन्न ६ वटा खेलकुद विधामा प्रतियोगिता हुने जानकारी दिँदै खेलाडीहरूले खेल क्षेत्रबाट भक्तपुरको ख्याति बढाउने ढङ्गले प्रतियोगितामा सहभागिता जनाउन आग्रह गर्नुभयो ।



भक्तपुर जिल्ला खेलकुद विकास समितिका प्रतिनिधि कृष्ण खनालले समितिको जिल्लास्तरीय खेलकुद प्रतियोगिता गर्ने निर्णय कार्यान्वयनस्वरूप भक्तपुर जिल्लाका चारओटै नगरपालिकाहरूमा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता क्रमशः सञ्चालन भइरहेको र तत्पश्चात् जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता आयोजना हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा खेलकुद समितिका सदस्यद्वय **रञ्जना त्वाती** र **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले खेलकुद सामग्री हस्तान्तरण गरी प्रतियोगिताको शुभारम्भ गर्नुभयो ।

## तेक्वान्डो प्रतियोगिताको नतिजा



राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत फागुन ६ गते भएको तेक्वान्डो खेलमा ४२ केजी महिलामा वागीश्वरीका **जिया लाखाजु** प्रथम, सैनिक आवासीय महाविद्यालयका **नोभा राई** द्वितीय भएका थिए ।

महिला ४९ केजीमा सैनिक स्कूलका **आकृति मगर** प्रथम भएका थिए । त्यस्तै महिला ५२ केजीमा सैनिक स्कूलका **पुनम लामा** प्रथम भएका थिए ।

तेक्वान्डोको पुम्सेतर्फ सैनिक स्कूलका **सेलिना तामाङ** प्रथम, अक्सफोर्ड स्कूलका **रोजिना तामाङ** द्वितीय, प्रोक्सिमा स्कूलका **कृतिका द्योला** र ग्लिटर फ्युचरका **अमृता तामाङ** तृतीय भएका थिए ।

पुरुष पुम्सेतर्फ सैनिक स्कूलका **लोभ्सन थापा** प्रथम, वागीश्वरीका **सबल श्रेष्ठ** द्वितीय, बाल विकासका **जेनिस राजबाहक** तृतीय र ग्लोबल लाइफ स्कूलका **नवीन सुवेदी** तृतीय भएका थिए ।

तेक्वान्डो ४८ केजीतर्फ शारदा माविका **पासाङ तामाङ** प्रथम, श्री पद्म स्कूलका **सुरज पण्डित** द्वितीय भएका थिए ।

तेक्वान्डो ५१ केजीतर्फ शारदा माविका **निमा रुम्बा** प्रथम, लनर्सका **असीम मोक्तान** द्वितीय भएका थिए ।

त्यस्तै ५५ केजीतर्फ सैनिक स्कूलका **लवाङ लामा** प्रथम, वागीश्वरीका **आयुष दोङ** द्वितीय भएका थिए ।

४५ केजीतर्फ वागीश्वरीका **विराज वि.क.** प्रथम, सैनिक स्कूलका **अर्पण चन्द** द्वितीय भएका थिए ।

## कराँते प्रतियोगिताको नतिजा

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत फागुन ६ गते भएको कराँते खेलमा कुमिते पुरुषतर्फ ४२ केजीमा आदर्श आजादका सुमन सुवेदी प्रथम, ५२ केजीमा वागीश्वरीका विमलकुमार थापा प्रथम, ५७ केजीतर्फ वागीश्वरी माविका युनिक ध्वज प्रथम र पुरुष कातातर्फ गोल्डेन गेटका रिशिक

सुवाल प्रथम भएका थिए ।

कुमिते महिलातर्फ ४० केजीमा वागीश्वरी माविका **पूर्णिमा खत्री** प्रथम, ४५ केजीमा क्रियटिभ स्कूलका **सारिका उप्रेती** प्रथम, ५० केजीअन्तर्गत विद्यार्थी निकेतनका **हसिका श्रेष्ठ** प्रथम, ५५ केजीमा रोम्बर स्कूलका **कृतिका राई** प्रथम र कातातर्फ माउन्ट भ्यालीका **सुजिता तामाङ** प्रथम भएका थिए ।



राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गत भएको कराँते खेलमा कुमिते पुरुषतर्फ ४२ केजीमा आदर्श आजादका **सुमन सुवेदी** प्रथम, ५२ केजीमा वागीश्वरीका **विमलकुमार थापा** प्रथम, ५७ केजीतर्फ वागीश्वरी माविका **युनिक ध्वज** प्रथम र पुरुष कातातर्फ गोल्डेन गेटका **रिशिक सुवाल** प्रथम भएका थिए ।

कुमिते महिलातर्फ ४० केजीमा वागीश्वरी माविका **पूर्णिमा खत्री** प्रथम, ४५ केजीमा क्रियटिभ स्कूलका **सारिका उप्रेती** प्रथम, ५० केजीअन्तर्गत विद्यार्थी निकेतनका **हसिका श्रेष्ठ** प्रथम, ५५ केजीमा रोम्बर स्कूलका **कृतिका राई** प्रथम र कातातर्फ माउन्ट भ्यालीका **सुजिता तामाङ** प्रथम भएका थिए ।

## राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताअन्तर्गतको भलिबल खेल



## नगर प्रमुख प्रजापतिद्वारा इतापाके फल्चा शिलान्यास



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. २ देको मिवा इतापाके आवास योजनामा अवस्थित इतापाके फल्चा (पाटी) को फागुन ८ गते एक कार्यक्रमबिच शिलान्यास गर्नुभयो ।

कार्यक्रममा उहाँले फल्चा पुनःनिर्माण कार्य निर्धारित समयमै गुणस्तरीय ढङ्गले सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

ठेकेदारले सम्पदाको ऐतिहासिक र सांस्कृतिक महत्त्वबारे मतलब नगर्ने हुँदा भक्तपुर नपाले यहाँका अधिकांश सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार जनताको साथ र सहयोगमा उपभोक्ता समितिमार्फत गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले उपभोक्ता समितिमार्फत काम गर्दा सबैभन्दा ठूलो फाइदा भनेको स्थानीयमा सम्पदाप्रति हुने अपनत्वको भाव विकास हुनु हो भन्दै उहाँले आफूले बनाएको काम जसरी पनि राम्रो बनाउनुपर्छ भन्ने मान्यताले स्थानीय जनताले काम गर्छन् भन्नुभयो ।

ठेक्काको काम कस्तो हुन्छ भनी बुझ्न अहिले पुरातत्त्व विभागले ठेक्कामा दिएको भक्तपुर दरबार क्षेत्रमा निर्माणाधीन पशुपति मन्दिरको काम हेरे पुग्छ भन्दै उहाँले विश्व सम्पदामा



सूचिकृत ठाउँमा प्राचीन स्मारक संरक्षण ऐनविपरीतका कार्यहरू भइरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले लामो समयदेखि जीर्ण अवस्थामा रहेको देको मिवा इतापाके आवास योजनामा अवस्थित इतापाके फल्चा पुनःनिर्माण कार्य शुभारम्भ हुनु आफैमा सकारात्मक पक्ष भएको बताउनुभयो ।

भक्तपुर नपाले व्यवस्थित सहर विकासको लागि आवास योजना सञ्चालन गरिएको उल्लेख गर्दै उहाँले आयोजनाको काम करिब अन्तिम चरणमा पुगेको बताउनुभयो ।



इतापाके फल्चा पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष शारदाभक्त वैद्यले इतापाके फल्चा १०० वर्ष पुरानो देखिन आएको बताउँदै फल्चा पुनःनिर्माण स्थानीय जनताको आर्थिक, भौतिक र नैतिक सहयोगमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय सूर्यनारायण फाँजूले भक्तपुरका मूर्त अमूर्त सम्पदा संरक्षणले विदेशी पर्यटकहरूको आकर्षण झन् धेरै बढिरहेको उल्लेख गर्दै पर्यटकहरूबाट उठ्ने पर्यटन शुल्कबाट भक्तपुरको विकास निर्माणमा खर्च भइरहेको सकारात्मक पक्ष भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका सम्पदा शाखा प्रमुख रामगोविन्द श्रेष्ठले इतापाके फल्चाको ऐतिहासिक महत्त्वमाथि प्रकाश पार्नुभयो भने भक्तपुर नपा वडा नं. २ का वडा सदस्य मन्जुमैयाँ लाखाजुले पनि बोल्नुभएको थियो ।

## राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता समापन तथा पुरस्कार वितरण

भक्तपुर नगरपालिकाको आयोजनामा भएको राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता - २०८१ को छनोट प्रतियोगिताको समापन तथा पुरस्कार वितरण कार्यक्रम फागुन ९ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल




प्रजापतिले विजयी खेलाडीहरूलाई बधाई दिनुभयो ।

खेलकुदमा सरकारले पर्याप्त बजेट विनियोजन नगरेको अवस्थामा भक्तपुर नगरपालिकाले आफ्नै स्रोतमा प्रत्येक वर्ष अन्तर नगर खेलकुद प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगिता गर्दै आइरहेको बताउनुभयो ।

खेलकुदमा प्रशिक्षक र पूर्वाधारको विकास भएमा खेलाडीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्षम हुने चर्चा गर्दै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य र पर्यटन तथा सम्पदा संरक्षणमा नमुना कार्य गरेजस्तै खेलकुदलाई पनि प्राथमिकता दिँदै आइरहेको बताउनुभयो ।

उहाँले खेलकुदमा अनुशासनको महत्त्व रहेकोले व्यवस्थित भएर खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजु थापाले भक्तपुर नगरपालिकाले विकास निर्माणमा मात्र नभई खेलकुद क्षेत्रमा पनि विशेष योगदान पुऱ्याएको काम प्रशंसनीय रहेको बताउनुभयो । भक्तपुरलाई खेलकुदमय बनाउन भक्तपुर नपाको खेलकुद समिति क्रियाशील रहेको उहाँले बताउनुभयो ।



खेलकुद समितिका संयोजक एवं भनपा १ का वडा अध्यक्ष श्यामकृष्ण खत्रीले भनपाले विद्यार्थीहरूलाई खेलमा आकर्षित गर्न विभिन्न खेलकुद गतिविधि र तालिम सञ्चालन गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा खेलकुद समितिका सदस्य तथा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ८ का वडा सदस्य

रामसुन्दर बासीले पनि बोल्नुभएको थियो । भक्तपुर नगरपालिकाको आयोजनामा भएको राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता – २०८१ को छनोट प्रतियोगिताका ४२० जना विजयी खेलाडीहरूलाई मेडल र प्रमाणपत्रसहित पुरस्कृत गरिएको थियो ।

## जथाभावी सहिद घोषणा गर्दा वास्तविक सहिदको अवमूल्यन




भक्तपुर नगरपालिका वडा नं. ७ को कार्यालयले ऐतिहासिक जनआन्दोलन २०४६ मा वीरगति प्राप्त गर्ने सहिदहरूको सम्झनामा फागुन ८ गते सहिद दिवस कार्यक्रम गऱ्यो ।

कार्यक्रममा भनपाका प्रमुख सुनिल प्रजापतिले विभिन्न राजनैतिक दलहरूले शक्तिको आधारमा जथाभावी सहिद घोषणा गर्दा वास्तविक सहिदको अवमूल्यन भएका धेरै उदाहरणहरू छन् भन्नुभयो । भक्तपुरमा जस्तै सबैले राम्रोसँग काम गरेको भए देश स्वाभाविक रूपमा विकास हुने अभिव्यक्ति दिन थालेको चर्चा गर्दै उहाँले अन्न निर्यात गर्ने देश अब हरेक खानेकुरा आयात गर्नुपर्ने अवस्थामा पुगेको छ भन्नुभयो ।

देशमै रोजगारीको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै उहाँले शासक दलहरूले युवाहरूलाई विदेश जान बाध्य पारेर देश कसरी विकास हुन्छ भनी प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "सबैलाई निःशुल्क शिक्षा, स्वास्थ्य सुविधा र सुनिश्चित रोजगारीको व्यवस्था नै सहिदहरूको वास्तविक सपना हो । सहिदको सपना पूरा गराउन जनताले जिताएर पठाएका शासक दलका नेताहरू सिंहदरबार पुगेपछि सत्ताको लोभमा डुब्दा देश रसातलमा परेको हो । सहिदहरूको सपना साकार पार्न नै विद्यालय, अस्पताल खोल्यौँ, विश्वविद्यालयको स्वीकृति माग्यौँ ।"

कार्यक्रमका सभापति एवं भनपा ७ नं. वडाका वडाध्यक्ष उकेश कवांले हरेक शासकले जनतालाई दुःख




दिएको पाइन्छ भन्नुभयो । जनविरोधी शासक दल र सरकारहरूले ८० लाख युवालाई विदेशमा पठाएकै कारण हामीले विदेशबाट अन्न आयात गर्न बाध्य भएको उल्लेख गर्दै उहाँले राजनीतिक परिवर्तनसँगै शैक्षिक, आर्थिक परिवर्तन पनि हुने भएकोले मजदुर र किसानको हक अधिकार स्थापित गर्नको लागि सबैले सङ्घर्ष गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो ।

कार्यक्रममा स्थानीय बलराम गोसाईले आन्दोलनको विषयमा नयाँ पुस्तालाई विभिन्न माध्यमबाट बोध गराउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनका घाइते योद्धा राजेन्द्र दुमरुले भक्तपुर काण्डमा भक्तपुरका जनता पञ्चायती दमनको भुक्तभोगी भएकाले पञ्चायतलाई ढाल्ने एकमनले जनता सडकमा उत्रेको कारण पञ्चायत धराशायी भएको स्मरण गर्नुभयो ।

सहिदहरूको तस्विरमा माल्यार्पण गरी सुरु भएको उक्त कार्यक्रममा वडा सदस्य हेरा ख्याजुले स्वागत मन्तव्य राख्नुका साथै वडा सदस्यहरू हरिरत्न गोर्खाली र रञ्जना त्वातीले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

### बसिबियाँलो (क) को उत्तर



# शैक्षिक गतिविधि

## माध्यमिक विद्यालयको विज्ञान विषयक अनुसन्धानको निष्कर्षको प्रस्तुति र छलफल



भक्तपुर नगरपालिका नगर शिक्षाको आयोजनामा माघ २७ गते विज्ञान विषयक अनुसन्धानको निष्कर्षको प्रस्तुति र छलफल कार्यक्रम सम्पन्न भयो। सम्पन्न अनुसन्धानको निष्कर्षका बारेमा आफ्नो अवधारणा राख्दै भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले हरेक अनुसन्धानले नयाँ तथ्यहरूको उजागर गर्ने हुँदा यस अनुसन्धानले पनि विज्ञान शिक्षणमा भक्तपुरका शिक्षकहरू पनि लाभान्वित हुने विश्वास व्यक्त गर्दै आजको समय पाठ्यपुस्तकमुखी अध्ययन र अध्यापनबाट फरक भई व्यवहारमुखी हुनुपर्ने बताउनुभयो।

त्रिभुवन विश्वविद्यालयको पहलमा बाथ विश्वविद्यालय (बेलायत) को सहकार्यमा विज्ञान विषयको 'वातावरणीय तथा ज्ञान मिमांशीय न्याय' विषयमा नेपालमा वातावरणीय न्याय विषयको अध्यापन कक्षा कोठामा कसरी र कुन विधिबाट गर्दा विद्यार्थीहरूले त्यसलाई आफ्नो दैनिक जीवन र व्यावहारिक अनुभवसँग तालमेल मिलाएर सिक्न सकिन्छ भन्नेबारेमा सो अनुसन्धान केन्द्रित थियो।

अनुसन्धानको निष्कर्षका बारेमा प्रस्तुति दिँदै अनुसन्धान टोलीका प्रमुख डा.**गणेशबहादुर सिं**ले रसुवा र भक्तपुर जिल्लामा केन्द्रित गरी गरिएको सो अनुसन्धानमा शिक्षकहरूको विज्ञान अध्यापनको प्रवृत्ति सकारात्मक रहेको भए तापनि अनुसन्धानले अझै प्रवचन विधि हावी भएको तथा प्रयोगात्मक कक्षा बढाउनुपर्ने, विद्यार्थीमुखी र छलफल विधिलाई प्राथमिकता दिनुपर्ने अनुसन्धानले औँल्याएको बताउनुभयो।

अनुसन्धान टोलीका सदस्यहरू एवं विभागका सहप्राध्यापक **मोहन पौडेल** र महेन्द्र रत्न क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कनका सहप्राध्यापक **आशिक सिं ठकुरी**ले वातावरणीय न्यायसँग सम्बन्धित पाठलाई अझ कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारेमा सहभागी शिक्षकहरूको बिचमा समूहगत छलफल गराउनुभयो।

एक दिवसीय कार्यक्रममा अनुसन्धाको सिलसिलामा तालिम पूर्व कक्षा अवलोकन, तालिम तथा तालिम पछिको कक्षा अवलोकनमा सहभागी विज्ञानका शिक्षकहरूबाहेक केही प्रधानाध्यापकहरू, नगर शिक्षाका पदाधिकारीहरू तथा नगरपालिका विद्यालय अनुगमन समितिका पदाधिकारीहरूको सहभागिता थियो।

## स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' परिमार्जनका लागि परामर्श तथा कार्यालय गोष्ठी




भक्तपुर नगरपालिकाको आयोजनामा स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' परिमार्जनको लागि उक्त विषय अध्ययन अध्यापन गराउने शिक्षक-शिक्षिकाहरूलाई परामर्श तथा कार्यालय गोष्ठी कार्यक्रमको आयोजना माघ २९ गते भयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आधारभूत तहका विद्यार्थीहरूको सोच र चिन्तन विकास हुने महत्त्वपूर्ण जग भएको उल्लेख गर्दै विद्यार्थीको सोचलाई परिष्कृत गर्ने दायित्व शिक्षकहरूको भएको बताउनुभयो।

भक्तपुर नपा स्थानीय पाठ्यक्रम लागु गर्ने स्थानीय तहमध्ये देशमै पहिलो रहेको बताउँदै प्रमुख प्रजापतिले भक्तपुरको पहिचानलाई कायम राख्दै स्थानीय ज्ञान, सीप र धारणालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न स्थानीय पाठ्यक्रमले सहयोग पुऱ्याएको विश्वास व्यक्त गर्नुभयो।

सन् २०२३ मा मात्र १ लाखभन्दा बढी विद्यार्थीहरू विदेश गएपछि यो वर्ष नेपालका ५०४ वटा कलेज बन्द हुने अवस्था निम्तिएको बताउँदै उहाँले नेपालका कलेजहरूप्रति विद्यार्थीहरूको विश्वास घट्दो क्रममा रहेको बताउनुभयो । सोही क्रममा कलेजहरूलाई विश्वासिलो र भरपर्दो बनाइराख्न शिक्षक प्राध्यापकहरूले थप मिहिनेत गर्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो ।



उच्च शिक्षालाई प्रभावकारी बनाउन प्रयोगात्मक शिक्षालाई बढी जोड दिनुपर्ने बताउँदै उहाँले विद्यार्थीलाई उनीहरूको आफ्नो योग्यता र क्षमताअनुसारको विषय पढ्न प्रेरित गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुरको स्थानीय पाठ्यक्रम देशमै चासो र खोजीको विषय भएको बताउँदै नयाँ पुस्तालाई भक्तपुरको मौलिकता, कला संस्कृति अध्ययन अध्यापन गराउने महत्त्वपूर्ण माध्यम स्थानीय पाठ्यक्रम भएको बताउनुभयो ।

## ख्वप मा.वि.मा पुरस्कार वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ख्वप मा.वि. को रजत जयन्ती, ख्वप कलेजको २३ औँ, शारदा क्याम्पस मा.वि. को १७ औँ र ख्वप कलेज अफ ल को दोस्रो वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित खेलकुद प्रतियोगिताको पुरस्कार फागुन ८ गते वितरण गर्नुहुँदै ।

## परामर्श तथा कार्यशाला गोष्ठी



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा जनप्रतिनिधिबिच स्थानीय पाठ्यक्रम ख्वपको पहिचान परिमार्जनको लागि आयोजित परामर्श तथा कार्यशाला गोष्ठी फागुन १२ गते सम्पन्न भयो ।

## ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका शिक्षक कर्मचारीहरूको भेला




ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका शिक्षक कर्मचारीहरूको भेला फागुन १४ गते भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले राजनीति इमानदारीपूर्वक देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र भएको बताउनुभयो । धनाढ्यहरूले आ–आफ्नो स्वार्थको लागि मूल्यवृद्धि गरी जनताको ढाड सेकाउने काम गरिरहेकाले त्यसको विरोध गर्नु सचेत बुद्धिजीवीहरूको कर्तव्य हो, उहाँले भन्नुभयो ।

धम्कीको अगाडि झुक्न नहुने बताउँदै उहाँले २००७ सालमा भारतको अगाडि राजा डराएकोले राणा प्रधानमन्त्री

बनेको र २०४६ सालमा कृष्णप्रसाद भट्टराईले भारत भ्रमण गरी नदीनाला भारतलाई दिने सम्झौता गरेको बताउनुभयो। माओवादीले नागरिकता विधेयक र एमसीसीमार्फत नेपाललाई भड्खालोमा पारेको बताउँदै उहाँले नेपाल सरकारमा गएका दलहरू देशभक्त दल बन्न सकेनन् भन्नुभयो।

अमेरिकाले युक्रेन र प्यालेस्टिनको खानी कब्जा गर्न गरिएको धम्की ठीक नभएको बताउँदै उहाँले अमेरिकाले विश्व बैङ्क, विश्व वातावरण सङ्घ, विश्व स्वास्थ्य सङ्घबाट हात निकाल्नु राम्रो लक्षण होइन भन्नुभयो।

रोम सहरबाट विश्वविद्यालयको सुरुवात भएकोले भक्तपुर नगरपालिकाले पनि विश्वविद्यालय सञ्चालन गर्न पाउनुपर्नेमा जोड दिँदै उहाँले जनताका छोराछोरीले उच्च शिक्षा हासिल गर्नबाट वञ्चित गराउन खोज्ने सरकार राणा शासनजस्तै हो भन्नुभयो।



नेपाल मजदुर किसान पार्टीका सदस्य, भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले एमसीसीमा सही गर्नेहरू अहिले पछुताइरहेका छन् भन्नुभयो। उहाँले नेपालको स्वास्थ्य मन्त्रीले जनताबाट बीमा शुल्क उठाउने तर जनताको औषधि उपचार खर्चको भुक्तानी नदिनेजस्ता पाखण्डी कुरा गरेको बताउनुभयो। सार्वजनिक निर्माणमा सरकारको पैसा लगानी गरी निजीलाई चलाउन दिने वर्तमान सरकार जनविरोधी सरकार बन्दै छ भन्दै उहाँले सच्चा कम्युनिस्टको सरकारले कहिले पनि जनतालाई अन्याय गर्दैन भन्नुभयो।

२०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ सालको प्रतिगमनविरोधी आन्दोलनबारे स्पष्ट पार्दै उहाँले नेपाल मजदुर किसान पार्टीले कम्युनिस्ट आन्दोलनमा प्रकाशस्तम्भको रूपमा काम गरिरहेको छ भन्नुभयो।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल र जिन्सी प्रमुख राजन जतिले महाधिवेशनको महत्त्वबारे बताउँदै महाधिवेशन सफल पार्न आर्थिक, भौतिक र नैतिकरूपले सहयोगको लागि अनुरोध गर्नुभयो।

# कलेज र विश्वविद्यालयहरू राजनैतिक कार्यकर्ता तयार हुने थलो




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा क्याम्पस मावि र ख्वप कलेज अफ लको संयुक्त आयोजनामा फागुन १५ गते कलेजमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको भेला सम्पन्न भयो।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले कलेज र विश्वविद्यालयहरू राजनैतिक कार्यकर्ता तयार हुने थलो भएको उल्लेख गर्दै विश्वविद्यालयहरूमा राजनीतिक भागबन्डा र नियुक्तिले गर्दा सक्षम र योग्य व्यक्तिहरू ओझेलमा परिरहेको बताउनुभयो।

जनताको अपेक्षाअनुसार मुलुकले आर्थिक प्रगति र समृद्धि हासिल गर्न नसकेको स्पष्ट पार्दै उहाँले सरकार असफल साबित भएको बताउनुभयो।

शिक्षक तथा प्राध्यापकहरूले व्यापक दृष्टिकोण राखेर विद्यार्थीलाई अध्ययन अध्यापन गराउनुपर्नेमा जोड दिँदै उहाँले परीक्षा उत्तीर्ण गर्ने उद्देश्यले मात्र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको शैक्षिक जग कमजोर हुने बताउनुभयो।

स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिनुपर्नेमा जोड दिँदै उहाँले शासक दलहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र अस्पताललाई सधैँ पक्षपातपूर्ण व्यवहार गरिरहेको उल्लेख गर्नुभयो।

भारतको ओडिसास्थित किट कलेजमा घटेको घटनामा सरकार नै मुख्य दोषी रहेको बताउँदै उहाँले सरकारले हरेक प्रदेशमा एउटा विश्वविद्यालय र अस्पताल सञ्चालनमा जोड दिए देशको सन्तुलित विकास हुने थियो

भन्नुभयो ।

राजनीतिक नेता तथा कार्यकर्ताहरूले इमानदारीपूर्वक देश र जनताको पक्षमा राजनीति नगर्दा देशमा अनियमितता र भ्रष्टाचार मौलाउँदै गएको बताउँदै उहाँले कुनै पनि देश विकासमा बुद्धिजीवीहरूले देश र समाजलाई अगाडि बढाउने उद्देश्यले काम गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यस्तै कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप विश्वविद्यालय भक्तपुरको मात्र नभई देशकै गौरवको योजना भएको बताउँदै उहाँले शासक दलहरूबिच हरेक विषयमा भागबन्डा गर्ने गलत प्रवृत्तिकै कारण ख्वप विश्वविद्यालयको विधेयक अहिलेसम्म पारित हुन नसकेको बताउनुभयो ।

नेपालमा अमेरिकी (यू.एस.एड.) को सहयोग स्थगित मात्र नभई खारेज नै हुनु आवश्यक रहेको उल्लेख गर्दै उहाँले विदेशीको भरमा देश कहिल्यै आत्मनिर्भर हुन नसक्ने बताउनुभयो । भक्तपुर नगरपालिका र नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र अस्पताललाई आत्मनिर्भर तरिकाले सञ्चालन गर्ने प्रयास गरिरहेको उहाँले बताउनुभयो ।



कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको सञ्चालन विधि तथा प्रणाली सबैको चासो र सिकाइको विषय बनिरहेको स्पष्ट पार्दै ख्वपको शैक्षिक प्रगति सबैको लागि अनुकरणीय बन्दै गइरहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ ल का प्राचार्य अनिता जधारी र ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्यले शिक्षक र विद्यार्थीहरूले देश विदेशको राजनीति नबुझ्दा भविष्यमा ठूलो दुर्घटना हुनसक्ने र राजनीतिक रूपमा प्रतिबद्ध शिक्षक विद्यार्थीमा क्रान्तिकारी भावना रहेको हुन्छ भन्नुभयो ।



# स्वास्थ्य सेवा

## नगर प्रमुख प्रजापतिद्वारा एचपीभी खोप अभियान निरीक्षण



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरभित्र सञ्चालनमा रहेका कक्षा ६–१० सम्म अध्ययन अध्यापन हुने विद्यालयहरूमा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियानअन्तर्गत फागुन १ गते भनपा वडा नं. १ को सैनिक आवासीय महाविद्यालय खोप केन्द्रमा निरीक्षण गर्नुभयो ।

## पाठेघरको मुखको क्यान्सरविरुद्धको HPV खोप केन्द्रहरूको निरीक्षण



भनपाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरभित्र सञ्चालनमा रहेका कक्षा ६–१० सम्म अध्ययन अध्यापन हुने विद्यालयहरूमा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियानअन्तर्गत भनपा वडा नं. २



अन्तर्गतका विद्यालयहरूमा खोप सञ्चालन केन्द्रहरूमा माघ २३ गते अनुगमन गर्नुभयो ।

अनुगमनको क्रममा भनपाका स्वास्थ्य संयोजक डा. रत्नसुन्दर लासिवाले यस एचपीभी खोप अभियानमा भनपाभित्र कक्षा ६–१० मा अध्ययनरत १०–१४ वर्ष उमेर समूहका ६८०० जना किशोरीहरूलाई लक्षित गरी एचपीभी खोप २०८१ माघ २२ गतेदेखि फागुन २ गतेसम्म सम्पूर्ण वडाअन्तर्गतका विद्यालयहरूमा लगाइने जानकारी दिनुभयो । शारदा माविका प्रधानाध्यापक रोशनराज तुईतुईले भक्तपुर नगरपालिकाले विद्यालयमा नै खोप केन्द्र राखेर खोप सञ्चालन कार्यमा सहज वातावरण बनाई दिनुभएकोमा खुसी व्यक्त गर्नुभयो ।



अनुगमन टोलीमा डब्लूएचओका प्रतिनिधि, कार्यपालिका सदस्यहरू रोशनमैयाँ सुवाल र कृष्णप्यारी भुजू तथा वडा सदस्यहरू मञ्जुमैयाँ लाखाजु र न्हुछेराम कोजुसमेतको उपस्थिति थियो ।

## वडा नं ५ मा HPV खोप अभियान सम्पन्न

पाठेघरको मुखको क्यान्सर रोकथामको राष्ट्रिय खोप अभियानअन्तर्गत भक्तपुर नगरपालिकाका विभिन्न विद्यालयहरूमा माघ २२ देखि सञ्चालन हुँदै आएकोमा माघ २७ गते भनपा वडा नं ५ का चार विद्यालयहरू आदर्श



आजाद, विद्यार्थी निकेतन, विद्या आर्जन र प्रोक्सिमामा खोप अभियान सम्पन्न भयो। भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले चारै खोप केन्द्रको अनुगमन र निरीक्षण गर्नुभयो ।

१० देखि १४ वर्षसम्मका (कक्षा ६ देखि १० सम्मका) छात्रा विद्यार्थीहरूलाई लगाइने यस खोप अभियानमा चार विद्यालयहरूमध्ये आदर्श आजाद, विद्यार्थी निकेतन, विद्या आर्जन र प्रोक्सिमामा क्रमशः १५१, ७०, ४५ र ५१ विद्यार्थीहरूमा लगाउनुपर्नेमा २/४ जना विद्यार्थीहरू छुटेको खोप अभियान अनुगमनका सदस्य एवं वडा ५ का जनप्रतिनिधि एवं कार्यपालिका सदस्य कृष्णप्यारी जधारीले बताउनुभयो ।

चारै खोप केन्द्रमा खोप अभियान सम्पन्न भएको वडा ५ का स्वास्थ्य स्वयंसेवी राजमती लवजुले बताउनुभयो ।

## भनपा वडा नं. ७ मा HPV खोप अभियान सम्पन्न



भक्तपुर नगरभित्र सञ्चालनमा रहेका कक्षा ६-१० सम्म अध्ययन अध्यापन हुने विद्यालयहरूमा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप अभियानअन्तर्गत माघ २९ गते भनपा वडा नं. ७ अन्तर्गत विद्या विकासमा खोप अभियान सम्पन्न भयो ।

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा Nasopharyngolaryngoscopy सेवा सुरू



Naso-pharyngolaryngoscopy (NPL) भनेको नाक, गला र घाँटीभित्रको संरचनालाई अवलोकन गर्नका लागि प्रयोग गरिने एक प्रक्रिया हो। यसमा एक सानो लचिलो ट्युब जसमा क्यामेरा जडान गरिएको हुन्छ, नाकबाट घुसाएर नाक, गला र घाँटीका भागहरूको स्पष्ट चित्र प्राप्त गरिन्छ। यस प्रक्रियामा डाक्टरले गला, स्वरयन्त्र, र कण्ठको अवस्था जाँच गर्न मद्दत पाउँछन् । यो प्रक्रिया खासगरी घाँटीमा समस्या वा रोग पहिचान गर्न उपयोगी हुन्छ ।

## घरदैलो नर्सिङ सेवाको समीक्षा बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा घरदैलो नर्सिङ सेवाको माघ महिनाको मासिक समीक्षा बैठक फागुन ७ गते बस्यो ।

# देशलाई समृद्ध बनाउन आत्मनिर्भरतालाई जोड दिनुपर्ने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताल र ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीहरूको भेला फागुन १३ गते अस्पतालको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विश्व स्वास्थ्य सङ्गठनको मान्यताअनुसार कुल बजेटको १० प्रतिशत स्वास्थ्यको लागि मात्र बजेट हुनुपर्नेमा नेपाल सरकारले आ.व. २०८०।८१ मा ४.८ प्रतिशत मात्र बजेट विनियोजन गरेको बताउँदै स्वास्थ्यको बजेट कटौती हुनु आफैमा निन्दनीय विषय भएको चर्चा गर्नुभयो ।

'अस्पतालको भौतिक संरचना राम्रो हुँदैमा त्यसबाट प्रवाहित हुने सेवा सुविधा राम्रो हुन्छ भन्ने होइन' भन्दै उहाँले त्यहाँ कार्यरत कर्मचारीहरूमा सेवा गर्ने भावना र आवश्यक स्वास्थ्य उपकरण राम्रो बन्दोबस्तले संस्था सञ्चालनमा समस्या नहुने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय सम्बन्धनको ढिलाइले ख्वपको प्रगतिलाई रोक्ने काम शासकहरूबाट भइरहेको उल्लेख गर्दै उहाँले जनतामा काम गर्ने उत्साह भयो भने देशको विकास र प्रगतिले द्रुतगति लिने बताउनुभयो ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपालमा अमेरिकी सहयोग (यू.एस.एड.) बन्द गर्ने घोषणा नेपालको हितमा रहेको बताउँदै अरुको सहयोगले विकास गर्ने परनिर्भर सोचले देशलाई कहिल्यै अगाडि बढ्न नदिने धारणा राख्नुभयो । देशलाई समृद्ध बनाउन आत्मनिर्भरतालाई जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

वाग्मती प्रदेश सभा सदस्य सृजना सैंजुले आफू जुनसुकै पेसा व्यवसायमा बसेर काम गरे पनि जनताको हित र पक्षमा काम गर्नुपर्ने बताउँदै भक्तपुर नपाले आत्मनिर्भरतालाई जोड दिनु नै यहाँको सबल पक्ष साबित भएको बताउनुभयो ।

नेपालमा ६० हजार ४ सय भन्दा बढी एन.जी.ओ. र आइ.एन.जी.ओ.हरू सञ्चालनमा रहेको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले ६० प्रतिशतभन्दा बढी संस्थामा एमाले निकट नेता तथा कार्यकर्ताहरूको संलग्नता रहेको उहाँले बताउनुभयो ।

सांसद सैंजुले एमसीसी सम्झौता नेपालको हितअनुकूल नभएको धारणा राख्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले जनताप्रति उत्तरदायी संस्थामा कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीहरूको जिम्मेवारी र दायित्व अझ व्यापक हुने उल्लेख गर्दै गरिब जनतालाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले भक्तपुर नपाले कलेज तथा अस्पताल सञ्चालन गरेको बताउनुभयो ।

कर्मचारीलाई जनताको पक्षमा काम गर्ने विषयमा निरन्तर लागिरहन प्रेरित गर्दै देशकै प्रतिष्ठित संस्थामा काम गर्नु नै गौरवको विषय हो भन्नुभयो ।



कार्यक्रममा ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूबाट उत्पादित जनशक्तिले देशका विभिन्न क्षेत्रमा रही इमानदारीपूर्वक सेवा गर्दै आएको बताउँदै कर्मचारीहरू 'क्षणिक सुखमा रमाउने होइन, समाजलाई कसरी आफ्नो तर्फबाट योगदान गर्न सकिन्छ' भन्ने विषयमा चिन्तन गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा.रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको थियो ।

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**

An Undertaking Of Bhaktapur Municipality



# Khwopa Hospital

## Magh Report

## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 3219 | 12.48 |
| 10-14. | 1097 | 4.25 |
| 15-19 | 1055 | 4.09 |
| 20-59 | 15174 | 58.81 |
| ≥60 | 5257 | 20.37 |
| Total | 25802 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 535 | 2.07 |
| General | 4196 | 16.26 |
| Insurance | 21071 | 81.66 |
| Total | 25802 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bardiya | 1 | 0.01 |
| Dhading | 1 | 0.01 |
| Dhanusa | 1 | 0.01 |
| Morang | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Baglung | 1 | 0.01 |
| Udhayapur | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Rupandehi | 1 | 0.01 |
| Kapilvastu | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Kanchanpur | 2 | 0.01 |
| Tehrathum | 2 | 0.01 |
| Baitadi | 2 | 0.01 |
| Accham | 3 | 0.01 |
| Dailekh | 3 | 0.01 |
| Jhapa | 3 | 0.01 |
| Nuwakot | 3 | 0.01 |
| Kailali | 4 | 0.02 |
| Kalikot | 5 | 0.02 |
| Salyan | 5 | 0.02 |
| Bara | 6 | 0.02 |
| Rolpa | 6 | 0.02 |
| Manwanpur | 7 | 0.03 |
| Sarlahi | 7 | 0.03 |
| Dang | 8 | 0.03 |
| Khotang | 9 | 0.03 |
| Okhaldhunga | 9 | 0.03 |
| Parasi | 10 | 0.04 |
| Lalitpur | 12 | 0.05 |
| Sindhuli | 12 | 0.05 |
| Dolkha | 16 | 0.06 |
| Surkhet | 18 | 0.07 |
| Jumla | 37 | 0.14 |
| Ramechap | 40 | 0.16 |
| Kathmandu | 44 | 0.17 |
| Sindhupalchowk | 45 | 0.17 |
| Kavrepalanchok | 140 | 0.54 |
| Bhaktapur | 25332 | 98.18 |
| Total | 25802 | 100.00 |

| | |
|---|---|
| Madhyapur Thimi | 202 |
| Suryabinayak | 1317 |
| Changu | 4646 |
| Bhaktapur | 19167 |
| Total | 25332 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 66 | 0.26 |
| CHRP- Respiratory Medicine | 120 | 1.18 |
| Psychiatric | 177 | 1.74 |
| Inpatients | 221 | 0.86 |
| Cardiologist | 232 | 0.90 |
| Laboratory | 381 | 1.48 |
| Dermatology | 503 | 1.95 |
| Internal Medicine | 553 | 2.14 |
| General Surgery OPD | 708 | 2.74 |
| MDGP | 975 | 3.78 |
| Physiotherapy | 1186 | 4.60 |
| ENT | 1313 | 5.09 |
| Dental | 1351 | 5.24 |
| Emergency Ward | 1410 | 5.46 |
| Obs. & Gynaecology | 1605 | 6.22 |
| Paediatric | 2377 | 9.21 |
| Orthopedic | 2474 | 9.59 |
| General OPD | 10150 | 39.34 |
| Total | 25802 | 101.78 |

| | |
|---|---|
| Patient Admitted | 217 |
| Discharge | 198 |
| LAMA | 3 |
| Refer | 5 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 2563 |
| Total Cataract Surgery | 66 |

### Operation

| | |
|---|---|
| Major | 114 |
| Minor | 59 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 14995 | 58.12 |
| Male | 10807 | 41.88 |
| Total | 25802 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित
ख्वप अस्पतालको २०८१ माघ
महिनाको सेवा प्रगति

# अनुभवको आदान-प्रदान

## चौतारा साँगाचोकगढी नगरपालिकाका प्रतिनिधिमण्डल भक्तपुर अध्ययन भ्रमणमा



भक्तपुर नगरपालिका र सिन्धुपाल्चोकको साँगाचोकगढी नगरपालिकाबिच आफूले गरेका असल अभ्यास तथा अनुभवहरू आदानप्रदान भएका छन् ।

चौतारा साँगाचोकगढी नगरपालिकाका उपप्रमुख सीता थापासहित फागुन २ गते अवलोकन भ्रमणको क्रममा भक्तपुर पुगेको प्रतिनिधिमण्डललाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले खादा ओढाई भक्तपुर नगरपालिकामा स्वागत गर्नुभयो ।

स्वागतको क्रममा नगर प्रमुख प्रजापतिले दुवै नगरपालिकाले गरेका राम्रा कामहरू एक अर्काका लागि सिकाइ हुनसक्ने बताउँदै नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण, विकास निर्माण, खेलकुद विकास आदि विषय समेटेर प्रस्तुतीकरण देखाउनुभएको थियो ।

संविधान र कानुनले प्रदान गरेको अधिकार क्षेत्रभित्र रही भक्तपुर नगरपालिकाले नीति निर्माण गरी त्यसको कार्यान्वयन गर्ने र व्यापक जनताको हितमा शिक्षा र स्वास्थ्यजस्ता विषयहरू न्यून शुल्कमा सेवा प्रदान गर्दै आएको उहाँले बताउनुभयो ।

सङ्घ र प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान बढाउनुपर्नेमा त्यसको विपरीत कार्य भइरहेको बताउँदै उहाँले स्थानीय तहलाई जनताको आवश्यकता र प्राथमिकता थाहा हुने हुँदा योजना छनोटको अधिकार स्थानीय तहलाई नै दिइनुपर्ने प्रस्ट पार्नुभयो ।

भक्तपुर नपाले सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्ने, २१ औं शताब्दीको लागि योग्य, देशभक्त नागरिक तयार गर्ने र समाजलाई बुद्धिजीवीकरण गर्ने उद्देश्यले सात ओटा शैक्षिक संस्थाहरू सञ्चालन गरिरहेको स्पष्ट पार्दै आत्मनिर्भरतालाई जोड दिएर अगाडि बढ्नु नै विकासको लागि उचित विकल्प भएको बताउनुभयो ।

साँगाचोकगढी नगरपालिकाका उपप्रमुख सीता थापाले भक्तपुर नगरपालिकाका असल अभ्यासहरू साँगाचोकगढीले अनुशरण गर्ने उल्लेख गर्दै भक्तपुरले गरेका राम्रा कुराहरूका बारेमा सिक्न र अनुशरण गर्न भक्तपुर अवलोकन भ्रमणमा आएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिद्वारा प्रस्तुत गरिएको प्रस्तुतीकरणबाट भक्तपुर नगरलाई नजिकबाट जान्ने र बुझ्ने अवसर मिलेको स्पष्ट पार्दै उहाँले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को मार्गनिर्देशनमा भक्तपुरले गरेको विकास अनुकरणीय र उदाहरणीय भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, २ का वडाध्यक्ष हरिप्रसाद बासुकला, चौतारा साँगाचोकगढी नपा वडा नं. १३ का वडाध्यक्ष रामप्रसाद गौतम, वडा नं. ४ का वडाध्यक्ष कुमार शर्मा, कार्यपालिका सदस्य सीता पौडेल र साँगाचोकगढी नपा नगर बाल सञ्जालका प्रतिनिधिहरूको उपस्थिति थियो ।



प्रमुख प्रजापतिले उपप्रमुख थापालाई मयुरको झ्याल र नपाका प्रकाशन तथा सहभागी सबैलाई नपाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

# भेटघाट

## प्रमुख प्रजापतिसँग वीरगञ्जका जनप्रतिनिधिको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग २०८१ फागुन २ गते वीरगञ्ज महानगरपालिकाका जनप्रतिनिधिलेहरूले भेट गर्नुभयो ।

## चिनियाँ राष्ट्रिय जनजाति मामिला आयोगका मन्त्री फान यूएद्वारा भक्तपुरमा अवलोकन भ्रमण



जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनजाति मामिला आयोगका मन्त्री फान यूएको नेतृत्वमा ६ सदस्यीय प्रतिनिधिमण्डलले विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार स्क्वायरमा अवस्थित ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमण फागुन ११ गते गऱ्यो ।

टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर दरबार क्षेत्रको प्रवेशद्वारमा पुष्पगुच्छा, भादगाउँले टोपी, खादा र परम्परागत थैली प्रदान गरेर स्वागत गर्नुभएको थियो ।



सोही क्रममा नगर प्रमुख प्रजापतिले भक्तपुरको सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा भक्तपुर नगरपालिकाले विशेष प्राथमिकता दिएर काम गर्दै आएको उल्लेख गर्दै भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरूबाट विदेशी पर्यटक आकर्षित भइरहेको बताउनुभयो ।



राष्ट्रिय जनजाति मामिला आयोगका मन्त्री फान यूएले भक्तपुरका सम्पदा, कला कृति धेरै राम्रो लागेको र घुम्न धित नपुगेको उल्लेख गर्दै अवसर मिलेमा पुनः भक्तपुरमा आउने बताउनुभयो ।

प्रतिनिधिमण्डलले भक्तपुर दरबार क्षेत्रमा अवस्थित राष्ट्रिय कला सङ्ग्रहालय, स्वर्णद्वार, पचपन्न झ्याले दरबार, सिद्धिलक्ष्मी मन्दिर, सिलु महादेव मन्दिर र चतुर्ब्रह्म महाविहार अवलोकन गर्दै टौमढी क्षेत्रको पाँचतले मन्दिर, भैरवनाथ मन्दिर, ग:हिटीको लक्ष्मीनरसिंह मन्दिर हुँदै तालाक्व क्षेत्रमा मृत्तिका कलाको पनि अवलोकन गरेको थियो ।

# संक्षेपमा

## यक्षश्वर मन्दिरको निरीक्षण





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भनपा–३ स्थित दरबार क्षेत्रस्थित यक्षश्वर मन्दिर (पशुपति मन्दिर) पुनःनिर्माणको निरीक्षण माघ २१ गते गर्नुभयो ।

विश्व सम्पदा सूचीमा सूचिकृत दरबार क्षेत्रस्थित यक्षश्वर मन्दिर (पशुपति मन्दिर) पुनःनिर्माण कार्यमा चरम लापरबाही भएको छ । पुरातत्त्व विभागले ठेक्कामार्फत पुनःनिर्माण गरेको उक्त मन्दिरको छाना छाउन प्रयोग गरेका काठहरू मक्किएका, चिरा चिरा परेका, चुकुल लगाएर जोडिएका र पेज किल्लाले समेत जोडेर लम्बाइ बढाएको पाइएको छ ।

त्यो मन्दिर नेपालकै पुरानोमध्येको एक हो । १५ औँ शताब्दीमा निर्माण गरिएको उक्त मन्दिर र मन्दिरका टुँडालहरूमा कुँडिएका विभिन्न मूर्ति तथा काष्ठकलाको लागि प्रख्यात छ ।

पर्यटकीय नगरमा रहेको उक्त मन्दिरको पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्वको कारण त्यस मन्दिर पुनःनिर्माणमा भएको ढिलाइबारे पनि स्थानीय जनताले पटक पटक गुनासो गर्दै आएका थिए ।

भक्तपुर महोत्सवको बेला उक्त मन्दिरमा जस्ता छाना राखेर अधुरो देखाई राखिएको हुँदा जनस्तरबाट चर्को आलोचना भएको थियो । यसबारे पटक–पटक पुरातत्त्व विभागको ध्यानाकर्षण गर्दै आए पनि जिम्मेवार पदाधिकारीहरूले खासै ध्यान दिइरहेका छैनन् ।

कमसल काठ प्रयोग भएको जनगुनासोपछि २०८१ माघ २१ गते भनपा प्रमुख सुनिल प्रजापतिले निरीक्षण गरी कमसल काठ प्रयोग भएकाहरूको फोटोसहित तत्काल कार्य रोकी गुणस्तरीय काठको प्रयोग गर्न पुरातत्त्व विभागमा पत्राचार गरेको थियो ।

सम्पदा पुनःनिर्माणको जिम्मेवारी पाएका पुरातत्त्व विभागले अरू निकायले काम गर्दा समेत अनुगमन गरी कमजोर संरचना र पुरातात्त्विक महत्त्वलाई ध्यानमा राखी कार्य गराउनुपर्नेमा विभाग स्वयम्ले जथाभावी पुनःनिर्माण गर्दा त्यसको पुरातात्त्विक महत्त्व के होला भन्ने प्रश्न उठेको छ । पुरातत्त्व विभागको लापरबाहीकै कारण लिच्छवीकालीन चाँगुनारायणको मन्दिरमा जथाभावी रङ्गरोगन गरी कुरूप बनाइसकेको छ । सम्पदाको महत्त्व नबुझ्ने पुरातत्त्वको हाकिम बनेपछि देशको सम्पदाको के हालत हुन्छ ? चाँगुनारायण मन्दिरमा भएको रङ्गरोगनले देखाइसकेको छ ।

भनपाले सम्पदा पुनःनिर्माण वा जीर्णोद्धार ठेक्कामा गर्न नहुनेमा निरन्तर जोड दिइआएको छ । २०७२ सालमा भत्केका प्रायः सबैजसो सम्पदाहरू नगरपालिकाले जनताबाट गठित उपभोक्ता समितिमार्फत पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेको छ ।

## यक्षश्वर मन्दिर जीर्णोद्धारमा गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्न ठेकेदारलाई पत्र !

स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाले विश्व सम्पदा क्षेत्रमा सूचिकृत भक्तपुर नगरपालिका वडा नं. ३ दरबार क्षेत्रस्थित यक्षश्वर मन्दिर (पशुपति मन्दिर) जीर्णोद्धार कार्यको ठेक्का पाएका ठेकेदार आर.जी.एस. /विष्णु जे.भी.लाई पत्राचार गरी जीर्णोद्धार कार्यमा गुणस्तरहीन काठहरू प्रयोग नगर्न र गुणस्तरीय काठहरू प्रयोग गरी मात्र जीर्णोद्धार कार्य अगाडि बढाउन निर्देशन दिएको बुझिएको छ ।

'यक्षश्वर मन्दिर पुनःनिर्माणमा चरम लापरबाही !?'

शीर्षकमा मिति २०८१ माघ २० गते 'मजदुर' दैनिक र 'ङातापोल्ह' दैनिकमा समाचार प्रकाशित भएपछि स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाले ठेकेदारलाई पत्राचार गरिएको देखिन्छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा कार्यालयमार्फत ठेकेदारद्वारा जीर्णोद्धार भइरहेको यक्षश्वर मन्दिर (पशुपति मन्दिर) को स्थलगत निरीक्षणको क्रममा छाना छाउन प्रयोग भएका काठहरू चिरा परेका, चुकुल लगाएर जोडिएका, पुरानो मक्किएको र पेच किल्लाले समेत जोडेर लम्बाइ बढाइ प्रयोग भइरहेको पाइएपछि नगरपालिकाले तत्काल कार्य रोकी गुणस्तरीय काठको प्रयोग गरी पुनःनिर्माण कार्य अघि बढाउन स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा, पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गसमेतलाई फोटोसहित पत्र काटेको थियो ।

भक्तपुर दरबार क्षेत्रकै पुरानोमध्येको १५ औँ शताब्दीमा बनेको उक्त मन्दिर र मन्दिरका टुँडालहरूमा कुँदिएका विभिन्न मूर्ति तथा काष्ठकलाको लागि प्रख्यात उक्त मन्दिरको पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्वलाई समेत मध्यनजर गरी गुणस्तरीय, सबल र दिगो निर्माण सामग्रीहरू प्रयोग गरी जीर्णोद्धार कार्य सम्पन्न गर्न सम्बन्धित स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डालाई भक्तपुर नगरपालिकाको तर्फबाट ध्यानाकर्षण गराइएको थियो ।

सम्पदा पुनःनिर्माण र जीर्णोद्धार कार्य ठेक्कामा गराउँदा सम्पदाको सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक महत्त्व गुम्न जाने खतरा रहेको हुँदा स्थानीय जनताबाटै त्यस्ता सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने भक्तपुरका जनताले जोड दिँदै आएका छन् । त्यसको लागि आवश्यक परे कानुनमा संशोधन गर्न पनि सरकार तयार हुनुपर्ने जनताको मत छ ।

## सिलाइ तालिमको निरीक्षण

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीद्वार ा भनपाद्वारा सञ्चालित एडभान्स सिलाइ तालिम निरीक्षण गर्नुहुँदै । (२०८१ माघ २३ गते)



## यता-उताबाट

**Meal Names**
First meal-Breakfast
Midday Meal-Lunch
Breakfast + Lunch-Brunch
Light Meal-Snacks
Late evening meal-Supper
Last meal-Dinner

## थाहा पाइराखौँ

- नेपालमा विजय यात्राको प्रचलन राजा मानदेवको पालदेखि सुरु भएको थियो ।
- वि.सं. १७३१ वैशाख ९ गते हरिसिद्धिको नाच हेरिरहेको अवस्थामा राजा प्रताप मल्लको मृत्यु भएको थियो ।
- नेपालको सबैभन्दा अग्लो मूर्ति साँगाको शिवमूर्ति हुन् । (११४ फिट)

–सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

**प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन निवेदन दर्ता गर्नेसम्बन्धी सूचना**

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पूरा गरेको नेपाली नागरिकले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा वा स्थानीय तहको रोजगार सेवा केन्द्रमा २०८१/११/१ गतेदेखि २०८१/११/२९ गतेसम्म आ.व. २०८२/०८३ को लागि निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । यससम्बन्धी थप जानकारीको लागि नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र, सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

नोट : निवेदनमा उल्लेखित सम्पूर्ण कुराहरू नभरेको निवेदनमाथि कुनै कारवाही हुनेछैन ।

# विविध समाचार

## विश्व क्यान्सर दिवसको अवसरमा क्यान्सर विजेताहरूलाई दोसल्ला ओढाई सम्मान




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले भक्तपुर क्यान्सर अस्पतालमा माघ २२ गते विश्व क्यान्सर दिवसको अवसरमा 'रिपोर्टिङ भेन्डिङ मेसिन' को उद्घाटन गर्नुभयो।

कार्यक्रममा अतिथि मन्त्री पौडेलले विश्व क्यान्सर दिवसको अवसर पारेर भक्तपुर क्यान्सर अस्पतालमा उपचार गराइरहनुभएका क्यान्सर सरभाइभर बिरामीहरूलाई दोसल्ला ओढाई सम्मान गर्नुका साथै लामो समयदेखि प्यालिएटिभ वार्डमा स्वयम्सेवकको रूपमा सेवा गर्नुभएका शङ्कर प्रधानाङ्ग र दीपक ओलीलाई सम्मान गर्नुभएको थियो।

कार्यक्रममा मन्त्री पौडेलले भक्तपुर क्यान्सर अस्पतालले क्यान्सर उपचारमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गर्दै अस्पतालको क्षमता अभिवृद्धि, कार्यरत जनशक्तिको मेहनतको प्रतिफलका कारण भक्तपुर क्यान्सर अस्पतालले क्यान्सर उपचारमा विशिष्ट योगदान पुऱ्याएको बताउनुभयो।

स्वास्थ्य बीमा व्यवस्थित भयो भने मात्र स्वास्थ्य क्षेत्रका समस्या पनि हल हुने तथा सस्तो, सर्वसुलभ र निःशुल्क उपचार प्राप्त गर्नसक्ने उल्लेख गर्दै उहाँले स्वास्थ्य बीमालाई रु. १ लाखबाट बढाएर रु. ५ लाख बनाउने गरी तयारी स्वास्थ्य मन्त्रालयले गरिरहेको बताउनुभयो।

देशका १७ लाख किशोरीहरूलाई एचपीभी खोप उपलब्ध गराउने गरी खोप लगाउने कार्यको सुरुवात गरेको प्रकाश पार्दै उहाँले ८ हजार २०० खोप केन्द्रहरूमा १० वर्षदेखि १४ वर्षसम्मका किशोरीहरूले एचपीभी खोप प्राप्त गर्ने गरी देशैभरि प्रबन्ध गरिएको बताउनुभयो।

यो खोप अभियानसँगै पाठेघरको मुखको क्यान्सरबाट ग्रसित हुन नपरोस् भन्ने उद्देश्यले यो अभियान अगाडि सारेको चर्चा गर्दै मन्त्री पौडेलले बिरामी हुन नदिनका लागि स्वास्थ्य केन्द्र तोकेर जनचेतना विस्तार गर्ने र खोप उपलब्ध गराउने ढङ्गले काम गरिरहेको बताउनुभयो।

विद्यालयमा अनिवार्य रूपमा स्वास्थ्य शिक्षा पठनपाठनको व्यवस्था गरेको स्पष्ट पार्दै उहाँले क्यान्सर उपचारमा प्रयोग हुने केमोथेरापी निःशुल्क प्राप्त हुने गरी मन्त्रालयले तयारी गरिरहेको बताउनुभयो।

अस्पतालहरू उपकरणयुक्त हुनुपर्ने बताउँदै उहाँले अस्पतालका फार्मेसीहरूमा सबै किसिमका औषधि उपलब्ध गराउने गरी अस्पतालहरूले सेवा प्रदान गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले नेपालमा हरेक वर्ष करिब २२ हजार जनालाई क्यान्सर रोग लाग्ने र १४ हजार जनाको बर्सेनि क्यान्सर रोगका कारण मृत्यु हुने तथ्याङ्क प्रस्तुत गर्दै क्यान्सर रोग सकेसम्म लाग्नै नदिने र लागिहालेमा छिटो पहिचान गरी उचित उपचार गर्न सकियो भने निर्मूल पार्न सकिने बताउनुभयो।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख शान्तिराम खतिवडाले एचपीभी खोप अभियानबारे प्रस्ट पार्नुभयो।



त्यस्तै अस्पताल विकास समितिका अध्यक्ष दीपेन्द्ररमण सिंहले सीमित स्रोत भए पनि भक्तपुर क्यान्सर अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा क्यान्सर सर्भाइभर रेनुका सुवेदी, गीता बराल, अमृत गुरुङलगायतले आ–आफ्नो क्यान्सर उपचारको अनुभव सुनाउनुभयो।

# वागीश्वरी माविको ६६ औं, वागीश्वरी कलेजको १७ औं र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको दोस्रो वार्षिकोत्सव कार्यक्रम सम्पन्न




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित) को प्रमुख आतिथ्यमा वागीश्वरी माविको ६६ औं, वागीश्वरी कलेजको १७ औं र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको दोस्रो वार्षिकोत्सव कार्यक्रम माघ २४ गते एक भव्य कार्यक्रमबिच सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष बिजुक्छेँले ख्वप विश्वविद्यालय सञ्चालन स्वीकृति दिने विषयमा सरकार अहिले पनि सकारात्मक नदेखिएको उल्लेख गर्दै सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिइनुपर्ने बताउनुभयो।

नगरपालिकाले विश्वविद्यालय सञ्चालन गर्न सक्दैन भन्ने सोच खोटपूर्ण रहेको बताउँदै उहाँले भक्तपुरका हरेक ठाउँ र यहाँका नागरिकहरू आफैमा विश्वविद्यालयका महत्त्वपूर्ण पूर्वाधारहरूको रूपमा रहेको उल्लेख गर्नुभयो।

नेपालमा गणतन्त्र आए पनि गणतन्त्रविरोधीहरू अहिले पनि सक्रिय रहेको उल्लेख गर्दै उहाँले सत्तामा बस्नेहरूमा दूरदर्शी सोचको अभाव रहेको बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "प्रजातन्त्रमा प्रतिपक्षको अलग भूमिका हुन्छ। प्रतिपक्ष बलियो भएन भने प्रजातन्त्र पनि कमजोर हुन्छ। प्रजातन्त्रको मर्म थाहा नहुनेहरू सत्तामा छन्। सिद्धान्तहीन मान्छे विश्वसनीय हुँदैन। पदमा बस्नेहरूको बौद्धिक स्तर मापन गर्नुपर्छ।"

"भक्तपुरलाई विश्वविद्यालयको स्वीकृति नदिने सरकारको ठूलो गल्ती हो। यहाँका नागरिकहरू आफैँमा कलाकार र सांस्कृतिक गुरु हुन्।", उहाँले भन्नुभयो।

कार्यक्रमका सभापति, वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल**




**प्रजापति**ले वागीश्वरी कलेज गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र (क्यु.ए.ए.) प्राप्त गर्ने भक्तपुर जिल्लाको पहिलो सामुदायिक कलेज भएको बताउँदै यससँगै वागीश्वरीमा नयाँ नयाँ विषयहरू अध्ययन अध्यापनको लागि सहजता मिलेको बताउनुभयो।

वागीश्वरी कलेजले विदेशीको सहयोगबिना, सङ्घ र प्रदेशको भर नपरी आफ्नै बलबुत्तामा शैक्षिक विकास गरिरहेको स्पष्ट पार्दै उहाँले वार्षिक १ लाखको हाराहारीमा नेपाली विद्यार्थी बिदेसिँदा नेपालमा दक्ष जनशक्तिको अभाव हुने बताउनुभयो। वागीश्वरीले हरेक विद्यार्थीहरूलाई योग्य, दक्ष र अनुशासित बनाउने प्रयास गरिरहेको उहाँले बताउनुभयो।

नेमकिपा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नयाँ पुस्तालाई भाषिक, साहित्यिक, सांस्कृतिक, प्राविधिकरूपमा दक्ष बनाउनु आजको आवश्यकता भएको स्पष्ट पार्दै सक्षम स्थानीय सरकारलाई जिम्मेवार र अधिकार सम्पन्न बनाउँदै शैक्षिक क्षेत्रमा विद्यालयदेखि विश्वविद्यालय सञ्चालन गर्न दिइनुपर्ने बताउनुभयो।

उहाँले स्थानीय नगरपालिका र जनसमुदाय मिलेर ईसीडी शिक्षालाई आफ्नोपन दिएर अगाडि बढाउनुपर्नेमा जोड दिँदै विदेशी प्रभावमा पाठ्यक्रमहरू परिमार्जन गर्दै जाँदा नेपालको पाठ्यक्रम र परीक्षा प्रणालीमा ठूलो समस्या निम्तिएको बताउनुभयो।

उहाँले संरा अमेरिकामा ट्रम्पको उदयसँगै हिटलरको पुनर्जन्म भएको बताउँदै अमेरिकाले चीनसँग मात्र व्यापार युद्ध गरिरहेकोमा हाल क्यानाडा, मेक्सिकोलगायतका देशहरूसँग पनि युद्ध गरी अमेरिकाले साम्राज्यवादी चरित्र प्रदर्शन गरिरहेको बताउनुभयो। संरा अमेरिकाको साम्राज्यवादी नीति नेपाललगायत विश्वकै लागि घातक भएको उल्लेख गर्दै सांसद गोसाईले विश्व राजनीतिमा अमेरिका एक्लिँदै गइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले वागीश्वरीले समाजलाई सही दिशातर्फ मार्गनिर्देश गरिरहेको बताउँदै भक्तपुर नपाले शिक्षा क्षेत्रमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने दीर्घकालीन उद्देश्यका साथ अगाडि बढिरहेको स्पष्ट पार्नुभयो ।

वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष **रवीन्द्र ज्याख्व**ले एउटै छानामुनि तीनवटा शैक्षिक संस्था सञ्चालन गरी वागीश्वरी सामूहिक नेतृत्वमा विश्वास राख्ने संस्था भएको बताउनुभयो । भक्तपुर नपाबाट सञ्चालित सातवटा शैक्षिक संस्थाहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको उल्लेख गर्दै उहाँले भक्तपुर शैक्षिक गन्तव्यस्थलको रूपमा विकास भइरहेको बताउनुभयो ।

उहाँले कामदारवर्गका छोराछोरीलाई गुणस्तरीय शिक्षा दिने उद्देश्यले वागीश्वरी मावि र कलेजको स्थापना भएको उल्लेख गर्दै सामुदायिक विद्यालयप्रति सरकारको दृष्टिकोण खोटपूर्ण रहेको बताउनुभयो ।



नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय कोषाध्यक्ष **चक्रबहादुर चाकतु**ले विद्यार्थी सङ्ख्या, विषयवस्तुको आधारमा शिक्षक दरबन्दी कायम गर्नुपर्ने बताउनुभयो ।

सरकारले विद्यालयहरूमा पर्याप्त शिक्षक र कर्मचारीहरूको व्यवस्था गर्नुपर्ने तथा एसईईलाई निरन्तरता दिइनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. **महाश्रम शर्मा**ले नेपालको शैक्षिक क्षेत्रलाई अगाडि बढाउन वागीश्वरीको महत्त्वपूर्ण भूमिका रहेको औँल्याउँदै वागीश्वरीबाट उत्पादित विद्यार्थीले समाज, देश र विश्वलाई गरेको योगदानले यहाँको शैक्षिक गुणस्तरको मापन भइरहेको बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्रअ **कृष्णप्रसाद कर्माचार्य**, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य **कृष्णप्रसाद धन्छा** र वागीश्वरी कलेजका प्राचार्य **धनकुमार श्रेष्ठ**ले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वार्षिकोत्सवका संयोजक **ज्ञानेन्द्र श्रेष्ठ**ले स्वागत मन्तव्य राख्नुभएको थियो भने वागीश्वरी पूर्वविद्यार्थी समाजका **रत्नप्रसाद प्रजापति**, विद्यार्थी प्रतिनिधिहरू **मनोज कुटुवा**, **सगुन धन्छा**, **काजल थापा**ले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले 'वागीश्वरी' स्मारिका विमोचन गर्नुभएको थियो भने प्रमुख अतिथि तथा अतिथिहरूले शिक्षक र विद्यार्थीहरूलाई पुरस्कार वितरण, सम्मान तथा छात्रवृत्ति हस्तान्तरण गर्नुभएको थियो ।

कार्यक्रमको औपचारिक सत्र समाप्त भएपछि विद्यार्थीहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

## अध्यक्ष बिजुक्छेँद्वारा भक्तपुर नपाका अवकाश प्राप्त कर्मचारीहरूलाई कदरपत्र प्रदान



नेपाल नगरपालिका कर्मचारी एशोसियसन भक्तपुर नगरपालिका समितिको आयोजनामा माघ २५ गते समसामयिक राजनैतिक विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ** (रोहित) ले भक्तपुर नगरपालिकामा लामो समयसम्म सेवा गरी २०८१ माघ २५ गतेभित्र अनिवार्य अवकाश प्राप्त कर्मचारीहरू र ३० (तीस) वर्षभन्दा बढी भक्तपुर नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई सेवाको कदर गर्दै प्रशंसापत्र वितरण गर्नुभयो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले कर्मचारीहरूले सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने, सेवा प्रवाहमा पारदर्शिता र मितव्ययिता अपनाई निष्पक्ष रूपमा गुणस्तरीय सेवा प्रवाहमा ध्यान दिनुपर्ने बताउनुभयो ।

कर्मचारीहरूको अवकाश एउटा स्वाभाविक प्रक्रिया भएको उल्लेख गर्दै उहाँले अवकाश प्राप्त कर्मचारी

पनि राष्ट्रका अमूल्य सम्पत्ति हुन् भन्ने भनाइलाई सार्थकता दिन अवकाश प्राप्त कर्मचारीहरूको ज्ञान, सीप र अनुभव उपयोग गर्ने खालको योजना सरकारले ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले ख्वप विश्वविद्यालय सञ्चालन भएको नेपालको शैक्षिक क्षेत्रको विकासमा एउटा नवीनत्तम अभ्यासको रूपमा रहने बताउनुभयो ।

भक्तपुरले जस्तै देशभरिका स्थानीय तहले शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धनलगायतका क्षेत्रमा विकास गरेको देश धेरै अगाडि बढ्ने बताउँदै उहाँले देश विकासको लागि कर्मचारीहरूले संवेदनशील ढङ्गले काम गर्नुपर्छ भन्नुभयो ।

देशको सार्वभौमिकता रक्षामा कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहने बताउँदै उहाँले हरेक देशभक्त नागरिकले विदेशी हस्तक्षेपको विरोध गर्नुपर्छ भन्नुभयो ।

सङ्कटबाट भाग्ने होइन, डटेर सामना गर्ने सामथ्र्य राजनैतिक कार्यकर्ताहरूमा हुनुपर्ने बताउँदै अध्यक्ष बिजुक्छेँले नयाँ पुस्तालाई देशभक्तिको भावनाबाट सधैँ प्रेरित गरिरहनुपर्ने बताउनुभयो ।



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्घ, प्रदेश र स्थानीय तह कसैको अधीनमा बस्न नपर्ने स्वतन्त्र सरकारहरू भएको बताउनुभयो ।

स्थानीय तहका लागि प्रदेशले कर्मचारी नियुक्त गर्ने, स्थानीय तहले तलब खुवाएका शिक्षकहरूलाई सङ्घको नियन्त्रणमा राख्न खोज्नु सङ्घीयताको मूल्य र मान्यताविपरीत कार्य भएको बताउँदै प्रमुख प्रजापतिले भक्तपुर नपाका जनप्रतिनिधि र कर्मचारीहरूले पार्टीको नीति र निर्देशनमा काम गर्न प्रतिबद्ध हुनुपर्ने धारणा राख्नुभयो ।

सङ्घ र प्रदेश सरकारहरूले स्थानीय तहलाई अहिले पनि आफ्नो मातहतको एकाइझैँ व्यवहार गर्न नछाडेको स्पष्ट पार्दै उहाँले स्वायत्तताको नाउँमा स्थानीय तहमाथि सङ्घ र प्रदेशको हस्तक्षेप नै अहिलेको मुख्य समस्या भएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एशोसियसन, भक्तपुर नगरपालिका समितिका अध्यक्ष **गौतमप्रसाद लासिवा**ले स्थानीय तहलाई अधिकार सम्पन्न बनाई जनताको सेवा गर्न दिइनुपर्ने उल्लेख गर्दै कर्मचारीहरू राजनैतिक रूपमा सचेत र अध्ययनशील हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा समितिका सदस्य **विद्या प्रजापति** र **रामकृष्ण प्रजापति**ले पनि बोल्नुभएको थियो ।

## अनुशासनले विद्यार्थीको चारित्रिक गुणको विकास गर्ने



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा तारा माध्यमिक विद्यालयको ४५ औँ वार्षिकोत्सव कार्यक्रम फागुन ५ गते एक कार्यक्रमबिच सम्पन्न भयो ।

वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूले अनुशासन कायम गर्न सके विद्यार्थीको भविष्य सफल र पूर्ण बन्ने स्पष्ट पार्दै अनुशासनले विद्यार्थीको चारित्रिक गुणको विकास गर्ने बताउनुभयो ।

विद्यार्थीहरूलाई स्वयम्सेवी भावनाको विकास गरी जनताको निम्ति काम गर्न प्रेरित गर्नुपर्ने बताउँदै उहाँले आजको सामाजिक कार्यकर्ता भविष्यका राजनैतिक कार्यकर्ता हुने हुँदा विद्यालय जीवनदेखि सक्षम र योग्य बनाउनतर्फ शिक्षकहरूले जोड दिनुपर्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर अहिले शैक्षिक क्षेत्रमा अगाडि बढेको नगरको रूपमा विकास भइरहेको बताउँदै नेमकिपाका अग्रज नेता कार्यकर्ताहरूको दूरदर्शी सोचकै कारण भक्तपुरलाई देशकै उत्कृष्ट शैक्षिक गन्तव्यस्थलको रूपमा विकास गर्न सम्भव भएको हो भन्नुभयो ।

उहाँले विद्यार्थीहरूको जग राम्रो भए उनीहरूको भविष्य राम्रो हुने विचार राख्दै शिक्षाको गुणस्तर विद्यालयको भौतिक संरचनामा मात्र निर्भर नहुने बताउँदै त्यहाँ कार्यरत शिक्षक, कर्मचारी, व्यवस्थापन समितिको सामूहिक प्रयासले

कुनै पनि संस्थालाई दिगो र सफल बनाउने धारणा राख्नुभयो ।

सामुदायिक र निजी शिक्षालाई समान ढङ्गले विकास गर्ने प्रयास भक्तपुर नपाले गर्दै आएको स्पष्ट पार्दै उहाँले भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गरी देशभरिका विद्यार्थीलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्य लिएको बताउनुभयो ।




कार्यक्रमका सभापति एवं भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले भक्तपुरको शिक्षा विकासमा तारा माध्यमिक विद्यालयको भूमिकाबारे प्रस्ट पार्दै विद्यालयले आजको अवस्थासम्म आइपुग्नुमा यहाँका अग्रज, समाजसेवी, शिक्षासेवीहरूको महत्त्वपूर्ण देन रहेको बताउनुभयो ।

तारा माध्यमिक विद्यालय व्यवस्थापन समितिका सदस्य **उद्धव सुजखू**ले विद्यालयको विकासमा यहाँका किसान, मजदुर, शिक्षासेवी, जनप्रतिनिधि, शिक्षकहरूको भूमिकाबारे प्रस्ट पार्दै नेमकिपाको मार्गनिर्देशनमा विद्यालयको विकास भएको बताउनुभयो ।

नेक्राशिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष **विष्णुप्रसाद दुमरु**ले विद्यार्थीलाई देशभक्तिपूर्ण भावना जगाउने काममा शिक्षकहरू क्रियाशील हुनुपर्ने बताउँदै विद्यार्थीमा आत्मनिर्भरताको भावनाको विकास गर्नुपर्ने बताउनुभयो ।

तारा माविका संस्थापक अध्यक्ष **पुष्पलाल सुजखू**ले भक्तपुरको शैक्षिक विकासमा तारा माविले उदाहरणीय कार्य गर्दै आएको बताउँदै पाठ्यक्रम कार्यान्वयन, विकास र व्यवस्थापनमा पनि तारा माविको भूमिका उल्लेखनीय रहेको बताउनुभयो ।

संयुक्त परीक्षा समितिका अध्यक्ष **रोशनराज तुईतुई**ले धेरै समस्या र चुनौतीबिच पनि तारा माविले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको उल्लेख गर्दै २०३३ सालमा स्थापना भएको तारा मावि संयुक्त परीक्षा समितिको पनि सक्रिय विद्यालयको रूपमा रहेको बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक **प्रेमलक्ष्मी त्वायना**ले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कार्यक्रममा अनिवार्य अवकाश प्राप्त शिक्षक **कृष्णगोविन्द दुवाल**, शिक्षक **हरिकृष्ण प्रजापति**, लेखा सहायक **रवीन्द्र सुजखू**, शिक्षक **विनोद कासुला** र शिक्षक **हरिप्रसाद बास्तोला**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि प्रजापतिले वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो भने विशेष अतिथि तथा अन्य अतिथिहरूले विद्यालयको आयोजनामा भएका अतिरिक्त क्रियाकलापका विजेताहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

नगर प्रमुख प्रजापतिले विद्यालयबाट अनिवार्य अवकाश प्राप्त शिक्षक कृष्णगोविन्द दुवाललाई दोसल्ला ओढाई बिदाइ गर्नुभयो ।

कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुतिहरू पनि प्रदर्शन गरेका थिए ।

## भक्तपुर जिल्लाव्यापी कार्टुन प्रतियोगिताका विजेताहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण




नेपाल क्रान्तिकारी युवा सङ्घ नगर समितिको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५१ औँ स्थापना दिवसको अवसरमा आयोजित भक्तपुर जिल्लाव्यापी कार्टुन प्रतियोगिताको पुरस्कार र प्रमाणपत्र वितरण कार्यक्रम फागुन ५ गते सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले चित्रकला आफैँमा साहित्यको सशक्त माध्यम भएको बताउँदै विद्यार्थीहरूको निरन्तरको मेहनत र अभ्यासले उनीहरूलाई सफलता दिलाउँछ भन्नुभयो ।

कुनै पनि काम सानो ठूलो हुँदैन भन्दै उहाँले विद्यार्थीलाई श्रमको सम्मान गर्न सिकाउनुपर्ने बताउनुभयो ।

विद्यार्थीहरूले कुनै एक विषयमा विशेषज्ञता हासिल गर्ने गरी आफ्नो अध्ययनलाई निरन्तरता दिनुपर्ने बताउँदै उहाँले चिट चोरेर उत्तीर्ण हुने विद्यार्थीले जीवनमा कहिल्यै इमानदारीपूर्वक काम गर्न सक्दैन भन्नुभयो ।

सामाजिक कार्यकर्ता नै भविष्यका राजनीतिक कार्यकर्ता हुने बताउँदै उहाँले सामाजिक कार्यकर्ताले समाजलाई कसरी व्यवस्थित गर्ने विषयमा चिन्तन गर्छ र राजनैतिक कार्यकर्ताले देश र समाजको समस्या बुझेर काम गर्छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर नगर समितिका **लक्ष्मीभक्त लासिवा**ले प्रगतिशील विद्यार्थीहरूले अन्धविश्वासको विरोध गर्ने बताउँदै समाजको विकासमा काम गर्नेहरू नै सामाजिक कार्यकर्ता हुन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका केन्द्रीय अध्यक्ष **मीनबहादुर बाटा**ले विद्यार्थीहरूबाट सिर्जित कार्टुनमा देशप्रतिको माया छचल्किएको बताउँदै नेमकिपा देशमा समाजवादी व्यवस्था स्थापना गर्न क्रियाशील रहेको बताउनुभयो । युवाहरूलाई मद्यपान धूमपानजस्ता विकृतिबाट टाढा रहन प्रेरित गर्दै उहाँले युवा विद्यार्थीहरूलाई राजनीतिमा लाग्न प्रेरित गर्नुपर्छ भन्नुभयो ।



नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष **प्रकाश गुरुङ**ले आजका विद्यार्थी भोलिका देशका कर्णधार हुन् भन्दै उहाँले विद्यार्थीहरूलाई विज्ञानसम्मत ढङ्गले अगाडि बढ्न प्रेरित गर्नुभयो । उहाँले चिट चोरेर पास गर्ने विद्यार्थीले कहिल्यै इमानदारीपूर्वक काम गर्न नसक्ने बताउँदै देशलाई दक्ष र सक्षम जनशक्तिको खाँचो रहेको औंल्याउनुभयो ।

नेक्रायुसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष **जगतराम धुख्वा**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेक्रायुसङ्घ नगर समितिका सदस्य **मुना बासुकला**, **इन्द्र राजलवट** र **रामेश्वर मचामसी**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले भक्तपुर जिल्लाव्यापी कार्टुन प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार र प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

उक्त प्रतियोगितामा प्रभात इङ्गलिश सेकेन्डरी स्कूलका **सपना खड्का** प्रथम, जेसिस से. स्कूलका **सायम सुवाल** द्वितीय, बासु माध्यमिक विद्यालयका **विविशा विष्ट** तृतीय र वागीश्वरी माविका **सुवान सुवाल**ले चौथो स्थान हासिल गरेका थिए ।

## गणेश माध्यमिक विद्यालय, भार्वाचोको ४१ औं वार्षिक उत्सव




गणेश माध्यमिक विद्यालय, भार्वाचोको ४१ औं वार्षिक उत्सव कार्यक्रम फागुन ५ गते सम्पन्न भयो ।

कार्य क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकलाई भनपाका जनप्रतिनिधिहरूले मार्ग दर्शकको रूपमा लिई अग्रजहरूको सुझाव र सहयोगमा कार्य गरिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुरलाई सांस्कृतिक नगर, शिक्षा तथा ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने लक्ष्यअनुसार जनप्रतिनिधिहरूले निःस्वार्थपूर्वक कार्य गरिरहेका छन् । समाजवादी सिद्धान्तअनुसार भनपाले शिक्षा–स्वास्थ्यलाई प्राथमिकता राखी जनताको सेवा गर्दै आएको छ ।"

भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले कामगरी खाने वर्गका छोराछोरीलाई गुणस्तरीय शिक्षा दिने उद्देश्यले गणेश माविको स्थापना गरेको हुँदा विद्यालयले लिएको लक्ष्यलाई पूरा गर्न शिक्षक, अभिभावक र विद्यार्थीहरूले मेहनत गर्नुपर्ने बताउनुभयो ।

भनपाले सस्तो शुल्कबाट चिकित्साशास्त्र विषय अध्यापन गराउन ख्वप विश्वविद्यालय सञ्चालन गर्ने लक्ष्यसहित ख्वप विश्वविद्यालय विधेयक संसद्मा दर्ता गरेको तर शासक पार्टीहरूको अदूरदर्शिता एवं सङ्कीर्ण सोचको कारण उक्त विधेयक पारित नहुँदा भनपाले लिएको लक्ष्यमा बाधा पुगिरहेको छ, उहाँले भन्नुभयो ।

विद्यालयका संस्थापक एवं समाजसेवी कृष्णबहादुर दुगुजुले शिक्षा प्रचारको साथै निम्न वर्गका छोराछोरीलाई शिक्षित बनाउन यो विद्यालय स्थापना भएको बताउनुभयो ।

विद्यालयका प्रअ गणेशराम थुसाले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा सहायक प्रअ लक्ष्मीसुन्दर सुवालले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा उत्कृष्ट विद्यार्थी एवं अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीलाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा शिक्षिका सुशिला न्याइच्याईले पनि बोल्नुभएको थियो ।

## ऐतिहासिक जनआन्दोलनका सहिदहरूको सम्मानमा सहिद दिवस



नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा २०४६ सालको ऐतिहासिक जनआन्दोलनको क्रममा वीरगति प्राप्त गरेका वीर सहिदहरूको सम्मानमा फागुन ८ गते ३६ औँ सहिद दिवस सम्पन्न भयो ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले २०४६ सालको जनआन्दोलनमा पहिलो सहिद नेपाल मजदुर किसान पार्टीका युवा-विद्यार्थी हुनुभएको थियो; घाइते योद्धा र जेलनेल भोग्नेहरू पनि भक्तपुरका युवा विद्यार्थी नै हुनुहुन्थ्यो भन्नुभयो ।

उहाँले भन्नुभयो, "जनआन्दोलनको बलमा २००७ सालमा बहुदल स्थापना भएको थियो भने २०४६ सालमा बहुदलको पुनःस्थापना भयो । २००७ सालका तत्कालीन राजा, राणा र नेपाली काङ्ग्रेसको दिल्ली सम्झौताबाट बहुदल (प्रजातन्त्र) आएको थियो । २०४६ सालमा भारतको शासक दलका नेताहरू नेकाका नेता गणेशमान सिंहको क्षेत्रपाटीस्थित चाक्सीबारीको घर आँगनमा भएको भेलामा सम्बोधन गर्न आएका थिए ।"




उहाँले अगाडि भन्नुभयो, "२००७ सालअघि नेपाल कम्युनिस्ट पार्टीका पुष्पलाल श्रेष्ठ र बीपी कोइरालाले भारतीय पुँजीको सेवा गरेको राणा शासनविरुद्ध आन्दोलन उठाउनुभएको थियो । तर, २००७ सालको परिवर्तनपछि नेपाली काङ्ग्रेसका बीपी, सुवर्ण शमशेर, गणेशमान सिंह, राणा प्रधानमन्त्री मोहन शमशेरलाई मानेर मन्त्री बन्न जानुभयो ।"

उहाँले भन्नुभयो , "२००७ सालपछि मातृकाप्रसाद कोइराला पनि प्रधानमन्त्री भए । त्यसबेला भारतसँग मिलेर नेपालको उत्तरी सिमानाको १२ स्थानमा भारतीय सुरक्षा चौकी राख्न सहमति गरियो । २०४६ सालको आन्दोलनपछि नेपालको हितविपरीत नेपालका नदीनाला भारतको साझा हुने गरी दिल्ली सम्झौता गरियो भने महाकाली, कर्णाली, अरुण, पश्चिमसेती, मुगु, कर्णालीलगायत नेपालका नदीनाला र जलस्रोत भारतलाई सुम्पियो । २०६३ सालपछि नेपालमा जन्म भएका विदेशीलाई समेत नेपाली नागरिकता दिने कानुन बनाइयो ।२०७२ सालमा संविधान घोषणादेखि यहाँसम्म पुग्दा जन्मको आधारमा नेपाली नागरिकता लिएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुन बनाइयो ।"

उहाँले अगाडि भन्नुभयो, "सरकारमा गएका दलका नेताहरू २००७ सालको बहुदल (प्रजातन्त्र) पुनःस्थापनालाई 'जनक्रान्तिले ल्याएको रूपान्तरण, उज्यालो ढोका उघ्रेको दिन आदि दाबी गर्दै छन् । कर्णाली प्रदेशका ९६ प्रतिशत जनता स्वस्थकर पानीबाट वञ्चित छन् भने २६ प्रतिशत जनताको घरमा बिजुली पुगेको छैन । करोडौँ युवालाई वैदेशिक रोजगारीमा पठाएर सरकारहरू दाल, चामल, तरकारी, फलफूलसमेत महँगोमा भारतबाट खरिद गर्दै छन् भने भारतीय एकाधिकार पुँजीको सेवा गर्दै छन् ।"

"सहिदको सपना र प्रजातन्त्रको अर्थ सरकारी उद्योग बेच्ने होइन, देशलाई २६ खर्ब बढी ऋण बोकाएर

सरकारका नेताहरू आ–आफ्नो थातथलो छाडेर सङ्घ र प्रदेशको राजधानीमा बसाइँसराइ गर्ने होइन, काठमाडौँ उपत्यकालाई ध्वनि, धुवाँ, धुलो, रसायन प्रदूषणमा विश्वकै पहिलो स्थान बनाउने होइन", उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो , "भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गर्न नदिने सहिदको सपना र प्रजातन्त्र होइन । ख्वप विश्वविद्यालयलाई विरोध गर्नेहरू सत्रौँ अठारौँ शताब्दीका मानिस हुन् । सहिदको सपना शिक्षा, स्वास्थ्य नि:शुल्क गर्ने, युवालाई देशभित्र रोजगारी दिने, देशलाई आत्मनिर्भर बनाउने हो । सहिदको सपना र प्रजातन्त्रको अर्थ देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्नु हो । विदेशीको भरमा होइन, नेपाली जनताको भरमा आन्दोलन उठाउनु हो ।"



नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले २०४६ सालपछि देशमा धेरै सरकार गठन भए तर ती सरकारले जनताको हितमा काम गरेनन्; सहिदको बलिदानबाट सरकारमा पुगेकाहरूले सहिदहरूकै अपमान गरिरहेका छन् भन्नुभयो ।

उहाँले भन्नुभयो , "देशमा सङ्घीयता आए पनि स्थानीय तहलाई सङ्घ सरकारले आफ्नै एकाइजस्तो व्यवहार गर्नु सङ्घीयता र संविधानको भावनाविपरीत कार्य हो । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनु र जनतालाई थप अधिकार प्रदान गर्दै जानु नै सङ्घीयता हो ।"

देशको आर्थिक अवस्था थप जटिल बन्दै गएकोमा चिन्ता व्यक्त गर्दै उहाँले सरकारको राजस्वले चालु खर्च धान्न नसक्ने अवस्था छ; देश विदेशी ऋणको पासोमा फस्दै छ; यसको जिम्मेवार शासक दलहरू नै हुन् भन्नुभयो ।

उहाँले भन्नुभयो, "देशमा विद्रोह हुने डरले नेपाली युवाहरूलाई घरखेत बैङ्कमा राख्न लगाएर रोजगारीको नाउँमा विदेश धपाउँदै छ । युवाहरूलाई विदेश पठाउँदैमा देशमा क्रान्ति रोकिनेछैन ।"

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय अध्यक्ष डिल्लीप्रसाद काफ्लेले नेपाल मजदुर किसान पार्टीले कामदार वर्गको शासन सत्ता स्थापना गर्न समाजवादी गणतन्त्रको प्रचार अभियानमा निरन्तर लागिपरेको बताउँदै नेपाल कम्युनिस्ट आन्दोलनमा नेमकिपा प्रकाशस्तम्भको रूपमा काम गर्दै छ भन्नुभयो ।

सहिदको परिवारको तर्फबाट पुष्परत्न शाक्यका छोरा पुञ्जरत्न शाक्यले प्रजातान्त्रिक र गणतान्त्रिक भनिएका शासकहरूले वीर सहिदहरूको रगत बिर्सनु जनघात हो भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि, सहिद परिवार र घाइते योद्धाहरूले सहिदहरूको प्रतिमामा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

कार्यक्रममा नेक्रामसङ्घ भक्तपुर जिल्ला अध्यक्ष उपेन्द्र सुवाल, राजकुमार सुवालकी छोरी रचना सुवाल, घाइते योद्धाहरूको तर्फबाट राजेन्द्र दुमरु, नेक्राकिसङ्घ भक्तपुर जिल्ला समितिका सदस्यद्वय केशवप्रसाद तिमिल्सिना र सूर्यबहादुर फोजूले सहिद दिवसको महत्त्वबारे आ–आफ्नो विचार राख्नुभयो ।

## शिक्षामा अगाडि बढेको देश विकासमा पनि अगाडि बढ्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. ८ लिबालीस्थित ब्रह्मायणी आधारभूत विद्यालयको ३३ औँ वार्षिकोत्सव, शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम फागुन १२ गते सम्पन्न भयो ।

वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले समाजको निम्ति काम गर्ने भावना भएका विद्यार्थीहरूमा देशको लागि केही गर्छु भन्ने परोपकारी भावनाको विकास हुने उल्लेख गर्दै विद्यार्थीहरूलाई किताबी

ज्ञानसँगसँगै अतिरिक्त क्रियाकलापमा पनि संलग्नता बढाउनुपर्ने बताउनुभयो ।

भक्तपुरका सामुदायिक विद्यालयहरू समाजका अगुवाहरूको संयुक्त प्रयासबाट स्थापना भएको विद्यालय हो भन्दै उहाँले अग्रजले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेकै कारण आज भक्तपुरले शैक्षिक क्षेत्रमा फड्को मारेको बताउनुभयो ।

संविधानमा बालबालिकाका लागि निःशुल्क शिक्षाको व्यवस्था गर्ने उल्लेख भए तापनि त्यसको कार्यान्वयन भने हुन नसकेको बताउँदै उहाँले शिक्षामा अगाडि बढेको देश विकासमा पनि अगाडि बढ्ने धारणा राख्नुभयो ।



शिक्षा र स्वास्थ्यजस्तो महत्त्वपूर्ण विषयको पूर्ण जिम्मेवारी राज्यले लिनुपर्ने उल्लेख गर्दै उहाँले भक्तपुर नपाले शैक्षिक गुणस्तरमा प्रतिस्पर्धा गर्ने नीति अवलम्बन गरी सामुदायिक र निजी विद्यालयलाई समान व्यवहार र सहयोग गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले भक्तपुरको लिबाली क्षेत्र अहिले शैक्षिक केन्द्रको रूपमा विकास भइरहेको र हाल यहाँ सामुदायिक र निजी गरी करिब १३ वटा विद्यालयहरू सञ्चालनमा रहेको उल्लेख गर्दै विद्यार्थीहरूलाई दुर्व्यसन र कुलतबाट टाढा राखिनुपर्ने बताउनुभयो ।

ब्रह्मायणी आधारभूत विद्यालयका संस्थापक अध्यक्ष ज्ञानसागर प्रजापतिले विद्यालय भवन निर्माणले यहाँको शैक्षिक क्रियाकलापमा सकारात्मक प्रभाव परेको बताउँदै विद्यालयप्रति विश्वास गरी आफ्ना बालबालिकाहरूलाई भर्ना गर्ने अभिभावकप्रति आभार प्रकट गर्नुभयो । विद्यार्थी नभएर नेपालका करिब ५०० कलेजहरू बन्द हुने अवस्था पुगेको समयमा भक्तपुर नगरपालिकामा भने विद्यार्थी सङ्ख्या सन्तोषजनक रहेको उहाँले बताउनुभयो ।

वागीश्वरी माविका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले विद्यालय प्रगतिको कामना गर्दै विद्यार्थीहरूलाई अरुसँग तुलना नगरी नियमत विद्यालय पठाउन, सरसफाइमा ध्यान दिन, पोषणयुक्त खाना खुवाउनमा जोड दिनुपर्ने बताउनुभयो ।

विद्यालय प्रअ तीर्थलक्ष्मी धन्छाले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयले विद्यार्थी केन्द्रित शिक्षण विधिहरू प्रयोग गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्ने र दैनिक पाठयोजनालाई लागु गर्ने प्रयास गर्दै आइरहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीनारायण दुवालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्य सुमित्रा बोहजू र विद्यार्थी प्रतिनिधिले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो । प्रमुख अतिथि प्रजापतिले विद्यालयमा लामो समय कार्यरत शिक्षकहरूलाई दीर्घ सेवा सम्मान र अतिरिक्त क्रियाकलापका विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो । कार्यक्रमको बिचबिचमा विद्यार्थीहरूले सांस्कृतिक नाचहरू प्रस्तुत गरेका थिए ।

वार्षिकोत्सवको उपलक्ष्यमा प्रा.वि. (कक्षा ५ सम्म) स्तरीय नगरव्यापी भएको चित्रकला प्रतियोगिताका विजयी विद्यार्थीहरू सकिला स्याङताङ (गणेश मा.वि., भार्वाचो) प्रथम, समीर डाँगी (जनसेवा आ.वि.,थुचो) द्वितीय, अनिल ठाकुर (ब्रह्मायणी आ.वि., लिबाली) तृतीय र अनुभव चक्रवर्ती (दत्तात्रय आ.वि., तचपाल) चतुर्थ भएकालाई पनि पुरस्कार तथा मेडल प्रदान गरिएको थियो ।

## विद्यार्थीको शैक्षिक जग मजबुत र बलियो बनाउन गुणस्तरीय शिक्षा आजको आवश्यकता



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपा वडा नं. ७ गोल्मढीस्थित नवीन आधारभूत विद्यालयको ४४ औँ वार्षिकोत्सव कार्यक्रम, पुरस्कार वितरण

तथा सांस्कृतिक कार्यक्रमको फागुन १३ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले समाजवादी देशमा बालबालिका पढ्ने विद्यालयहरूलाई 'केटाकेटीको दरबार' भनिने बताउँदै विद्यार्थीको शैक्षिक जग मजबुत र बलियो बनाउन गुणस्तरीय शिक्षा आजको आवश्यकता हो भन्नुभयो ।

भक्तपुरको सामुदायिक विद्यालयहरूको स्तरोन्नति र विकासमा भक्तपुर नगरपालिकाबाट सम्भव हुने सबै किसिमको सहयोग गर्न प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले ४४ वर्षअघि स्थापना भएको नवीन आधारभूत विद्यालयले देश र समाजप्रति उत्तरदायी जनशक्ति उत्पादन गरिरहेको बताउनुभयो ।



प्रमुख प्रजापतिले विद्यालयस्तरबाट सिकाइने अनुशासन विद्यार्थीहरूले जीवनभर अँगीकार गर्ने बताउँदै विद्यार्थीलाई शिक्षितसँगै अनुशासित बनाउने दायित्व शिक्षक र अभिभावकहरूको हो भन्नुभयो ।

विद्यार्थीहरूमा आफ्नो काम आफै गर्ने स्वयम्सेवी भावनाको विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भक्तपुर नपाले गरिब तथा जेहनदार विद्यार्थीहरूलाई प्रदान गर्दै आएको शैक्षिक ऋण र छात्रवृत्ति कार्यक्रमले धेरै विद्यार्थीहरू शिक्षित र दीक्षित हुने अवसर मिलेको बताउनुभयो ।

नवीन आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले विद्यालय समाज रुपान्तरण गर्ने प्रारम्भिक थलो भएको बताउँदै विद्यालयका शिक्षकहरू समाजका निर्माता हुन् भन्नुभयो ।

देशको भविष्य बालबालिकामा निहित हुने स्पष्ट पार्दै उहाँले बालबालिकालाई योग्य र सक्षम बनाउन सके देशको विकासमा पनि सकारात्मक प्रभाव पार्ने बताउनुभयो ।

आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फाँजुले भक्तपुरका सामुदायिक विद्यालयहरूले सीमित स्रोतसाधनबिच पनि विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न निजी शिक्षकको व्यवस्था गरी पठनपाठन गर्दै आएको उल्लेख गर्दै विद्यालयको आयोजनामा हुने खेलकुद र सांस्कृतिक गतिविधिले उनीहरूको प्रतिभा उजागर गर्न मद्दत पुऱ्याइरहेको बताउनुभयो ।

नवीन आधारभूत विद्यालयका प्रअ प्रकाश गोसाईले विद्यालयको प्रगति प्रतिवेदन र भावी योजनाहरू प्रस्तुत गर्दै हाल नवीन स्कूलमा २१७ जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

कार्यक्रममा शिक्षिका शोभा कवांले स्वागत मन्तव्य र शिक्षिका सरु दुवालले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने शिक्षिकाद्वय कृतिका श्रेष्ठ र करुणा सुवालले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरूले अवकाश प्राप्त शिक्षकलाई सम्मान तथा बिदाइ, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई प्रमाणपत्र वितरण तथा विभिन्न क्रियाकलापमा विजेता विद्यार्थीहरूलाई पुरस्कार वितरण गरेका थिए ।

**नेपाल कर्मचारी समाजको 'सन्देश' बुलेटिन सार्वजनिक**

## आत्मनिर्भर देशमात्र विकासको पथमा अग्रसर हुने



नेपाल कर्मचारी समाज केन्द्रीय समितिको प्रकाशन 'सन्देश' बुलेटिन वर्ष ५, अङ्क ५ को सार्वजनिकीकरण कार्यक्रम नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको आतिथ्यमा फागुन १३ गते सम्पन्न भयो ।

नेपाल कर्मचारी समाज केन्द्रीय समिति र नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नगरपालिका एकाइ समितिको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा प्रमुख प्रजापतिले आत्मनिर्भर देशमात्र विकासको पथमा अग्रसर हुनसक्ने भएकोले देश हरेक क्षेत्रमा आत्मनिर्भर हुनुपर्नेमा जोड दिनुभयो ।

संरा अमेरिकाले अनुदान रोक्दा काठमाडौँका धेरै घरहरू खाली भएको र धेरै एनजीओ/आईएनजी सञ्चालनमा समस्या भएको समाचारप्रति सतर्क गराउँदै प्रमुख प्रजापतिले विकास निर्माण एवं नगरवासीको सेवामा कार्यहरू गरिरहेको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “कृषिलाई मात्र आत्मनिर्भर बनाउन सके धेरै हदसम्म नेपालको व्यापारघाटा कम हुने थियो । पछिल्लो तथ्याङ्कअनुसार महिनाको २ खर्ब रूपैयाँ बराबरको तरकारीजन्य सामानहरू नेपालमा भारतबाट आयात हुने गरेको छ ।”



“४० वर्ष अगाडिसम्म नेपालले चामललगायत खाद्य पदार्थ भारत निर्यात गर्थ्यो । सरकारमा जाने पार्टीहरूको अकर्मण्यताको कारण त्यसको उल्टो अहिले नेपाल खाद्यान्नमा परनिर्भर हुनुपरेको छ”, प्रमुख प्रजापतिले भन्नुभयो ।

स्वास्थ्य बीमाको सुविधाबाट सरकार पन्छिन नमिल्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले ख्वप अस्पताललगायत सरकारी अस्पतालाई दिनुपर्ने बीमा रकम यथाशीघ्र उपलब्ध गराई जनताको स्वास्थ्य उपचारमा सहज गर्नुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

संरा अमेरिकी साम्राज्यवादले अनुदान रोक्दा युक्रेनका राष्ट्रपति जेलेन्सकीको हालतबाट शिक्षा लिनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले संरा अमेरिकी साम्राज्यवादी प्रवृत्तिविरुद्ध जनतालाई सचेत गराउनुपर्नेमा जोड दिनुभयो ।

“जिम्मेवारीअनुसारको कर्तव्य पूरा गर्नुपर्ने र अधिकार प्राप्तिसँगसँगै उत्तरदायित्व बहन गर्नुपर्ने भनाइप्रति कर्मचारीहरू सचेत हुनुपर्छ”, उहाँले भन्नुभयो ।

नेपाल मजदुर किसान पार्टीले देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने लक्ष्य लिएर काम गरिरहेको चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, “भक्तपुरका जनप्रतिनिधि र कर्मचारीहरू एकताबद्ध भई निःस्वार्थपूर्वक नगरवासीको सेवा गरिरहेको कारण आज भक्तपुर नगरपालिकाका गतिविधिहरू अरू स्थानीय तहको लागि चासो र राम्रो उदाहरणको विषय बनिरहेको छ ।”

सङ्गठनको मर्यादामा रही आलोचना र आत्मालोचना गर्न प्रमुख प्रजापतिले कर्मचारीहरूलाई निर्देशन दिनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरूमा अध्ययन संस्कृतिको विकास गराउने उद्देश्यले नै समाजले ‘सन्देश’ बुलेटिन प्रकाशन गरिरहेको बताउनुभयो ।

समाजवादी व्यवस्थाले मात्र कामदार वर्गको हित गर्नसक्ने उल्लेख गर्दै उहाँले समाजवाद र पुँजीवादबारे बहुसङ्ख्यक जनतालाई सचेत बनाउनु जरूरी छ भन्नुभयो ।

नेपाल कर्मचारी समाज ट्रेड युनियनवादको पक्षमा नरहेको स्पष्ट पार्दै अध्यक्ष लासिवाले कर्मचारीमा देशभक्तिको भावना विकास गराउने र देश र जनताको निःस्वार्थपूर्वक सेवा गर्ने समाजको उद्देश्य रहेको बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय उपाध्यक्ष एवं बुलेटिन प्रकाशन समितिका संयोजक एवं कार्यक्रमका सभापति काजीबहादुर पञ्चले ‘सन्देश’ बुलेटिनमा प्रकाशित लेखहरूबारे जानकारी गराउनुभयो ।

समाजका केन्द्रीय सदस्य सुदर्शन काफ्लेले नेपाल कर्मचारी समाजले कर्मचारीहरूलाई समाजवादी आचरणलाई जीवन पद्धतिमा लागु गर्न उत्प्रेरित गरिरहेको छ भन्नुभयो ।

कार्यक्रममा शिवराम धुख्वा, दिव्यलक्ष्मी बज्राचार्य र रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

## कानुन अध्ययन समाजको तेस्रो राष्ट्रिय भेला सम्पन्न




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा कानुन अध्ययन समाजको तेस्रो राष्ट्रिय भेला फागुन १४ गते भक्तपुरमा सम्पन्न भयो ।

राष्ट्रिय भेलाको उद्घाटन मन्तव्य राख्दै अध्यक्ष बिजुक्छेँले देशमा गलत र राष्ट्रघाती नीति नियम आउनुमा दलाल बुद्धिजीवीहरू जिम्मेवार भएको उल्लेख गर्दै देश विदेशीको अधीनमा जान नदिन कानुन व्यवसायीहरूले कानुनी र वैचारिक सङ्घर्ष जारी राख्नुपर्ने बताउनुभयो ।

आर्थिक दरिद्रताभन्दा वैचारिक र संस्कारगत दरिद्रता घातक हुने औँल्याउदैँ उहाँले आर्थिक गरिबी केही वर्षको मेहनत र प्रयासले अन्त्य हुनसक्ने तर वैचारिक र संस्कारगत दरिद्रताले कहिल्यै आत्मनिर्भर र स्वाधीन बन्न नदिने स्पष्ट पार्नुभयो ।

उहाँले पहिले कानुन व्यवसायी रहेका धेरै नेताहरू पछि राज्यका उच्च तहसम्म पुगेका र व्यवहारिक रूपमा विरोधीहरूबाट समेत सम्मान पाएका उदाहरण छन् भन्दै हरेक कुरामा आलोचनात्मक दृष्टिले हर्ने र अध्ययन अनुसन्धान गर्ने बानी विकास गर्न जरूरी छ भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले जनता राजनीतिकरूपमा सचेत नभएका र आफ्नो शक्ति थाहा नपाएका कारण दु:ख पाइरहेको प्रस्ट पार्दै जनताको चेतनास्तर उठाउन नसकिएसम्म देशमा परिवर्तन सम्भव छैन भन्नुभयो ।

दास युगमा दास व्यवस्था कायम राख्न दासहरूबिच ज्यान लिने लडाइँ गर्न लगाएर उनीहरूबिच शत्रुता कायम राख्ने गरेजस्तै अहिले शासक वर्गले शोषित-पीडित जनताबिच जातजाति, भाषा, धर्म र लिङ्गका आधारमा विभाजन ल्याउने काम गरिरहेको उहाँले प्रस्ट पार्नुभयो ।



आजसम्मको इतिहासमा सत्यतथ्य र कामदार जनताको योगदानको खासै उल्लेख नभएकोले विश्वको इतिहासजस्तै नेपालको इतिहासको पनि अध्ययन गर्नुपर्ने जरुरी रहेको उहाँले औँल्याउनुभयो । देशमा स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिनपुर्ने माग नेमकिपाले धेरै पहिले नै गरेको उल्लेख गर्दै उहाँले स्थानीय तहका सरकारलाई अधिकारसम्पन्न बनाएमा प्रदेश तहको सरकार आवश्यक नहुने उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले शासक दलहरूले ख्वप विश्वविद्यालय स्थापना गर्ने विधेयक पारित नगर्नु आश्चर्यको विषय होइन भन्दै शिक्षा र स्वास्थ्य उपचारजस्ता जनताका जरूरी चिजलाई निजीकरण गर्ने, देशमा विदेशी विश्वविद्यालयका कलेज सञ्चालन गरेर नाफा कमाउने र नेपाली विद्यार्थीहरूलाई विदेश धपाउनेहरूले सरकार र स्थानीय तहअन्तर्गत कलेज र विश्वविद्यालय सञ्चालनको विरोध गर्नु नौलो कुरा नभएको बताउनुभयो ।

पुँजीवादी व्यवस्था रहेसम्म बहुमत कामदार जनताले दु:ख पाइरहने स्पष्ट पार्दै उहाँले जनतालाई राजनीतिक पार्टी कुनै न कुनै वर्गको पक्षमा हुने र समाजवाद र साम्यवादी व्यवस्थाले मात्र शोषण, दमन र अन्याय अत्याचार अन्त्य हुने तथ्य बताउँदै जानुपर्छ भन्नुभयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवं कानुन अध्ययन समाजका सल्लाहकार सुनिल प्रजापतिले संविधानतः देश सङ्घीय व्यवस्थामा गइसके पनि व्यवहारमा नियन्त्रित र सीमित सङ्घीयताको अभ्यास भइरहेको बताउनुभयो । सङ्घ र प्रदेश सरकारले स्थानीय तहले नै पूरा गर्नसक्ने स-साना योजनाहरूमा बजेट राखेर स्थानीय अधिकारको जिम्मेवारी खोसिरहेका छन् भन्नुभयो ।

ख्वप विश्वविद्यालय सञ्चालनको आकाङ्क्षा भक्तपुरका जनताको मात्र नभई देशभरकै शिक्षाप्रेमीहरूको माग बनिसकेको बताउँदै उहाँले शासक दल र सङ्घ सरकारले संविधानले दिएको स्थानीय तहहरूले कलेज र विश्वविद्यालय सञ्चालन गर्न पाउने शिक्षाको हक दिन अस्वीकार गरिरहेका छन् भन्नुभयो ।

देशको न्यायिक प्रक्रियाले गरिब जनतालाई न्याय दिन नसकिरहेको र न्यायाधीशहरूको नियुक्तिसमेत दलीय भागबन्डाको आधारमा गर्ने गलत परिपाटीले न्यायपालिकाको शाख घटाइरहेको उहाँले बताउनुभयो ।

कानुन अध्ययन समाज केन्द्रीय समितिका अध्यक्ष रामप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारीले शुभकामना मन्तव्य राख्नुभयो भने समाजका शिवराज दाहाल र गम्भीरमान ज्याख्वले पनि बोल्नुभयो ।

भेलाको दोस्रो सत्रमा नेमकिपाका केन्द्रीय सदस्य तथा नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईंको अध्यक्षतामा अध्यक्षमण्डल गठन गरिएको थियो ।

बन्द सत्रमा अध्यक्ष प्रजापतिले केन्द्रीय समितिको प्रतिवेदन, उपाध्यक्ष नरहरिनाथ योगीले समाजको विधान संशोधन प्रस्ताव, केन्द्रीय सदस्य शिवराज दाहालले नेपाल बार एसोसियसनको निर्वाचन उपयोग गर्नेसम्बन्धी प्रस्ताव र अर्का केन्द्रीय सदस्य शिवराम बोहजूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरूको प्रतिवेदन पेस गर्नुभएको थियो ।

बन्दसत्रले अधिवक्ता रामप्रसाद प्रजापतिकै अध्यक्षतामा १९ सदस्यीय नयाँ केन्द्रीय समिति सर्वसम्मत निर्वाचित गऱ्यो । समितिको उपाध्यक्षद्वयमा शिवराज दाहाल र अनिता जधारी, सचिवमा गम्भीरमान ज्याख्व र कोषाध्यक्षमा राधेश्याम सुवाल रहनुभएको छ ।

निर्वाचित केन्द्रीय समितिलाई बधाईज्ञापन मन्तव्य

राख्दै अध्यक्ष मण्डलका अध्यक्ष गोसाईले कानुन अध्ययन समाजका सदस्यहरूले समस्यामा परेका र निर्दोष कामदार वर्गका जनताको पक्षमा वकालत गर्दै समाज परिवर्तनको निम्ति उल्लेखनीय योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अध्यक्ष मण्डलका सदस्यद्वय अधिवक्ता विकल प्रजापति र अधिवक्ता आशाकुमार चिकंबन्जारले पनि बधाईज्ञापन मन्तव्य राख्नुभएको थियो ।

## चोकसभा सम्पन्न




मजदुर किसान पार्टीको आसन्न महाधिवेशनबारे प्रचारार्थ नेमकिपा भनपा–७ इनाचो–चोर्चा समितिको आयोजनामा चोर्चामा फागुन १४ गते चोकसभा सम्पन्न भयो ।

सभामा पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपालको कम्युनिस्ट आन्दोलनलाई नेमकिपाले बचाइराखेको चर्चा गर्दै महाधिवेशन एउटा भव्य कार्यक्रम मात्र नभई सैद्धान्तिक र वैचारिक सङ्घर्ष भएको बताउनुभयो ।

उहाँले नेमकिपाले स्थापनाकालदेखि नै कामदार जनताको तत्कालीन र दीर्घकालीन हितको निम्ति सङ्घर्ष गर्दै आएको बताउनुभयो ।

पुँजीवादी व्यवस्थाको सरकारमा गएर कमिसन र भ्रष्टाचारको आहालमा रमाउने तथाकथित कम्युनिस्टहरू नक्कली कम्युनिस्ट हुन्, केन्द्रीय सदस्य प्रजापतिले भन्नुभयो ।
पटक पटक सरकारमा गएर देश र जनताको हितमा काम नगरी भ्रष्टाचार काण्डहरू सिर्जना गरेका शासक पार्टीहरूकै कारण गणतन्त्र विरोधीहरूले टाउको उठाउन थालेको उहाँले बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका नारायणप्रसाद त्वानावासुले नेमकिपा स्थापनाको आधार भक्तपुरका अग्रज किसानहरूको सङ्घर्ष भएको चर्चा गर्नु भयो ।

विष्णुराम दुमरूको सभापतित्वमा भएको कार्यक्रममा सचिव चन्द्रप्रसाद दुमरूले पनि बोल्नुभएको थियो ।

## शान्ति निकेतन मा.वि.को ५५ औं वार्षिकोत्स




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा शान्ति निकेतन माध्यमिक विद्यालयको ५५ औं वार्षिकोत्सव, शिक्षक सम्मान तथा पुरस्कार वितरण समारोह फागुन २१ गते सम्पन्न भयो ।

**पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।**

## हार्दिक श्रद्धाञ्जली



**स्व. रत्नभक्त ध्वोजू**

जन्म : २००५ मङ्सिर १५ | निधन : २०८१ माघ २४

भक्तपुर नगरपालिकाका कर्मचारी हरिरत्न ध्वोजूका पूजनीय पिता **रत्नभक्त ध्वोजू**को दु:खद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### पर्यटक सेवा शुल्कसम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमश: वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।

भक्तपुर नपाबाट प्रकाशित

पुखू सम्बन्धी पुस्तक




पढ्नुहोस्, पढाउनुहोस् ।

## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

### राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाका विभिन्न वडा कार्यालयहरूमा राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गराइएका नगरवासीहरूको राष्ट्रिय परिचय पत्र कार्डहरू जिल्ला प्रशासन कार्यालयबाट मिति २०८१।११।०१ गते प्राप्त भएकोमा सुरूमा भक्तपुर नगरपालिका ८ नं वडा कार्यालयबाट राष्ट्रिय परिचयपत्रको फोटो खिचाउनुभएका व्यक्तिहरूको राष्ट्रिय परिचयपत्र वितरण गर्ने भएको हुँदा ८ नं. वडा कार्यालयमा फोटो खिचाउँदा दिएको रूजु भर्पाइपत्र र नागरिकता साथमा लिइ मिति २०८१ फागुन १ गतेदेखि ३० गतेभित्र सम्बन्धित व्यक्ति स्वयम् उपस्थित भई भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय व्यासीबाट कार्यालय समयभित्र राष्ट्रिय परिचयपत्र लिनुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**नोट**

१. जिल्ला प्रशासन कार्यालय भक्तपुरमा राष्ट्रिय परिचयपत्रका लागि फोटो खिचाउनेहरूले जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।

२. बाँकी वडाहरूको पनि क्रमश: कार्ड वितरण गर्दै लगिने छ ।

# हाम्रो स्वास्थ्य

## मिर्गौला रोगीहरूले पानी, पोटासियम र फोस्फोरसको सेवन किन कम गर्ने ?



डा. भुपेन्द्र शाह

दीर्घ मिर्गौला रोगको पहिलो कारण चिनी हो भने दोस्रो उच्च रक्तचाप हो । चिनी र प्रेसरका कारण नै धेरै मानिसहरूको मिर्गौलामा खराबी आउने गर्छ ।उच्च रक्तचापका कारण मिर्गौला रोग लागेको अवस्थामा रक्तचाप बढाउने खानेकुराको सेवन गर्नु हुँदैन ।

उच्च रक्तचापका कारण मिर्गौलामा खराबी आएमा नुन भएको खानेकुराको सेवन एकदमै कम गर्नुपर्ने हुन्छ ।

यदि चिनीको कारण मिर्गौलामा खराबी देखिएमा चिनीजन्य खानेकुराको सेवन एकदमै घटाउनुपर्छ । यस्तो अवस्थामा कृत्रिम रूपमा गुलियोको प्रयोग भएका खानेकुराहरूको सेवन गर्नुहुँदैन ।

मिर्गौलाका रोगीहरूले विशेषगरी ३ प्रकारका खानेकुरामा जोड दिनुपर्ने हुन्छ –

मिर्गौला रोगीहरूले पानी पिउने कुरामा एकदमै ध्यान दिनुपर्ने हुन्छ । त्यस्तै फोस्फोरस तथा पोटासियमयुक्त खानेकुराहरूको पनि कमी गर्नुपर्ने हुन्छ ।

### मिर्गौला रोगीहरूले किन धेरै पानी नपिउने?

राम्रोसँग पिसाब आइरहने मिर्गौला रोगीहरूलाई पानीको मात्रा केही बढी भए पनि फरक पर्दैन । यद्यपि, धेरै जस्तो मिर्गौला रोगीहरूमा राम्रोसँग पिसाब नबन्ने समस्या हुन्छ । राम्रो पिसाब नहुँदा शरीरमा पानीको मात्रा बढ्दै गई शरीर सुन्निने समस्या हुने गर्छ ।

उक्त पानी फोक्सो र मुटुमा जम्मा हुँदा स्वाँ–स्वाँ हुने, श्वासप्रश्वास बढ्ने हुनाले मिर्गौला रोगीहरूले सकेसम्म पानी कम पिउनुपर्ने हुन्छ । त्यसैले चिकित्सकहरूले मिर्गौला रोगीहरूलाई दैनिक कति पिसाब हुन्छ मापन गर्नका लागि सुझाव दिन्छन् ।

यदि कुनै बिरामीको २४ घण्टामा ५ सय मिलिलिटर मात्रै पिसाब हुन्छ भने उक्त बिरामीले २४ घण्टामा १ हजार मिलिलिटर पानी पिउन सक्छन् ।

कतिपय मिर्गौला रोगीहरूमा पिसाब नै नहुने समस्या हुने गर्छ । त्यस्ता बिरामीहरूले बढी पानी पिएमा उनीहरूलाई समस्या पर्न सक्छ ।

त्यस्ता बिरामीहरूले प्यास लाग्दा मुखमा आइस राख्ने, रुमालमा पानी भिजाएर मुखमा राख्ने, चुइँगम चपाउने गर्नुपर्छ ।

### पोटासियमको कम भएको मात्रै किन खाने?

मिर्गौला रोगीहरूमा पोटासियम बढ्छ । मानव शरीरमा उक्त तत्त्वले मांशपेसीहरूलाई खुम्च्याउने तथा फुलाउने तथा शरीरलाई ताकत दिने काम गरिरहेको हुन्छ ।

कतिपय मिर्गौला रोगीहरूमा पोटासियमको मात्रा एकदमै बढी रहेको हुन्छ । सामान्यतया मानव शरीरमा पोटासियमको मात्रा ३.५ देखि ५ सम्म हुने गर्छ । तर मिर्गौलाका बिरामीहरूमा भने यसको मात्रा ७ प्रतिशतसम्म हुन सक्छ ।

यसरी पोटासियमको मात्रा उच्च हुँदा त्यसको प्रत्यक्ष असर मुटुमा पर्ने गर्छ । यसको मात्रा ७ सम्म पुग्दा बिरामीको मृत्युसमेत हुनसक्छ । यसकारण मिर्गौला रोगीहरूले समय समयमा शरीरमा रहेको पोटासियमको मात्रा परीक्षण गराउने तथा पोटासियमयुक्त खानेकुराको सेवन कम गर्नुपर्छ ।

फलफूलहरूमा सुन्तला र केरामा बढी मात्रामा पोटासियम पाइने भएकोले मिर्गौला रोगीहरूले यस्ता खानेकुराको सेवन गर्नुहुँदैन । स्याउमा पोटासियमको मात्रा कम हुने भएकोले फलफूलहरूमा स्याउको सेवनलाई प्राथमिकता दिँदा राम्रो हुन्छ ।

त्यसैगरी पोटासियमको मात्रा बढी भएका खानेकुरा गोलभेँडा, आलु, हरियो सागको सेवन गर्नुहुँदैन । काउली, ब्रोकाउलीजस्ता पोटासियमको मात्रा कम भएका तरकारीको सेवन गर्नुपर्ने हुन्छ ।

### शरीरमा फोस्फोरसको मात्रा कम गराउने

मिर्गौला रोगीहरूमा फोस्फोरसको मात्रा बढ्दै जाने गर्छ । फोस्फोरसको मात्रा शरीरमा बढ्दै जाँदा त्यसले क्याल्सियमको मात्रालाई कम गराउने तथा हड्डीलाई मक्काउने गर्छ ।

जसले शरीरमा रगत बग्ने धमनीहरूलाई समेत कडा बनाउँदै लैजान्छ । चिकित्सकको सल्लाहबमोजिम फस्फोरसको मात्रालाई कम गराउने औषधिहरूको सेवन पनि गर्न सकिन्छ ।


यद्यपि, फोस्फोरसयुक्त खानेकुराको सेवन कम गरी शरीरमा फोस्फोरसको मात्रा बढ्नबाट रोक्न सकिन्छ ।

कतिपय जातजातिमा सुँगुरको मासु सेवन बढी गर्ने प्रचलन रहेको हुन्छ । सुँगुरको मासुमा फोस्फोरस उच्च हुने भएकोले यस्ता खानेकुराको सेवन कम गर्नुपर्ने हुन्छ ।

त्यसबाहेक दूधजन्य पदार्थ तथा पाउरोटीहरूमा समेत फोस्फोरसको मात्रा बढी हुने भएकोले यस्ता खानेकुराको सेवन गर्नुहुँदैन ।

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८१/८२ माघ महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १९० | ११५ | १२१ | १९६ | २१८ | १८० | १६९ | १७१ | १५८ | २८९ | ११६ | २०० | ३५१ | १९८ | १०५ | ३०२ | ३१२ | २९७ | २८५ | १५६ | १९३ | १९४ | ३०९ | २१७ | २६० | ४४० | २७० | ३४१ | १९७ | २५० |
| ■ सार्क तथा चिनियाँ | १७५ | २२१ | १३३ | २४१ | २६७ | २३५ | १७९ | २२० | १८० | १९३ | २४८ | २८८ | ४५४ | २९४ | १६९ | २११ | २२३ | २०५ | २७४ | ३८७ | ३६६ | २९१ | ३४४ | ३५६ | २८० | २४७ | २२२ | ३२८ | १२६ | १७९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक सङ्ख्या |
|---|---|---|---|
| २०८१ माघ | ६,८०० | ७,५३६ | १४,३३६ |
| २०८० माघ | ५,९१५ | ७,८२० | १३,७३५ |
| प्रगति | ८८५ | -२८४ | ६०१ |

सम्पादकको पृष्ठ

# विद्यार्थीहरूलाई स्वदेशमै पढ्ने वातावरण तयार गर्नुपर्ने

नेपाली विद्यार्थीहरू बिदेसिने क्रम बढ्दो छ। अहिलेका विद्यार्थीहरूमा कक्षा १२ सम्म नेपालमा पढ्ने र उच्च शिक्षा विदेशमा गएर पढ्ने चाहना अधिकांश विद्यार्थीहरूको देखिन्छ। गत वर्ष १ लाखभन्दा बढी विद्यार्थीहरूले शिक्षा मन्त्रालयबाट अनुमतिपत्र (नो अब्जेक्सन लेटर) लिएर विदेश पढ्न जानु र चालु आ.व. २०८१/८२ को बितेको ७ महिनामा ५० हजारभन्दा बढी विद्यार्थीले विदेश पढ्न अनुमति पत्र पाउनुले यो कुरा पुष्टि हुन्छ।

नेपालका कलेजहरू विद्यार्थीको अभावमा धमाधम बन्द हुँदै छन्। यस वर्ष १०० जना भन्दा कम विद्यार्थी भर्ना भएको कारण ५०० भन्दा बढी कलेजहरू बन्द हुने अवस्थामा पुगेका छन्। समयमा परीक्षा नहुनु, प्रश्न पत्र बाहिरिनु, परीक्षा कापी हराइदिनु र विश्वविद्यालयशिक्षा पछि पनि रोजगारी नपाउनु विद्यार्थीहरू बिदेसिनुका कारणहरू हुन्।

नेपालमै पनि विदेशी विश्वविद्यालयको स्वीकृतिमा थुप्रै कलेजहरू राजधानीलगायत विभिन्न सहरहरूमा सञ्चालनमा रहेका छन्। ती कलेजहरूमा महँगो शुल्क तिरेर पनि खचाखच विद्यार्थी भर्ना हुने गरेका छन्। विदेशी सम्बन्धन प्राप्त कलेजमा अध्ययन गरेको खण्डमा भोलि विदेश जान सजिलो हुने सोचले विद्यार्थीहरू त्यसरी भर्ना हुन लालाचित भएको देखिन्छन्।

विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तराष्ट्रिय मुद्राकोष जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसित ऋण लिएर वा विभिन्न विदेशी गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको आर्थिक सहयोगमा तयार भएको पाठ्यक्रम र त्यस्तै पाठ्यपुस्तक अध्ययन गरेका विद्यार्थीहरू हाम्रा कलेज र विश्व विद्यालयबाट उत्पादन हुन्छन्। विदेशीले तयार गरेको पाठ्यपुस्तक अध्ययन गर्ने विद्यार्थीहरू नेपालको आवश्यकता भन्दा विदेशीको आवश्यकताअनुसारको जनशक्ति उत्पादन हुन्छ उनीहरूलाई विदेशमा सजिलै रोजगारी पाइने सम्भावना हुन्छ।

विश्वविद्यालयहरूमा बरोबर भइरहने बन्द, हड्ताल, तोडफोड र विश्वविद्यालयका पदाधिकारीहरूलाई कालोमोसो दल्ने जस्ता अराजक गतिविधिहरूले पनि देशमै उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरू निराश हुनुपर्ने अवस्था छ। शासक दलहरूले योग्यलाई भन्दा भागबन्डामा विश्वविद्यालयमा पदाधिकारीहरू नियुक्ति गर्नु यसको मुख्य कारण हो। विश्वविद्यालयमा उपकुलपति, रेक्टर र रजिष्टार फरक फरक पार्टीको नियुक्त हुने अवस्था रहेसम्म विश्वविद्यालयहरू राम्रोसँग सञ्चालन हुने छैनन्।

विश्वविद्यालयहरू अनुसन्धानको केन्द्र बन्नुपर्नेमा अहिले बेरोजगारीको शैक्षिक प्रमाणपत्र वितरण गर्ने केन्द्रहरू बनिरहेका छन्। वर्षमा एक खर्बभन्दा बढी पैसा उच्च शिक्षा अध्ययनकै लागि मात्रै बिदेसिनु चिन्ताको विषय हो। नेपालका विश्वविद्यालयले राम्रो शिक्षा प्रदान गरेर नेपाली मात्र होइन, विदेशी विद्यार्थीहरू पनि आकर्षित गर्नेतर्फ शिक्षाका जिम्मेवार पदाधिकारीहरूले ध्यान दिनु जरूरी छ।

शिक्षालाई श्रमसँग मिलाउने र सस्तोमा गुणस्तरीय चिकित्सा शिक्षालगायत उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय स्थापनाको लागि प्रयास गरिरहेको छ। संसदले ख्वप विश्वविद्यालय विधेयक पारित नगरेको कारण जनताका छोराछोरीहरू सस्तोमा चिकित्सा शास्त्र अध्ययन गर्नबाट बञ्चित हुनु परेको छ। के शासक दलहरूले भनपालाई विश्वविद्यालय खोल्न नदिएर अपराध त गरिरहेका छैनन्?



चिनियाँ राष्ट्रिय जनजाति मामिला आयोगका माननीय मन्त्री फान यूएद्वारा भक्तपुरमा अवलोकन भ्रमण

(फागुन ११ गते)



सिन्धुपाल्चोकको साँगागढी नगरपालिकाका उपप्रमुख सीता थापाको नेतृत्वमा आएको प्रतिनिधिमण्डल

(फागुन २ गते)

## बहुदलीय व्यवस्था पुनःस्थापनाका लागि शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर सहिदहरूमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।



राजकुमार सुवाल
(२०२५ माघ १० - २०४६ फागुन ८)



कृष्णराम दुवाल
(२०२३ असार ७ - २०४६ फागुन ८)



हरिकृष्ण भुजु
(२०२७ फागुन २८ - २०४६ फागुन ८)



निर्मल कुमार शाक्य
(२०२२ असार १५ - २०४६ फागुन ८)



पुष्परत्न शाक्य
(२०१९ भाद्र १ - २०४६ चैत्र २६)



महेश श्रेष्ठ
(२०२३ - २०४७ वैशाख ३०)

# भक्तपुर नगरपालिका परिवार